कार्यालय प्रयोजनका लागि मात्र

# कार्य सञ्चालन निर्देशिका, २०८१
## (नवौं संस्करण)

नेपाल सरकार

अर्थ मन्त्रालय

**बजेट तथा कार्यक्रम महाशाखा**

२०८१

माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्रीबाट स्वीकृत

मिति २०८१/०७/०१

# विषय सूची

| विषय | पृष्ठ |
|---|---|


## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ १
२. परिभाषा १

## परिच्छेद - २
## कार्य विवरण, संगठनात्मक संरचना र कार्य प्रणाली

३. कार्य विवरण एवम् संगठनात्मक संरचना २
४. कार्य विवरण उपलब्ध गराउनु पर्ने २
५. कार्य सम्पादन प्रक्रिया २
६. समूहको राय लिन सकिने ४
७. राय परामर्श माग गर्दा पेश गर्नुपर्ने विवरण ४
८. सहमति माग गर्दा पेश गर्नुपर्ने विवरण ४
९. निर्णय श्रृङ्खला ५
१०. कार्यविवरण र समयसारिणी ५
११. बजेट तथा कार्यक्रम महाशाखाको निर्णय/कार्य सम्पन्न हुने तह ६
१२. अन्तरसम्बन्ध ६

## परिच्छेद - ३
## सम्बन्धित ऐन, नियम तथा सान्दर्भिक सामग्री

१३. ऐन, नियम तथा सान्दर्भिक सामाग्री ११
१४. लेखाङ्कन संकेत वर्गीकरण १३
१५. राजस्व शीर्षकहरूको वर्गीकरण र व्याख्या २०
१६. खर्च संकेत सम्बन्धी व्यवस्था २०
१७. प्रदेश तथा स्थानीय तहको बजेट उपशीर्षकको वर्गीकरण २१

## परिच्छेद - ४
## बजेट तर्जुमा

१८. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा -११ मा भएको व्यवस्था २१
१९. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम — १६ मा भएको व्यवस्था २१
२०. बजेट र स्रोत अनुमान २३
२१. मन्त्रालयगत/क्षेत्रगत स्रोत विभाजन र त्यसको आधार २४
२२. बजेट तर्जुमाको प्रारम्भिक कार्यविधि २५
२३. बजेट तर्जुमा सम्बन्धी छलफल २८
२४. बजेट सम्बन्धी पुस्तकहरूको मुद्रण तथा वितरण ३७
२५. पूरक अनुमान ३७
२६. उधारो खर्च सम्बन्धी व्यवस्था ३८
२७. अध्यादेशबाट बजेट पेश गर्ने ३८
२८. अन्तर सरकारी वित्तीय हस्तान्तरण ३८

२९. वित्तीय हस्तान्तरणको रकम फिर्ता गर्ने ३८
३०. प्राथमिकता अनुसार बजेट विनियोजन ३९
३१. बजेट तर्जुमासँग सम्बन्धित अन्य विषयहरू ३९

**परिच्छेद - ५**

**बजेट कार्यान्वयन**

३२. खर्च गर्ने अख्तियारी सम्बन्धी कार्यविधि ४०
३३. रकमान्तर तथा स्रोतान्तर ४७
३४. कार्यक्रम संशोधन ५२
३५. अर्थ मन्त्रालय - सेवा निबृत्त सुविधा तथा राष्ट्र सेवक कर्मचारीको सुविधाको रकम निकासा सम्बन्धी व्यवस्था ५५
३६. अर्थ मन्त्रालय - विविध (अर्थ बजेट) निकासा सम्बन्धी व्यवस्था ५७
३७. ऋण वा शेयर लगानी बापत निकासा ६०
३८. निर्देशिका, कार्यविधि, मापदण्ड तर्जुमा तथा संशोधन ६०
३९. आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी व्यवस्था ६०

**परिच्छेद - ६**

**बजेटको आवधिक अनुगमन तथा मूल्याङ्कन**

४०. अनुगमन तथा नगद व्यवस्थापन ६१
४१. प्रगति समीक्षा ६२
४२. सम्बन्धित मन्त्री र सचिवले गर्ने बजेट तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी विशेष व्यवस्था ६३
४३. अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन तयारी ६४
४४. वार्षिक मूल्याङ्कन प्रतिवेदन तयारी ६५

**परिच्छेद - ७**

**खर्चको मापदण्ड**

४५. बैठक भत्ता सम्बन्धी मापदण्ड ६६
४६. अन्य भत्ता सम्बन्धी मापदण्ड ६७
४७. खाजा/खाना खर्च सम्बन्धी मापदण्ड ६८
४८. सवारी साधन तथा इन्धन सुविधा सम्बन्धी मापदण्ड ६८
४९. ईन्धन सुविधा सम्बन्धी अन्य व्यवस्था ६९
५०. आयोजना अवधिभर स्थायी नियुक्ति भएका अस्थायी कर्मचारीको सुविधा ७०
५१. अस्थायी कर्मचारीको सुविधा ७१
५२. औषधी उपचार/थप आर्थिक सहायता ७२
५३. वैदेशिक तालिम ७३
५४. सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड ७४
५५. लेख रचना पारिश्रमिक ७४
५६. अन्य व्यवस्थाहरू ७४

**परिच्छेद - ८**

**दरबन्दी सिर्जना एवम् सहमति**

५७. निजामति सेवा ऐन, २०४९ को दफा ६क मा भएको व्यवस्था ७६
५८. निजामति सेवा नियमावली, २०५० को नियम- ४ मा भएको व्यवस्था ७६
५९. संगठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका, २०६६ ७६

६०. दरवन्दी सिर्जना सम्बन्धी अन्य व्यवस्था ७७
६१. स्थायी दरबन्दी सिर्जना गर्दा अपनाउनुपर्ने कार्यविधि ७८
६२. अस्थायी दरबन्दी सिर्जना गर्दा अपनाउनु पर्ने कार्यविधि ७८
६३. रिक्त पदको लागि तलब व्यवस्था सम्बन्ध ७९

**परिच्छेद - ९**

**विविध**

६४. बजेट फाइलिङ कार्यविधि ७९
६५. कागज धुल्याउने विधि ८०
६६. आन्तरिक सञ्चारको व्यवस्था ८०
६७. बरबुझारथ सम्बन्धी व्यवस्थाः ८०
६८. अभिमुखीकरण ८०
६९. मन्त्रालयगत बजेट व्यवस्थापन सूचना प्रणाली (LMBIS) को प्रयोग गर्ने व्यवस्था ८०
७०. बजेट तथा कार्यक्रम महाशाखाको कार्यविधि संशोधन सम्बन्धी व्यवस्था ८०
७१. अनुसूचीमा हेरफेर ८१
७२. खारेजी तथा बचाउ ८१

**<u>अनुसूचीहरू</u>**

१. अर्थ मन्त्रालयको कार्य विवरण ८३
२. संगठनात्मक संरचना र कार्यहरू ८५
३. बजेट तथा कार्यक्रम महाशाखाको संगठनात्मक स्वरूप ९४
४. बजेट तथा कार्यक्रम महाशाखाको निर्णय/कार्य सम्पन्न हुने तह ९५
५. राजस्व शीर्षकहरूको वर्गीकरण र व्याख्या ९८
६. चालु, पुँजीगत तथा वित्तीय सम्पत्ति र दायित्वको संकेत तथा वर्गीकरण र व्याख्या १२५
७. प्रदेश तथा स्थानीय तहको बजेट उपशीर्षकको वर्गीकरण १८४
८. सवारी साधन (सञ्चालन तथा मर्मत) सम्बन्धी निर्देशिका, २०७२ २०९
९. सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धन बापत नगद प्रदान गर्ने निर्देशिका, २०८० २१२
१०. संगठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका २०६६ २१४
११. सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड २१९
१२. रकमान्तर तथा कार्यक्रम संशोधन प्रस्ताव गर्ने २२७

# नेपाल सरकार, अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०८१

**<u>प्रस्तावना:</u>** बजेट प्रणालीलाई ब्यवस्थित बनाउन, उपलब्ध स्रोतलाई प्राथमिकीकरण गरी उत्पादनमूलक, अत्यावश्यक तथा अनिवार्य खर्च गर्नुपर्ने क्षेत्रमा दक्षतापूर्वक विनियोजन गर्न, सार्वजनिक खर्चमा एकरुपता तथा मितव्ययिता कायम गर्न/गराउन र बजेट खर्च तथा कार्यक्रम सञ्चालनमा वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता सुनिश्चितता गरी सार्वजनिक खर्चमा मितव्ययिता ल्याउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १२४ (क) ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका बनाइएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u>** (१) यस निर्देशिकाको नाम "नेपाल सरकार, अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०८१" रहेको छ।

(२) यो निर्देशिका तुरून्त प्रारम्भ हुनेछ।

**२. <u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "आयोजना" भन्नाले निश्चित उद्देश्य, लागत, प्रतिफल र समयसीमा तोकिएको विकास आयोजना सम्झनु पर्छ र सो शब्दले परियोजनालाई समेत जनाउँछ।

(ख) "आवधिक योजना" भन्नाले योजना आयोगको सिफारिसमा नेपाल सरकारले स्वीकृत गरी कार्यान्वयनमा ल्याएको आवधिक योजना सम्झनु पर्छ।

(ग) "आन्तरिक ऋण" भन्नाले नेपाली नागरिक, संगठित संस्था, बैङ्क वा वित्तीय संस्थाबाट लिइने ऋण रकमलाई जनाउँछ।

(घ) "कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि सञ्चालन हुने निश्चित अवधिको कार्यक्रम सम्झनु पर्छ र सो शब्दले वार्षिक विकास कार्यक्रमलाई समेत जनाउँछ।

(ङ) "केन्द्रीय निकाय" भन्नाले संवैधानिक निकाय र नेपाल सरकारको केन्द्रीय निकाय सम्झनु पर्नेछ।

(च) "खर्च शीर्षक" भन्नाले खर्चको आधार शीर्षक, मूल शीर्षक तथा उपशीर्षक सम्झनु पर्छ।

(छ) "तालुक कार्यालय" भन्नाले सम्बन्धित कार्यालयभन्दा माथिल्लो तहको कार्यालय सम्झनु पर्छ।

(ज) "नगद सहायता" भन्नाले सम्बन्धित दातृ पक्षबाट सम्झौता बमोजिम नेपाल सरकारको कोषमा अग्रिम रूपमा अनुदान वा ऋण रकम जम्मा भएपछि निकासा फुकुवा हुने विधिलाई बुझाउँछ।

(झ) "बहुवर्षीय ठेक्का" भन्नाले कार्य सम्पन्न गर्न कम्तिमा दुई बर्ष भन्दा बढी समय लाग्ने प्रकृतिका ठेक्कालाई सम्झनु पर्छ।

(ञ) "मध्यमकालीन खर्च संरचना" भन्नाले तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजाको खाका समावेश भएको खर्च संरचनाको खाका सम्झनु पर्छ।

(ट) "वस्तुगत सहायता" भन्नाले दातृपक्षबाट प्राप्त भएको सम्पत्ति वा जिन्सी मालसामान सम्झनु पर्छ र सो शब्दले दातृपक्ष आफैंले निर्माण गरी हस्तान्तरण गरेको स्थिर सम्पत्ति (टर्न की) लाई समेत जनाउँछ।

(ठ) “विभागीय प्रमुख” भन्नाले मन्त्रालय वा केन्द्रीय निकाय वा सो अन्तर्गत रहेको विभाग वा विभाग सरहको अस्तित्व र क्षेत्राधिकार भएको केन्द्रीयस्तरको कार्यालयको प्रमुख सम्झनु पर्छ।

(ड) “मन्त्रालय” भन्नाले नेपाल सरकार, अर्थ मन्त्रालय सम्झनु पर्छ।

(ढ) “मातहतको कार्यालय” भन्नाले सम्बन्धित कार्यालयको मातहतमा रहेको कार्यालय सम्झनुपर्छ।

(ण) “सोझै भुक्तानी” भन्नाले विशेष वा इम्प्रेष्ट खातामा रहेको रकमबाट खर्च गरिने वा सम्बन्धित आयोजना वा कार्यक्रमको सम्झौता अनुसार दातृपक्षबाट सम्बन्धित व्यक्ति, फर्म, संस्था, कम्पनी वा आपूर्तिकर्तालाई सोझै भुक्तानी दिने वा दातृपक्षले सोझै भुक्तानी गर्ने कार्य सम्झनु पर्छ।

(त) “सोधभर्ना हुने सहायता” भन्नाले पहिले नेपाल सरकारको स्रोतबाट खर्च गरी सो खर्चको विवरणसहितको Withdrawal Application दातृ पक्षलाई पठाई उक्त बराबरको रकम नेपाल सरकारको कोषमा प्राप्त गर्ने विधिलाई जनाउँछ।

## परिच्छेद - २
## कार्य विवरण, संगठनात्मक संरचना र कार्य प्रणाली

**३. <u>कार्य विवरण एवम् संगठनात्मक संरचना:</u>** (१) नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ समेतको आधारमा मन्त्रालयको कार्यक्षेत्र अनुसूची- १ मा उल्लेख गरिएको छ।

(२) मन्त्रालय अन्तर्गत रहेका महाशाखाहरूको मुख्य मुख्य कामहरू अनुसूची- २ मा उल्लेख गरिएको छ।

(३) मन्त्रालय अन्तर्गतको बजेट तथा कार्यक्रम महाशाखाको स्वीकृत संगठनात्मक संरचना अनुसूची- ३ मा उल्लेख गरिएको छ।

**४. <u>कार्य विवरण उपलब्ध गराउनु पर्ने:</u>** बजेट तथा कार्यक्रम महाशाखामा सरुवा भई आउने प्रत्येक कर्मचारीहरूका लागि कार्य विवरण उपलब्ध गराई कामको जिम्मेवारी तोक्नु पर्दछ। कार्य विवरण उपलब्ध गराउने जिम्मेवारी बजेट तथा कार्यक्रम महाशाखाको प्रशासन हेर्ने शाखाको हुनेछ।

**५. <u>कार्य सम्पादन प्रक्रिया:</u>** मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखामा प्राप्त भएका पत्रको कार्यसम्पादन प्रक्रिया देहाय बमोजिम हुनेछ:

(१) विभिन्न निकायबाट बजेट तथा कार्यक्रम महाशाखामा कारवाहीका लागि प्राप्त हुने पत्रहरू महाशाखा प्रमुखको निजी सचिवले दर्ता गरी सहसचिव समक्ष पेश गर्नु पर्दछ। सहसचिवको अनुपस्थितिमा निजी सचिवले महाशाखाका वरिष्ठतम उप-सचिव समक्ष पेश गर्नु पर्नेछ।

(२) प्राप्त पत्रहरूमा तोक आदेश भएपछि कारवाहीको लागि सम्बन्धित सेक्टर हेर्ने उप-सचिव समक्ष पठाउनु पर्दछ। उपसचिवले शाखा अधिकृतलाई तोक आदेश गरेपछि व्यवस्थित अभिलेख राखि कारवाहि उठान भएका विषयको शाखा चलानी राख्नु पर्नेछ।

(३) सहायकस्तरका कर्मचारीहरूले प्राप्त पत्र फाइल गर्न तोकादेश भएकोमा सम्बन्धित फाइलमा राख्नु पर्दछ। कारवाहीको उठान गर्न तोकादेश भएकोमा सम्बन्धित अन्य कागजात साथ संलग्न गरी पञ्जिका सहितको फाइल खडा गरी शाखा अधिकृत समक्ष पेश गर्नु पर्नेछ। शाखा अधिकृतले

निर्णयको लागि प्राप्त कागजात संलग्न गरी विद्यमान कानूनी व्यवस्था तथा अन्य सान्दर्भिक विषय समेत उल्लेख गरी आफ्नो राय सहित टिप्पणी उठाउनु पर्नेछ।

(४) सम्बन्धित शाखाका उप-सचिवले आफूलाई प्राप्त अख्तियारी भित्रको भए कारवाही टुंग्याउनु पर्नेछ। अख्तियारीमा नपरेको विषयमा तोकादेश भएकोमा सोही बमोजिम र नभएकोमा पत्रको विषय हेरी सह-सचिवसँग छलफल गर्नुपर्ने भए सो विषयको संक्षिप्त व्यहोरा सहित आफ्नो राय स्पष्ट उल्लेख गरी अग्रिम कारवाहीको लागि टिप्पणी पेश गर्नु पर्दछ।

(५) कुनै कुरा थप बुझ्नु पर्ने भए अथवा आवश्यक कागजातहरू समावेश नभएकोमा उप-सचिवले नै थप पुष्ट्याँई माग गर्नु पर्नेछ। कागजातहरू पुगेकोमा आफ्नो स्पष्ट रायसाथ निर्णयको लागि महाशाखा प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

(६) बजेट तथा कार्यक्रम महाशाखाले अन्य महाशाखासँग राय माग गर्दा बजेट तथा कार्यक्रम महाशाखा प्रमुखको तहबाट निजको निजी सचिवालयको दर्ता किताबमा जनाई अन्य महाशाखाहरूमा रायका लागि फाइल पठाउनु पर्दछ।

(७) अन्य महाशाखा एवम् शाखाहरूबाट राय साथ फिर्ता प्राप्त भएका फाइल एवम् पत्रहरू महाशाखा प्रमुखका निजी सचिवले महाशाखा एवम् शाखा प्रमुख समक्ष पेश गर्नु पर्दछ।

(८) महाशाखा प्रमुखले आफूलाई प्राप्त अख्तियारी भित्रको भए कारवाही टुंग्याउनु पर्नेछ। अख्तियारीमा नपरेको विषयमा तोकादेश भएकोमा सोही बमोजिम र नभएकोमा पत्रको विषय हेरी सचिवसँग छलफल गर्नुपर्ने भए सो विषयको संक्षिप्त व्यहोरासहित आफ्नो राय स्पष्ट उल्लेख गरी अन्तिम कारवाहीको लागि टिप्पणी पेश गर्नु पर्दछ।

(९) मन्त्री, सचिव वा महाशाखा प्रमुखबाट निर्णय भएका फाइल निजी सचिवालयको दर्ता किताबमा जनाएर महाशाखा प्रमुखलाई जानकारी गराई सम्बन्धित सेक्टरका उप-सचिवसमक्ष पुऱ्याउने कार्य निजी सचिवको हुनेछ।

(१०) सेक्टर हेर्ने उप-सचिवले निर्णय भएको फाइलको व्यहोरा अध्ययन गरी तत्कालै शाखामा पठाउनु पर्नेछ। शाखा अधिकृतले निर्णय भएका फाइलहरूको पत्रको अफिस कपिमा उपसचिवको स्वीकृति लिई सम्भव भएसम्म सोही दिन र नभ्याइने भएमा सोको भोलिपल्ट जारी गर्नु पर्दछ। निर्णय कार्यान्वयनको लागि LMBIS मा प्रबिष्ट गर्नुपर्ने भए सोको व्यवस्था मिलाउनु पर्नेछ।

(११) टिप्पणी पेश गर्दा वा पत्राचार गर्दा दस्तखत गर्ने प्रत्येक कर्मचारीले आफ्नो नाम र दर्जा स्पष्ट बुझिने गरी लेख्नु पर्दछ। बाहिर जाने प्रत्येक पत्रमा जुन फाइल नम्बरबाट पत्र जाने हो, सो समेत उल्लेख भएको पत्र संख्या अनिवार्य रूपमा लेख्नु पर्दछ।

(१२) शाखा अधिकृत/सहायक कर्मचारीहरूले निर्णय भएका फाइलहरूको अभिलेख जनाउने, पत्रको मस्यौदा तयार गर्ने र शाखा चलानी गरी मूल चलानीमा पठाउने कार्य गर्नु पर्दछ।

(१३) प्रत्येक फाइल छुट्टिने गरी संकेत दिनु पर्दछ। कारवाही टुंगिएका फाइलहरूमा पत्र संलग्न गरी शाखा अधिकृत/सहायक कर्मचारीले सुरक्षित साथ राख्नु पर्नेछ।

(१४) प्रत्येक सेक्टरका शाखा अधिकृत/सहायक कर्मचारीले आफ्नो सेक्टरबाट चलानी भई जाने पत्रहरूको मास्टर कपी (MC) अनिवार्य रूपमा इन्डेक्स फाइलमा राख्नु पर्दछ।

(१५) हरेक कारवाही भएका फाइलहरू मन्त्रालयगत रूपमा आर्थिक वर्ष छुट्टिने गरी अभिलेख राख्नु पर्नेछ।

(१६) महाशाखाबाट कारवाही सम्पन्न भएका फाइलहरूलाई केन्द्रिय बजेट अन्तर्गतको सूचना प्रविधि इकाईले Digitize गरी Archive मा राख्नु पर्नेछ।

(१७) सरकारी कागजात धुल्याउन अवधि पुगेका फाइलहरूको पञ्जिका तयार गरी सरकारी कागज धुल्याउने सम्बन्धी प्रचलित कानून बमोजिम कार्यवाही अगाडि बढाउनु पर्नेछ।

(१८) प्राप्त पत्र तथा निवेदनहरूको Tracking गर्ने कार्य कार्यालय स्वचालित प्रणाली (Government Integrated Office Management System-GIOMS) को माध्यमबाट समेत गर्न सकिनेछ।

६. **समूहको राय लिन सकिने:** विभिन्न मन्त्रालयहरूबाट ऐन नियमको राय माग भई आएकोमा विषयको गाम्भिर्यता, नवीनता, सान्दर्भिकता तथा उपयोगिता समेतलाई विचार गरी महाशाखा प्रमुखलाई देहायका विषयमा समूहगत राय लिन आवश्यक लागेमा अधिकृतहरूको समूह बनाई जिम्मेवारी तोक्न सकिनेछ। यसरी गठन भएको समूहले छलफल पश्चात राय सहित पेश गर्नु पर्नेछः

(१) कुनै नयाँ विषयमा खर्चको मापदण्ड (नर्म्स) स्थापित गर्नु परेमा।

(२) विभिन्न सेक्टरहरूसँग अन्तर सम्बन्धित विषय भएमा।

(३) व्यवस्थापिका संसद्, संसदीय समितिहरू, सम्मानित अदालत र नियमनकारी निकायबाट निर्देशन प्राप्त भएको सान्दर्भिक विषयमा।

७. **राय परामर्श माग गर्दा पेश गर्नुपर्ने विवरण:** कुनै विषयमा राय परामर्श माग गर्दा सम्बन्धित मन्त्रालय/निकायले देहायका विवरण सहितका कागजातहरू पेश गर्नु पर्नेछः

(१) राय परामर्श माग गर्ने सम्बन्धित मन्त्रालय/निकायको निर्णयको प्रतिलिपि।

(२) अर्थ मन्त्रालयको राय परामर्श आवश्यक पर्ने कानूनी आधार।

(३) राय परामर्श माग गरिएको विषयवस्तुको संक्षिप्त विवरण।

(४) राय परामर्श माग गरिएको विषय/कार्यक्रमको थप आर्थिक दायित्व पर्ने भए रकम समेत खुलेको विवरण।

(५) सम्बन्धित मन्त्रालय/निकायको स्पष्ट राय/ठहर/सिफारिश।

(६) ऐन/नियम/निर्देशिका लगायत संशोधनको हकमा ३ महले विवरण।

(७) अन्य सम्वद्ध कागजातहरू।

८. **सहमति माग गर्दा पेश गर्नुपर्ने विवरण:** कुनै विषयमा सहमति माग गर्दा सम्बन्धित मन्त्रालय/निकायले देहायका विवरण सहितका कागजातहरू पेश गर्नु पर्नेछः

(१) सहमति मागको कानूनी आधार, कारण र पुष्ट्याई खुलेको सम्बन्धित मन्त्रालय/निकायको निर्णयको प्रतिलिपि।

(२) नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्नुपर्ने विषयमा सम्बन्धित मन्त्रालयको मन्त्रिस्तरीय र अन्य विषयमा सचिवस्तरीय निर्णय।

(३) सहमति माग भएको विषय/कार्यक्रमको आर्थिक दायित्व/कुल लागत खुलेको।

(४) स्वीकृत कार्यक्रम र बजेट भित्रबाट खर्च गर्न सहमति माग भएकोमा बजेट उपशीर्षक र खर्च संकेत खुलेको।

(५) क्र.सं.४ बाहेकको अवस्थामा विनियोजित बजेटबाट परिचालन गर्न सक्ने अवस्थामा बजेट उपशीर्षक र खर्च संकेत खुलेको।

(६) थप बजेट आवश्यक भएको अवस्थामा बजेट उपशीर्षक र खर्च संकेत खुलेको।

(७) पुष्ट्याई गर्न आवश्यक पर्ने गुरुयोजना, खरिद गुरु योजना, लागत अनुमान आदिको प्रतिलिपि।

(८) सहमति माग गर्नु पूर्व अन्य मन्त्रालय/निकायबाट प्राप्त हुनु पर्ने सहमतिको हकमा सोको प्रतिलिपि।

(९) सम्बन्धित मन्त्रालय/निकायको स्पष्ट राय/ठहर/सिफारिश।

(१०) अन्य सम्बद्ध कागजातहरू।

९. <u>**निर्णय श्रृङ्खला:**</u> बजेट तथा कार्यक्रम महाशाखाबाट सम्पादन हुने कामको व्यहोरा एवम् निर्णय श्रृङ्खला देहाय बमोजिम हुनेछः

| क्र.सं. | विषय | निर्णय तह |
|---|---|---|
| १ | नेपाल सरकार मन्त्रिपरिषद्मा पेश गर्ने विषय वा सैद्धान्तिक विषय निर्णय तथा प्रचलित कानून बमोजिमका विषय | मन्त्री |
| २ | प्रचलित कानून वा अख्तियारी बमोजिमका निर्णय | सचिव |
| ३ | अख्तियारी बमोजिमका निर्णय वा थप बुझ्नु पर्ने विषय | सह-सचिव |
| ४ | अख्तियारी बमोजिमका निर्णय वा थप विवरण माग्नु पर्ने विषय | उप-सचिव |
| ५ | राय सहितको विषय उठान र निर्णय बमोजिमको पत्र पठाउने | शाखा अधिकृत |

१०. <u>**कार्यविवरण र समयसारिणी:**</u> बजेट तथा कार्यक्रम महाशाखाबाट सम्पादन हुने कामका लागि सम्बन्धित निकायबाट निर्णय सहित तोकिएको कागजातहरू प्राप्त हुनुपर्ने भए सो पश्चात र अन्यका हकमा कार्य सम्पादन गर्न लाग्ने सम्भावित समय निम्नानुसार छः

| क्र.सं. | कामको विवरण | सम्पादन गर्नुपर्ने समय सीमा | | निर्णय गर्ने सम्बन्धित पदाधिकारी |
|---|---|---|---|---|
| | | अन्यसँग राय लिनु नपर्नेमा | अन्यसँग राय लिनु पर्नेमा | |
| १ | रकमान्तर/स्रोतान्तर/ कार्यक्रम संशोधन गर्ने | ७ कार्य दिन | राय वा जवाफ प्राप्त भएपछिको ५ कार्य दिन | मन्त्री, अख्तियारी बमोजिम सचिव वा सह-सचिव |
| २ | थप निकासा दिने | ७ कार्य दिन | राय वा जवाफ प्राप्त भएपछिको ५ कार्य दिन | मन्त्री, अख्तियारी बमोजिम सचिव वा सह-सचिव |
| ३ | राय दिने (सामान्य विषय) | ७ कार्य दिन | राय वा जवाफ प्राप्त भएपछिको ५ कार्य दिन | अख्तियारी बमोजिम सचिव वा सह-सचिव |
| ४ | सहमति दिने (सामान्य विषय) | ७ कार्य दिन | राय वा जवाफ प्राप्त भएपछिको ५ कार्य दिन | अख्तियारी बमोजिम सचिव वा सह-सचिव वा उप-सचिव |

| | | | | |
|---|---|---|---|---|
| ५ | ऐन नियम, विनियम, कार्यविधिमा राय एवम् सहमति | १० कार्य दिन | राय वा जवाफ प्राप्त भएपछिको ७ कार्य दिन | मन्त्री, अख्तियारी बमोजिम सचिव वा सह-सचिव |
| ६ | खर्च समर्थन/नियमित गर्ने | ७ कार्य दिन | राय वा जवाफ प्राप्त भएपछिको ५ कार्य दिन | अख्तियारी बमोजिम सचिव वा सह-सचिव |
| ७ | स्रोत सहमति | मापदण्डमा तोकिए बमोजिम | मापदण्डमा तोकिए बमोजिम | मन्त्री, अख्तियारी बमोजिम सचिव वा सह-सचिव |
| ८ | अन्य महाशाखाबाट सूचना लिई स्रोत अनुमान समितिलाई स्रोतको अनुमान उपलब्ध गराउने | पौष मसान्तसम्म | | महाशाखा प्रमुख |
| ९ | पूर्व बजेट/बजेट छलफल शुरु | चैत्रको पहिलो हप्ता | | सम्बन्धित सबै अधिकृतहरू |
| १० | बजेट छलफल समाप्ति | बैशाखको दोस्रो हप्ता | | |
| ११ | बजेट प्रारम्भिक मस्यौदा तयारी | बैशाखको तेस्रो हप्ता | | महाशाखा प्रमुख |
| १२ | बजेट मस्यौदाको अन्तिम तयारी | जेठको पहिलो हप्ता | | |

११. **<u>बजेट तथा कार्यक्रम महाशाखाको निर्णय/कार्य सम्पन्न हुने तहः</u>** बजेट तथा कार्यक्रम महाशाखाबाट सम्पादन हुने कार्यहरू तथा सोको निर्णय/कार्य सम्पन्न हुने तह अनुसूची- ४ मा उल्लेख गरिएको छ।

१२. **<u>अन्तरसम्बन्धः</u>** (१) बजेट तथा कार्यक्रम महाशाखा एवम् मन्त्रालयका अन्य महाशाखाहरू विचको अन्तरसम्बन्ध निम्नानुसार हुनेछः

| आर्थिक नीति विश्लेषण महाशाखा | बजेट तथा कार्यक्रम महाशाखा |
|---|---|
| • ऋण लगानीको लागि निर्णय आन्तरिक ऋणको सावाँ तथा ब्याज भुक्तानी, नवीकरणका विषयमा नीतिगत निर्णय।<br>• बजेट वक्तव्यमा उल्लिखित समष्टिगत अर्थतन्त्र र वित्तीय क्षेत्र।<br>• आर्थिक सर्वेक्षणका सरकारी खर्च र राजस्वका अंकको विषय।<br>• सरकरका बिभिन्न क्षेत्रगत नीति/रणनीति तर्जुमा गर्ने विषय।<br>• समष्टिगत आर्थिक स्थायित्व | • बैङ्क तथा वित्तीय संस्थाको अनुदान निकासा/ऋण तथा सेयर लगानी सम्बन्धी निर्णय।<br>• आन्तरिक सावाँ ब्याज भुक्तानी सम्बन्धमा बजेट व्यवस्था बारे राय परामर्श।<br>• बैङ्क तथा वित्तीय संस्थाहरूमा अनुदान र सेयर तथा ऋण लगानीको बजेट विनियोजन।<br>• आन्तरिक ऋण परिचालनको कार्यतालिका स्वीकृति। |

| अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा | बजेट तथा कार्यक्रम महाशाखा |
|---|---|
| • स्रोत परिवर्तन गर्दा राय माग गर्ने।<br>• वैदेशिक ऋणबाट सवारी साधन खरिद, वैदेशिक अध्ययन तालिम प्रतिनिधि मण्डलका विषयमा परामर्श।<br>• विदेशी संस्थाको सदस्यता शुल्क सम्बन्धी।<br>• वैदेशिक स्रोतबाट बढी खर्च भएको समर्थन।<br>• बजेटमा समावेश भएका दातृसंस्थाको सहयोग सम्झौताका विषय।<br>• कर फिर्ता तथा स्थानीय कर नेपाल सरकारले व्यहोर्ने विषय।<br>• समपुरक कोष (Counterpart Fund) उपलब्ध गराउने विषय।<br>• बजेटरी सहायता प्राप्तिको प्रगति विवरण।<br>• स्रोत पुस्तिका तयारी गर्ने सम्बन्धी।<br>• आगामी आर्थिक वर्षहरूको लागि वैदेशिक ऋण तथा अनुदान अनुमानको विषय।<br>• वैदेशिक सहायताको निकासा/नगदको व्यवस्थापन गर्ने विषय। | • समपुरक कोष (Counterpart Fund) बापत सरकारको योगदानका विषय।<br>• वैदेशिक सहयोग संलग्न आयोजनाका खर्च प्रगति र अनुगमनको विषय।<br>• बजेट विनियोजनमा वैदेशिक स्रोत कायम गर्ने विषय।<br>• सोधभर्नाको विषय।<br>• वैदेशिक सहायता अन्तर्गतका आयोजनाको खर्च समर्थन वा नियमित गर्ने विषय।<br>• वैदेशिक सहायताको स्रोतान्तर/ रकमान्तर तथा निकासा फुकुवा गर्ने विवरण। |
| **राजस्व व्यवस्थापन महाशाखा** | **बजेट तथा कार्यक्रम महाशाखा** |
| • भन्सार र अन्य कर फिर्ताका कानूनी अस्पष्टताका विषय।<br>• भन्सार, कर छुटका विषय।<br>• राजस्व सम्बन्धी प्रगतिका विषय।<br>• बजेट वक्तव्यमा समाविष्ट राजस्व नीतिको प्रगति।<br>• राजस्व अनुमानको विषय। | • कर तिर्ने विषयमा बजेट व्यवस्था।<br>• कर छुटको सट्टा अनुदान दिने विषय।<br>• बजेट विनियोजनमा राजस्व अनुमानको विषय।<br>• नगद व्यवस्थापन।<br>• राजस्व फिर्ता निकासा। |
| **कानून तथा फैसला कार्यान्वयन महाशाखा** | **बजेट तथा कार्यक्रम महाशाखा** |
| • नयाँ ऐन, नियम मस्यौदामा राय।<br>• ऐन, नियम, कार्यविधि, मापदण्ड, निर्देशिका संशोधनमा राय।<br>• कानूनी द्विविधा निरूपण गरी बजेट व्यवस्था गर्ने विषय। | • विनियोजन ऐन, पेश्की खर्च ऐन, ऋण तथा जमानत ऐन, राष्ट्र ऋण उठाउने ऐनमा नीतिगत सुझाव तथा बजेट अंक निर्धारण गर्ने। |
| **प्रशासन महाशाखा** | **बजेट तथा कार्यक्रम महाशाखा** |
| • जनशक्ति तथा भौतिक सुविधा।<br>• अर्थ मन्त्रालय र अन्तर्गत विभागको बजेट निकासामा सिफारिसको विषय।<br>• बजेटसँग सम्बन्धित प्रकाशन छपाईमा समन्वय।<br>• बेरूजु फछ्र्यौट। | • अर्थ मन्त्रालय र अन्तर्गत निकायको बजेट निकासा, थप निकासा, रकमान्तर आदि विषय।<br>• अर्थ मन्त्रालय र अन्तर्गत निकायको दरबन्दी सिर्जना, थप घट आदि विषय। |

| योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | बजेट तथा कार्यक्रम महाशाखा |
|---|---|
| • बजेटको नीति तथा कार्यक्रमको प्रगति सम्बन्धी विषय।<br>• खर्चको आवधिक प्रगति प्रतिवेदन सम्बन्धी विषय।<br>• मन्त्रालयगत खर्च र प्रगति।<br>• सुशासन ऐन तथा सूचनाको हक सम्बन्धी कानूनको प्रतिवेदन।<br>• अन्य निकायबाट हुने अनुगमनमा सहजीकरण।<br>• गुनासो व्यवस्थापन। | • बजेट तथा कार्यक्रम महाशाखाको प्रगति विवरण सम्बन्धी।<br>• सूचनाको उपलब्धता।<br>• बजेट वक्तव्यमा उल्लेख भएका नीति तथा कार्यक्रमको प्रगति विवरण तथा १५ करोड भन्दा माथिका आयोजनाका प्रगति विवरण र नियमित समीक्षाको विषय। |
| **वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा** | **बजेट तथा कार्यक्रम महाशाखा** |
| • वित्तीय क्षेत्रका सार्वजनिक संस्थान सम्बन्धी नीति तर्जुमा, वित्तीय अनुशासन, दीर्घकालिन र अल्पकालीन दायित्व सम्बन्धी विषय।<br>• सार्वजनिक संस्थानमा लगानी सम्बन्धी विषय।<br>• वित्तीय क्षेत्रका कार्यक्रम र आयोजना सञ्चालन गर्ने विषय।<br>• सार्वजनिक संस्थान विघटन सम्बन्धी दायित्वको विषय।<br>• सार्वजनिक संस्थानमा लगानी सम्बन्धी विषय।<br>• बैङ्क तथा वित्तीय व्यवस्था सम्बन्धी विषय | • वित्तीय क्षेत्रको सुधार, पुर्नस्थापना, समन्वय, अनुगमन, विकास एवम् विस्तारको लागि बजेट व्यवस्थापन।<br>• वित्तीय क्षेत्रको व्यवस्थापन सम्बन्धी नीति कार्यक्रममा राय परामर्श दिने विषय।<br>• लघुवित्त, ग्रामीण वित्त व्यवस्थापन जस्ता कार्यक्रमहरूको बजेट तयार गर्ने।<br>• सरकारी खर्चको परिमाण र ढाँचा सम्बन्धी नीतिहरूको तर्जुमामा राय दिने।<br>• बजेट विनियोजन र बजेट निकासा सम्बन्धी विषय।<br>• लगानीमा राय। |
| **बित्तीय सङ्घीयता समन्वय महाशाखा** | **बजेट तथा कार्यक्रम महाशाखा** |
| • सङ्घीय इकाईबीच बित्तीय हस्तान्तरण गर्ने विषय।<br>• बित्तीय सङ्घीयता कार्यान्वयन सम्बन्धी कानून निर्माण गर्ने विषय।<br>• प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता पहिचान तथा स्रोतको अनुमान गर्ने।<br>• प्रदेश र स्थानीय तहहरूको क्षमता विकासको विषय।<br>• तीनै तहका सरकार बीच प्रभावकारी समन्वय गर्ने विषय।<br>• प्रदेश र स्थानीय तहको बित्तीय अनुशासन कायम गर्ने विषय।<br>• प्रतिवेदन प्रणाली।<br>• हस्तान्तरित आयोजना सम्बन्धी विषय। | • सङ्घीय इकाई बीच हुने बित्तीय हस्तान्तरणका लागि बजेट व्यवस्था।<br>• बित्तीय सङ्घीयता कार्यान्वयन सम्बन्धी कानून निर्माणमा राय सुझाब दिने।<br>• प्रदेश र स्थानीय तहका निकायहरूको क्षमता तथा विकासका लागि बजेटको व्यवस्था गर्ने।<br>• बजेट तथा कार्यक्रमको कार्यान्वयन तथा सहजीकरण।<br>• प्रदेश र स्थानीय तहको बजेट तर्जुमा, निकासा, खर्चको मापदण्ड तथा बजेट व्यवस्थापन सूचना प्रणालीको प्रयोगमा सहजीकरण गर्ने।<br>• सङ्घीय सरकारको अनुदानबाट सञ्चालित आयोजना/कार्यक्रमको प्रगति र प्रतिवेदन। |

(२) बजेट तथा कार्यक्रम महाशाखा र अन्य सरकारी निकायबीच हुने कार्यगत सम्बन्ध निम्नानुसार हुनेछः

**(१) महालेखा परीक्षकको कार्यालय**

(क) आर्थिक प्रशासन सम्बन्धी नीति, कानून तर्जुमा एवम् संशोधन सम्बन्धमा।

(ख) आर्थिक अनुशासन पालना गराउने सम्बन्धमा।

(ग) सबै किसिमका रकमान्तर/स्रोतान्तर/खर्च समर्थन सम्बन्धी विषयको जानकारी।

(घ) सबै किसिमका निकासा, रोक्का, फुकुवा एवम् बाँडफाँट सम्बन्धी जानकारी।

(ङ) म.ले.प. फारामहरूको तर्जुमा तथा परिमार्जन गर्दा दिइने राय सम्बन्धमा।

(च) अख्तियारी/आन्तरिक बाँडफाँट/कार्यक्रम संशोधन सम्बन्धी पत्रको जानकारी।

(छ) अन्तर सरकारी वित्त हस्तान्तरण र राजस्व बाँडफाँट सम्बन्धी विषय।

**(२) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग**

(क) प्रदेश र स्थानीय तहलाई उपलब्ध गराउने समानीकरण अनुदान सम्बन्धमा।

(ख) प्रदेश र स्थानीय तहलाई उपलब्ध गराउने सःशर्त अनुदान सम्बन्धमा।

(ग) हस्तान्तरित कार्यक्रमहरूको समन्वय सम्बन्धमा।

(घ) वित्तीय सङ्घीयतासँग सम्बन्धित अन्य विषयमा।

**(३) राष्ट्रिय योजना आयोग**

(क) बजेटको आकार (सीमा) निर्धारण गर्ने विषय।

(ख) बजेटको मन्त्रालयगत सीमा निर्धारण तथा बजेट निर्माण सम्बन्धी मार्गदर्शनको मस्यौदा तयारी।

(ग) राजस्व र वैदेशिक सहयोग परिचालनका विषय।

(घ) नयाँ आयोजनाको स्वीकृति।

(ङ) बजेटको नीतिगत र कार्यक्रमको छलफल।

(च) विकास कार्यक्रम कार्यान्वयन सन्दर्भमा लिइने नीति।

(छ) मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी विषय।

(ज) कार्यक्रमको अनुगमन तथा वार्षिक प्रगति समीक्षा।

(झ) राष्ट्रिय आयोजना बैङ्कको व्यवस्थापन।

(ञ) आयोजनाको बहुवर्षीय ठेक्का सहमतिको लागि सिफारिस।

(ट) राष्ट्रिय गौरवका आयोजना सम्बन्धी विषय।

**(४) महालेखा नियन्त्रक कार्यालय**

(क) निकासा व्यवस्था, खर्च प्रतिवेदन, सोधभर्ना, आन्तरिक लेखापरीक्षण नीति, ऋण कार्यान्वयन तथा व्यवस्थापन आदि विषय।

(ख) लेखा प्रणाली सम्बन्धी विषय।

(ग) नगद प्रवाहको निरन्तर अनुगमन सम्बन्धी विषय।

(घ) आर्थिक प्रशासन सम्बन्धी नीति, कानून तर्जुमा एवम् संशोधन सम्बन्धमा।

(ङ) आर्थिक अनुशासन पालना गराउने सम्बन्धमा।

(च) सबै किसिमका रकमान्तर/स्रोतान्तर/खर्च समर्थन सम्बन्धमा जानकारी।

(छ) सबै किसिमका निकासा, रोक्का, फुकुवा एवम् बाँडफाँट सम्बन्धी जानकारी।

(ज) म.ले.प. फारामहरूको तर्जुमा तथा परिमार्जन गर्दा लिने राय सम्बन्धमा।

(झ) LMBIS/TSA/CGAS/ PLMBIS/ PTSA/SuTRA/DOMS लगायतका विद्युतीय सूचना प्रणालीको आदान प्रदान।

(ञ) LMBIS मा भएको अख्तियारी/आन्तरिक बाँडफाँट/कार्यक्रम संशोधनको जानकारी।

(ट) सङ्घीय इकाईको एकीकृत वित्तीय विवरण तयार गरी सार्वजनिक गर्ने विषय।

(ठ) चालु आर्थिक वर्षको आय व्ययको संशोधित अनुमान तयार गरी अर्थ मन्त्रालयमा पठाउने विषय।

(ड) कोषको अवस्थाको नियमित प्रतिवेदन।

**(५) सार्वजनिक ऋण व्यवस्थापन कार्यालय**

(क) शेयर तथा ऋण लगानी र अभिलेख व्यवस्थापन सम्बन्धी।

(ख) आन्तरिक र वैदेशिक ऋण व्यवस्थापन।

(ग) सार्वजनिक ऋण व्यवस्थापन सम्बन्धी Debt Operation and Management System (DOMS) को सूचना आदान प्रदान।

**(६) नेपाल राष्ट्र बैङ्क**

(क) समष्टिगत अर्थतन्त्रको आवधिक जानकारी लिने विषय।

(ख) वार्षिक बजेट तर्जुमा गर्नु पूर्व कुल राष्ट्रिय स्रोतको अनुमान तयार गर्ने विषय।

(ग) नगद योजना व्यवस्थापनको आधारमा नगद प्रवाहको निरन्तर अनुगमन गर्ने विषय।

(घ) पूर्व बजेट सर्वेक्षणको प्रतिवेदन।

(ङ) बजेट निकासा, खर्च, राजस्व सङ्कलन, वैदेशिक सहायता प्राप्ति (ऋण र अनुदान), आन्तरिक ऋण प्राप्तिको साप्ताहिक तथ्याङ्क र केन्द्रीय कोषको अवस्थाको बारेमा प्रतिवेदन दिने विषय।

(च) वित्त नीति र मौद्रिक नीतिबीचको अन्तरसम्बन्धको विषय।

**(७) खर्च गर्ने निकाय (संवैधानिक निकाय/मन्त्रालय/आयोगहरू)**

(क) LMBIS, अख्तियारी/आन्तरिक बाँडफाँट/कार्यक्रम संशोधनको स्वीकृति।

(ख) थप निकासा तथा रकमान्तर/ स्रोतान्तर।

(ग) निकासा रोक्का तथा फुकुवा।

(घ) रीत नपुगेको खर्चहरूको समर्थन एवम् नियमित गर्ने विषय।

(ङ) बेरुजु नियमित गर्न महालेखा नियन्त्रक कार्यालयको राय साथ आउनु पर्ने विषय।

(च) बजेटको छलफल।

(छ) कार्यविधि, निर्देशिका र खर्चका मापदण्ड (नर्म्स)हरू स्वीकृतिका विषय।

(ज) दरबन्दी समिति, वार्षिक प्रगति समीक्षा लगायत अन्य विषयका बैठकमा प्रतिनिधित्व।

(झ) निकासा तथा खर्चको आवधिक प्रगति तथा प्रतिवेदन।

(ञ) प्रतिनिधिमण्डलको भ्रमण खर्च।

(ट) विदेश भ्रमणको स्वीकृति सम्बन्धी विषयहरू।

(ठ) सवारी साधन खरिदमा सहमति लिने विषय।

(ड) भैपरी/अवण्डामा रहेको रकम बाँडफाँट सम्बन्धमा।

(ढ) सेवा करारमा लिनु पर्दा सहमति माग सम्बन्धमा।

(ण) आर्थिक दायित्व पर्ने विषयमा कानून तर्जुमा तथा नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव लैजानु पूर्व सहमति।

(त) अस्थायी दरबन्दी सिर्जना सम्बन्धमा।

(थ) पुराना बक्यौता रकम भुक्तानी गर्ने सम्बन्धमा।

(द) वैदेशिक ऋणबाट सवारी साधनको खरिद तथा विदेश भ्रमण गर्नु पूर्व सहमति एवम् निकासाका सम्बन्धमा।

(ध) सःशर्त अनुदानमार्फत हस्तान्तरण भएका कार्यक्रम सम्बन्धमा।

(न) विनियोजन ऐन तथा बजेट कार्यान्वयन मार्गदर्शनमा उल्लेखित अन्य विषयहरू।

**(८) अस्थायी प्रकृतिका आयोग/समितिहरू**

(क) नेपाल सरकारले अर्थ मन्त्रालयको सहमति लिई गठन गरेको अस्थायी प्रकृतिका आयोग/समितिहरूलाई औचित्य समेतका आधारमा स्रोतको व्यवस्था गर्ने सम्बन्धमा।

(ख) आयोग वा समितिको गठन र म्याद थपमा पूर्व सहमति लिने विषय।

(ग) आयोग वा समितिका पदाधिकारीहरूको सेवा सुविधाको विषयमा पूर्व सहमति लिनु पर्ने विषय।

## परिच्छेद - ३

## सम्बन्धित ऐन, नियम तथा सान्दर्भिक सामग्री

बजेट तथा कार्यक्रम महाशाखाबाट सम्पादन हुने कार्यसँग सम्बन्धित कानून एवम् सान्दर्भिक सामाग्रीहरू तपसिल बमोजिम रहेका छन्:

**१३. <u>ऐन, नियम तथा सान्दर्भिक सामाग्रीः</u>**

(१) नेपालको संविधानका सान्दर्भिक धारा।

(२) अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का सान्दर्भिक दफा।

(३) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) ऐन, २०७६।

(४) नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ का सान्दर्भिक दफा।

(५) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ का सान्दर्भिक दफा।

(६) सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९।

(७) सार्वजनिक खरिद ऐन, २०६३ का सान्दर्भिक दफा।

(८) सङ्घीय इकाई (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ का सान्दर्भिक दफा।

(९) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७।

(१०) प्रतिनिधिसभा नियमावली, २०७५ का सान्दर्भिक नियम।

(११) भ्रमण खर्च नियमावली, २०६४ का सान्दर्भिक नियम।

(१२) राष्ट्रिय सभा नियमावली, २०७५ का सान्दर्भिक नियम।

(१३) सार्वजनिक खरिद नियमावली, २०६४ का सान्दर्भिक नियम।

(१४) अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ का सान्दर्भिक खण्ड।

(१५) समपूरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ का सान्दर्भिक बुँदा, चौथो संशोधन भएको।

(१६) विशेष अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ का सान्दर्भिक बुँदा।

(१७) सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ का सान्दर्भिक बुँदा।

(१८) आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (दोस्रो संशोधन) मापदण्ड, २०८१।

(१९) प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन सम्बन्धी मापदण्ड, २०७६ का सान्दर्भिक बुँदा।

(२०) मध्यमकालीन खर्च संरचना सम्बन्धी व्यवस्था।

(२१) कार्य सञ्चालन तथा खर्चको मापदण्ड।

(२२) आन्तरिक नियन्त्रण प्रणाली।

(२३) सरकारी नगद प्रवाह कार्यविधि,२०८०।

(२४) सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धन बापत नगद प्रदान गर्ने निर्देशिका, २०८०।

(२५) दिगो विकास लक्ष्य।

(२६) सोह्रौं आवधिक योजनाका सान्दर्भिक बुँदा।

(२७) गरिबी न्यूनीकरण उन्मुख बजेट।

(२८) जलवायु परिवर्तन बजेट।

(२९) लैङ्गिक उत्तरदायी बजेट।

(३०) दिगो विकास लक्ष्यको साङ्केतीकरण (SDG Coding)।

(३१) बजेट प्रस्तुतिको अवस्थामा एकै साथ पेश हुने विधेयक आदि।

बजेट तथा कार्यक्रम महाशाखाका पदाधिकारीहरूले माथि उल्लिखित ऐन नियमहरूका अतिरिक्त नेपाल सरकारले समय समयमा गरेका आर्थिक सुधार कार्यक्रमहरू, अर्थ मन्त्रालयको मार्गदर्शन, अख्तियारी पत्र

तथा विभिन्न परिपत्रहरूको साथै सेवा, सुविधा, शर्त तथा सञ्चालनका सम्बन्धमा विभिन्न निकायका अलग्गै ऐन, नियम, विनियमहरूको समेत अध्ययन गर्नु पर्दछ।

१४. **<u>लेखाङ्कन संकेत वर्गीकरण:</u>** सरकारी आय व्ययको लेखाङ्कन, प्रतिवेदन तथा मूल्याङ्कन गर्न सघाउ पुर्‍याउने उद्देश्यले सार्वजनिक आय र व्ययका समान प्रकृतिका कारोबारहरूलाई एउटा निश्चित संकेतका आधारमा एकीकृत हुने गरी वर्गीकरण गरिएका संकेतहरूलाई लेखाङ्कन संकेत वर्गीकरण भन्ने गरिन्छ।

नेपाल सरकारले हाल प्रचलनमा ल्याएको Government Finance Statistics Manual, 2014 अनुसारको लेखाङ्कन संकेत वर्गीकरण (Chart of Accounts) को छुट्टै संग्रह "एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४" प्रकाशित छ। सोमध्ये बजेट तर्जुमा तथा कार्यान्वयनका क्रममा बारम्बार आउने प्रमुख संकेतहरू निम्नानुसार छ:

(१) **अनुदान संख्या वा निकाय संकेत:** संवैधानिक निकाय, मन्त्रालय वा सो सरह क्षेत्राधिकार भएका सचिवालय/आयोग आदिका कार्य प्रकृति र संगठन समेत छुट्टिने गरी तीन संख्याको संकेत दिइएको छ जसलाई "अनुदान संख्या वा निकाय संकेत" भन्ने गरिन्छ। उदाहरणार्थ: अनुदान संख्या "३०५" ले अर्थ मन्त्रालय जनाउँछ भने "३१४" ले गृह मन्त्रालय जनाउँछ। हाल अनुदान संख्या १०१ देखि शुरु गरी ८०१ सम्म कायम गरिएको छ जुन तल विस्तृत रूपमा उल्लेख गरिएको छ। मन्त्रालय र अन्तर्गत निकायहरूलाई चालु/पुँजीगत खर्च र वित्तीय व्यवस्था सोही अनुदान संकेतभित्र विनियोजन गर्ने, अख्तियारी प्रदान गर्ने तथा लेखाङ्कन/प्रतिवेदन गर्ने गरिन्छ। अनुदान संख्या ७०१ मा प्रदेश र अनुदान संख्या ८०१ मा स्थानीय तहको अन्तर सरकारी वित्तीय हस्तान्तरण, लेखाङ्कन र प्रतिवेदन गर्ने गरिन्छ।

| अनुदान संख्या | निकायको नाम | अनुदान संख्या | निकायको नाम |
|---|---|---|---|
| १०१ | राष्ट्रपति | ३१४ | गृह मन्त्रालय |
| १०२ | उप-राष्ट्रपति | ३२५ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| १०३ | प्रदेश प्रमुखहरू | ३२६ | परराष्ट्र मन्त्रालय |
| २०२ | सङ्घीय संसद् | ३२९ | वन तथा वातावरण मन्त्रालय |
| २०४ | अदालत | ३३६ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय |
| २०६ | अख्तियार दुरूपयोग अनुसन्धान आयोग | ३३७ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| २०८ | महालेखापरीक्षकको कार्यालय | ३४० | महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय |
| २१० | लोक सेवा आयोग | ३४३ | युवा तथा खेलकुद मन्त्रालय |
| २१२ | निर्वाचन आयोग | ३४५ | रक्षा मन्त्रालय |
| २१४ | राष्ट्रिय मानव अधिकार आयोग | ३४७ | सहरी विकास मन्त्रालय |
| २१८ | न्याय परिषद् | ३५० | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| २२० | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | ३५८ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| २२२ | राष्ट्रिय महिला आयोग | ३६५ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| २२४ | राष्ट्रिय दलित आयोग | ३७० | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| २२६ | राष्ट्रिय समावेशी आयोग | ३७१ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |

| | | | |
|---|---|---|---|
| | | | मन्त्रालय |
| २२८ | आदिवासी जनजाति आयोग | ३९१ | राष्ट्रिय योजना आयोग |
| २३० | मधेशी आयोग | ३९२ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण |
| २३२ | थारू आयोग | ५०१ | अर्थ मन्त्रालय- वित्तीय व्यवस्था |
| २३४ | मुस्लिम आयोग | ५०२ | अर्थ मन्त्रालय- आन्तरिक ऋण भुक्तानी |
| ३०१ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५०३ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) |
| ३०५ | अर्थ मन्त्रालय | ५०४ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) |
| ३०७ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ६०१ | अर्थ मन्त्रालय- कर्मचारी सुविधा तथा सेवानिवृत सुविधा |
| ३०८ | उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | ६०२ | अर्थ मन्त्रालय- विविध |
| ३११ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ७०१ | प्रदेश |
| ३१२ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ८०१ | स्थानीय तह |
| ३१३ | खानेपानी मन्त्रालय | | |

मन्त्रालय प्रकृतिको नयाँ संगठन स्थापना भएमा नयाँ अनुदान संकेत दिनु पर्दछ। संवैधानिक निकाय बाहेक कुनै मन्त्रालयमार्फत नेपाल सरकारमा सम्पर्क राख्नु पर्ने नयाँ आयोग/बोर्ड/केन्द्र/समिति गठन भएमा नयाँ संकेत दिनु हुँदैन। सम्पर्क मन्त्रालयको संकेत अन्तर्गत नै नयाँ बजेट उपशीर्षक दिनु पर्नेछ।

(२) **बजेट उपशीर्षक वा कार्यक्रम संकेतः** अनुदान संकेत पछिको दुई संख्याले विभाग संकेत र त्यसपछिको तीन संख्याले कार्यक्रम संकेतलाई जनाउँछ। यसरी बनेको आठ संख्याको संकेतलाई बजेट उपशीर्षक भन्ने गरिन्छ। उदारणार्थ ३१२०००११ मा ३१२ ले कृषि तथा पशुपन्छी विकास मन्त्रालय अनुदान संख्यालाई जनाउँछ भने ०० ले यो अनुदान संख्याको विभाग संकेत र ०११ ले "कृषि तथा पशुपन्छी विकास मन्त्रालय" कार्यक्रम संकेतलाई जनाउँछ। ३१२०००११ लाई बजेट उपशीर्षक भनिन्छ।

नयाँ उपशीर्षक दिंदा पहिले मन्त्रालय, त्यसपछि विभाग र सो अन्तर्गतका कार्यालय, त्यसै गरी अर्को विभाग रहेछ भने त्यस्तो विभाग वा कार्यालयलाई सामान्यतया क्रमबद्ध हुने गरी संकेत प्रदान गर्नु पर्दछ।

(३) **चालु, पुँजीगत, वित्तीय व्यवस्था र अन्तर सरकारी वित्तीय हस्तान्तरणको बजेट संकेतः** चालु, पुँजीगत, वित्तीय व्यवस्था र अन्तर सरकारी वित्तीय हस्तान्तरणको बजेट छुट्टयाउने प्रयोजनका लागि अनुदान संकेत पछिको दुई संख्याले विभाग संकेत र त्यस पछिको तीन संख्याले कार्यक्रम संकेतलाई जनाउँछ। कार्यक्रम पछिको अंक तीन ले चालु बजेटलाई जनाउँदछ। कार्यक्रम संकेत पछिको अंक चारले पुँजीगत बजेटलाई जनाउँछ भने अंक पाँचले वित्तीय व्यवस्था जनाउँछ।

माथिका संकेतलाई निम्न उदाहरणबाट प्रष्ट गरिएको छः

३६५०००११ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

७०१०००११ प्रदेश नं.१

८०१०७५०३ टेम्केमैयुङ्ग गाउँपालिका

३६५०००११३ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय – चालु बजेट

३६५०००११४		सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय –पुँजीगत बजेट

५०२००००२५		अर्थ मन्त्रालय –वित्तीय व्यवस्था

(४) **कार्यालय संकेतः** कार्यालय भन्नाले राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, सङ्घीय संसद सचिवालय, संवैधानिक निकाय, आयोग, प्रदेश प्रमुखको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल लगायतका सङ्घीय सरकारी कार्यालय सम्झनु पर्दछ। राजस्व सङ्कलन गर्ने र सेवा प्रवाह गर्ने निकायले राजस्व सङ्कलन गर्ने तथा बजेट प्रस्ताव र खर्च गर्ने प्रयोजनका लागि स्थायी अस्थायी प्रकृतिका कार्यालय/निकाय/आयोजनाहरूलाई मन्त्रालयगत बजेट सूचना प्रणालीमार्फत ९ अंकको कार्यालय संकेत प्रदान गरिएको छ।

जस्तैः ३०५-००-३५-०१ अर्थ मन्त्रालय, काठमाण्डौ।

३०५	अर्थ मन्त्रालय

००	विभाग

३५	जिल्ला कोड

०१	कार्यालय संकेत

(५) **सङ्घीय सञ्चित कोषमाथि व्ययभार हुने र सङ्घीय सञ्चित कोषबाट विनियोजन हुने खर्चः** सरकारी खर्चलाई सङ्घीय सञ्चित कोषमाथि व्ययभार हुने र सङ्घीय सञ्चित कोषबाट विनियोजन हुने गरी दुई भागमा वर्गीकरण गरिएको छ। सङ्घीय सञ्चित कोषमाथि व्ययभार हुने खर्चहरूमा नेपालको संविधानमा त्यसरी व्ययभार हुने गरी तोकिएका खर्चहरूलाई मात्र समावेश गर्ने गरिएको छ। यसलाई बजेट उपशीर्षकको अन्तिम अंक ००१ देखि ०१० सम्मलाई दिइएको हुन्छ। यस्तो खर्चका लागि सङ्घीय संसदको स्वीकृति आवश्यक नपर्ने हुनाले यसमा आवश्यक बजेट प्रस्ताव गर्नु पर्नेछ। वित्तीय व्यवस्था अन्तर्गतको सावाँ ब्याजको हकमा भने तिर्न बाँकी रकम र तिर्न सक्ने क्षमताका आधारमा विनियोजन गर्न सकिने छ तर भुक्तानी योग्य ब्याज र वैदेशिक भुक्तानी योग्य सावाँका लागि पर्याप्त बजेट विनियोजन गर्नु पर्दछ।

सङ्घीय सञ्चित कोषबाट विनियोजन हुने रकमको लागि सङ्घीय संसदको स्वीकृति आवश्यक पर्दछ। यसमा सङ्घीय सञ्चित कोषमाथि व्ययभार हुने बाहेक संवैधानिक निकायका प्रशासनिक खर्च, सम्बन्धित मन्त्रालय/निकाय/आयोजना लगायतका लागि बजेट विनियोजन गरिएको हुन्छ। जसका लागि बजेट उपशीर्षकको अन्तिम अंक ०११ देखि ९९९ सम्मलाई दिइएको हुन्छ।

माथिका संकेतलाई निम्न उदाहरणबाट प्रष्ट गरिएको छ :

१०१००००१- राष्ट्रपति (सङ्घीय सञ्चित कोषमाथि व्ययभार हुने)

१०१०००११- राष्ट्रपतिको कार्यालय-प्रशासनिक खर्चसमेत (सङ्घीय सञ्चित कोषबाट विनियोजन हुने)

(६) **बजेटको सेवा तथा कार्यगत वर्गीकरणः** बजेटको क्षेत्रगत विभाजन के कस्तो छ भनी थाहा पाउन र लगानी तथा प्रतिफलको मूल्याङ्कन समेत गर्ने प्रयोजनका लागि हाल १० वटा कार्यगत वर्गीकरण गरिएको छ जुन देहाय बमोजिम छः

| संकेत | कार्यगत वर्गीकरणको नाम |
|---|---|
| **७०१** | **सामान्य सार्वजनिक सेवा** |
| ७०११ | कार्यकारी र विधायिकाको निकाय, वित्तीय र वैदेशिक मामिला |
| ७०१२ | बाह्य आर्थिक सहायता |
| ७०१३ | सामान्य सेवा |
| ७०१४ | सामान्य आधारभूत सेवा |
| ७०१५ | सामान्य अनुसन्धान तथा विकास सेवा |
| ७०१६ | सार्वजनिक ऋण कारोबार |
| ७०१७ | विभिन्न तहका सरकारहरू बीच हुने सामान्य प्रकृतिको हस्तान्तरण |
| ७०१८ | सामान्य सेवा - अन्यत्र वर्गीकृत नभएको |
| **७०२** | **रक्षा** |
| ७०२१ | सैनिक सुरक्षा |
| ७०२२ | नागरिक सुरक्षा |
| ७०२३ | वैदेशिक सैनिक सहयोग |
| ७०२४ | अनुसन्धान तथा विकास रक्षा |
| ७०२५ | रक्षा -अन्यत्र वर्गीकृत नभएको |
| **७०३** | **सार्वजनिक शान्ति सुरक्षा** |
| ७०३१ | प्रहरी सेवा |
| ७०३२ | अग्नी नियन्त्रण सेवा |
| ७०३३ | न्यायालय |
| ७०३४ | कारागार |
| ७०३५ | सार्वजनिक शान्ति सुरक्षा |
| ७०३६ | सार्वजनिक शान्ति सुरक्षा - अन्यत्र वर्गीकृत नभएको |
| **७०४** | **आर्थिक मामिला** |
| ७०४१ | सामान्य आर्थिक, व्यापारिक र श्रम |
| ७०४२ | कृषि, वन, मत्स्य पालन तथा शिकार |
| ७०४३ | इन्धन तथा उर्जा |
| ७०४४ | खानी, उत्पादन तथा निर्माण |
| ७०४५ | यातायात |
| ७०४६ | संचार |
| ७०४७ | अन्य उद्योगहरू |
| ७०४८ | अनुसन्धान तथा विकास - आर्थिक मामिला |
| ७०४९ | आर्थिक मामीला - अन्यत्र वर्गीकृत नभएको |

**७०५ वातावरण संरक्षण**

७०५१ फोहोर मैला व्यवस्थापन

७०५२ ढल व्यवस्थापन

७०५३ प्रदुषण न्यूनीकरण

७०५४ जैविक विविधता र भू-संरक्षण

७०५५ अनुसन्धान तथा विकास पर्यावरण संरक्षण

७०५६ वातावरण संरक्षण - अन्यत्र वर्गीकृत नभएको

**७०६ आवास तथा सामुदायिक सुविधा**

७०६१ आवास विकास

७०६२ सामुदायिक विकास

७०६३ खानेपानी

७०६४ सडक विद्युतीकरण

७०६५ आवास तथा सामुदायिक सुविधा

७०६६ आवास तथा सामुदायिक सुविधा - अन्यत्र उल्लेख नभएको

**७०७ स्वास्थ्य**

७०७१ औषधी उत्पादन, उपकरण तथा औजार

७०७२ बहिरंङ्ग सेवा

७०७३ अस्पताल सेवा

७०७४ सार्वजनिक स्वास्थ्य सेवा

७०७५ अनुसन्धान सेवा

७०७६ स्वास्थ्य - अन्यत्र वर्गीकृत नभएको

**७०८ मनोरञ्जन, संस्कृति तथा धर्म**

७०८१ मनोरञ्जनात्मक र खेलकुद सेवाहरू

७०८२ साँस्कृतिक सेवा

७०८३ प्रसारण तथा प्रकाशन सेवा

७०८४ धार्मिक तथा अन्य सामुदायिक सेवा

७०८५ अनुसन्धान तथा विकास, साँस्कृतिक र धार्मिक

७०८६ मनोरञ्जन,संस्कृति र धर्म-अन्यत्र वर्गीकृत नभएको

**७०९ शिक्षा**

७०९१ पूर्व प्राथमिक र प्राथमिक शिक्षा

७०९२ माध्यमिक शिक्षा

७०९४ स्नातक तहको शिक्षा

७०९५ तहमा वर्गीकृत नहुने शिक्षा (अनौपचारिक शिक्षा)

७०९६ शिक्षाको लागि सहायक सेवाहरू

७०९७ शिक्षा अनुसन्धान विकास

७०९८ शिक्षा- अन्यत्र वर्गीकृत नभएको

**७१० सामाजिक सुरक्षा**

७१०१ अशक्त तथा बिरामी

७१०२ जेष्ठ नागरिक

७१०३ राज्य नियन्त्रणमा रहेका व्यक्ति आश्रित सहायता

७१०४ परिवार र शिशु कल्याण

७१०५ बेरोजगार

७१०६ आवास

७१०७ सामाजिक असमावेशी

७१०८ सामाजिक सुरक्षा - अनुसन्धान तथा विकास

७१०९ सामाजिक सुरक्षा - अन्यत्र वर्गीकृत नभएको

(क) आर्थिक वर्ष २०६८/६९ देखि बजेट वक्तव्य, आय र व्यय अनुमान पुस्तिका (रातो किताब) मा प्रकाशनार्थ अलग्गै कार्यगत वर्गीकरण (वित्तीय व्यवस्था सहित) को प्रयोग गरिएको छ जसको विवरण आय र व्यय अनुमान पुस्तिकाको अनुसूची– १ मा उल्लेख गरिएको छ।

(ख) बजेट उपशीर्षकलाई उक्त वर्गीकरणमध्ये कुनमा पर्ने हो त्यसको संकेत दिनु पर्दछ। LMBIS मा एकपटक वर्गीकरण गरेपछि यसमा बीचैमा पर्याप्त कारण विना परिवर्तन गर्न हुँदैन। परिवर्तन गरेको अवस्थामा परिवर्तन गर्नु परेको कारण र परिवर्तनपछि कुन क्षेत्रमा समावेश गरिएको हो, सोको अभिलेख कम्तिमा ३ वर्षसम्म रहने गरी राख्नु पर्दछ। व्यय अनुमानको विवरण (खर्च संकेतगत र स्रोतगत समेत) को सम्बन्धित अनुसूचीको द्रष्टव्यमा परिवर्तनको जानकारी दिनु पर्दछ। चालु बजेट उपशीर्षकका लागि जुन कार्य दिइएको छ, पुँजीगत बजेट उपशीर्षकका लागि पनि सोही कार्यगत वर्गीकरणमा समावेश गर्नु पर्छ।

(७) **उप-कार्यगत संकेतः** माथिको कार्यगत संकेत भित्र उपकार्यगत संकेत दिइएको छ। उदाहरणको लागि सामाजिक सुरक्षा कार्यलाई परिवार र शिशु कल्याण, सामाजिक असमावेशी, सामाजिक सुरक्षा-अनुसन्धान तथा विकास, सामाजिक सुरक्षा- अन्यत्र वर्गीकृत नभएको आदि उप-कार्यमा विभाजन गरिएको छ। नयाँ बजेट उपशीर्षक संकेत दिंदा कुन उप-कार्य अन्तर्गत पर्दछ सोको यकिन गर्नु पर्दछ।

(८) **विकास साझेदारको संकेत वर्गीकरणः** सम्झौता अनुसार ऋण तथा अनुदान सहयोगको खर्चको विनियोजन, निकासा, खर्च लेखाङ्कन तथा प्रतिवेदन गर्न सजिलो होस् भन्ने उद्देश्यले ऋण तथा अनुदान उपलब्ध गराउने संस्था वा निकायलाई छुट्टै संकेत दिइएको छ।

विकास साझेदारहरूको संकेत र नामको विवरण एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा उल्लेख गरिएको छ।

ऋण तथा अनुदान सम्झौता अनुरुपका कार्यक्रम/आयोजनागत विवरण अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाबाट प्राप्त गर्नु पर्दछ।

(९) **खर्चका स्रोतहरू:** बजेट खर्चका लागि आम्दानीका प्रमुख स्रोत देहाय बमोजिमका छन्:

(क) राजस्व,

(ख) वैदेशिक अनुदान,

(ग) वैदेशिक ऋण,

(घ) आन्तरिक ऋण।

**(क) राजस्वः** यस अन्तर्गत कर राजस्व, गैरकर राजस्व, वैदेशिक अनुदान पर्दछन्।

**(ख) वैदेशिक अनुदानः** वैदेशिक अनुदानको रकम देहाय बमोजिम चार प्रकारका विधिबाट खर्च गर्ने गरी विनियोजन गरिन्छः

| **क.सं.** | **वैदेशिक अनुदान प्राप्त हुने/निकासा हुने तरिका (Mode of Payment)** | **अनुदानको संकेत** |
|---|---|---|
| १ | नगद अनुदान | ३१ |
| २ | सोझै भुक्तानी अनुदान | ३२ |
| ३ | सोधभर्ना अनुदान | ३३ |
| ४ | वस्तुगत सहायता | ३४ |

बजेट तर्जुमा गर्दा उल्लिखित विधिमध्ये कुनमा पर्ने हो सोको विवरण अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाबाट भिडान गरी तदनुरूपको बजेट कायम गर्नु पर्दछ।

**(ग) वैदेशिक ऋणः** वैदेशिक ऋणको रकम तीन प्रकारका विधिबाट खर्च गर्ने गरी विनियोजन गरिन्छ। बजेट विनियोजन गर्दा उल्लिखितमध्ये कुन भुक्तानी विधिमा पर्ने हो सो को विवरण अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखासँग समन्वय गरी यकिन गर्नु पर्दछ।

| **क.सं.** | **वैदेशिक ऋण प्राप्त हुने/निकासा हुने तरिका (Mode Payment)** | **अनुदानको संकेत** |
|---|---|---|
| १ | नगद ऋण | ४१ |
| २ | सोझै भुक्तानी ऋण | ४२ |
| ३ | सोधभर्ना ऋण | ४३ |

**१५.** **<u>राजस्व शीर्षकहरूको वर्गीकरण र व्याख्याः</u>** राजस्वको अनुमान, लेखाङ्कन र प्रतिवेदन गर्ने प्रयोजनका लागि सरकारी आय र अन्तर सरकारी वित्तीय हस्तान्तरणको वर्गीकरणलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप बनाउने उद्देश्यले सरकारी वित्तीय तथ्याङ्क (Government Finance Statistic Mannual, 2014) सँग मेल खाने गरी आर्थिक वर्ष २०७४/७५ देखि नयाँ आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या लागू गरिएको छ। यस बमोजिमका सबै उपशीर्षकहरूको वर्गीकरण र व्याख्या तल प्रस्तुत गरिएको छ। राजस्व शीर्षकहरूको संकेत तथा वर्गीकरण कायम गर्दा मूल शीर्षक आधार शीर्षक र आम्दानी जनाउने शीर्षक गरी ३ खण्डमा विभाजन गरिएको छ। संकेत नम्बरको अन्तमा शून्य रहेका शीर्षकहरूमा आम्दानीको लेखाङ्कन गर्न मिल्दैन। यस्ता शीर्षकहरू मूल शीर्षक र आधार शीर्षकहरू हुन। दण्ड, जरिवाना, शुल्क र ब्याज कुन राजस्व शीर्षक अन्तर्गत लागेको हो सोही शीर्षकमा नै आम्दानी जनाउनु पर्दछ। राजस्व शीर्षकहरूको वर्गीकरण र व्याख्या सम्बन्धी विस्तृत व्यवस्था अनुसूची- ५ मा उल्लेख गरिएको छ।

**१६.** **<u>खर्च संकेत सम्बन्धी व्यवस्थाः</u>**

(१) **खर्च संकेतको वर्गीकरण र व्याख्याः** सरकारी आम्दानी, खर्च र लगानीको संकेत तथा वर्गीकरणलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप गराउने उद्देश्यले सरकारी वित्तीय तथ्याङ्क (Government Finance Statistics, 2014) सँग मेल खानेगरी आर्थिक वर्ष २०७५/७६ देखि "एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४" लागू गरिएको छ। नयाँ संकेत तथा वर्गीकरणबाट सरकारी तथ्याङ्कलाई सरल, व्यवस्थित, विश्वसनीय, तुलनायोग्य र पारदर्शी बनाई आर्थिक अनुशासन कायम गर्न सहयोग पुग्नेछ।

वर्गीकरण अनुसार सबै सहायता र अनुदान (सब्सीडीज र ग्रान्ट्स) चालु खर्च अन्तर्गत पर्दछन्। संकेत नम्बर २०००० अन्तर्गतका खर्च संकेतहरू चालु खर्च संकेत, संकेत नम्बर ३०००० अन्तर्गतका खर्च संकेतहरू पुँजीगत खर्च/सम्पत्ति र वित्तीय सम्पत्ति तथा दायित्व (वित्तीय व्यवस्था) का खर्च संकेतहरू हुन् भनी बुझ्नु पर्दछ।

वर्गीकरण अनुसार खर्चहरूलाई मूल खर्च संकेत, आधार खर्च संकेत र खर्च लेखाङ्कन गर्ने शीर्षकसहित तीन तहमा विभक्त गरिएको छ। खर्च संकेत संकेतको अन्त्यमा शून्य रहेका शीर्षकहरूमा खर्च लेखाङ्कन गर्नु हुँदैन। यी शीर्षकहरू मूल शीर्षक र आधार शीर्षकहरू हुन्।

खर्च शीर्षकहरूको वर्गीकरण र व्याख्या सम्बन्धी विस्तृत व्यवस्था अनुसूची- ६ मा उल्लेख छ।

(२) **खर्च संकेतमा संशोधनः** खर्च संकेतमा संशोधन देहाय बमोजिम हुनेछः

(क) प्रचलनमा रहेका खर्च संकेतको संशोधन गर्नु परेमा महालेखा नियन्त्रक कार्यालयको परामर्श लिई महालेखा परीक्षकको कार्यालयमा स्वीकृतिका लागि पठाउनु पर्दछ। महालेखा परीक्षकको कार्यालयबाट स्वीकृति प्राप्त भएपछि नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत गराई लागू गर्नु पर्दछ। खर्च संकेत वर्गीकरणको मुख्य आधार अन्तर्राष्ट्रिय मुद्रा कोषको Government Finance Statistics 2014 हुनेछ।

(ख) कुल व्ययको १ प्रतिशत भन्दा बढी खर्च हुने कामका लागि वा बजेट अनुशासन कायम राख्न वा पारदर्शिता कायम गर्ने महत्वपुर्ण कार्यक्रमको रूपमा मात्र नयाँ खर्च संकेत दिइनेछ।

(ग) नयाँ खर्च संकेत दिँदा वा खर्च संकेतमा संशोधन गर्दा आर्थिक वर्षको बीचमा लागू हुने गरी गर्न हुँदैन। आगामी बजेट तर्जुमाका बखत नयाँ खर्च संकेत थप वा संशोधन गर्नु पर्दछ।

१७. **प्रदेश तथा स्थानीय तहको बजेट उपशीर्षकको वर्गीकरणः** प्रदेश तथा स्थानीय तहको बजेट उपशीर्षकको विस्तृत विवरण अनुसूची- ७ मा उल्लेख गरिएको छ।

# परिच्छेद - ४

# बजेट तर्जुमा

बजेट तर्जुमालाई व्यवस्थित र समयवद्ध बनाउन बजेट सम्बन्धी कामको विवरण, सोसँग सम्बन्धित जिम्मेवार निकाय र नियमित कार्य तालिकाको बारेमा प्रचलित कानूनमा भएको व्यवस्था र ध्यान दिनुपर्ने विषयलाई संक्षिप्त रुपमा यस निर्देशिकामा प्रस्तुत गरिएको छ।

१८. **आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा-११ मा भएको व्यवस्था**

**बजेट तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकताः** (१) प्रत्येक आर्थिक वर्षको लागि यस ऐन बमोजिम विनियोजन विधेयक पेश गर्नुभन्दा कम्तीमा पन्ध्र दिन अगावै अर्थ मन्त्रीले विनियोजन विधेयकमा समावेश हुने सरकारका बजेट तथा कार्यक्रमका सिद्धान्त र आयोजना वा कार्यक्रमको प्राथमिकताको विवरण सङ्घीय संसदमा प्रस्तुत गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकताको विवरण सङ्घीय संसदमा पेश भएपछि सङ्घीय संसदले सो उपर सैद्धान्तिक छलफल गरी त्यसमा कुनै विषय समावेश गर्नु पर्ने वा हटाउनु पर्ने वा सो सम्बन्धी कुनै सुझाव वा निर्देशन दिन आवश्यक देखेमा सात दिनभित्र त्यस्तो सुझाव तथा निर्देशन अर्थ मन्त्रालयमा पठाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिमा कुनै सुझाव वा निर्देशन प्राप्त नभएमा बजेट तथा कार्यक्रमलाई अन्तिम रूप दिन बाधा पर्ने छैन।

(४) अर्थ मन्त्रालयले आगामी आर्थिक वर्षका लागि आय व्ययको अनुमान तयार गर्नु अघि सङ्घीय संसदमा पेश गर्ने बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकताको सम्बन्धमा सम्बन्धित विज्ञ वा सरोकारवालासँग आवश्यक परामर्श गर्नु पर्नेछ।

१९. **आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम — १६ मा भएको व्यवस्था**

**बजेट तर्जुमा प्रक्रियाः** (१) मन्त्रालय वा केन्द्रीय निकायले ऐनको दफा ८ बमोजिम योजना आयोगबाट बजेट मार्गदर्शन प्राप्त भएपछि सोको अधीनमा रही आफ्नो कार्यालय वा निकायको उद्देश्य अनुरूपको लक्ष्य निर्धारण गरी सोको आधारमा अनुसूची-१ बमोजिमको ढाँचामा वार्षिक बजेट तथा कार्यक्रम र योजना आयोगले तोकेको ढाँचामा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नु पर्नेछ।

(२) मन्त्रालय वा केन्द्रीय निकायले उपनियम (१) बमोजिम बजेट मार्गदर्शन प्राप्त भएको सात दिनभित्र सो मार्गदर्शनमा उल्लिखित बजेट सीमाको अधीनमा रही आफ्नो कार्यालयको आगामी आर्थिक वर्षको लागि बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना प्रस्ताव गरी पठाउन अवधि तोकी मार्गदर्शन तथा ढाँचासहित मातहतको कार्यालयलाई लेखी पठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम बजेट मार्गदर्शन प्राप्त भएपछि प्रत्येक कार्यालयले आफ्नो कार्यालयको उद्देश्य अनुरूपको लक्ष्य निर्धारण गरी सोको आधारमा अनुसूची-१ बमोजिमको ढाँचामा वार्षिक बजेट तथा

कार्यक्रम र योजना आयोगले तोकेको ढाँचामा मध्यमकालीन खर्च संरचना तर्जुमा गरी तालुक मन्त्रालय वा निकायमा पठाउनु पर्नेछ।

(४) कार्यालयले बजेट तर्जुमा गर्दा वैदेशिक सहायताबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा विदेशी सहायता सम्झौता भइसकेको वा अर्थ मन्त्रालयबाट सहमति प्राप्त कार्यक्रम वा आयोजनाको लागिमात्र बजेट प्रस्ताव गर्नु पर्नेछ।

(५) कार्यालयले बजेट तर्जुमा गर्दा आयोजना बैङ्कमा प्रविष्ट भएको, योजना आयोगबाट कार्यान्वयनको लागि स्वीकृत भएको र अर्थ मन्त्रालयबाट स्रोत सुनिश्चिततासहित सहमति दिइएको बहुवर्षीय ठेक्काको रूपमा कार्यान्वयन गरिने आयोजनाको लागि आवश्यक रकम प्रस्ताव गर्नु पर्नेछ।

(६) कार्यालयले वार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयन तालिका बनाउँदा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको पूर्व तयारी अवस्था, खरिद विधि छनौट, प्राविधिक तथा अन्य जनशक्ति व्यवस्थापन, लागत अनुमान तयार गर्ने तथा बोलपत्र आह्वान गर्ने जस्ता कार्य प्रथम त्रैमासिक अवधिभित्र सम्पन्न गर्ने गरी बजेट प्रस्ताव गर्नु पर्नेछ।

(७) कार्यालयले बजेट तर्जुमा गर्दा आगामी आर्थिक वर्षमा कार्यान्वयन गरिने कार्यक्रम वा आयोजनाको लक्ष्य र कुल लागत, गत आर्थिक वर्षसम्मको प्रगति, चालू आर्थिक वर्षको लक्ष्य र छ महिनासम्मको प्रगति विवरण बजेटमा समावेश गर्नु पर्नेछ।

(८) कार्यालयले बजेट प्रस्ताव गर्दा आफ्नो कार्यालयबाट राजस्व उठ्ने भएमा सोको अनुमान समेत पेश गर्नु पर्नेछ।

(९) कार्यालयले यस नियम बमोजिम बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना पठाउँदा सोसाथ अनुसूची-२ बमोजिमको ढाँचामा कार्यालयको चालू आर्थिक वर्षको पहिलो छ महिनासम्मको प्रगति विवरणसमेत पठाउनु पर्नेछ।

(१०) उपनियम (३) बमोजिम मातहतका कार्यालयबाट बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना खाका प्राप्त भएपछि लेखा उत्तरदायी अधिकृतले उपनियम (१) बमोजिम तर्जुमा गरेको र मातहत कार्यालयबाट प्राप्त बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचनाको विश्लेषण तथा जाँच गरी बजेट मार्गदर्शन र आवधिक योजना अनुरूप उपलब्धिमूलक भए नभएको यकिन गरी त्यस्तो बजेट तथा कार्यक्रम स्वीकृत गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनु पर्नेछ।

(११) उपनियम (१०) बमोजिम लेखा उत्तरदायी अधिकृतले बजेट तथा कार्यक्रम स्वीकृत गर्दा प्राप्त बजेट सीमाबाट अनिवार्य दायित्व र भुक्तानी हुन बाँकी सिर्जित दायित्वको लागि पुग्ने रकम छुट्याएर मात्र अन्य कार्यक्रमको लागि बजेट स्वीकृत गर्नु पर्नेछ।

(१२) उपनियम (१०) बमोजिम स्वीकृत बजेट तथा कार्यक्रम पठाउँदा बजेट मार्गदर्शनको आधारमा त्रैमासिक विभाजनसहित मन्त्रालयगत बजेट सूचना प्रणालीमार्फत पठाउनु पर्नेछ।

(१३) मन्त्रालय वा केन्द्रीय निकायले वित्तीय हस्तान्तरण अन्तर्गतको सशर्त अनुदान रकमको प्रस्ताव गर्दा चालू कार्यक्रमको निरन्तरता, त्यस्तो खर्चको आवश्यकता, पुष्ट्याइँ र कार्यसम्पादनको आधारमा गर्नु पर्नेछ।

(१४) ऐन तथा यस नियमावली बमोजिम बजेट तर्जुमा गर्दा बजेट तथा कार्यक्रममा छलफल गर्ने, बजेट तथा कार्यक्रम स्वीकृत गर्ने, बजेट तथा कार्यक्रम पठाउने तथा बजेट तथा कार्यक्रम मन्त्रालयगत

बजेट सूचना प्रणालीमार्फत प्रविष्ट गर्ने जस्ता कार्य बजेट मार्गदर्शनमा तोकिदिएकोमा सोही बमोजिम र नतोकिएकोमा अर्थ मन्त्रालयले तोकिदिएको समय सीमाभित्र सम्पन्न गर्नु पर्नेछ।

(१५) नेपाल सरकारले पूरक बजेट पेश गर्नु पर्ने अवस्था परी बजेट तर्जुमा सम्बन्धमा कुनै निर्देशन दिएमा मन्त्रालय वा केन्द्रीय निकायले सोही बमोजिम गर्नु पर्नेछ।

## २०. <u>बजेट र स्रोत अनुमानः</u>

(१) बजेट तथा कार्यक्रम महाशाखाले प्राप्त गरेको वा विश्लेषण गरेको सूचना तथा अन्य सम्बन्धित महाशाखाले तयार गरेको विश्लेषण सहित तत् तत् महाशाखासँगको समन्वयमा आर्थिक गतिविधिको अनुमान समेतका आधारमा आगामी आर्थिक वर्षको स्रोतको अनुमान स्रोत समितिलाई उपलब्ध गराउनु पर्दछ। राजस्वको अनुमान राजस्व व्यवस्थापन महाशाखाबाट, वैदेशिक ऋण तथा अनुदानको अनुमान (आयोजना तथा दाता उल्लेख भएको विवरण) अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाबाट तथा कुल गार्हस्थ उत्पादन वृद्धिदर, मुद्रास्फीति, मूल्य वृद्धि, लगानी, व्यापार लगायतका समष्टिगत अर्थतन्त्रका परिसूचकहरूको विश्लेषण सहितको विवरण आर्थिक नीति विश्लेषण महाशाखाबाट सङ्कलन गरी सो समेतका आधारमा यस्तो अनुमान गर्नुपर्छ। यसरी गरिएको अनुमान मध्यमकालीन खर्च संरचनासँग तुलना गर्नु पर्दछ।

(२) राष्ट्रिय स्रोत अनुमान समितिले स्रोत अनुमान गर्दा गत आर्थिक वर्षको वार्षिक र चालु आर्थिक वर्षको छ महिनाको समष्टिगत आर्थिक परिसूचक, आगामी आर्थिक वर्षमा उपलब्ध हुन सक्ने राजस्व, विकास सहायता र आन्तरिक ऋण लगायत सङ्घीय सञ्चित कोषमा जम्मा हुन सक्ने रकमका आधारमा वस्तुनिष्ट भई स्रोतको अनुमान गर्नु पर्नेछ। यसरी स्रोत अनुमान गर्दा चालु आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना, स्रोत सहमति प्रदान गरिएको रकम, सृजित दायित्व तथा प्रतिबद्धता बमोजिम भुक्तानी गर्नुपर्ने रकम समेत समावेश गरी तयार गरेको स्रोत निर्धारण सम्बन्धी प्रतिवेदन अर्थमन्त्री समक्ष पेश गर्नु पर्नेछ। बजेट तर्जुमा गर्दा उक्त प्रतिवेदनलाई महत्वपूर्ण आधारको रूपमा लिनु पर्नेछ।

(३) बजेट तथा कार्यक्रम महाशाखाले बजेट अनुमान गर्दा चालु खर्च, पुँजीगत खर्च, वित्तीय व्यवस्था र अन्तर सरकारी वित्तीय हस्तान्तरण मध्ये अघिल्लो आर्थिक वर्षको यथार्थ खर्च र प्रगति समेतका आधारमा सर्वप्रथम सरकारी अनिवार्य दायित्वहरू जस्तै सञ्चित कोषमा व्ययभार हुने रकमहरू, तलब र सो प्रयोजनका लागि दिइने अनुदान, भत्ता, निवृत्तभरण, ऋणको सावाँ तथा ब्याज भुक्तानी, दरबन्दी अनुसार दिइने खाद्यान्न, पोशाक, अन्तर सरकारी वित्तीय हस्तान्तरण तथा गत वर्षको भुक्तानी बाँकी दायित्व, स्रोत सहमति प्रदान गरिएको रकम लगायतका खर्चका लागि आवश्यक पर्ने रकमको अनुमान गर्नु पर्दछ। साथै, मूल्य वृद्धि, कर्मचारीको सुविधा वृद्धि, निर्वाचन खर्च जस्ता सम्भाव्य खर्चहरूको अनुमान गरी न्यूनतम रूपमा व्यहोर्नु पर्ने खर्चको अनुमान समेत गर्नु पर्दछ। उपर्युक्तानुसार अत्यावश्यक खर्चको अनुमान पश्चात राजस्व अनुमान, वैदेशिक सहायता तथा आन्तरिक ऋणको अनुमान गरी बचत हुने रकम कार्यक्रमको लागि आवश्यक पर्ने चालु, पुँजीगत तथा वित्तीय व्यवस्था खर्च र अन्तर सरकारी वित्तीय हस्तान्तरणका लागि छुट्याउनु पर्दछ।

(४) बजेटको प्रक्षेपण गर्दा कार्यगत बजेटका लागि सरकारले गरेका प्रतिबद्धता एवम् आवधिक योजनाका नीति तथा कार्यक्रम बमोजिम भएको छ, छैन हेर्नु पर्दछ। यी प्रक्रियाबाट आगामी

आर्थिक वर्षको बजेट अनुमान गरिसकेपछि सो आकारलाई मध्यमकालीन खर्च संरचनासँग तुलना गरी फरक पर्न गएमा सोको विवरण समेत बनाउनु पर्दछ।

(५) वैदेशिक सहायतातर्फ आयोजना आवद्ध ऋण तथा अनुदान र बजेटरी सहायता वापत प्राप्त हुन सक्ने रकमको अनुमान अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाबाट लिनु पर्दछ र मध्यमकालीन खर्च संरचनामा उल्लेख भएको अनुदान तथा ऋणसँग भिडान गर्नु पर्दछ। कुनै फरक देखिएमा मन्त्रालय र अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखासँग समन्वय गरी यकिन गर्नुपर्छ। साथै, मध्यमकालीन खर्च संरचनाले विवरणमा उल्लिखित राजस्व अनुमानमा कुनै परिवर्तन हुने वा नहुने सम्बन्धमा राजस्व व्यवस्थापन महाशाखाबाट यकिन गर्नु पर्दछ। यस प्रकारका सूचनाहरूसहितको चालु खर्च, पुँजीगत खर्च, वित्तीय व्यवस्था र अन्तर सरकारी वित्तीय हस्तान्तरण अनुमानको विवरण स्रोत समितिमा पेश गर्नु पर्दछ।

(६) राष्ट्रिय योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनको लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा हुने अनुमानित खर्चको सीमाको पूर्वानुमान गरी चालु आर्थिक वर्षको फागुन ७ गतेभित्र गरिसक्नु पर्नेछ।

(७) बजेट सीमा निर्धारणको प्रारम्भिक कारवाहीको क्रममा बजेट घाटा कुल गार्हस्थ उत्पादनको प्रचलित मूल्यको ५ प्रतिशत भन्दा बढी नहुनेतर्फ ध्यान पुऱ्याउनु पर्नेछ। बजेट घाटालाई कम गर्दै लैजाने दृष्टिकोण सहित आम्दानी र खर्चको अनुमान र व्यवस्थापन गर्नु पर्दछ।

## २१. <u>मन्त्रालयगत/क्षेत्रगत स्रोत विभाजन र त्यसको आधारः</u>

(१) **बजेट सीमा तोकी पठाउनेः** राष्ट्रिय स्रोत अनुमान समितिबाट तय भएको बजेटको आकारको आधारमा राष्ट्रिय योजना आयोगले अर्थ मन्त्रालयसँगको परामर्शमा क्षेत्रगत रूपमा विषयगत मन्त्रालयको मध्यमकालीन खर्च संरचनाको सीमा तोकिदिनेछ र सम्बन्धित मन्त्रालयहरूलाई आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा अपनाउनु पर्ने मार्ग निर्देशनसहितको परिपत्र पठाउनेछ। यस्तो मार्गदर्शन पठाउँदा आवश्यकतानुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना समेत अनिवार्य रूपमा तयार गरी पठाउन जानकारी गराउनु पर्दछ। स्रोत अनुमान समितिको बैठकपछि राष्ट्रिय योजना आयोगबाट जारी गरिने मार्ग निर्देशन सम्बन्धी परिपत्रमा अर्थ मन्त्रालयबाट दिनुपर्ने निर्देशनहरू भए सो समेत समावेश गर्न राष्ट्रिय योजना आयोगमा पठाउनु पर्दछ। यस्तो मार्ग निर्देशन पठाउनु अघि अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, आर्थिक नीति विश्लेषण महाशाखा, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाबाट पनि जारी गर्नुपर्ने कुनै निर्देशन भए सो समेत एकीकृत गर्ने काम बजेट तथा कार्यक्रम महाशाखाले गर्नु पर्नेछ। राष्ट्रिय योजना आयोगले बजेट सीमा पठाउँदा अर्थ मन्त्रालयबाट प्राप्त सुझाव समावेश गरी सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) **मार्ग निर्देशन सम्बन्धमाः** आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा अपनाउनु पर्ने मार्ग निर्देशनमा मुख्यतया देहायका विषयहरू खुलाउनु पर्नेछ।

(क) प्राप्त बजेट सीमाभित्र रहेर बजेट प्रस्ताव गर्ने। कार्यान्वयनको क्रममा सामान्यतया रकमान्तर र कार्यक्रम संशोधन गर्न नपर्ने गरी बजेट प्रस्ताव गर्ने।

(ख) चालु खर्चमा मितव्ययिता कायम हुने गरी बजेट प्रस्ताव गर्ने।

(ग) अनिवार्य दायित्वमा पर्याप्त बजेट प्रस्ताव गर्ने।

(घ) वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरूमा आवश्यकतानुसार समपुरक कोष (Counterpart Fund/Matching Fund) को लागि आवश्यक बजेट प्रस्ताव गर्ने।

(ङ) स्रोत सहमति प्राप्त आयोजना/कार्यक्रमको सिर्जना हुने दायित्व भुक्तानी गर्न पुग्ने रकम Earmark गरी बजेट प्रस्ताव गर्ने। स्रोत सहमति दिएका आयोजना मध्येबाट कार्यान्वयनमा आएका आयोजना प्राथमिकीकरण गरी बजेट व्यवस्थापन गर्ने।

(च) राष्ट्रिय गौरवका आयोजना तथा अन्य प्राथमिकता प्राप्त कार्यक्रमको लागि सिर्जना हुने दायित्वलाई भुक्तानी गर्न पुग्ने गरी बजेट प्रस्ताव गर्ने। राष्ट्रिय गौरवका आयोजनाहरूमा आवश्यक पर्ने बजेट Earmark गरी राख्ने।

(छ) समपुरक र विशेष अनुदानका आयोजना तथा कार्यक्रमको सिर्जित दायित्व भुक्तानी गर्न पुग्ने रकम प्रस्ताव गर्ने र स्रोतले नखाम्ने नयाँ आयोजना/कार्यक्रम प्रस्ताव नगर्ने।

(ज) स्रोत सहमति दिई प्रदेशमा हस्तान्तरण गरिएका आयोजनाहरूको विधिसम्मत रूपमा भएको खर्चको भुक्तानी गर्नुपर्ने सिर्जित दायित्वको रकम र क्रमागत रहेका आयोजनाहरूलाई आवश्यक पर्ने रकम अनिवार्य रूपमा प्रस्ताव गर्ने।

(झ) आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० विपरित हुने गरी सङ्घीय तहमा कार्यक्रम तथा आयोजना नराख्ने।

(ञ) विभिन्न आयोजना तथा कार्यक्रममा विधिसम्मत रूपमा भएको खर्चको भुक्तानी गर्नुपर्ने सिर्जित दायित्वको रकम अनिवार्य रूपमा प्रस्ताव गर्ने।

(ट) कार्यान्वयनमा रहेका आयोजनाहरू सम्पन्न हुने गरी बजेट विनियोजन गरी सकेपछि मात्र नयाँ कार्यक्रम तथा योजनाका लागि बजेट प्रस्ताव गर्ने।

(ठ) स्वीकृत दरबन्दी अनुसार कर्मचारीको पारीश्रमिकको लागि बजेट प्रस्ताव गर्ने। अन्यत्र कार्यालयमा फाजिलमा कर्मचारी रहेको कारण पद रिक्त मानी सो स्थानमा करारमा राख्ने गरी बजेट प्रस्ताव नगर्ने। करारका जनशक्तिहरूको लागि स्वीकृत दरबन्दी अनुसारको सेवा सुविधा वापतको रकम मात्र बजेट प्रस्ताव गर्ने।

(ड) वैदेशिक स्रोतबाट सञ्चालित आयोजनाहरूको सम्बन्धमा सहायताको सम्झौताका शर्त, अत्यावश्यक रकम र भुक्तानीको तरिका समेतको सुनिश्चितता गरी बजेट प्रस्ताव गर्ने।

(ढ) चालु आर्थिक वर्षमा कार्यान्वयन हुन नसकेका आयोजनाको सूची तयार गरी पुनः प्रस्ताव गर्दा कार्यान्वयन हुने आयोजनालाई मात्र प्रस्ताव गर्ने, क्रमागत आयोजनालाई सम्पन्न गर्ने गरी बजेट प्रस्ताव गर्ने र सम्पन्न हुनेलाई प्राथमिकतामा राख्ने।

(ण) आयोजना/कार्यक्रमहरू दोहोरो नपर्ने गरी बजेट प्रस्ताव गर्ने।

(त) अवण्डामा कुनै पनि बजेट प्रस्ताव नगर्ने।

## २२. बजेट तर्जुमाको प्रारम्भिक कार्यविधिः

### (१) बजेट तर्जुमाको फाराम प्राप्त गर्ने

बजेट तर्जुमा दिग्दर्शन, २०८१ अनुसारको स्वीकृत ढाँचामा सम्बन्धित मन्त्रालयले तयार पारेको चालु र पुँजीगत खर्च तथा वित्तीय व्यवस्था र अन्तर सरकारी वित्तीय हस्तान्तरण सहितको प्रस्ताव

LMBIS मार्फत फाल्गुन मसान्तभित्र मन्त्रालय/संवैधानिक निकायहरूबाट प्राप्त हुने व्यवस्था मिलाउनु पर्दछ।

## (२) बजेट छलफल गर्नु पूर्वको आन्तरिक तयारी

(क) अर्थ मन्त्रालयमा सम्बन्धित मन्त्रालय/निकायको खर्च संकेतगत रूपमा र समानीकरण अनुदान बाहेक अन्य अनुदानबाट हस्तान्तरण हुने कार्यक्रमको हकमा संघको विषयगत मन्त्रालय र प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालय लगायतसँग छलफल गर्नु पर्नेछ। बजेट छलफलका लागि मन्त्रालयगत छलफल कार्यतालिका तयार गरी सम्बन्धित संवैधानिक निकाय, मन्त्रालयहरूलाई पठाउनु पर्दछ। कार्यतालिका तयार गर्दा बजेट तर्जुमा दिग्दर्शनमा उल्लिखित कार्यतालिका ननाघ्ने गरी मन्त्रालय अन्तर्गतका निकायहरूलाई बजेट छलफल गर्दा लाग्ने समयलाई विचार गर्नु पर्दछ।

(ख) खर्च संकेतगत छलफलका लागि बनाइने कार्यतालिका राष्ट्रिय योजना आयोगमा मन्त्रालयहरूको चालु, पुँजीगत, वित्तीय व्यवस्था र अन्तर सरकारी वित्तीय हस्तान्तरण सहितको खर्चको नीतिगत छलफल सक्ने मिति भन्दा पछिको समय तय गरी बनाउनु पर्दछ। बजेट छलफलको प्रस्तावित कार्यतालिका निर्माण गर्दा सम्बन्धित मन्त्रालय र अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखालाई समेत उपलब्ध गराउनु पर्नेछ।

(ग) बजेट तयार गर्न आवश्यक कर्मचारी तथा अन्य भौतिक सुविधाको आवश्यक प्रबन्ध मिलाउनु पर्दछ।

(घ) मन्त्रालयलाई पठाइएको बजेट सीमा र मार्ग निर्देशनका आधारमा बजेट छलफलमा एकरूपता कायम गर्ने दृष्टिकोणले आन्तरिक प्रयोजनका लागि छलफल शुरु हुनु भन्दा ३ दिन अगाडि नै खर्चको मापदण्ड तयार गरी बजेट तथा कार्यक्रम महाशाखाका सबै सेक्टरका अधिकृतलाई उपलब्ध गराउनु पर्दछ। यस्तो मापदण्ड निर्धारण गर्दा बजेट तर्जुमा दिग्दर्शन, २०८१ मा उल्लिखित मापदण्डलाई मुख्य आधार लिई तयार गर्नु पर्दछ।

(ङ) मन्त्रालयहरूबाट बजेट उपशीर्षकगत तर्जुमा फाराम LMBIS मार्फत प्राप्त भएपछि माग भए बमोजिम बजेट उपशीर्षक अनुसारका फारामहरू प्राप्त भएका छन्/छैनन् रुजु गर्नु पर्दछ।

(च) आवश्यक पुष्ट्याँईसहित बजेट तर्जुमा फाराम LMBIS मार्फत प्राप्त भएपछि छलफल हुने मिति अगावै बजेट उप-शीर्षकगत रूपमा सम्बन्धित फाइलमा उक्त फाराम राखिसक्नु पर्दछ।

(छ) LMBIS मार्फत बजेट तर्जुमा फाराम प्राप्त भएपछि चालु वर्षको कार्यक्रम र आगामी आर्थिक वर्षको कार्यक्रमको तुलना, स्वीकृत नीति तथा मार्ग निर्देशन अनुरूप तथा खरिद गुरुयोजना र वार्षिक खरिद योजना समेत समावेश भए नभएको तथा कुनै उल्लेख्य कैफियत भए नभएको हेरी सोको आधारमा छलफलमा ल्याउनु पर्ने बुँदाहरूको टिपोट गर्नु पर्दछ।

(ज) अर्थ मन्त्रालयले बहुवर्षीय ठेक्का सहमति वा स्रोत सहमति दिएको दायित्व व्यवस्थापनका लागि पर्याप्त रकम विनियोजन प्रस्ताव गरे, नगरेको रुजु गर्नु पर्दछ।

(झ) बहुवर्षीय दायित्व सिर्जना भएका आयोजना तथा वैदेशिक सहायता सञ्चालित आयोजनाको बजेट छलफल अग्रिम रुपमा गरी LMBIS मा अद्यावधिक गरी राख्न सकिनेछ।

(ञ) बजेट प्रस्ताव गर्दा अनिवार्य रूपमा LMBIS मार्फत Online प्रणालीबाट गर्नु पर्दछ।

## (३) यथार्थ र संशोधित खर्चको विवरण

(क) आगामी आर्थिक वर्षको बजेट तयार गर्न गत वर्षको यथार्थ राजस्व तथा खर्चको विवरण र चालु आर्थिक वर्षको राजस्व तथा खर्चको संशोधित अनुमान प्राप्त गर्ने व्यवस्था गर्नु पर्दछ। यथार्थ राजस्व तथा खर्च र खर्चको संशोधित अनुमान महालेखा नियन्त्रक कार्यालयबाट (क)राजस्वको संशोधित अनुमान राजस्व व्यवस्थापन महाशाखाबाट चैत्र मसान्त भित्र प्राप्त गर्नु पर्दछ।

(ख) महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त कुल संशोधित खर्च अनुमानलाई समेत आधार लिई अर्थ मन्त्रालयले थप निकासा दिएको, रकमान्तर गरेको, स्रोत परिवर्तन गरी कायम हुने खर्चलाई आधार लिई खर्चको संशोधित अनुमानलाई अन्तिम रूप दिनु पर्नेछ। सो अनुमानमा निम्न विषयहरूलाई आधारमा मानी संशोधित खर्च अनुमान थपघट गर्न सकिनेछः

(१) विगत आर्थिक वर्षको यथार्थ खर्चको प्रवृत्तिसँग मेल खाने, नखाने।

(२) चालु आर्थिक वर्षको निकासा तथा खर्चको प्रवृत्ति, मन्त्रालयले बजेट परिचालनमा लिएको नीति (जस्तै बजेट रोक्का, स्रोत परिवर्तन आदि) का आधारमा हुने खर्च।

(३) ठेक्कापट्टा सम्झौता भई सिर्जना हुने दायित्व र भुक्तानीको अवस्थाको विवरण।

(४) सोझै भुक्तानी हुने आयोजना/कार्यक्रममा बजेट खर्च हुने स्थिति।

(५) बजेट विनियोजन नभएको तर संशोधित खर्च अनुमान भएको वा बजेट विनियोजन भएको तर खर्च अनुमान नभएको वा स्वीकृत वार्षिक बजेटभन्दा बढी खर्च अनुमान गरेकोमा सोको कारण (स्वीकृत वार्षिक बजेट भन्दा बढी खर्च हुन सोझै भुक्तानी खर्च बढी भएको अवस्था विद्यमान हुनु पर्दछ)।

(ग) यथार्थ खर्च, संशोधित खर्च, यथार्थ राजस्व र संशोधित राजस्वका विवरण लिई कम्प्यूटरमा प्रविष्टि गराउनु पर्दछ। यथार्थ खर्च र यथार्थ राजस्व आर्थिक सर्वेक्षण र महालेखा नियन्त्रक कार्यालयको वार्षिक प्रतिवेदनसँग भिडेको हुनु पर्दछ।

(घ) महालेखा नियन्त्रक कार्यालयको वार्षिक आर्थिक विवरण अनुसारको यथार्थ खर्चसँग बजेट वक्तव्यको अनुसुची-१ र व्यय अनुमानको विवरण (खर्च संकेतगत र स्रोतगतसमेत) को सारांँशको यथार्थ खर्च भिडान हुन नसकेमा गत वर्ष र चालु वर्षमा बजेट व्यवस्था भएको तर आगामी आर्थिक वर्षको सम्बन्धित बजेट उप-शीर्षकमा माग नजनिएको कारणबाट भिडान हुन नसक्ने अवस्था हुन्छ। यस अवस्थामा सम्बन्धित बजेट उप-शीर्षकको कुनै एक खर्च संकेतमा शून्य रकम प्रविष्टि गर्नु पर्दछ।

(ङ) आन्तरिक ऋणको गत वर्षको यथार्थ खर्च सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट र चालु आर्थिक वर्षमा उठाउने आन्तरिक ऋणको संशोधित अनुमान आर्थिक नीति विश्लेषण महाशाखासँग समन्वय गरी बजेट तथा कार्यक्रम महाशाखाले अनुमान गर्नु पर्छ। वैदेशिक सहायताको द्विपक्षीय, बहुपक्षीय विभाजनको यथार्थ खर्च र संशोधित अनुमानको अङ्क अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखासँगको समन्वयमा महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त गरी LMBIS मा प्रविष्टि गराउनु पर्दछ।

**(४) आर्थिक नीति सुझाव समिति तथा त्यसको स्वरूपः**

आगामी आर्थिक वर्षको बजेटमा समावेश गर्नुपर्ने आर्थिक नीति तथा कोषमा व्यवस्था नभएको (Unfunded) दायित्वका बारेमा अर्थमन्त्रीलाई सुझाव दिन फागुन महिनाको पहिलो हप्ता भित्र राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा नेपाल राष्ट्र बैङ्कका गभर्नर, योजना आयोगका सदस्य (आर्थिक क्षेत्र हेर्ने), अर्थ सचिव, सचिव (राजस्व), योजना आयोगका सचिव सदस्य र आर्थिक नीति विश्लेषण महाशाखाको सह-सचिव सदस्य-सचिव रहने गरी समिति गठनको लागि प्रस्ताव गर्नु पर्दछ।

**(५) बजेट वक्तव्य लेखन समिति तथा यसको स्वरूपः**

आगामी आर्थिक वर्षको बजेट तयार गर्ने सन्दर्भमा सह-सचिवको अध्यक्षतामा आवश्यकतानुसार महाशाखा र विभागीय प्रमुखहरू सम्मिलित बजेट वक्तव्य लेखन समितिको गठन गर्नु पर्दछ। यसका अतिरिक्त आवश्यकतानुसार विभिन्न विषयका समिति गठन गर्न आवश्यक भएमा बजेट तथा कार्यक्रम महाशाखाले फागुन महिनाको पहिलो हप्ता भित्र त्यस्तो समितिमा रहने पदाधिकारीहरूको नामावली सहित कारवाही उठाउनु पर्दछ। बजेट वक्तव्य लेखन समितिले बजेट छलफलको क्रमसँगै समानान्तर रूपमा आफ्नो काम गर्न सक्दछ। लेखन समितिले आफ्नो काम प्रारम्भ गर्नु अघि अर्थमन्त्रीको उपस्थितिमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा सबै सदस्यहरू, नेपाल सरकारका मुख्य सचिव र नेपाल राष्ट्र बैङ्कका गभर्नर समेतको सहभागिता रहने गरी बैठक बोलाई आगामी आर्थिक वर्षको बजेटको मूल ध्येय (Theme), उद्देश्य र बृहत्तर नीतिहरू तय गर्नु पर्दछ। त्यस बैठकमा लेखन समितिका अध्यक्षले विगत वर्षहरूका बजेटका उद्देश्य र नीतिहरूको तुलनात्मक विश्लेषण, गत आर्थिक वर्ष र चालु आर्थिक वर्षको बजेट कार्यान्वयन प्रगति र आगामी आर्थिक वर्षका लागि उपयुक्त हुन सक्ने विषयवस्तुहरू र उद्देश्यको विवरण पेश गर्नु पर्दछ।

**(६) बजेट सम्बन्धी सुझावका लागि सार्वजनिक सूचना प्रकाशनः**

बजेट तर्जुमा प्रक्रियालाई बढीभन्दा बढी सहभागितामूलक बनाउनका लागि सम्बन्धित सबै पक्ष र आम सर्वसाधारणबाट सुझाव माग गर्न चैत्र मसान्तभित्र राष्ट्रियस्तरका दैनिक पत्रिका, विद्युतीय सञ्चार माध्यम र अर्थ मन्त्रालयको Website मा सार्वजनिक सूचना प्रकाशित गरी सुझाव सङ्कलनको व्यवस्था मिलाउनु पर्नेछ। प्राप्त सुझावहरूलाई तालिकीकरण गरी बजेट लेखन समिति समक्ष प्रस्तुत गर्न एक जना उप-सचिवलाई जिम्मेवारी तोक्नु पर्दछ।

## २३. बजेट तर्जुमा सम्बन्धी छलफलः

**(१) राष्ट्रिय योजना आयोगमा बजेट छलफलः**

क्षेत्रगत (Sectoral) रूपमा बजेटको नीतिगत छलफल राष्ट्रिय योजना आयोगको सम्बन्धित क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा राष्ट्रिय योजना आयोगमा गर्नु पर्नेछ।

(क) बजेटको नीतिगत छलफलमा अर्थ मन्त्रालयको परामर्शमा राष्ट्रिय योजना आयोगबाट तोकिएको कार्यतालिका बमोजिम बजेट तथा कार्यक्रम महाशाखा र अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका सम्बन्धित सेक्टरका उप-सचिव, अधिकृतहरू आवश्यक विवरणसहित अनिवार्य रूपमा उपस्थित हुनु पर्दछ। उक्त छलफलमा सम्बन्धित निकायका पदाधिकारीहरू पनि अनिवार्य रुपमा संलग्न हुनेछन्।

(ख) संविधान, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय प्रतिबद्धता, आवधिक योजना, क्षेत्रगत योजना, सम्बन्धित निकायबाट सो वर्षका लागि प्रस्ताव गरेको बजेट, सो वर्षका लागि उपलब्ध बजेट सीमा, मार्ग निर्देशन र तयार भएका परियोजना सम्बन्धी मापदण्ड (छनौट, कायम, कटौती आदि) का आधारमा बजेटको छलफल हुन्छ।

(ग) राष्ट्रिय योजना आयोगले आगामी आर्थिक वर्षको लागि तय गरेको मार्ग निर्देशन, मन्त्रालयको क्षेत्रगत नीति, चालु आर्थिक वर्षको प्रगति, अर्थ मन्त्रालयको समग्र वा कुनै खास विषयमा थप दृष्टिकोण भए सो समेतका आधारमा कार्यक्रमगत रूपमा राष्ट्रिय योजना आयोगमा छलफल गर्नु पर्दछ। तसर्थ छलफलमा जाने पदाधिकारीहरूले आफ्नो सेक्टरसँग सम्बन्धित विषयको उपलब्ध भएसम्मका सूचनाहरू लिई छलफलमा पूर्ण तयारीका साथ प्रस्तुत हुनु पर्दछ। यस्ता सूचनाहरूमा बजेटको सीमा, उपलब्ध भएसम्म गत वर्षको नीति तथा कार्यक्रम तथा खरिद गुरुयोजना र वार्षिक खरिद योजना समेतको आधारमा तयार गरिएको वित्तीय तथा भौतिक प्रगति, आयोजनाको खर्च व्यहोर्ने स्रोत र सोको सुनिश्चितता, कुनै आयोजना खारेजी वा थप, संगठनको पुनरावलोकनको आवश्यकता, क्षेत्रगत सुधारका प्रतिवेदन, विकास साझेदारहरूसँग भएका सम्झौताका पूरा गर्नुपर्ने शर्तहरू, अन्तर क्षेत्र सम्बन्धित विषय (Cross Cutting Issue) आदिको सूचना सहित छलफलमा पूर्व तयारी गरी उपस्थित हुनु पर्दछ।

**(२) सरोकारवाला (Stake Holders) सँग छलफल र सुझाव सङ्कलनः**

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्ने सिलसिलामा पूर्व अर्थ मन्त्रीहरू, पूर्व गभर्नरहरू, पूर्व अर्थ सचिवहरू, राजनीतिक दल, विद्यार्थी, अर्थशास्त्री, उद्योगपति, व्यापारी, सेवा प्रदायक, महिला, दलित, अपाङ्गता भएका, किसान, मजदुर, कर्मचारीजस्ता विभिन्न सरोकारवाला ब्यक्ति, संगठन वा समूहसँग अर्थमन्त्री वा अर्थ सचिवले छलफल गर्ने कार्य तालिका चैत्र १५ गते भित्र तयार गरी मन्त्री र सचिवसमक्ष पेश गर्नु पर्नेछ।

छलफलको तालिका बमोजिम छलफल गर्ने व्यवस्था मिलाई सुझावको टिपोर्ट गर्नु पर्दछ। प्राप्त सुझावहरू बजेट लेखन समितिलाई उपलब्ध गराउनु पर्नेछ। यो कामको संयोजन गर्न बजेट लेखन समितिका एक जना सहसचिव र बजेट महाशाखाका एक जना उपसचिवलाई जिम्मेवारी तोक्नु पर्दछ।

**(३) मन्त्रालयगत बजेट सूचना प्रणालीमा बजेट तथा कार्यक्रम प्रविष्टि र सोका चरणः**

राष्ट्रिय योजना आयोगबाट प्राप्त बजेट सीमा, मार्गदर्शन र अर्थ मन्त्रालयबाट बजेट तयारी सम्बन्धी मार्ग निर्देशनको आधारमा मन्त्रालय/निकायले मन्त्रालयगत बजेट सूचना प्रणालीमा आफ्नो अन्तर्गत विभाग र मातहतका कार्यालयहरूलाई चालु, पुँजीगत, वित्तीय वर्गीकरण तथा नेपाल सरकार, अनुदान र ऋणको स्रोतगत बजेट सीमा भित्र रही बाँडफाँट गर्नुपर्दछ। यसरी मन्त्रालय/निकायबाट बजेट बाँडफाँट प्राप्त गरिसकेपछि मन्त्रालयगत बजेट सूचना प्रणालीमार्फत देहायका चरणहरूमा रही बजेट तर्जुमा गर्नु पर्दछ।

**चरण-१ (Stage-1) बजेट तर्जुमा तथा प्रस्तावः** यस चरणमा बजेट कार्यान्वयन गर्ने निकाय/कार्यालयले आफ्नो बजेट प्रस्ताव गर्दा बजेट उप-शीर्षक, कार्यालय कोड, खर्च शीर्षक र क्रियाकलाप अनुसार चालु, पुँजीगत, वित्तीय वर्गीकरण तथा नेपाल सरकार, अनुदान र ऋणको

स्रोतगत सीमाभित्र रही बजेट प्रस्ताव गर्नुपर्दछ। यसरी प्रस्ताव भएको बजेट कार्यालय प्रमुखबाट स्वीकृत गरी आफ्नो तालुक निकायमा बजेट सूचना प्रणाली मार्फत Stage Forward गर्नु पर्नेछ।

**चरण-२ (Stage-2) कार्यालय/विभागले बजेट तर्जुमा तथा प्रस्ताव गर्ने:** चरण १ बमोजिम प्रस्ताव भई आएको बजेट उपर विभागले छलफल गरी अन्तिम रुप दिनु पर्नेछ। यसरी कायम भएको बजेट विभागीय तहबाट स्वीकृति गरी आफ्नो तालुक मन्त्रालयमा सूचना प्रणाली मार्फत Stage Forward गर्नु पर्नेछ।

**चरणः३ (Stage-3) मन्त्रालय/निकायले बजेट तर्जुमा तथा प्रस्ताव गर्ने:** चरण २ बमोजिम प्रस्ताव भई आएको बजेट उपर मन्त्रालय/निकायले छलफल गरी अन्तिम रुप दिनु पर्नेछ। यसरी कायम भएको बजेट मन्त्रालय/निकायले सम्बन्धित लेखा उत्तरदायी अधिकृत समक्ष सूचना प्रणाली मार्फत Stage Forward गर्नु पर्नेछ।

**चरणः४ (Stage-4) मन्त्रालय/निकायको सम्बन्धित लेखा उत्तरदायी अधिकृतले तर्जुमा तथा प्रस्ताव गर्ने:** चरण ३ बमोजिम प्रस्ताव भई आएको बजेट तथा कार्यक्रम उपर सम्बन्धित लेखा उत्तरदायी अधिकृतले विभागीय मन्त्रीसँगको समन्वयमा अन्तिम रुप दिई सूचना प्रणाली मार्फत Stage Forward गर्नु पर्नेछ।

**चरणः५ (Stage-5) अर्थ मन्त्रालयमा बजेट छलफलः** चरण ४ बमोजिम प्रस्ताव भई आएको बजेट तथा कार्यक्रम उपर बजेट तथा कार्यक्रम महाशाखाको सम्बन्धित सेक्टर, राष्ट्रिय योजना आयोग र सम्बन्धित मन्त्रालय/निकाय प्रतिनिधिको उपस्थितिमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ बमोजिम अन्तिम रुप दिई सूचना प्रणाली मार्फत Stage Forward गर्नु पर्नेछ। बजेट अनुमानलाई यथार्थपरक बनाउन आवश्यकता अनुसार दुई चरणमा पनि छलफल गर्न सकिनेछ। साथै, बहुवर्षीय दायित्व र वैदेशिक सहायताका आयोजना सम्बन्धी बजेट छलफल अग्रिम रुपमा पनि गर्न सकिनेछ।

**चरणः६ (Stage-6) अर्थ मन्त्रालयमा बजेट अन्तिम रुपः** चरण ५ बमोजिम बजेट तथा कार्यक्रम महाशाखाको सम्बन्धित सेक्टरबाट प्रस्ताव भई आएको बजेट तथा कार्यक्रम उपर आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ को दफा १० बमोजिम अन्तिम रुप दिई सूचना प्रणाली मार्फत Stage Forward गर्नु पर्नेछ।

**चरणः७ (Stage-7) बजेटको अन्तिम प्रस्तावः** यसरी चरण ६ बाट कायम भएको अन्तिम बजेटमा रही सङ्घीय संसदमा पेश गरिने प्रकाशनहरू सूचना प्रणाली मार्फत तयारी गर्नु पर्दछ।

(४) **अर्थ मन्त्रालयमा हुने बजेट छलफल तथा परिमार्जनः**

सम्बन्धित निकायका पदाधिकारीहरूको उपस्थितिमा राष्ट्रिय योजना आयोगमा चालु, पुँजीगत, वित्तीय व्यवस्था र अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी विषयमा रकम र कार्यक्रम बमोजिमको छलफल टुङ्गिएपछि खर्च संकेतगत छलफल अर्थ मन्त्रालयमा हुन्छ। यसरी हुने छलफलमा देहाय बमोजिमको तयारी सहित आवश्यक व्यवस्था गर्नु पर्दछ :

(क) निर्धारित कार्यतालिका बमोजिम चालु, पुँजीगत तथा वित्तीय व्यवस्था र अन्तर सरकारी वित्तीय हस्तान्तरण सहितको बजेटको छलफल सम्बन्धित निकायका उत्तरदायी पदाधिकारीहरूको उपस्थितिमा गर्नु पर्दछ। यस्तो छलफलमा अन्तर्राष्ट्रिय आर्थिक सहायता

समन्वय महाशाखा र राष्ट्रिय योजना आयोगको सम्बन्धित सेक्टर हेर्ने उप-सचिव वा अधिकृतको प्रतिनिधित्व गराउने व्यवस्था गर्नु पर्दछ।

(ख) आगामी आर्थिक वर्षको बजेट छलफल गर्दा अघिल्लो आर्थिक वर्षको यथार्थ खर्च, चालु वर्षको व्यतित अवधिको खर्च, बाँकी अवधिको अनुमान, चालु वर्षको कार्यक्रमको प्रगति समेतलाई मूल आधार बनाउनु पर्दछ।

(ग) बजेट छलफलमा आउँदा सम्बन्धित निकायसँग बहुवर्षीय ठेक्का अन्तर्गत सिर्जना भइसकेको/सम्भावित दायित्व, आर्थिक वर्ष अनुसारको विवरण र सो अनुरूप आगामी वर्षमा खर्च हुने रकम समेत बजेटमा समावेश गर्नु पर्दछ।

(घ) बजेट छलफल गर्दा तलब, भत्ता, भाडा, पोशाक, खाद्यान्न, पानी, विद्युत, सञ्चार महसुल, बिमा र योगदानमा आधारित निबृत्तभरण लगायतका अनिवार्य दायित्व खर्चलाई प्रस्ताव गरी बचत हुन आउने रकम अन्य कार्यक्रममा प्रस्ताव गर्नु पर्छ।

(ङ) वित्तीय व्यवस्था अन्तर्गतको वैदेशिक ऋणको सावाँ ब्याज भुक्तानीको विवरण सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट लिई विदेशी मुद्राको विनिमय दरमा हुने अधिमूल्यन वा अवमूल्यनको आँकलन गरी बजेटमा समावेश गर्नु पर्दछ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट आन्तरिक ऋणको सावाँ तथा ब्याजको विवरण लिई भुक्तानीका लागि गरिएको विनियोजनसँग भिडान गरी बजेट तर्जुमा गर्नु पर्छ।

(च) सेवा निवृत्त सुविधातर्फ निजामती, सैनिक र प्रहरीको हकमा महालेखा नियन्त्रक कार्यालयबाट र शिक्षकको हकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट विवरण लिई निवृत्तभरणको अङ्क किटान गर्नु पर्छ। निवृत्तभरण बापतको रकम विनियोजन गर्दा अघिल्लो वर्षको खर्चको आधार र औसत संख्या समेतलाई ध्यान दिनु पर्दछ। यसका अतिरिक्त तलब वृद्धि हुने वर्षमा निवृत्तभरणमा हुने वृद्धिलाई पनि ध्यान दिई बजेट तर्जुमा गर्नु पर्छ।

(छ) निजामती, सैनिक र प्रहरीको उपदान, सञ्चित विदा र औषधोपचारको अनुमान महालेखा नियन्त्रक कार्यालयबाट र शिक्षकको हकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय समेतबाट विवरण लिई विगत वर्षको खर्च, सेवा निवृत्त हुने संख्या समेतका आधारमा बजेट अनुमान गर्नु पर्छ। साथै, तलब वृद्धि हुने वर्षमा यस्ता खर्चमा पनि वृद्धि हुने भएकाले सो विषयलाई ध्यान दिई बजेट तर्जुमा गर्नु पर्छ।

(ज) विकास आयोजना तथा कार्यक्रममा सामान्यतया खर्च संकेत नं. २८९११ (भैपरी आउने चालु खर्च) तथा ३१५११ (भैपरी आउने पुँजीगत खर्च) मा बजेट राख्न हुँदैन। तर नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयानुसार भैपरी आउने कामका लागि दिनुपर्ने निकासा तथा तत्काल खर्च संकेतहरूमा बाँडफाँट गर्न सम्भव नदेखिने विश्वस्त आधार भएमा मात्र चालु खर्चको रकम ख.सं.नं.२८९११ (भैपरी आउने चालु खर्च) र पुँजीगत खर्चको रकम ख.सं.नं.३१५११ (भैपरी आउने पुँजीगत खर्च) मा विनियोजन गर्न सकिनेछ।

(झ) नयाँ आयोजना प्रस्ताव भएको भए त्यसको स्वीकृतिको आधार र खर्च व्यहोर्ने स्रोतका विषयमा सूचना लिनु पर्दछ। यसैगरी विकास साझेदारबाट खर्च व्यहोर्ने गरी कुनै सम्झौता भएको आयोजनाका लागि रकम माग गरिएको भए त्यस्तो आयोजनाको सम्झौता, प्रतिबद्धता जनाइएको रकम, आयोजनाको कार्यावधि, समपुरक कोष (Matching/Counterpart Fund) का

आधारमा प्रस्तावित वर्षका लागि रकम खर्च हुन सक्ने नसक्ने, बजेट विनियोजन हुने वर्षमा सम्झौता प्रभावकारी हुन सक्ने/नसक्ने, संगठनको व्यवस्था आदि विवरण अ.आ.स.स. महाशाखाबाट प्राप्त कुराको विचार गरी बजेट विनियोजन गर्नु पर्दछ।

(ञ) वैदेशिक सहायता अन्तर्गत ऋणबाट प्राप्त रकम सकभर तलब, भत्ता, खाद्यान्न, पोशाक, पानी, विजुली, सञ्चार महसुल, जग्गा खरिद (अधिग्रहण), वैदेशिक तालिम, सेमिनार, गोष्ठी तथा अवलोकन भ्रमण जस्ता खर्च संकेतहरूमा विनियोजन गर्न हुँदैन।

(ट) वैदेशिक सहायता कार्यक्रम अन्तर्गत प्राप्त हुने वैदेशिक अनुदान तथा ऋणलाई सम्बन्धित कार्यक्रमको शर्त र क्षेत्र अनुरूप हुने गरी विकास साझेदार अनुसारको रकम बाँडफाँट गरी उपलब्ध गराउनु पर्छ। साथै, प्रत्येक आयोजनाको लागि आवश्यक समपुरक कोष पनि खुलाई उपलब्ध गराउनु पर्छ।

(ठ) बजेट छलफलको क्रममा उठेका अन्तर सम्बन्धित विषयहरूको छुट्टै टिपोट गरी राख्नु पर्दछ। यसैका आधारमा बजेट कार्यान्वयन र अर्को वर्षको बजेट छलफल गर्नु पर्दछ। छलफल गर्ने पदाधिकारी सरुवा भएमा उक्त टिपोट बहालवालालाई बुझाउनु पर्छ।

(ड) प्राप्त भएका बजेट तर्जुमा सम्बन्धी फारामहरू तथा मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा प्रस्तावको अध्ययनबाट आफूलाई अस्पष्ट भई टिपोट गरेका विषयहरू छलफलको क्रममा प्रस्तुत गरी स्पष्ट गर्नु पर्छ।

(ढ) अध्ययन र विश्लेषणपछि मन्त्रालयगत बजेट सीमा बाँडफाँट हुने हुँदा निर्धारित बजेट सीमाभित्र रही छलफल गर्नु पर्छ। सीमा नाघ्न गएमा सोको लागि उपलब्ध हुने स्रोत बढाउन नसकिने हुँदा मन्त्रालयलाई दिएको सीमा भित्रै छलफल टुंग्याउनु पर्छ। कुनै कारणवश सीमा नाघ्ने अवस्था देखिएमा त्यसको पर्याप्त कारण र औचित्य खुलाउनु पर्छ।

(ण) छलफलमा सहभागी पदाधिकारीहरूको उपस्थिति जनाई आगामी बजेट तयार गर्ने सन्दर्भमा आपसी छलफलबाट तय भएका मुख्य विषय उल्लेख गरी समझदारी भएको विवरणको अभिलेख राख्नु पर्छ।

(त) छलफलबाट तय भएको रकम र आफूलाई उल्लेख गर्न उपयुक्त लागेको विवरण समेत उल्लेख गरी छलफलमा सहभागी प्रत्येकले छुट्टै पुस्तिकामा टिपोट गरी राख्नु पर्छ।

(थ) बजेट छलफलबाट तय भएको रकम LMBIS मा अद्यावधिक गरी उक्त विवरण र रकम प्रारम्भिक रुजुको काम पनि सँगै गर्नु पर्छ।

(द) बजेट छलफल सकिएपछि छलफलबाट तय भएको विषयगत मन्त्रालयको बजेट तथा कार्यक्रमबाट अपेक्षित परिमाणात्मक विवरणलाई अद्यावधिक गर्दै जानु पर्छ।

(ध) प्रत्येक दिन प्रारम्भिक छलफलबाट प्राप्त निष्कर्षको टिपोट महाशाखा प्रमुखलाई जानकारी गराउनु पर्दछ र प्राप्त निर्देशन अनुरूप पुनः छलफल गर्न आवश्यक भएमा सो समेत गरी बजेट प्रस्तावलाई परिमार्जन गर्दै जानु पर्दछ।

(न) नयाँ संगठन संरचना तथा आयोजना थपघट गर्नु परेमा विषयगत मन्त्रालयले बजेट तर्जुमा दिग्दर्शनमा तोकिएका आधारहरू उल्लेख गरी अर्थ मन्त्रालयमा सूचना प्रणालीमार्फत अनुरोध भई आएमा बजेट उपशीर्षक, कार्यालय कोड र अन्य संकेत (जस्तै विकास साझेदार संकेत, मन्त्रालय संकेत आदि) आवश्यकता र औचित्यका आधारमा उपलब्ध गराउन सकिनेछ।

विगत तीन वर्षदेखि प्रयोगमा नआएका बजेट उपशीर्षकहरूलाई आवश्यकता र औचित्यका आधारमा निष्क्रिय गरिनेछ।

(ऩ) मन्त्रालयगत बजेटको प्रारम्भिक रूजु पश्चात स्वीकृत बजेटको सीमा अनुसार भए नभएको हेरी बजेटको सीमा नाघेकोमा सोको टिपोट तयार गर्नु पर्दछ। यस्तो टिपोट सहित बजेट तथा कार्यक्रम महाशाखा प्रमुखलाई बजेट छलफलको विवरणको जानकारी गराउनु पर्दछ।

(प) महाशाखा प्रमुखबाट प्राप्त निर्देशन अनुसार सम्बन्धित निकायसँग आवश्यक कुरा बुझी छलफल गर्नुपर्ने भएमा पुनः छलफल गर्नु पर्दछ। पछिल्लो छलफल पश्चात तय भएको अङ्क, महाशाखा प्रमुखबाट निर्देशन भएको विषय र कार्यक्रमको औचित्य र बजेट सीमाङ्कलाई मध्यनजर गरी पहिलाको अङ्कमा फेरबदल गर्नु परेमा LMBIS मा प्रविष्टि गरी अद्यावधिक गर्नु पर्दछ।

(फ) महाशाखा प्रमुखसँग भएको छलफल र माथि उल्लेख भएका आधारबाट LMBIS मा पुनः अद्यावधिक गरी सकेपछि बजेटको कुल आकारले स्वीकृत सीमा नाघे ननाघेको हेर्नु पर्दछ। कुल बजेटको आकारसँग चालु, पुँजीगत, वित्तीय व्यवस्था र अन्तर सरकारी वित्तीय हस्तान्तरणको अनुपातलाई पनि ध्यान दिनु पर्दछ।

(ब) बजेट छलफल गर्दा प्रस्तावित बजेट सीमाभन्दा बढी हुन गएकोमा बजेट तथा कार्यक्रम महाशाखाका सबै सेक्टरले आफू अन्तर्गत प्रविष्टी भएका कार्यक्रमहरूलाई प्राथमिकताको आधारमा कटौती गर्न सक्ने सम्भाव्य क्षेत्रको पहिचान गरी सम्बन्धित मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग परामर्श गरी स्वीकृत सीमा भित्र कायम गर्नु पर्दछ। यदि मन्त्रालयका अधिकारीहरू बजेट थपघट गर्न सहमत नभएमा सोको जानकारी महाशाखा प्रमुखलाई गराउनु पर्दछ।

(भ) बजेट सीमाभित्र मन्त्रालयहरू सहमत नभए पनि बजेटको उपयुक्त आकार ल्याउनु पर्ने अवस्था आएमा अर्थमन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र अर्थ सचिवसँग सल्लाह गरी बजेट थपघट गर्न सकिनेछ। यसबाट जुन जुन मन्त्रालय प्रभावित हुन्छन् तिनलाई कुन कुन बजेट उपशीर्षक थपघट हुन पुगेको हो, सोको जानकारी गराउनु पर्दछ।

(म) महाशाखा प्रमुखलाई जानकारी गराए पछि अन्य LMBIS प्रयोगकर्ताहरूलाई LMBIS मा डाटा प्रविष्टि बन्द (System Lock) गरी तोकिएका पदाधिकारीलाई मात्र डाटा संशोधन गर्ने कार्य तोक्नु पर्दछ। तोकिएको पदाधिकारी मार्फत मात्र संशोधनको कार्य गर्नु पर्दछ।

(य) वैदेशिक सहयोग प्राप्त आयोजनाहरूको स्रोत देखिने विवरणको प्रिन्ट निकाली विकास साझेदार, ऋण/अनुदान संकेत, भुक्तानीको तरिका भिडान गर्न अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखालाई उपलब्ध गराउनु पर्दछ। उक्त महाशाखाबाट प्राप्त संशोधन सच्याई रूजु गरी अन्तिम संशोधनका लागि पुनः एक पटक पठाउनु पर्दछ। संशोधन भई आएको अन्तिम प्रतिका आधारमा LMBIS मा स्रोत मिलान गर्ने कार्य टुङ्ग्याउनु पर्दछ।

(र) विकास साझेदारबाट वैदेशिक सहायता प्राप्त हुने प्रतिवद्धता प्राप्त भएको तर बजेट छलफल गर्दाको समयसम्ममा सहायता सम्झौता नभइसकेको अवस्थामा अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाबाट आगामी आर्थिक वर्षमा आयोजना कार्यान्वयन गर्न भनी प्राप्त पत्रको आधारमा क्रियाकलापगत विनियोजन गर्न नसकिने अवस्थामा कार्यक्रमको हकमा सम्बन्धित

मन्त्रालय/विभागको भैपरी आउने चालु खर्च संकेत नं.२८९११ र पुँजीगत कार्यक्रमको हकमा भैपरी आउने पुँजीगत खर्च संकेत नं. ३१५११ मा बजेट व्यवस्था गर्न सकिनेछ।

**(५) बजेट वक्तव्यमा समावेश गर्न सकिने नीति तथा कार्यक्रमको टिपोटः**

(क) बजेटको सीमा उपलब्ध गराए पश्चात आगामी आर्थिक वर्षको बजेटमा समावेश गर्ने नीति तथा कार्यक्रमको विवरण सम्बन्धित मन्त्रालयबाट चैत्र मसान्तभित्र प्राप्त गर्न आवश्यक समन्वय सेक्टरका उपसचिवले गर्नु पर्नेछ।

(ख) नीति तथा कार्यक्रम र बजेट छलफल समेतका आधारमा बजेट तथा कार्यक्रम महाशाखाका प्रत्येक सेक्टरले बजेट वक्तव्यमा समावेश गर्नुपर्ने विषय र सोको लागि प्रस्तावित बजेटसमेत उल्लेख गरी बजेट वक्तव्य लेखन समितिलाई उपलब्ध गराउनु पर्दछ।

(ग) बजेट बक्तव्य लेखन समितिले बजेट बक्तव्यमा समावेश गरेका महत्वपूर्ण विषयलाई विषयगत मन्त्रालयले मन्त्रालयगत बजेट सूचना प्रणालीमा बजेट तथा कार्यक्रम समावेश गरे नगरेको सम्बन्धित सेक्टरले वैशाख मसान्तभित्र रुजु गर्नु पर्दछ।

**(६) अङ्क रुजु गर्ने तरिका र अन्तिम मस्यौदा तयारीः**

(क) बजेटको छलफल टुङ्गिएपछि छपाई गर्नु दुई दिन अघि आगामी आर्थिक वर्षको राजस्व अनुमान, वैदेशिक सहायता र आन्तरिक ऋणको अङ्क LMBIS मा प्रविष्टि गर्नु पर्दछ। यसरी राजस्वको अनुमान प्रविष्टि गराउँदा शीर्षकगत रूपमा तीन वर्षको अनुमान पनि प्रविष्टि गराउनु पर्दछ।

(ख) खर्च अनुमान, राजस्व अनुमान, वैदेशिक सहायता र आन्तरिक ऋण LMBIS मा प्रविष्टि भएपछि आय व्यय विवरणको अनुसूची-१ लाई मुख्य आधार मानी सोमा उल्लेख भएका अङ्कहरूसँग अन्य प्रतिवेदनहरूको अङ्क रुजु गर्नु पर्दछ। अङ्कहरू रुजु गर्दा निम्न विषयहरूमा ध्यान दिनु पर्दछः-

| **रुजुको मूल आधार** | **रुजु गर्नुपर्ने विषय र अनुसूची** |
|---|---|
| बजेट वक्तव्यको "आय व्ययको विवरण अनुसूची–१" को यथार्थ खर्च, संशोधित अनुमान र प्रस्तावित वर्षको कुल अनुमानसँग | • व्यय अनुमान विवरण (खर्च संकेतगत, स्रोतगत र वित्तीय व्यवस्था सहित) को "आर्थिक वर्ष (प्रस्तावित) को व्यय अनुमान" को सारांश पेजको यथार्थ, संशोधित अनुमान र प्रस्तावित वर्षको अनुमान कुल खर्च भिडाउने।<br>• व्यय अनुमान ( खर्च संकेतगत, स्रोतगत र वित्तीय व्यवस्था सहित) विवरणको "आर्थिक वर्ष (प्रस्तावित) को व्यय अनुमान" को कुल जम्मा महल भिडाउने।<br>• बजेट वक्तव्यको अनुसची-३ को यथार्थ, संशोधित अनुमान र प्रस्तावित वर्षको अनुमान कुल खर्च भिडाउने।<br>• बजेट वक्तव्यको अनुसूची-५ को कुल महल भिडाउने।<br>• बजेट वक्तव्यको अनुसूची-७ को यथार्थ, संशोधित अनुमान र जम्मा महल भिडाउने।<br>• बजेट वक्तव्यको अनुसूची-६ को जम्मा महल भिडाउने। |

| | |
|---|---|
| बजेट वक्तव्यको "आय व्ययको विवरण अनुसूची–१" को यथार्थ खर्च, संशोधित अनुमान र प्रस्तावित वर्षको चालु खर्चको अनुमानसँग | • व्यय अनुमानको विवरण ( खर्च संकेतगत, स्रोतगत र वित्तीय व्यवस्था सहित) को "आर्थिक वर्ष (प्रस्तावित) को व्यय अनुमान" को सारांश पेजको यथार्थ, संशोधित अनुमान र प्रस्तावित वर्षको अनुमानको चालु खर्च भिडाउने।<br>• बजेट वक्तव्यको अनुसूची-५ को चालु खर्चको महल भिडाउने।<br>• बजेट वक्तव्यको अनुसची-६ को यथार्थ, संशोधित अनुमान र प्रस्तावित वर्षको अनुमानको चालु खर्चको महल भिडाउने। |
| बजेट वक्तव्यको "आय व्ययको विवरण अनुसूची– १" को यथार्थ खर्च, संशोधित अनुमान र प्रस्तावित वर्षको पुँजीगत खर्चको अनुमानसँग | • व्यय अनुमान विवरण (खर्च संकेतगत, स्रोतगत र वित्तीय व्यवस्था सहित) को "आर्थिक वर्ष (प्रस्तावित) को व्यय अनुमान" को सारांश पेजको यथार्थ, संशोधित अनुमान र प्रस्तावित वर्षको अनुमानको पुँजीगत खर्च भिडाउने।<br>• बजेट वक्तव्यको अनुसची-६ को यथार्थ, संशोधित अनुमान र प्रस्तावित वर्षको अनुमानको पुँजीगत खर्चको महल भिडाउने।<br>• बजेट वक्तव्यको अनुसूची-५ को पुँजीगत खर्चको जम्मा महल भिडाउने। |
| बजेट वक्तव्यको "आय व्ययको विवरण अनुसूची– १" को यथार्थ खर्च, संशोधित अनुमान र प्रस्तावित वर्षको वित्तीय व्यवस्था अनुमानसँग | • बजेट वक्तव्यको अनुसची-५ र ६ को व्यय अनुमानको विवरण (खर्च संकेतगत, स्रोतगत र वित्तीय व्यवस्था सहित) को यथार्थ, संशोधित अनुमान र प्रस्तावित वर्षको वित्तीय व्यवस्था अनुमानसँग भिडाउने। |
| बजेट वक्तव्यको "आय व्ययको विवरण अनुसूची– १" को यथार्थ, संशोधित अनुमान र प्रस्तावित वर्षको राजस्व अनुमानसँग | • बजेट वक्तव्यको अनुसूची-२ को राजस्व तथा अनुदान प्राप्तिको अनुमानको यथार्थ, संशोधित अनुमान र लक्ष्यको जम्मासँग भिडाउने। |
| बजेट वक्तव्यको अनुसूची- १ को वैदेशिक अनुदान र ऋणको जम्मा अङ्कसँग | • बजेट वक्तव्यको अनुसूची-१० को वैदेशिक अनुदान तथा ऋण सारांशको कुल जम्मासँग भिडाउने।<br>• व्यय अनुमानको विवरण (खर्च संकेतगत, स्रोतगत र वित्तीय व्यवस्था सहित) को अनुसूची-६ र ७ को वैदेशिक अनुदान र ऋणको जम्मासँग भिडाउने। |
| बजेट वक्तव्यको अनुसूची- ९ को प्राथमिकता अनुसारको व्यय अनुमानको कुल जम्मासँग | • व्यय अनुमानको विवरण (वित्तीय व्यवस्था सहित) को कुल जम्मासँग भिडाउने। |

| | |
|---|---|
| तेर्सो (Horizontal) र ठाडो (Vertical) रुजु गर्ने। | • व्यय अनुमानको विवरण (खर्च संकेतगत, स्रोतगत र वित्तीय व्यवस्था सहित) को खर्च संकेतगत विवरणको प्रत्येक बजेट उपशीर्षकभित्रको नमूना रूपमा सहजोड र कुल जोड रुजु गर्ने।<br>• सबै अनुसूची र सारांश प्रतिवेदनहरू तेर्सो (Horizontal) र ठाडो (Vertical) जोड जम्मा रुजु गर्ने।<br>• व्यय अनुमान विवरणको पनि नमूनाको रूपमा दुई वा तीन भन्दा बढी मन्त्रालयको तेर्सो (Horizontal) र ठाडो (Vertical) जोड जम्मा रुजु गर्ने। |

(ग) बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रमहरूको बजेट अङ्क व्यय अनुमानको विवरण (खर्च संकेतगत, स्रोतगत, वित्तीय व्यवस्था र अन्तर सरकारी वित्तीय हस्तान्तरण सहित) मा उल्लेख भएको अङ्कसँग भिडान गर्ने कार्य महाशाखा प्रमुखको निर्देशनमा सम्बन्धित सेक्टरको उप-सचिव र शाखा अधिकृतले गर्नु पर्दछ।

(घ) आर्थिक सर्वेक्षणमा उल्लेख भएको चालु, पुँजीगत, वित्तीय व्यवस्था र अन्तर सरकारी वित्तीय हस्तान्तरणको क्षेत्रगत यथार्थ खर्च परस्परमा भिडेको छ, छैन तोकिएको अधिकृतले रुजु गर्नु पर्दछ। नभिडेमा भिडान गर्ने र भिडान हुन नसकेकोमा सोको कारण व्यय अनुमानको द्रष्टव्य पेजमा उल्लेख गर्नु पर्नेछ।

(ङ) कुनै मन्त्रालय विघटन भएमा सो मन्त्रालय अन्तर्गतको साविकको बजेट उपशीर्षकमा नै कुनै एक खर्च संकेतमा शून्य रकम राखी यथार्थ र संशोधित खर्चको विवरण प्राप्त हुने समयसम्म उपशीर्षक कायम गर्नु पर्दछ।

(च) माथि उल्लेख भए अनुसार रुजु गरी LMBIS मा संशोधन गर्नुपर्ने भएमा संशोधन समेत गरी बजेटको अन्तिम मस्यौदा तयार गर्नु पर्दछ।

(छ) बजेट वक्तव्य लेखन कार्य बजेट तर्जुमा दिग्दर्शन, २०८१ मा उल्लेख भएको मितिभित्र सम्पन्न गर्ने गरी माथि उल्लिखित कार्यहरू सोही अवधिभित्र सम्पन्न गर्न कार्यतालिका बनाई काम गर्नु पर्दछ।

(ज) विनियोजन विधेयक, पेश्की खर्च विधेयक र राष्ट्र ऋण उठाउने विधेयकको मस्यौदा कानून तथा फैसला कार्यान्वयन महाशाखाबाट तयार हुने हुँदा सोको लागि आवश्यक विवरण बजेट तर्जुमा दिग्दर्शन, २०८१ को अनुसूचीको ढाँचामा उपलब्ध गराउनु पर्दछ।

(झ) बजेट तथा कार्यक्रमको मस्यौदा उच्चस्तरीय प्रस्तुति अन्तर्गत मन्त्रिपरिषद् र राष्ट्रिय योजना आयोगमा गरिने प्रस्तुतिका लागि आवश्यक विवरण र बजेट तर्जुमा दिग्दर्शनमा तोकिएको ढाँचामा सङ्घीय संसदमा प्रस्तुत गर्ने विवरण तयार गर्नु पर्दछ।

(ञ) बजेट तथा कार्यक्रमको मस्यौदालाई अन्तिम रूप दिई सकेपछि मस्यौदा सँगसँगै वार्षिक विकास कार्यक्रम, राष्ट्रिय योजना आयोग एवम् नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत हुनु पर्दछ।

(ट) बजेट तथा कार्यक्रम तर्जुमा सम्पन्न भएपछि अर्थमन्त्रीले सङ्घीय संसदमा बजेट वक्तव्य सहित आयव्ययको अनुमान पेश गर्नु हुनेछ।

## २४. बजेट सम्बन्धी पुस्तकहरूको मुद्रण तथा वितरणः

(१) बजेट सम्बन्धी विवरणहरू लेखन समितिबाट अन्तिम रुजु सकिए पछि मुद्रणको काम गर्नु पर्दछ। सोको लागि मुद्रण गर्ने कार्यतालिका र जिम्मेवारी तोकी कर्मचारीको खटनपटन गर्नु पर्दछ। यसरी जिम्मेवारी तोक्दा मुद्रण गर्ने निकाय वा संस्था र खटिने कर्मचारीको किटानी गर्नु पर्दछ।

(२) बजेट पुस्तिका छपाइको लागि तयार भएको अन्तिम मस्यौदा मुद्रणमा पठाई सकेपछि डाटावेसमा सच्याउन मिल्दैन। छपाइको लागि तयार भएको अन्तिम मस्यौदा बजेट वक्तव्य सार्वजनिक नभएसम्म गोप्य राख्नु पर्दछ।

(३) बजेट सम्बन्धी पुस्तिका छापिएपछि प्रशासन महाशाखालाई बुझाउने व्यवस्था गर्नु पर्दछ। यसका साथै छपाइको लागि तयार भएको अन्तिम मस्यौदाको Printable Plate पनि सुरक्षित राख्नु पर्दछ।

(४) बजेट वक्तव्य सार्वजनिक हुने दिनमै अर्थमन्त्रीले सङ्घीय संसदमा बजेट वक्तव्य प्रस्तुत गरेको एक घण्टापछि सबै प्रकाशनहरू अर्थ मन्त्रालयको वेबसाइटमा राख्ने व्यवस्था गर्नु पर्दछ।

(५) बजेट वक्तव्य सार्वजनिक भएपछि हुने पत्रकार सम्मेलनको लागि बजेट सम्बन्धी मुख्य मुख्य बुँदाहरूको टिपोट र सो सम्बन्धी पुष्ट्याँई तयार गर्नु पर्दछ। यस कार्यको संयोजन महाशाखा प्रमुखले गर्नु पर्दछ।

(६) संसदको अधिवेशन जारी रहेको अवस्थामा बजेट छलफलका दिन सम्बन्धित बजेट तथा कार्यक्रम महाशाखाको समन्वयमा योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखाले सङ्घीय संसदमा बजेट सम्बन्धी छलफलमा प्रतिनिधित्व गर्ने व्यवस्था मिलाउनु पर्दछ।

(७) संसदका सदस्यहरूबाट सोधिएका प्रश्नको जबाफ योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा र बजेट तथा कार्यक्रम महाशाखाको सम्बन्धित सेक्टरबाट छलफल तथा तयार गरी संसद सचिवालयमा पठाउने व्यवस्था गर्नु पर्दछ।

## २५. पूरक अनुमानः

नेपालको संविधानको धारा १२१ बमोजिम चालु आर्थिक वर्षको लागि विनियोजन ऐनले कुनै सेवाको लागि खर्च गर्न अख्तियारी दिएको रकम अपर्याप्त भएमा वा त्यस वर्षका लागि विनियोजन ऐनले अख्तियारी नदिएको नयाँ सेवामा खर्च गर्न अवश्यक भएमा वा चालु आर्थिक वर्षमा विनियोजन ऐनले अख्तियारी दिएको रकम भन्दा बढी खर्च हुन गएमा अर्थमन्त्रीले प्रतिनिधिसभामा पूरक अनुमान पेश गर्न सक्नेछ। पूरक अनुमानमा राखिएको रकम सम्बन्धित शीर्षकमा उल्लेख गरी पूरक विनियोजन विधेयकमा राखिनेछ।

पूरक अनुमान पेश गर्दा देहायका विषयहरू सहित तयारी हुनु पर्नेछः

(१) विनियोजन ऐनद्वारा विनियोजित रकम कुन सेवामा नपुग भएको हो सोको आधारहरू तयार गर्नु पर्दछ।

(२) पूरक अनुमान पेश गर्दा खर्च व्यहोर्ने स्रोतहरूको उल्लेख गर्नु पर्दछ।

(३) पूरक विनियोजन ऐनद्वारा विनियोजित रकमको सम्बन्धित मन्त्रालयको शीर्षकमा रकमान्तर गरी निकासा दिने वा छुट्टै स्रेस्ता राख्ने, लेखापरीक्षण गराउने व्यवस्था गरी अख्तियारी दिने, निकासा गर्ने व्यवस्था मिलाउने।

२६. **उधारो खर्च सम्बन्धी व्यवस्थाः** नेपालको संविधानको धारा १२३ बमोजिम प्राकृतिक कारण वा बाह्य आक्रमणको आशंका वा आन्तरिक विघ्न वा अन्य कारणले संकटको अवस्था परी धारा ११९ को उपधारा (१) अन्तर्गत चाहिने विवरण खुलाउन अव्यवहारिक वा राज्यको सुरक्षा वा हितको दृष्टिले अवाञ्छनीय देखिएमा नेपाल सरकारको अर्थ मन्त्रीले व्ययको विवरण मात्र भएको उधारो खर्च विधेयक प्रतिनिधि सभामा पेश गर्न सक्नेछ।

२७. **अध्यादेशबाट बजेट पेश गर्नेः** संसदको अधिवेशन नचलेको अवस्थामा अध्यादेशबाट बजेट पेश गर्नु पर्दा आगामी आर्थिक वर्षको बजेट अनुमान पेश गर्ने कार्यविधि माथि उल्लेख भए बमोजिम नै हुनेछ। आर्थिक वर्षको बीचमै अध्यादेशको म्याद समाप्त भए पछि पुनः जारी गर्दा विनियोजन अध्यादेशमा उल्लेख भए अनुसारकै बजेटलाई निरन्तरता दिनु पर्दछ। यस्तो अवस्थामा सामान्यतया बजेटमा संशोधन गरिँदैन। तर आर्थिक वर्षको बीचमा आय-व्यय विवरणमा परिवर्तन गर्नुपर्ने अवस्था सिर्जना भएमा प्रचलित कानुन बमोजिम परिवर्तन गर्न पनि सकिन्छ।

२८. **अन्तर सरकारी वित्तीय हस्तान्तरणः** प्रदेश तथा स्थानीय तहले आगामी आर्थिक वर्षको लागि आय व्ययको प्रक्षेपण गरिएको विवरण पुस मसान्तभित्र अर्थ मन्त्रालय समक्ष पेश गर्नुपर्ने र नेपाल सरकारले फागुन मसान्तभित्र राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदान बापत प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने अनुमानित स्रोतको विवरण उपलब्ध गराउनु पर्ने व्यवस्था अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ मा गरिएको छ। नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्नु गर्नेछ। साथै, तोकिएको शर्तको पालना गरेर कार्यान्वयन गर्ने गरी प्रदेश वा स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको आधार बमोजिम प्रदेश तथा स्थानीय तहलाई सःशर्त अनुदान उपलब्ध हुन्छ। नेपाल सरकारले निर्धारण गरेको कार्यविधि बमोजिम पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपुरक अनुदान र कुनै खास आयोजना तथा कार्यक्रमको लागि विशेष अनुदान प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउनु पर्ने हुन्छ। माथि उल्लिखित व्यवस्था अनुसारका अनुदानहरूका लागि आवश्यक बजेटको व्यवस्था गर्ने सम्बन्धमा छलफल गरी यकिन गर्नु पर्दछ। प्रदेश र स्थानीय तहलाई वित्तीय हस्तान्तरण भएको रकमको आम्दानी र खर्चको लेखाङ्कन तथा प्रतिवेदन गर्ने व्यवस्था लगायतका विषयमा मार्गदर्शनमा उल्लेख गरी पठाउनु पर्नेछ।

२९. **वित्तीय हस्तान्तरणको रकम फिर्ता गर्नेः** सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सःशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नु पर्नेछ।

कुनै कारणवश सोही आर्थिक वर्षभित्र रकम फिर्ता गर्न नसकिएमा आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र फिर्ता गरिसक्नु पर्नेछ।
उल्लिखित अवधिभित्र समेत रकम फिर्ता हुन नआएमा फिर्ता हुन नआए बराबरको रकम अर्थ मन्त्रालयले प्रचलित सङ्घीय कानून बमोजिम सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदान वा राजस्व बाँडफाँटको रकमबाट कट्टा गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

## ३०. प्राथमिकता अनुसार बजेट विनियोजनः

(१) व्यय अनुमानको पुस्तिकामा बजेट उप-शीर्षकमा प्राथमिकता संकेत दिइएको छ। नयाँ उप-शीर्षक थप गर्दा त्यस्तो उप-शीर्षक कुन प्राथमिकता अन्तर्गत पर्दछ सो समेत उल्लेख गर्नु पर्दछ।

(२) बजेट उप-शीर्षकको प्राथमिकता पुनरावलोकन गर्नुपर्ने अवस्थामा राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयका बजेट तथा कार्यक्रम महाशाखा र अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा समेतको समन्वयमा पुनरावलोकन गर्नु पर्नेछ। यसरी पुनरावलोकन भएको अवस्थामा सोही अनुसार LMBIS मा प्राथमिकता संकेत प्रविष्टि गर्नु पर्दछ।

(३) विकास सहायतासम्बद्ध आयोजनाहरूलाई सम्झौतामा व्यवस्था भए अनुसार बजेट छुट्याउनु पर्दछ।

(४) लैङ्गिक उत्तरदायी बजेटः बजेट प्रस्ताव गर्दाको अवस्थामा सो बजेट लैङ्गिक समानता उद्देश्य प्राप्तिका लागि बनाइएको नीति तथा कार्यक्रम अनुसार लैङ्गिक आधारमा वर्गीकरण गरी लैङ्गिक समानतालाई प्रत्यक्ष लाभ पुग्ने, अप्रत्यक्ष लाभ पुग्ने र तटस्थ मध्ये कुन प्रकारको हो छुट्याउन लगाई LMBIS मा अनिवार्य रूपमा प्रविष्ट गर्नु पर्दछ।

(५) गरिबी न्यूनीकरण बजेटः बजेट प्रस्ताव गर्दाको अवस्थामा सो बजेट गरिबी न्यूनीकरणमा प्रत्यक्ष योगदान पुऱ्याउने गरिबी न्यूनीकरण बजेट वा गरिबी न्यूनीकरणमा अप्रत्यक्ष योगदान पुऱ्याउने र तटस्थ बजेट मध्ये कुन हो, बजेट उप-शीर्षकगत खर्चको संकेतमा नै छुट्याउन लगाउनु पर्दछ र सोही बमोजिम नै LMBIS प्रविष्ट गर्नु पर्दछ।

(६) जलवायु परिवर्तन बजेटः बजेट प्रस्ताव गर्दाको अवस्थामा सो बजेट जलवायु परिवर्तनको प्रतिकूल प्रभाव न्यूनीकरण गर्दै जलवायु अनुकूलित न्यून कार्वन उन्मुख सामाजिक आर्थिक विकास पथलाई अवलम्बन गरी जीवनस्तरमा सुधार ल्याउने कार्यसँग अत्यन्त सान्दर्भिक, सान्दर्भिक वा तटस्थमध्ये कुन हो? बजेट उप-शीर्षकगत खर्चको संकेतमा नै छुट्याउन लगाई सोही बमोजिम LMBIS मा प्रविष्टि गर्नु पर्दछ।

## ३१. बजेट तर्जुमासँग सम्बन्धित अन्य विषयहरूः

### (१) बजेट तर्जुमाका क्रममा ध्यान दिनुपर्ने विषयहरूः

बजेट तर्जुमा, बजेट विनियोजन र बजेट निकासाका सम्बन्धमा पारदर्शिता ल्याई बजेट कार्यान्वयनमा प्रभावकारिता ल्याउन सामान्यतया देहायका पक्षमा ध्यान दिनु पर्दछः

(क) बजेट वक्तव्यमा सरकारको वित्त नीति, समष्टिगत आर्थिक स्थिति, बजेट तर्जुमाका आधारहरू र सम्भावित वित्तीय जोखिम समेत स्पष्ट रूपमा उल्लेख गरिनु पर्दछ।

(ख) बजेट सम्बन्धी सूचना, सरकारका नीति विश्लेषण गर्न र उत्तरदायित्व प्रवर्द्धन गर्नमा सघाउ पुग्ने गरी प्रस्तुत गर्नु पर्दछ।

### (२) सेवाको स्तर र उपलब्धि सार्वजनिक गर्नेः

राष्ट्रिय योजना आयोगबाट मध्यमकालीन खर्च संरचना अनुसार तय भएको मार्ग निर्देशनसहितको बजेट सीमा अनुरूप सम्बन्धित निकायहरूले आगामी आर्थिक वर्षमा गर्ने सेवा र कार्यहरूबाट प्राप्त हुने उपलब्धि समग्र रूपमा सम्बन्धित निकायबाट प्राप्त गरी सार्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) **लैङ्गिक उत्तरदायी र समावेशी हुनुपर्नेः**

सार्वजनिक साधन र स्रोतको अनुमान, वितरण र उपयोग गर्दा महिलाको निर्णयमा अर्थपूर्ण सहभागिता बढाउन, समानुपातिक फाइदाको वितरण गर्न, रोजगारी वृद्धि गर्न, समयको प्रयोगमा गुणात्मक सुधार गर्न सक्ने गरी लैङ्गिक दृष्टिकोण अपनाई बजेट तर्जुमा गर्नु पर्नेछ। साथै, बजेट तर्जुमा गर्दा पछाडि परेको वर्ग, क्षेत्र, लिङ्ग, समुदायलाई लाभ पुग्ने गरी गर्नु पर्नेछ।

(४) **जलवायु परिवर्तन र अनुकूलन हुनुपर्नेः**

जलवायु परिवर्तनको प्रतिकूल प्रभाव न्यूनीकरण गर्ने, जलवायु अनुकुलित हुने, न्यून कार्बन उत्सर्जन उन्मुख सामाजिक आर्थिक विकास पथलाई अवलम्बन गर्ने, जलवायु परिवर्तन सम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय संयन्त्रमा भएको प्रतिवद्धता पुरा गर्न सहयोग पुग्ने एवम् नागरिकको जीवनस्तरमा सुधार ल्याउने गरी बजेट तर्जुमा गर्नु पर्नेछ।

(५) **दिगो विकास लक्ष्य हासिल गर्नेः**

चरम गरिबी लगायत गरिबीका सबै स्वरूप र आयामको उन्मुलन गरी दिगो विकासका लक्ष्य हासिल गर्दै मुलुकको आर्थिक, सामाजिक र वातावरणीय आयामलाई सन्तुलित हुने गरी बजेट तर्जुमा गर्नु पर्नेछ।

(६) **बजेट तर्जुमा दिग्दर्शनः** बजेट तर्जुमासँग सम्बन्धित कार्यप्रणालीलाई विस्तृतमा उल्लेख गरी छुट्टै दिग्दर्शनमा प्रस्तुत गरिएको छ।

## परिच्छेद - ५
## बजेट कार्यान्वयन

३२. **खर्च गर्ने अख्तियारी सम्बन्धी कार्यविधिः**

(१) **अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्थाः**

(क) विनियोजन ऐन वा पेश्की खर्च ऐन प्रारम्भ भएपछि सो ऐन बमोजिम मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा प्रविष्ट भएको विनियोजित रकम खर्च गर्ने अधिकार प्राप्त अधिकारीलाई स्वतः अख्तियारी प्रदान भएको मानिनेछ।

(ख) विनियोजन ऐन वा पेश्की खर्च ऐन प्रारम्भ हुँदाका बखत मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा प्रविष्ट भएको कार्यक्रम सो आर्थिक वर्षमा कार्यान्वयन गर्नको लागि स्वतः स्वीकृत भएको मानिनेछ।

(ग) मन्त्रालयले विनियोजन ऐन वा पेश्की खर्च ऐन प्रारम्भ भएको तीन दिन भित्र बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन पठाउनु पर्नेछ। यसैगरी प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिने अनुदान रकम अनुदान संकेत अनुसार सम्बन्धित मन्त्रालयहरूको समन्वयमा बजेट कार्यान्वयन मार्गदर्शन पठाउनु पर्दछ।

(घ) केन्द्रीय निकायको सचिवले अख्तियारी पठाउँदा बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन समेत संलग्न गरी पठाउनु पर्नेछ।

(ङ) केन्द्रीय निकायको सचिवले अर्को केन्द्रीय निकायको सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्दा स्वीकृत बार्षिक कार्यक्रम सहित अख्तियारी पठाउनु पर्नेछ।

(च) बजेट तथा कार्यक्रम र अख्तियारी प्राप्त भएपछि सम्बन्धित कार्यालयले कार्यक्रम संचालन तथा बजेट खर्च गर्ने कार्यतालिका, मासिक खर्च अनुमान विवरण, बार्षिक खरिद योजना तथा प्रतिवद्धता सहितको विवरण तयार गरी तालुक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ।

(छ) विवरण प्राप्त भएपछि कोष तथा लेखा नियन्त्रक कार्यालयले मासिक खर्च अनुमान विवरणको सीमाभित्र रही सम्बन्धित कार्यालयको भुक्तानी आदेशको आधारमा भुक्तानी निकासा दिनेछ।

(ज) मन्त्रालय, तालुक मन्त्रालय वा विभागबाट बजेट रकम निकासा रोक्का भएकोमा फुकुवा नभएसम्म त्यस्तो रकम निकासा/खर्च गर्नु/गराउनु हुँदैन।

(झ) भुक्तानी निकासा दिँदा वैदेशिक सहायता समावेश भएको योजना/कार्यक्रम सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयबाट तोकेको कार्यविधि अनुसार निकासा दिनु पर्नेछ।

(ञ) केन्द्रीय निकायले विनियोजन ऐन बमोजिम प्रदान गरेको अख्तियारीको जानकारी अर्थ मन्त्रालय, महालेखापरीक्षकको कार्यालय, महालेखा नियन्त्रक कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

(ट) कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले विनियोजन ऐन बमोजिम विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायहरूलाई बाँडफाँट गरी त्यसको जानकारी अर्थ मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ। सो समयावधि भित्र बाँडफाँट नभएमा अर्थ मन्त्रालयले त्यस्तो रकम रोक्का राख्न सक्नेछ।

(ठ) बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ।

**(२) बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन**

विनियोजन ऐन वा पेश्की खर्च ऐन प्रारम्भ भएपछि सो बजेट कार्यान्वयनको लागि सम्बद्ध मन्त्रालय/आयोग/कार्यालयमा मार्गदर्शन पठाउनु पर्दछ। यस्तो मार्गदर्शन सम्बन्धित आर्थिक वर्षको विनियोजन ऐन तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २८ बमोजिम जारी गरिने हुँदा सोको पालना सम्बन्धित मन्त्रालय/आयोग/कार्यालयहरूले अनिवार्य रूपमा गर्नुपर्ने हुन्छ। सामान्यतः त्यसरी जारी गरिने मार्गदर्शनहरूमा देहायका कुराहरू समावेश गर्नु पर्दछः

**(क) अख्तियारी, कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँटः**

(१) बजेट उपशीर्षक, खर्च संकेत र रकम खुलेको बजेट विवरण।

(२) मन्त्रालयगत बजेट सूचना प्रणाली (Line Ministry Budget Information System-LMBIS) मा समावेश भएको कार्यक्रमलाई नै स्वीकृत कार्यक्रम र खर्च गर्ने अख्तियारी मानिने विषय।

(३) कुनै निकायमा एकभन्दा बढी इकाईबाट खर्च गर्ने गरी एकमुष्ट रकम विनियोजन भएको रकम विनियोजन ऐनले तोकेको अवधीभित्र रकम बाँडफाँट गर्ने विषय।

(४) अनुदान संकेत नं. ६०२ बाहेकको खर्च संकेत नं. २८९११ (भैपरी आउने- चालु खर्च) र ३१५११ (भैपरी आउने-पुँजीगत खर्च) मा विनियोजित बजेट अर्थ मन्त्रालयबाट बाँडफाँट स्वीकृत गराएर मात्र खर्च गर्ने विषय।

(५) वार्षिक स्वीकृत कार्यक्रमका लागि विनियोजित बजेट फागुन मसान्तसम्म खर्च नभएमा वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा त्यस्तो रकम सम्बन्धित आर्थिक वर्षको चैत १५ गतेभित्र अनिवार्य रूपमा समर्पण गर्नुपर्ने विषय।

**(ख) कार्यक्रम/योजना हस्तान्तरण र कार्यान्वयनः**

(१) विनियोजन ऐन बमोजिम नेपाल सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै कार्यक्रम/आयोजना प्रदेश र स्थानीय तहमार्फत कार्यान्वयन गर्नुपर्ने विषय।

(२) प्रदेश र स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको पुँजीगत तर्फको कुनै कार्यक्रम/आयोजना प्रदेश र स्थानीय तहले नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्नुपर्ने विषय।

(३) प्रदेश र स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्ने गरी निर्णय प्राप्त भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले खर्च गर्ने अख्तियारी मानी नेपाल सरकारको एकल खाता कोष प्रणालीमा सम्बन्धित प्रदेश र स्थानीय तहको कार्यालयलाई सङ्घीय निकायको रुपमा मन्त्रालयगत बजेट सूचना प्रणालीमा कार्यालय कोड दिई सोही कोडबाट प्रचलित सङ्घीय कानून बमोजिम रकम निकासा दिने विषय।

(४) नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा प्रदेशको आयोजना/कार्यक्रमको हकमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी सम्बन्धित प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा नेपाल सरकारको सम्बन्धित कार्यालयलाई प्रदेश निकायको रुपमा कार्यालय कोड दिई रकम निकासा दिने विषय।

(५) स्थानीय तहको पुँजीगत तर्फको कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले सङ्घीय निकायको नाममा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको कार्य सञ्चालन कोष खातामा जम्मा हुने गरी रकम निकासा लिने विषय। तर संघीय सशर्त आयोजनाको आयोजनाको हकमा अख्तियारीबाटै कार्यान्वयन गर्न सकिनेछ।

(६) वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान र बिशेष अनुदान हस्तान्तरण गर्ने तथा महालेखा नियन्त्रक कार्यालयले प्रदेश वा स्थानीय तहमा हस्तान्तरण भएको सशर्त अनुदानको रकम समायोजन गरी बाँकी रकम सोधभर्ना निकासा दिनु पर्ने विषय।

(७) सशर्त, समपूरक र विशेष अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित प्रदेश र स्थानीय तहले सम्बन्धित कोष तथा लेखा

नियन्त्रक कार्यालयमार्फत आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र सङ्घीय सञ्चित कोषमा फिर्ता दाखिल गर्नु पर्ने विषय।

(८) वैदेशिक सहायता समावेश भएका सशर्त अनुदानका कार्यक्रमको हकमा अन्य विषयका अतिरिक्त वित्तीय सम्झौता र आयोजना कार्यान्वयन निर्देशिकामा भएका व्यवस्था ती आयोजना कार्यान्वयनको शर्तको रूपमा रहनेछन्। उक्त सम्झौता तथा निर्देशिका बमोजिमको व्यवस्था कार्यान्वयन नहुँदा दातृ निकायबाट खर्चको सोधभर्ना प्राप्त नहुने भएकोले उक्त व्यवस्था अनिवार्य पालन गरी/गराई सोधभर्ना लिने विषय।

(९) वार्षिक स्वीकृत कार्यक्रममा समावेश भएको कार्यक्रम कार्यान्वयन गर्न कार्यविधि, निर्देशिका, मापदण्ड संशोधन गर्नुपर्ने वा नयाँ तर्जुमा गर्नुपर्ने भएमा अर्थ मन्त्रालयको सहमति लिई साउन मसान्तभित्र अनिवार्य रूपमा तयार गरी लागू गर्नुपर्ने विषय।

(१०) अर्थ मन्त्रालयको पूर्व स्वीकृति विना कुनै प्रकारको नयाँ दरवन्दी सिर्जना हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण नगर्ने, नयाँ दरवन्दी थप नगर्ने, नयाँ संगठन स्थापना नगर्ने र दरवन्दी भन्दा बढि कर्मचारी कुनैपनि निकायमा नखटाउने र खटाउनै पर्ने भए अस्थायी दरवन्दी स्वीकृति गरी मात्र पठाउने तथा विनियोजन ऐन बमोजिमका स्वीकृत बार्षिक आयोजना/कार्यक्रम सम्पन्न गर्ने अवधिभरका लागि जनशक्ति योजनासहित आवश्यक अस्थायी दरबन्दी सम्बन्धित आर्थिक वर्षको साउन मसान्तभित्र स्वीकृत गराई सक्नु पर्ने विषय र सेवा करारमा राख्न सकिने विषय।

(११) स्वीकृत वार्षिक कार्यक्रममा परेका आयोजनाको तयारीका चरणहरू पूरा गरी कार्यक्रम/आयोजनाको त्रैमासिक विभाजन सहितको वार्षिक खरिद योजना, विस्तृत डिजाइन र लागत अनुमान तयार गरी आर्थिक वर्षको तोकिएको अवधिभित्र स्वीकृत गरी बोलपत्र आव्हानसमेत गरिसक्नु पर्ने विषय।विनियोजित बजेट तथा स्वीकृत कार्यक्रममा नपरेका आयोजना/कार्यक्रम कार्यान्वयन प्रक्रिया अगाडि बढाउन नहुने विषय।

(१२) मन्त्रालयको सहमति विना थप आर्थिक दायित्व सिर्जना गर्न नहुने तथा सहमति विना सिर्जना भएको थप दायित्वको व्यवस्थापनमा (निकासा, रकमान्तर वा कार्यक्रम संशोधन) मन्त्रालय जिम्मेवार नहुने विषय।

(१३) स्रोत सहमतिलाई व्यवस्थित गरी बजेट अनुशासन कायम गर्न प्रत्येक आर्थिक बर्षका लागि स्वीकृत आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड बमोजिम स्रोत सहमति माग गर्ने, सिफारिश गर्ने र स्वीकृत गर्ने विषय। विकास आयोजना तथा कार्यक्रमका निर्धारित लक्ष्य हासिल गर्न आयोजना प्रमुख र विभागीय प्रमुखलाई जिम्मेवार बनाउने विषय।

(१४) कार्यक्रम/आयोजनाको भौतिक प्रगति र गुणस्तरसमेतका आधारमा मात्र भुक्तानी दिने विषय।

(१५) वैदेशिक ऋण वा अनुदान सम्झौता प्रभावकारी नभएसम्म उक्त आयोजनाको लागि विनियोजित वैदेशिक स्रोतको बजेट र नेपाल सरकारको समपूरक कोष (Matching Fund) समेत खर्च शीर्षकगत आधारमा रोक्का गर्ने विषय।

(१६) सोधभर्ना निर्देशिका बमोजिम थ्रेसहोल्ड रकम पुगिसकेकोमा तुरुन्तै र थ्रेसहोल्ड रकम नपुगेकोमा त्रैमासिक अवधि समाप्त भएको अर्को त्रैमासिक अवधिभित्र सम्बन्धित आयोजना व्यवस्थापन कार्यालयबाट सोधभर्ना माग गर्ने, निर्धारित समयभित्र सोधभर्ना प्रक्रिया शुरु नगरेमा अर्को त्रैमासिकको निकासा रोक्का गर्ने, Sector Wide Approach (SWAP) मा आधारित वैदेशिक स्रोत समावेश भएका Disbursement Linked Indicator (DLI) आयोजनाको समेत निर्धारित प्रक्रिया पुरा गरी नियमित रुपमा वैदेशिक स्रोतको रकम सोधभर्ना लिने विषय।

## (ग) बजेट खर्च, रकमान्तर, कार्यक्रम संशोधन तथा प्रतिवेदन

(१) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ र विनियोजन ऐन बमोजिम रकमान्तर/कार्यक्रम संशोधन/स्रोतान्तर गर्न सकिने विषय।

(२) खर्च, राजस्व, कार्य सञ्चालन कोष तथा अन्य कोष, सम्पत्ति तथा दायित्व र धरौटीको लेखा राख्दा महालेखा नियन्त्रक कार्यालयले तोकेको विद्युतीय सूचना प्रणालीमा राख्ने र प्रतिवेदन गर्ने विषय।

(३) अर्थ मन्त्रालयको सहमति विना अनिवार्य दायित्व अन्तर्गत पर्ने खर्च शीर्षक तलब, भत्ता, स्थानीय भत्ता, पोशाक, पानी तथा विजुली, सञ्चार महसुल, खाद्यान्न, घरभाडा लगायतका अनिवार्य दायित्वका खर्च शीर्षकबाट अन्यत्र रकमान्तर गर्न नपाइने विषय।

(४) स्रोत सहमति तथा अन्य कारणबाट सिर्जित दायित्वको यथार्थ विवरण तयार गरी मन्त्रालयमा पठाउनु पर्ने विषय।

(५) निर्माणस्थलको व्यवस्थापन, निर्माणस्थलबाट हटाउनु पर्ने रुख विरुवा लगायतका अन्य स्थायी संरचना हटाउने सुनिश्चितता, जग्गा प्राप्ति र प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत लगायतका आयोजना पूर्व तयारीका कार्यहरू पूरा गरेर मात्र खरिद प्रक्रिया शुरू गर्नुपर्ने विषय।

(६) पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत खर्च, मसलन्द तथा कार्यालय सामाग्री खर्च, भत्ता, तालीम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च लगायतका प्रशासनिक खर्चमा अधिकतम मितव्ययिता अपनाई खर्च गर्नु पर्ने विषय।

(७) सरकारी खर्चमा सभा, सम्मेलन, गोष्ठी, सेमिनार, अन्तर्क्रियाजस्ता कार्यक्रम सञ्चालन गर्दा सरकारी निकायकै सभाहल प्रयोग गर्ने व्यवस्था मिलाउने विषय।

(८) वैदेशिक भ्रमणका लागि मन्त्रालयको पूर्व सहमति लिने विषय।

(९) स्वीकृत बजेट र कार्यक्रममा समावेश भएको बाहेक आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा वा नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा अनिवार्य रूपमा मन्त्रालयको पूर्व सहमति लिने विषय।

(१०) राजस्व असुली र नगद प्रवाहको आधारमा निकासा दिने वा नदिने विषय।

**(घ) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था**

(१) बजेट अनुगमन प्रणालीमा सुधार गरी नतिजामा आधारित बनाउन, विकास आयोजनाहरूको अनलाइन अनुगमन गरी विनियोजित बजेट अनुरूप खर्च गर्ने व्यवस्था मिलाउन, बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धीसूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आइपरेका समस्या र कारणहरू उल्लेख गरी राष्ट्रिय योजना आयोग र मन्त्रालयमा पठाउनु पर्ने विषय।

(२) कारोबारको लेखा राख्ने, राख्न लगाउने एवम् लेखापरीक्षण गर्नु/गराउनु पर्ने विषय।

(३) विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको शीर्षकको रकम बाहेक भुक्तानी दिनुपर्ने अन्य रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्ने विषय।

(४) बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमको प्रगति र तोकिएका आयोजनाहरूको प्रगति विवरण नियमित रूपमा मन्त्रालयमा पठाउनु पर्ने विषय।

**(ङ) मार्गदर्शन सम्बन्धी व्यवस्थाः**

**(१) मार्गदर्शनमा समावेश हुनपर्ने विषयहरुः** सम्वद्ध मन्त्रालयका सचिवलाई दिइएको मार्गदर्शनको विषय समेत समेटी निकासा तथा खर्च व्यवस्थापन गर्न आवश्यक निर्देशन सहितको छुट्टै मार्गदर्शन महालेखा नियन्त्रक कार्यालय र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई दिनु पर्दछ। महालेखा नियन्त्रक कार्यालय र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई दिने मार्गदर्शनमा देहायका विषयहरू उल्लेख भएको हुनु पर्दछ :

(क) निकासा सम्बन्धमा थप निर्देशन केही भए खुलाउने,

(ख) (अनुदान संकेत ५०२,५०३ र ५०४ को रकम खर्च गर्ने अख्तियारी,र

(ग) बजेट उपशीर्षक ६०१०००११, ६०१०००१२, ६०१०००१३ र ६०१०००१६ को निर्धारित रकमको अख्तियारी।

**(२) मार्गदर्शन पठाउनु पर्ने निकायहरुः** देहायका निकायहरूलाई मार्गदर्शनको जानकारी दिनुपर्नेछः

| **सचिवलाई प्रदान गरिने बजेट कार्यान्वयन मार्गदर्शन** | **महालेखा नियन्त्रक कार्यालय/सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई प्रदान गरिने बजेट कार्यान्वयन मार्गदर्शन** | **प्रदेश/स्थानीय तहलाई प्रदान गरिने बजेट कार्यान्वयन मार्गदर्शन** |
|---|---|---|
| १. महालेखा परीक्षकको कार्यालय | १. महालेखा परीक्षकको कार्यालय | १. महालेखा परीक्षकको कार्यालय |
| २. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २. राष्ट्रिय योजना आयोग |
| ३. राष्ट्रिय योजना आयोग | ३. राष्ट्रिय योजना आयोग | ३. महालेखा नियन्त्रक कार्यालय |
| ४. महालेखा नियन्त्रक कार्यालय | ४. अर्थ मन्त्रालय | ४. सम्बन्धित मन्त्रालय |

| | | |
|---|---|---|
| ५. अर्थ मन्त्रालय | | ५. सम्बन्धित को.ले.नि.का. |
| | | ६. प्रदेश को.ले.नि.का. |

**(३) मार्गदर्शनसाथ संलग्न गरी पठाउने बजेट सम्बन्धी प्रकाशनहरू**

(१) व्यय अनुमानको विवरण (खर्च संकेतगत र स्रोतगत समेत)।

(२) बजेट वक्तव्य।

**(४) बजेट सम्बन्धी प्रकाशनहरू देहाय बमोजिम उपलब्ध गराउनु पर्दछः** (अन्य महाशाखाबाट प्रकाशन हुने पुस्तिकाहरूको विवरण यसमा समावेश छैन)।

(१) सङ्घीय संसद सचिवालय

१. बजेट वक्तव्य ४०० प्रति

२. व्यय अनुमानको विवरण (खर्च संकेतगत र स्रोतगत समेत) ४०० प्रति

(२) संवैधानिक निकाय/मन्त्रालयहरू

१. बजेट वक्तव्य ५ प्रति

२. व्यय अनुमानको विवरण (खर्च संकेतगत र स्रोतगतसमेत) ५ प्रति

(३) महालेखा परीक्षकको कार्यालय

१. बजेट वक्तव्य २० प्रति

२. व्यय अनुमानको विवरण (खर्च संकेतगत र स्रोतगतसमेत) २० प्रति

(४) महालेखा नियन्त्रकको कार्यालय र अन्तर्गतका लागि

१. बजेट वक्तव्य २०० प्रति

२. व्यय अनुमानको विवरण (खर्च संकेतगत र स्रोतगतसमेत) २०० प्रति

(५) विभाग/केन्द्रीय स्तरका कार्यालय

१. बजेट वक्तव्य ३ प्रति

२. व्यय अनुमानको विवरण (खर्च संकेतगत र स्रोतगतसमेत) ३ प्रति

(६) विकास साझेदार (प्रत्येकलाई)

१. बजेट वक्तव्य (अंग्रेजी) २ प्रति

२. व्यय अनुमानको विवरण (खर्च संकेतगत र स्रोतगतसमेत) अंग्रेजी २ प्रति

(७) राष्ट्रिय योजना आयोग

१. बजेट वक्तव्य ३० प्रति

२. व्यय अनुमानको विवरण (खर्च संकेतगत र स्रोतगतसमेत) ३० प्रति

(८) सबै विश्वविद्यालयका पुस्तकालय र राष्ट्रियस्तरका पुस्तकालय (प्रत्येकलाई)

१. बजेट वक्तव्य २ प्रति

२. व्यय अनुमानको विवरण (खर्च संकेतगत र स्रोतगतसमेत) २ प्रति

(च) **अन्य व्यवस्थाः** बजेटको कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने थप विषयहरू निम्नानुसार छः

(१) सम्बन्धित मन्त्रालयले बजेट वक्तव्यमा परेको आफ्नो मन्त्रालयसँग सम्बन्धित नीति तथा कार्यक्रमको प्रगति समीक्षा प्रत्येक महिना र अर्थ मन्त्रालयमा प्रत्येक दुई महिनामा गर्ने व्यवस्था गरिनेछ।

(२) अर्थ मन्त्रालयले प्रदेश र स्थानीय तहमा गरिने वित्तीय हस्तान्तरणको कार्यान्वयनको सम्बन्धमा मार्गदर्शन पठाउनु पर्नेछ।

(३) मातहत कार्यालय र सरकारी अनुदान जाने निकायहरूले आम्दानी खर्चको विवरण मासिक रूपमा प्रकाशित गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(४) राष्ट्रिय गौरव, रुपान्तरणकारी र उच्च प्राथमिकता प्राप्त आयोजनाको वित्तीय एवम् भौतिक प्रगति विवरण चौमासिक रूपमा सार्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(५) सरकारी तहबाट गरिने निर्माण कार्यस्थलमा सो कामसँग सम्बन्धित विवरणहरू जस्तै आयोजनाको नाम, लागत, कार्य शुरु भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक अंक, ठेक्का लिनेको नाम तथा ठेगाना, काम सम्पन्न भएपछि हुने अपेक्षित उपलब्धि वा परिमाण देखिने गरी काम सम्पन्न नभएसम्म सर्वसाधारणले देख्ने गरी विवरण सार्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ। यस्तो कार्य रू.१० लाख भन्दा बढीको निर्माणसँग सम्बन्धित ठेक्कामा अनिवार्य रूपले गर्ने गरी बोलपत्रको कागजातमा शर्तको रूपमा संलग्न हुने व्यवस्था मिलाउनु पर्नेछ।

(६) मन्त्रालयहरूले द्वैमासिक र चौमासिक समीक्षाको विवरण सार्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(७) उच्च प्राथमिकता प्राप्त र राष्ट्रिय महत्त्वका विषयका कार्यक्रममा विनियोजित रकम त्यस्ता कार्यक्रम बाहेकका अन्य कार्यक्रममा रकमान्तर गर्न पाइने छैन।

## ३३. रकमान्तर तथा स्रोतान्तरः

रकमान्तर भन्नाले "मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा समावेश भएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशिर्षक वा खर्च शीर्षकमा रकम अपुग भएमा कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केत अन्तर्गतको बजेट उपशीर्षक वा खर्च शीर्षकमा बचत हुने रकममध्येबाट प्रचलित कानूनको सीमाभित्र रही बजेट स्थानान्तरण गर्ने कार्यलाई सम्झनुपर्छ"।

स्रोतान्तर भन्नाले "मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा समावेश भएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशीर्षक, कार्यालय कोड तथा खर्च शीर्षक अन्तर्गतका क्रियाकलापमा विनियोजित बजेटको स्रोत वा भुक्तानी विधि परिवर्तन गर्ने कार्यलाई सम्झनुपर्छ"।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७, सालबसाली विनियोजन ऐन र प्रचलित अभ्यास बमोजिम बजेट व्यवस्थापन तथा बजेट नियन्त्रण र अनुशासनको मुख्य कार्यभार अर्थ मन्त्रालयमा रहेको छ। बजेट व्यवस्थापन र कार्यान्वयनमा सहजीकरणका लागि रकमान्तर व्यवस्थापन महत्वपूर्ण औजारको रूपमा रहने गर्दछ। बजेटको स्वीकृति विधायिकाको अधिकार क्षेत्र अन्तर्गत रहेको हुन्छ भने बजेटको कार्यान्वयनमा अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालयले महत्वपूर्ण भूमिका निर्वाह गर्दा बजेटको मूल नीति, समग्र आर्थिक र वित्तीय नीति अनुकूल हुने

गरी पुँजीगत खर्चको प्रभावकारी वृद्धि गर्ने, साधारण खर्च मितव्ययी बनाउने, अत्यावश्यक कार्यक्रममा स्रोत उपलब्ध गराउने र अनावश्यक खर्च नियन्त्रण गर्ने उद्देश्यले रकमान्तर गर्नु पर्दछ।

सरकारी कार्यालयहरूका बिभिन्न बजेट उपशीर्षकमा बजेट (रकम) छुट्याईएको हुन्छ। कहिलेकाहिँ कुनै शीर्षकमा छुट्याएको बजेट अपुग हुन जान्छ भने कुनै शीर्षकमा बजेट बचत हुन सक्दछ। रकम अपुग भएको बजेट उपशीर्षकमा बचत भएको शीर्षकबाट सम्बन्धित निकायको स्वीकृति लिएर रकम सार्न अर्थात् रकमान्तर गर्न सकिन्छ जसलाई बजेट रकमान्तर (Budget virements) भनिन्छ। बजेट रकमान्तर एउटै कार्यालयभित्र पनि गर्न सकिन्छ र एउटा कार्यालयबाट अर्को कार्यालयमा पनि गर्न सकिन्छ। तर यसका लागि सम्बन्धित केन्द्रियस्तरका निकायबाट स्वीकृति भने लिनुपर्दछ।

बजेट विनियोजनलाई सहज रूपमा कार्यान्वयन गर्न र सोमा परेका कठिनाईलाई समायोजन गर्न, सरकारका सेवा प्रवाहमा प्राथमिकतामा परिवर्तन गर्न र आकस्मिक रूपमा गर्नुपर्ने कार्यहरूलाई समेत सम्बोधन गर्न रकमान्तरमार्फत स्रोत व्यवस्थापन गर्नुपर्ने अवस्था हुन्छ। तर रकमान्तर गर्दा कानुनी व्यवस्था, स्वीकृत मापदण्ड, बजेट अनुशासनभित्र रही कुशलतापूर्वक गर्नु पर्दछ। उपर्युक्त अनुसार रकमान्तर गर्दा बजेटको विश्वसनीसयता र सान्दर्भिकता समेतलाई ध्यान दिनु पर्दछ। रकमान्तरसँग सम्बन्धित कानूनी व्यवस्था तपसिल बमोजिम रहेको छः

**(१) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा-२० मा भएको व्यवस्थाः-**

<u>**रकमान्तर तथा स्रोतान्तर**</u>ः (१) विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकम मध्येबाट विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही अर्थ मन्त्रालयले रकमान्तर गर्न सक्नेछ।

(२) आफ्नो मन्त्रालय वा निकायको अनुदान सङ्केत अन्तर्गतको कुनै बजेट उपशीर्षकमा चालू खर्चतर्फ रकम नपुग भएमा सो अनुदान सङ्केत अन्तर्गत रकम बचत भएको अन्य चालू बजेट उपशीर्षकहरूबाट विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही खर्च व्यहोर्ने स्रोत परिवर्तन नहुने गरी चालू बजेटबाट चालू तर्फका खर्च शीर्षकहरूमा सम्बन्धित सचिवले तोकिए बमोजिम रकमान्तर गर्न सक्नेछ। तर त्यसरी रकमान्तर गर्दा तलब, पारिश्रमिक, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा बिजुली, सञ्चार महसुल र घरभाडा जस्ता अनिवार्य दायित्व तथा पूँजीगत खर्चको लागि विनियोजित रकम चालू खर्चमा रकमान्तर गर्न पाइने छैन

(३) पूँजीगत र वित्तीय व्यवस्था तथा ऋण भुक्तानीको रकमान्तर मन्त्रालयले गर्नेछ।

(४) विनियोजन ऐन अन्तर्गत कुनै एक प्रकारको खर्च व्यहोर्ने स्रोतमा रहेको रकम अर्को स्रोतमा स्रोतान्तर गर्ने र भुक्तानी विधि परिवर्तन गर्ने अधिकार अर्थ मन्त्रालयलाई हुनेछ।

(५) बजेटको रकमान्तर तथा स्रोतान्तरसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**(२) विनियोजन ऐन २०८१ को दफा — ५ मा भएको व्यवस्थाः**

<u>**रकमान्तर तथा स्रोतान्तरः**</u> (१) दफा ३ को उपदफा (१) बमोजिम अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका निमित्त विनियोजन गरेको रकममध्ये कुनै अनुदान सङ्केतमा

बचत हुने र कुनै अनुदान सङ्केतमा नपुग हुने देखिएमा नेपाल सरकार, अर्थ मन्त्रालयले बचत हुने अनुदान सङ्केतबाट नपुग हुने अनुदान सङ्केतमा रकमान्तर गर्न सक्नेछ।

तर प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि सम्बन्धित लेखा उत्तरदायी अधिकृतले शुरू विनियोजन नभएको खर्च शीर्षकमा तथा आर्थिक वर्षको प्रथम त्रैमासिक र असार महिनामा रकमान्तर गर्न पाइने छैन।

(२) उपदफा (१) बमोजिम रकमान्तर गर्दा विनियोजित जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केतबाट अर्को एक वा एकभन्दा बढी अनुदान सङ्केतमा रकमान्तर गर्न, निकासा र खर्च लेख्न, चालू तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ।

तर,

(क) एउटै अनुदान सङ्केत भित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ।

(ख) पुँजीगत खर्च शीर्षकमा विनियोजित रकम वित्तीय व्यवस्था अन्तर्गत वित्तीय लगानी र आन्तरिक तथा बाह्य ऋणको साँवा र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ रकमान्तर गर्न सकिने छैन।

(ग) वित्तीय व्यवस्थातर्फ विनियोजित रकम आन्तरिक तथा बाह्य ऋणको साँवा र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ रकमान्तर गर्न र वित्तीय व्यवस्था अन्तर्गत आन्तरिक तथा बाह्य ऋणको साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन।

(३) प्रदेश तथा स्थानीय तहका लागि अनुदान सङ्केत ७०१ र ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान सङ्केतमा रकमान्तर हुने छैन।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान सङ्केत ६०१ र ६०२ मा विनियोजन भएको रकम जुनसुकै अनुदान सङ्केतमा रकमान्तर गर्न तथा निकासा र खर्च लेख्न बाधा पर्ने छैन।

(५) मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै आयोजना तथा कार्यक्रम संशोधन गर्नु पर्ने भएमा सम्बन्धित निकायले नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिई संशोधन गर्न सक्नेछ।

तर, स्वीकृत आयोजना तथा कार्यक्रम अन्तर्गतको एउटै खर्च शीर्षकभित्रको क्रियाकलाप संशोधन गर्नुपर्ने वा क्रियाकलाप परिवर्तन गर्नुपर्ने भएमा बार्षिक बजेट तथा कार्यक्रमको उद्देश्य अनुकुल हुने गरी तथा स्रोतमा परिवर्तन नहुनेगरी आवश्यकता र औचित्यका आधारमा पुष महिना भित्र सम्बन्धित लेखा उत्तरदायी अधिकृतले गर्न सक्नेछ।

(६) सम्बन्धित लेखा उत्तरदायी अधिकृतले आयोजना तथा कार्यक्रम संशोधन तथा रकमान्तर गर्नु पर्ने भएमा स्रोत परिवर्तन नहुने गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० को उपदफा (२) को अधीनमा रही थप हुने खर्च शीर्षकको शुरू विनियोजनको पच्चीस प्रतिशतसम्म रकमान्तर गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले कार्यक्रम संशोधन तथा रकमान्तर गर्नु पर्ने भएमा देहायको खर्च संकेतहरूमा (इन्टर इकोनमिक कोड) कार्यक्रम संशोधन तथा रकमान्तर गर्नुपर्नेछः-

| क्रम सङ्ख्या | खर्च सङ्केत | खर्च शीर्षक |
|---|---|---|
| १ | २२२११ | इन्धन (पदाधिकारी) |
| २ | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) |
| ३ | २२२१३ | सवारी साधन मर्मत खर्च |
| ४ | २२२१४ | बीमा तथा नवीकरण खर्च |
| ५ | २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च |
| ६ | २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च |
| ७ | २२२९१ | अन्य सम्पत्तिको सञ्चालन तथा सम्भार खर्च |
| ८ | २२३११ | मसलन्द तथा कार्यालय सामग्री |
| ९ | २२३१२ | पशुपन्छीहरूको आहार |
| १० | २२३१३ | पुस्तक तथा सामग्री खर्च |
| ११ | २२३१४ | इन्धन-अन्य प्रयोजन |
| १२ | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च |
| १३ | २२३१९ | अन्य कार्यालय सञ्चालन खर्च |
| १४ | २२५११ | कर्मचारी तालिम खर्च |
| १५ | २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च |
| १६ | २२५२१ | उत्पादन सामग्री/सेवा खर्च |
| १७ | २२६११ | अनुगमन, मूल्याङ्कन खर्च |
| १८ | २२६१२ | भ्रमण खर्च |
| १९ | २२६१९ | अन्य भ्रमण खर्च |
| २० | २२७११ | विविध खर्च |

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि एकै अनुदान सङ्केतभित्रका एकभन्दा बढी बजेट उपशीर्षकमा बाँडफाँट भएको देहायका एकै खर्च शीर्षकको रकम एक बजेट उपशीर्षकबाट घटाई अर्को बजेट उपशीर्षकमा थप गर्नु पर्ने भएमा र एउटै बजेट उपशीर्षक अन्तर्गत एकै खर्च शीर्षकको रकम एक निकायबाट घटाई अर्को निकायमा थप गर्नु पर्ने भएमा मन्त्रालयगत बजेट सूचना प्रणालीमा रोक्का राखी (सोही आधारमा क्रियाकलाप परिवर्तन नगरी) खर्च शीर्षकमा स्वीकृत दरबन्दीभित्र रही सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले रकमान्तर तथा कार्यक्रम संशोधन गर्न सक्नेछः-

| क्रम सङ्ख्या | खर्च सङ्केत | खर्च शीर्षक |
|---|---|---|
| १ | २११११ | पारिश्रमिक कर्मचारी |
| २ | २१११२ | पारिश्रमिक पदाधिकारी |
| ३ | २११२१ | पोशाक |
| ४ | २११२२ | खाद्यान्न |

| क्रम सङ्ख्या | खर्च सङ्केत | खर्च शीर्षक |
|---|---|---|
| ५ | २११२३ | औषधि उपचार खर्च |
| ६ | २११३१ | स्थानीय भत्ता |
| ७ | २११३२ | महङ्गी भत्ता |
| ८ | २११४२ | पदाधिकारी अन्य सुविधा |
| ९ | २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च |
| १० | २१२१३ | योगदानमा आधारित बिमा कोष खर्च |
| ११ | २१२२२ | पदाधिकारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च |

**(३) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम -३२ मा भएको व्यवस्थाः**

**रकमान्तर तथा स्रोतान्तर सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा २० को उपदफा (२) बमोजिम सम्बन्धित सचिवले रकमान्तर गर्दा वार्षिक कार्यक्रममा बाधा नपर्ने गरी रकमान्तर गरी मन्त्रालयगत बजेट सूचना प्रणालीमा अद्यावधिक गर्नु पर्नेछ।

तर बजेट विनियोजन नभएको खर्च शीर्षकमा रकमान्तर गर्न पाइने छैन।

(२) उपनियम (१) बमोजिम रकमान्तर गरेको जानकारी महालेखा परीक्षकको कार्यालय, अर्थ मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा दिनु पर्नेछ।

(३) ऐनको दफा २० को उपदफा (२) बमोजिम रकमान्तर गर्न पाउने सीमाभन्दा बढी रकम रकमान्तर गर्नु पर्ने भएमा कार्यालयले रकमान्तर गर्नु पर्ने कारणसहित सम्बन्धित सचिवबाट निर्णय गराई स्वीकृतिको लागि अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम रकमान्तर वा स्रोतान्तरको लागि अनुरोध भई आएमा अर्थ मन्त्रालयले आवश्यकता अनुसार त्यस्तो रकम रकमान्तर गर्न सक्नेछ। त्यसरी रकमान्तर गरेको रकम तत्काल मन्त्रालयगत बजेट सूचना प्रणालीमा अद्यावधिक गरी सोको जानकारी सम्बन्धित कार्यालय र महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

(५) अर्थ मन्त्रालयले बजेट कार्यान्वयन गर्न स्रोतको व्यवस्थापनको लागि कुनै शीर्षक वा उपशीर्षकमा विनियोजित रकम एक स्रोतबाट अर्को स्रोतमा स्रोतान्तर गर्न सक्नेछ। यसरी स्रोतान्तर गरेको जानकारी सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकाय र महालेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

(६) आर्थिक वर्ष समाप्त भइसकेपछि सम्झौता बमोजिम वैदेशिक स्रोतको रकम प्राप्त नभएको कारणबाट नेपाल सरकारको स्रोतबाट कुनै रकम खर्च भएकोमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो वैदेशिक स्रोतको रकम प्राप्त हुन नसक्नाको कारण सहित हिसाब मिलानको लागि अर्थ मन्त्रालयमा लेखी पठाउनु पर्नेछ। त्यसरी लेखी आएमा अर्थ मन्त्रालयले त्यस्तो रकमको स्रोतान्तर गरी हिसाब मिलान तथा बेरूजु फरफारक गर्ने प्रयोजनको लागि महालेखा नियन्त्रकको कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(७) उपनियम (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ हुनुभन्दा पाँच वर्ष अगाडिको वैदेशिक स्रोततर्फको स्रोतान्तर सम्बन्धी बेरुजु हिसाब मिलान र फरफारक गर्ने प्रयोजनको लागि महालेखा नियन्त्रक कार्यालयले स्रोतान्तर गर्न सक्नेछ।

(८) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अर्थ मन्त्रालयले ऐन, सङ्घीय विनियोजन ऐन तथा यस नियमावलीको अधीनमा रही कोष तथा लेखा नियन्त्रक कार्यालयलाई रकमान्तर गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गरेकोमा सोही बमोजिम हुनेछ।

## ३४. <u>कार्यक्रम संशोधनः</u>

कार्यक्रम संशोधन भन्नाले "कुनै एक अनुदान सङ्केत भित्रको स्वीकृत आयोजना तथा कार्यक्रम अन्तर्गतको एउटै खर्च शीर्षकभित्रको क्रियाकलाप प्रचलित कानूनको सीमाभित्र रही आयोजना तथा कार्यक्रमको उद्देश्य, लक्ष्य तथा स्वीकृत बजेट अनुकूल हुने गरी गरिने संशोधनलाई सम्झनुपर्छ"।

कार्यक्रम संशोधनसँग सम्बन्धित प्रचलित कानूनमा रहेको व्यवस्था निम्नानुसार छः

१. **त्रैमासिक संशोधन अधिकारः** एउटै बजेट उपशीर्षक भित्रको एउटै खर्च शीर्षकतर्फ चालु र पुँजीगत स्वीकृत क्रियाकलापको त्रैमासिक संशोधन गर्नुपर्ने भएमा सम्बन्धित लेखा उत्तरदायी अधिकृतले वार्षिक लक्ष्यमा फरक नपर्ने गरी पहिलो त्रैमासिक भित्र गर्नु पर्नेछ।

२ **आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम - ३३ मा भएको व्यवस्थाः**

**<u>कार्यक्रम संशोधन गर्न सकिनेः</u>** (१) स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने भएमा वा स्वीकृत कार्यक्रमभित्रको अन्य कुनै क्रियाकलापमा खर्च नगरी नहुने अवस्था भएमा सम्बन्धित कार्यालयले त्यस्तो कार्यक्रम सम्पन्न गर्न नसक्नुको आधार तथा नयाँ कार्यक्रम सञ्चालन गर्नु पर्ने कारण उल्लेख गरी कार्यक्रम संशोधन गर्नको लागि तालुक मन्त्रालय वा केन्द्रीय निकायमा लेखी पठाउनु पर्नेछ। त्यसरी लेखी पठाउँदा आवधिक योजना तथा कार्यक्रमको उद्देश्य, लक्ष्य र स्वीकृत बजेट अनुकूल हुने गरी पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम लेखी आएमा लेखा उत्तरदायी अधिकृतले सङ्घीय विनियोजन ऐनको परिधिभित्र रही आवश्यकता तथा औचित्य समेतको आधारमा कार्यक्रम संशोधन गरी मन्त्रालयगत बजेट सूचना प्रणालीमा अद्यावधिक गर्न लगाउनु पर्नेछ। त्यसरी कार्यक्रम संशोधन गरेको जानकारी योजना आयोग, अर्थ मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

## ३४क. रकमान्तर तथा कार्यक्रम संशोधन प्रक्रियाः

(१) सम्बन्धित सचिव वा लेखा उत्तरदायी अधिकृतले एकै अनुदान संकेत अन्तर्गत चालु खर्चतर्फ रकमान्तर तथा कार्यक्रम संशोधन गर्दा देहाय बमोजिम गर्नु पर्नेछः

(क) मातहत विभाग वा कार्यालयबाट कुनै बजेट उपशीर्षकको चालु खर्चतर्फ रकम अपुग भएको कारण, पुष्टयाईं र औचित्यसहित माग भई आएमा आफ्नो निकाय अन्तर्गत अन्य चालु खर्च तर्फका उपशीर्षकमा रकम बचत भए नभएको एकिन गर्नु पर्नेछ।

(ख) कुनै बजेट उपशीर्षकको खर्च शीर्षकमा रकम बचत हुने देखिएमा र माग भई आएको विवरण औचित्यपूर्ण देखिएमा बचत हुने बजेट उपशीर्षकमा घटाई अपुग हुने बजेट उपशीर्षकको खर्च शीर्षकमा बढाउने गरी रकमान्तर गर्ने निर्णय गर्न सकिनेछ।

(ग) रकमान्तर गर्ने निर्णय गर्दा खर्च व्यहोर्ने स्रोत परिवर्तन नहुने गरी गर्नु पर्नेछ।

(घ) रकमान्तर तथा कार्यक्रम संशोधन गर्नु अघि घटाउने बजेट उपशीर्षक र खर्च संकेत नम्बरमा मन्त्रालयगत बजेट सूचना प्रणालीमा रोक्का राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रकमान्तर तथा कार्यक्रम संशोधन गर्न मिल्ने देखिएमा अर्थ मन्त्रालयले रकमान्तर तथा कार्यक्रम संशोधन गरी मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

(३) अर्थ मन्त्रालयले रकमान्तर तथा कार्यक्रम संशोधन गर्दा अवलम्बन गर्नुपर्ने प्रकियाः

(क) दफा (३४क) को उपदफा (१) तथा यस निर्देशिकामा व्यवस्था भए बमोजिम मन्त्रालय तथा केन्द्रीय निकायबाट रकमान्तर तथा कार्यक्रम संशोधनका लागि अनुरोध भई आएमा अर्थ मन्त्रालयले विनियोजन ऐनले तोकेको सीमाभित्र रहे/नरहेको तथा यस निर्देशिका बमोजिम रकमान्तर गर्न मिल्ने अवस्था रहे/नरहेको यकिन गर्नुपर्नेछ।

(ख) रकमान्तर तथा कार्यक्रम संशोधन गर्दा अर्थ मन्त्रालयले सम्बन्धित निकायले आवश्यकता र औचित्यको पुष्ट्याई हुने गरी पेश गरेको कागजातका आधारमा बजेट तथा स्रोतको उपलब्धतता र  आर्थिक अनुशासन जस्ता विषयलाई विचार गरी निर्णय गर्नु पर्नेछ।

(ग) बजेट तर्जुमाका बखत भएका सामान्य त्रुटि सच्याउन माग भई आएको अवस्थामा बाहेक पहिलो त्रैमासिक अवधिमा रकमान्तर तथा कार्यक्रम संशोधन गर्न पाइने छैन।

तर, नेपाल सरकार मन्त्रिपरिषदको निर्णय कार्यान्वयन गर्न प्रचलित आर्थिक कार्यविधि कानून बमोजिम कार्यक्रम संशोधन गर्न वाधा पर्ने छैन ।

(घ) यस दफा बमोजिम रकमान्तर तथा कार्यक्रम संशोधन भएमा त्यस्तो कार्यक्रमको विवरण मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गरी सोको जानकारी महालेखा नियन्त्रक कार्यालय, महालेखा परीक्षकको कार्यालय, सम्बन्धित मन्त्रालय तथा केन्द्रीय निकाय र कार्यक्रम संशोधनको हकमा राष्ट्रिय योजना आयोगलाई समेत दिनु पर्नेछ।

(ङ) तलब भत्तामा विनियोजन भएको बजेटबाट पानी, बिजुली, टेलिफोन आदि जस्ता प्रतिबद्ध खर्चमा रकमान्तर प्रस्ताव भई आएमा तलब भत्तामा थप रकम माग नगर्ने शर्तका आधारमा रकमान्तर गर्न सकिनेछ।

(च) विकास सहायता समावेश भएको कार्यक्रमको रकमान्तर तथा कार्यक्रम संशोधन गर्दा अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाको समेत राय लिनु पर्नेछ।

(४) रकमान्तर तथा कार्यक्रम संशोधन प्रस्ताव गर्दा अनुसूची-१२ बमोजिमको ढाँचा प्रयोग गर्नु पर्नेछ।

**थप बजेट निकासाः** आयोजना वा कार्यक्रम सञ्चालन गर्न वा नियमित कार्य सञ्चालन गर्न प्रत्येक आर्थिक वर्षमा विनियोजन भएको रकम अपर्याप्त भएमा उक्त कार्य गर्ने प्रयोजनको लागि थप निकासा माग

सम्बन्धित मन्त्रालयबाट अनुरोध भई आएको अवस्थामा देहायका प्रक्रिया अपनाई थप निकासा सम्बन्धी कारवाही गर्नु पर्दछ :

(१) थप बजेट निकासाको लागि सम्बन्धित मन्त्रालयको सचिवस्तरीय निर्णय सहित देहाय बमोजिमको विवरण/कागजात संलग्न भई आएको हुनु पर्दछ।

**मन्त्रालय/निकायको नाम:**

| क्र.सं. | विवरण | भएको | नभएको |
|---|---|---|---|
| १. | सम्बन्धित मन्त्रालयबाट भएको निर्णयको प्रतिलिपि | | |
| २. | नेपाल सरकार, मन्त्रिपरिषद्बाट निर्णय भएको भए सोको प्रतिलिपि | | |
| ३. | निकासा/रकमान्तर माग भएको ब.उ.शी.नं. को विनियोजन र खर्चको फाँटवारी | | |
| ४. | निकासा/रकमान्तर माग गर्नुपर्ने कारण र आधार | | |
| ५. | अर्थ मन्त्रालयबाट सहमति लिइएको भए सोको प्रतिलिपि | | |
| ६. | वार्षिक कार्यक्रम स्वीकृत/ संशोधनको प्रतिलिपि | | |
| ७. | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२ बमोजिम तोकिएको प्रक्रिया | | |

(२) थप बजेट निकासा माग गरेको कार्यक्रमको सम्बन्धित बजेट उपशीर्षकको माग गरेको खर्चको फाँटवारी संलग्न रहेको हुनु पर्दछ। थप मागको कारण र पुष्ट्याँई स्पष्टसँग उल्लेख भएको हुनु पर्दछ। यसका साथै कुन बजेट उपशीर्षकको खर्च संकेत र कुन-कुन क्रियाकलापमा थप बजेट माग गरेको हो सो स्पष्ट कारण सहित खुलेको हुनु पर्दछ।

(३) थप बजेट निकासा माग गरेकोमा सम्बन्धित मन्त्रालय र अन्तर्गतका कार्यक्रमहरूबाट बजेट सीमाभित्रबाट व्यवस्थापन गर्न सक्ने सम्भावना भए नभएको स्पष्ट खुलेको हुनु पर्दछ।

(४) प्राथमिकता प्राप्त आयोजनाका/कार्यक्रम लागि सम्बन्धित निकायबाट प्रचलित कानून तथा स्वीकृत मापदण्ड बमोजिम थप बजेट माग भएको अवस्थामा अर्थ मन्त्रालयले आवश्यकता, औचित्य एवम् बजेट तथा स्रोतको उपलब्धतालाई विचार गरी स्रोतको उपलब्धताका आधारमा थप बजेट उपलब्ध गराउने छ।

(५) कुनै पनि व्यक्तिलाई उपचार, राहत तथा आर्थिक सहायता उपलब्धता गराउदा प्रचलित कानून तथा स्वीकृत मापदण्ड बमोजिम सम्बन्धित स्थानीय तह, प्रदेश र संघ संस्थाहरूबाट कुनै पनि सहायता नलिएको एकिन गरी सम्बन्धित प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको समितिबाट निर्णय सहित सिफारिश भई आएको अवस्थामा गृह मन्त्रालयको माननीय मन्त्रीस्तरीय निर्णय सहित अर्थ मन्त्रालयममा सहमति माग गर्नु पर्नेछ। सो पश्चात उक्त सुविधाको सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव लैजान पूर्व अर्थ मन्त्रालयको सहमति लिई नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरी सो प्रस्ताव स्वीकृत भएको अवस्थामा गृह मन्त्रालयबाट उक्त प्रयोजनार्थ रकम सम्बन्धित व्यक्तिलाई भुक्तानी गर्नका लागि अर्थ मन्त्रालयमा तोकिए बमोजिमको आवश्यक कागजातहरू संलग्न राखि निकासा माग गरेको अवस्थामा निकासा गर्नु पर्नेछ। उक्त प्रकृया पूरा नभई आएको अवस्थामा उपचार, राहत तथा आर्थिक सहायता वापतको रकम निकासा गरिने छैन।

(६) नेपाल सरकार, मन्त्रिपरिषद्बाट निर्णय भएको हकमा सम्बन्धित मन्त्रालयको मागसहित त्यस्तो निर्णयको प्रतिलिपि समेत संलग्न भएको हुनु पर्दछ। अर्थ मन्त्रालयको पूर्व सहमति नभएको विषयमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट निर्णय भई आएकोमा निर्णयानुसार निकासा दिनु पूर्व त्यस्तो निर्णयले विद्यमान कानूनी तथा नीतिगत व्यवस्थामा पार्न सक्ने असर भविष्यमा सिर्जना गर्न सक्ने नकारात्मक अवस्था र स्रोत व्यवस्थापनमा पर्न सक्ने चाप समेतको आधारमा त्यस्तै प्रकृतिका प्रस्तावहरूमा पुनरावलोकन गर्न अनुरोध गर्नुपर्ने देखिएमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अनुरोध गर्नु पर्दछ।

(७) समय समयमा हुने प्राकृतिक प्रकोप, भैपरि आउने कुनै पनि घटनाहरू लगायतका विषयहरूको व्यवस्थापनका लागि बजेट व्यवस्था नभएको अवस्थामा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय अनुसार सङ्घीय संचित कोषको अवस्थालाई मध्यनजर राखि उपलब्ध साधन र स्रोतको आंकलन गरी तोकिएको मापदण्ड बमोजिम प्रक्रिया पूरा भएको अवस्थामा सम्बन्धित सरोकारवाला मन्त्रालयको अनुरोधमा अर्थ मन्त्रालयले बजेट व्यवस्थापन गर्न सक्नेछ।

(८) बजेटमा समावेश नभएका कार्यक्रमका लागि बजेट उपलब्ध गराई दिन निवेदकहरूबाट सोझै अर्थ मन्त्रालयमा प्राप्त हुने निवेदनहरू सम्बन्धित मन्त्रालयमा कार्यार्थ पठाई दिनु पर्दछ।

**३५. <u>अर्थ मन्त्रालय - सेवा निवृत्त सुविधा तथा राष्ट्र सेवक कर्मचारीको सुविधाको रकम निकासा सम्बन्धी व्यवस्थाः</u>** अर्थ बजेटबाट निकासा दिँदा अपनाउनु पर्ने कार्यविधि देहायको बजेट उपशीर्षक अन्तर्गत उल्लेख छ। सम्बन्धित उपशीर्षकमा उल्लेख नभएकोमा माथि थप निकासा खण्डमा उल्लेख भए अनुसारको कार्यविधि अपनाउनु पर्दछ।

**(१) बजेट उपशीर्षक ६०१०००११ निवृत्तभरण**

सेवा निवृत्त कर्मचारीहरूलाई निवृत्तभरणको रकम उपलब्ध गराउन यस शीर्षकमा रकम विनियोजित गरिएको हुन्छ :

(क) यो रकम खर्च गर्ने अख्तियारी महालेखा नियन्त्रकलाई दिनु पर्दछ। आर्थिक वर्षको प्रारम्भमा उपयुक्त रकमको अख्तियारी दिएपछि कोषको अवस्था समेत हेरी बाँकी निकासा गर्नु पर्दछ।

(ख) विनियोजित बजेटबाट नपुग भएमा कारणसहित महालेखा नियन्त्रक कार्यालयबाट निकासा माग भएमा कोषको अवस्था हेरी थप निकासा दिन सकिन्छ।

**(२) बजेट उपशीर्षक ६०१०००१२ उपदान**

निवृत्तभरण पाउने अवधि नपुगेका कर्मचारीहरू सेवाबाट अवकाश भएमा नियमानुसारको उपदान प्राप्त गर्ने भएकाले सो रकम यस शीर्षकबाट निकासा दिनु पर्दछ। स्वीकृत बजेटको उपयुक्त रकमको अख्तियारी आर्थिक वर्षको शुरुमै महालेखा नियन्त्रकलाई दिनु पर्दछ। खर्चको प्रगतिको आधारमा कोषको अवस्था हेरी बाँकी अवधिको थप निकासा सम्बन्धी कारवाही गर्नु पर्दछ।

**(३) बजेट उपशीर्षक ६०१०००१३ सञ्चित विदा**

सेवाबाट अवकाश भएका कर्मचारीहरूलाई अवकाश पश्चात सञ्चित विदा बापत नियमानुसार पाउने रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत निकासा दिने गरी आर्थिक वर्षको शुरुमै उपयुक्त रकमको खर्च गर्ने अख्तियारी महालेखा नियन्त्रकलाई दिनु पर्दछ। खर्चको प्रगतिको आधारमा कोषको अवस्था हेरी बाँकी अवधिको थप निकासा सम्बन्धी कारवाही समेत गर्नु पर्दछ।

## (४) बजेट उपशीर्षक ६०१०००१४ मृत कर्मचारी सहायता

(क) सेवा अवधिमै मृत्यु भएका कर्मचारीहरूका आश्रित परिवारलाई प्रचलित कानून अनुसार आर्थिक सहयोग (बीमा रकम) उपलब्ध गराउनका लागि आवश्यक पर्ने रकम यस शीर्षकमा विनियोजन गरिएको हुन्छ।

(ख) कर्मचारी सञ्चय कोषको सोधभर्ना मागका आधारमा यस्तो निकासा उपलब्ध गराइन्छ।

## (५) बजेट उपशीर्षक ६०१०००१५ कर्मचारी सुविधा

राष्ट्र सेवक कर्मचारीहरूलाई दिईनु पर्ने तलब, भत्ता, पोशाक तथा बीमा र अन्य अनुदानका रकमहरू सम्बन्धित मन्त्रालय, संवैधानिक आयोग, तथा सरकारी निकायहरूका लागि विनियोजित भएको रकमबाट नपुग भएमा थप निकासाका लागि यस शीर्षकमा रकम विनियोजन गरिएको हुन्छ। थप माग र औचित्यका आधारमा निकासा दिनु पर्दछ। यस शीर्षकबाट निकासा दिंदा सम्बन्धित कार्यालयको बजेट उपशीर्षकको सम्बन्धित खर्च संकेतमा रकमान्तर गरी निकासा दिनुपर्दछ।

## (६) बजेट उपशीर्षक ६०१०००१६ औषधी उपचार

अवकाश प्राप्त तथा बहालवाला निजामती कर्मचारीहरूले ऐन नियम बमोजिम पाउने औषधी उपचार खर्च बापतको रकम यस शीर्षकमा विनियोजित गरिएको हुन्छ।

(क) अवकाश प्राप्त कर्मचारीहरूले पाउने सुविधा बापत स्वीकृत विनियोजित रकमको अख्तियारी महालेखा नियन्त्रकलाई दिनु पर्दछ। कोषको अवस्था हेरी बाँकी अवधिको लागि खर्च विवरण समेतका आधारमा थप निकासा दिनु पर्दछ।

(ख) मन्त्रालयहरूलाई एकपटक एकमुष्ट निकासा बापतको रकम गत वर्षको आधार समेत हेरी निकासा पठाई दिनु पर्दछ। बाँकी अवधिको हकमा कोषको अवस्था हेरी पटके रूपमा निकासा गर्नु पर्दछ।

(ग) नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयानुसार औषधी उपचारको रकम आर्थिक सहायतावापत प्राप्त गर्ने भएमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय अनिवार्य रूपमा समावेश हुनु पर्नेछ। पूर्व सहमति नलिएकोमा कोषको अवस्था हेरी निकासा दिनु पर्दछ।

(घ) निजामती सेवा नियमावली वा त्यस्तै प्रचलित सेवा सम्बन्धित नियमावली बमोजिमको समितिले औषधि उपचार बापतको आर्थिक सहायता उपलब्ध गराउन सिफारिश गरेको रकम निकासाका लागि उक्त समितिको निर्णय र मेडिकल बोर्डको सिफारिश अनिवार्य रूपमा समावेश गर्नु पर्नेछ। यस किसिमको सहायता लिदा निजले आफूले पाउने रकम लिई सकेको र सोको अभिलेख राष्ट्रिय किताबखाना (निजामती) मा जनिएको प्रमाण पनि संलग्न गर्नु पर्दछ।

(ङ) सरकारी कामको सिलसिलामा खटिई गएको अवस्थामा दुर्घटना भई उपचार गराउँदा काममा खटाएको प्रमाण, स्थानीय समितिको सिफारिश, दुर्घटनाको मुचुल्का तथा प्रहरी प्रतिवेदन लगायत थप निकासा/ रकमान्तर माग गर्दा खुलाउनु पर्ने विवरणको प्रमाण संलग्न भई आएको अवस्थामा निकासा दिने कारवाही गर्नु पर्दछ। यस बमोजिम दिइने सुविधा पहिलो पटक अस्पताल भर्ना हुँदा लागेको खर्च र पहिलो Follow up को खर्चसम्म दिनु पर्दछ। गम्भीर अवस्थामा पुगी अस्पताल ल्याउँदा निजको साथमा रहेको १ जनाको जातेआते खर्च

पनि दिनुपर्दछ। यस्तो उपचार खर्च बापतको रकम अस्पताल भर्ना भएको तीन महिनाभित्र माग गरिसक्नु पर्नेछ।

## ३६. अर्थ मन्त्रालय– विविध (अर्थ बजेट) निकासा सम्बन्धी व्यवस्थाः

### (१) बजेट उपशीर्षक ६०२०००० दण्ड जरिवाना फिर्ता

अदालतको फैसला बमोजिम हुने जरिवाना तथा धरौटी रकम समेत फिर्ता दिने प्रयोजनको लागि यस शीर्षकमा विनियोजन गरिन्छ। उक्त प्रयोजनमा खर्च गर्न सर्वोच्च अदालत वा मातहत अदालतको लागि साउन १ गते वा पेश्की खर्च विधेयक पारित भएको भोलिपल्ट सर्वोच्च अदालतका रजिष्ट्रारलाई खर्च गर्ने अख्तियारी दिनु पर्दछ।

### (२) बजेट उपशीर्षक ६०२०००११ विशिष्ट व्यक्तिको भ्रमण खर्च

(क) सम्माननीय राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायाधिश, प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष र प्रदेश प्रमुखको वैदेशिक भ्रमणको खर्च यस शीर्षकबाट निकासा दिनु पर्दछ।

(ख) नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएको निर्णयको सीमाभित्र रही विशिष्ट ब्यक्तिको भ्रमण रकम निकासा दिनु पर्छ।

(ग) यो शीर्षकबाट निकासा दिँदा यही शीर्षकमा नै निकासा र खर्च कायम हुने गरी निकासा दिनु पर्दछ।

### (३) बजेट उपशीर्षक ६०२०००१२ प्रतिनिधि मण्डलको भ्रमण तथा स्वागत खर्चः

अन्तर्राष्ट्रिय सभा, सम्मेलन, सेमिनार, अवलोकन भ्रमण, गोष्ठी आदिमा विभिन्न निकायबाट प्रतिनिधित्व गर्ने भ्रमण सम्बन्धी खर्च यस शीर्षकबाट निकासा दिनु पर्दछ। निकासा दिंदा देहाय अनुसार गर्नुपर्दछः

(क) निमन्त्रणा पत्रसाथ सम्बन्धित मन्त्रालयको निर्णय र अनुमानित खर्चको विवरण संलग्न गरी सहमतिको लागि लेखी आएको हुनु पर्नेछ।

(ख) नेपालबाट सन्धि, सम्मेलनमा सरकारी अवधारणा प्रस्तुत गर्न जाने अवस्थामा परराष्ट्र मन्त्रालयको सहमति पत्र संलग्न हुनु पर्नेछ।

(ग) भ्रमण खर्च नियमावली, २०६४ ले तोके बमोजिमको हवाई भाडा रकम उपलब्ध गराउनु पर्दछ। हवाई भाडा रकमको मूल्य मितव्ययी भए/नभएको हेर्नु पर्दछ।

(घ) नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय अनुसार विभिन्न पदाधिकारीको निमित्त तोकिएको भैपरी आउने खर्च उपलब्ध गराउनु पर्दछ।

(ङ) विकास सहायताबाट विदेश जाने प्रतिनिधिमण्डलको हकमा अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाको राय लिनु पर्दछ।

(च) माथि उल्लिखित आधारमा सहमति प्रदान गर्ने र नेपाल सरकार, मन्त्रिपरिषद्बाट निर्णय भई आएपछि मन्त्रालयबाट माग आएको अवस्थामा निकासा दिनुपर्दछ। सहमति भन्दा बढी खर्च दिने गरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट निर्णय भएकोमा निर्णयानुसार गर्नु पर्दछ।

(छ) यो शीर्षकबाट निकासा दिँदा यही शीर्षकमा नै निकासा र खर्च कायम हुने गरी निकासा दिनु पर्दछ।

## (४) बजेट उपशीर्षक ६०२०००१३ अतिथि सत्कार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, परराष्ट्र मन्त्रालय र नेपाल सरकारका अन्य निकायहरूमा हुने अतिथि सत्कार खर्चका लागि सम्बन्धित निकायको विनियोजनले नपुग हुने अवस्थामा थप निकासा दिन विनियोजित गरिएको रकम हो। सम्बन्धित मन्त्रालयको निर्णयको प्रतिलिपि र खर्च अनुमानको विवरणसहित सहमतिको माग भई आएमा नेपाल सरकारको मितव्ययिता सम्बन्धी नीति अनुरूप भए नभएको हेरी खर्च गर्ने सहमति तथा निर्णयानुसार निकासा दिनु पर्दछ। निकासा दिँदा यही शीर्षक कायम गर्नु पर्दछ।

## (५) बजेट उपशीर्षक ६०२०००१४ मुआव्जा (चालु खर्च)

आर्थिक वर्षको बीचैमा नेपाल सरकारले निजी सम्पत्ति अधिग्रहण गर्नुपर्ने अवस्थामा मुआव्जा दिन यस शीर्षक अन्तर्गत रकम विनियोजित गरिएको हुन्छ। मुआव्जा रकम निकासा माग गर्दा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय वा अधिग्रहण सम्बन्धी निर्णय तथा कागजात अनिवार्य रूपमा समावेश भएको हुनु पर्दछ।

## (६) बजेट उपशीर्षक ६०२०००१४ मुआव्जा (पुँजीगत खर्च)

सरकारले अधिग्रहण गरेको जग्गाको मुआब्जा दिन यस शीर्षकमा रकम विनियोजन गरिएको हुन्छ।

## (७) बजेट उपशीर्षक ६०२०००१५ आर्थिक सहायता

नेपाल सरकारले निर्णय गरे बमोजिम विभिन्न संघ संस्था तथा व्यक्तिहरूलाई अनुदान स्वरूप आर्थिक सहायता उपलब्ध गराउने रकम यस शीर्षकमा विनियोजन गरिएको हुन्छ। अर्थ मन्त्रालयको पूर्व सहमति लिई नेपाल सरकार, मन्त्रिपरिषद्बाट निर्णय भएकोमा सोही अनुसारको र पूर्व सहमति नलिएकोमा कोषको अवस्था हेरी निकासा दिनु पर्दछ।

## (८) बजेट उपशीर्षक ६०२०००१६ भन्सार फिर्ता

(क) एकल विन्दु सेवाको निर्णयअनुसार फिर्ता दिनुपर्ने भन्सार महसुल, भुलबस बढी दाखिला हुन गएको भन्सार महसुल, अदालतको आदेश अनुसार फिर्ता दिनुपर्ने भन्सार महसुल सम्बन्धित व्यक्तिहरूलाई फिर्ता दिन आवश्यक रकम यस शीर्षकबाट भन्सार विभागलाई अख्तियारी दिइन्छ।

(ख) भन्सार महसुल फिर्ता माग गर्दा भन्सार विभागको निर्णय, अर्थ मन्त्रालय राजस्व व्यवस्थापन महाशाखाको राय, एकल विन्दु सेवाबाट फिर्ता दिने निर्णय भएकोमा सो निकायको निर्णय, अदालतको फैसलाको हकमा फैसलाको प्रतिलिपि समावेश भएको हुनु पर्दछ। निर्णयमा भन्सार प्रज्ञापन पत्र नं., रकम बुझाएको रसिद वा भौचर आदि व्यहोरा खुलेको हुनु पर्दछ।

## (९) बजेट उपशीर्षक ६०२०००१७ कर फिर्ता

(क) नेपाल सरकारको नीति अनुरूप फिर्ता गर्नुपर्ने कर रकम, भुलबस बढी दाखिला हुन गएको कर रकम, अदालतको आदेशानुसार फिर्ता दिनुपर्ने अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, आयकर

तथा अन्य कर रकम सम्बन्धित व्यक्तिहरूलाई फिर्ता दिन आवश्यक रकम यस शीर्षकबाट आन्तरिक राजस्व विभागलाई अख्तियारी दिइन्छ।

(ख) कर फिर्ता माग गर्दा सम्बन्धित विभागको निर्णय, अर्थ मन्त्रालय राजस्व व्यवस्थापन महाशाखाको राय, अदालतको फैसलाको हकमा फैसलाको प्रतिलिपि समावेश भएको हुनु पर्दछ।

**(१०) बजेट उपशीर्षक ६०२०००१८ अन्य फिर्ता (वैदेशिक समेत)**

(क) नेपाल सरकारले विदेशस्थित र स्वदेशमा रहेका कूटनीतिक नियोगहरूले बुझाएका रकमहरू फिर्ता दिनुपर्ने भएमा सो रकमहरू खर्च लेख्न यस शीर्षकमा रकम विनियोजित गरिएको हुन्छ।

(ख) रकम फिर्ता माग गर्दा सम्बन्धित विभागको निर्णय, मन्त्रालयको सिफारिश, अदालतको फैसला आदि समावेश भएको हुनु पर्दछ।

**(११) बजेट उपशीर्षक ६०२०००१९ भवन खरिद निर्माण र सुधार**

सरकारी निकायहरूलाई आकस्मिक रूपमा भवन खरिद गर्नुपर्ने भएमा निकासा दिनका लागि यस शीर्षकमा रकम विनियोजन गरिएको हुन्छ। थप माग, कार्यक्रम, सम्बन्धित मन्त्रालयको निर्णय र औचित्यका आधारमा निकासा दिनु पर्दछ।

**(१२) बजेट उपशीर्षक ६०२०००२० भौतिक सुविधा**

(क) नेपाल सरकारले खरिद गर्ने फर्निचर, सवारी साधन, मेशिनरी औजार, भवन निर्माण तथा पुँजीगत सुधारका लागि सरकारी निकायहरूलाई विनियोजित रकम नपुग भएमा थप निकासा दिन यस शीर्षकमा रकम विनियोजित गरिएको हुन्छ।

(ख) निकासा माग गर्दा सम्बन्धित मन्त्रालयको निर्णय, थप निकासा माग गर्नुपर्ने कारण भए सो सम्बन्धी आवश्यक कागजातहरू संलग्न गरी राख्नु पर्नेछ। थप माग, कार्यक्रम, सम्बन्धित मन्त्रालयको निर्णय र औचित्यका आधारमा निकासा दिनु पर्दछ।

**(१३) बजेट उपशीर्षक ६०२०००२१ महसुल तथा अन्य भुक्तानी**

(क) नेपाल सरकारले दायित्व व्यहोर्नु पर्ने पानी, बिजुली तथा सञ्चार सम्बन्धी महसुलहरूको विनियोजित रकम अपर्याप्त हुने अवस्थामा औचित्यका आधारमा निकासा दिनु पर्दछ।

(ख) सम्बन्धित मन्त्रालयको निर्णय, भुक्तानी दिन बाँकीको पुष्टयाँई सहित थप निकासा माग गरेको हुनु पर्दछ।

**(१४) बजेट उपशीर्षक ६०२०००२२ भैपरी आउने–साधारण प्रशासन**

(क) पटके रूपमा गठन हुने आयोग, समितिको खर्च, नेपाल सरकार, मन्त्रिपरिषद्‌बाट भएको निर्णयको लागि र विनियोजित बजेट नपुग भएको अवस्थामा थप निकासा दिन न्यूनतम रूपमा आवश्यक पर्ने रकम यस शीर्षकमा विनियोजन गरिएको हुन्छ।

(ख) यो निकासा पटके रूपमा दिनु पर्दछ। थप निकासाको लागि निकासा माग गर्नुपर्ने औचित्य सो सम्बन्धी पुष्टयाँई र सम्बन्धित मन्त्रालयको निर्णय अनिवार्यरूपमा समावेश हुनु पर्ने हुन्छ। कोषको अवस्था हेरी औचित्यका आधारमा निकासा दिनु पर्दछ।

(ग) यस शीर्षकमा विनियोजन भएको रकम निकासा दिँदा सकभर सम्बन्धित मन्त्रालयको मागसँग सम्बन्धित बजेट उपशीर्षकमा नै खर्च लेख्ने गरी निकासा दिनु पर्दछ। त्यस्तो मिल्दो बजेट उपशीर्षक नभएमा मात्र यस शीर्षकबाट खर्च लेख्ने गरी निकासा दिनु पर्दछ। ६०२ शीर्षकमा विनियोजित रकमबाट सम्बन्धित क्षेत्रमा गएको खर्चको प्रतिवेदन यथार्थ होस् भन्ने कारणले सम्बन्धित बजेट शीर्षकमा निकासा दिनु परेको हो।

**(१५) बजेट उपशीर्षक ६०२०००२४ बिपद, राहत तथा पुनस्थापना**

यस शीर्षकमा बिपदबाट सिर्जित क्षतिपूर्ति, राहत, पुनर्स्थापना, बिभिन्न सरकारी निकाय एवम् समिति बोर्डहरूलाई दिईने सःशर्त अनुदान र प्राकृतिक प्रकोप वा अन्य कारणले संस्थाहरूलाई दिईने अनुदान बापतको खर्च गर्ने प्रयोजनका लागि रकम विनियोजन गरिन्छ।

**(१६) बजेट उपशीर्षक ६०२०००२६ सङ्घीय संरचना पूर्बाधार विकास कार्यक्रम**

सङ्घीय संरचना पूर्बाधार विकास कार्यक्रमको लागि बजेट विनियोजन गरिन्छ।

**(१७) बजेट उपशीर्षक ६०२०००२८ अधुरा आयोजना कार्यान्वयन कार्यक्रम**

विगत वर्षदेखि कार्यान्वयनमा रहेका तर कार्य सम्पन्न नभएका आयोजना/कार्यक्रमका लागि अपुग रकम व्यवस्थापन गर्न विनियोजन गरिन्छ।

**३७. <u>ऋण वा शेयर लगानी बापत निकासाः</u>** अनुदान संकेत नं. ५०१ मा नेपाल सरकारले स्वदेशी तथा विदेशी सार्वजनिक संस्थान एवम् संस्थाहरूमा ऋण वा शेयर लगानी गर्ने प्रयोजनको लागि रकम विनियोजन गरिएको हुन्छ। सो अन्तर्गत बैंकिङ्ग, आपूर्ति, खानेपानी, उद्योग, विद्युत, यातायात, सञ्चार, हवाई र विविध क्षेत्रका संस्थाहरू पर्दछन्।

(१) संस्थानहरूमा लगानी गर्ने गरी सम्बन्धित मन्त्रालयमार्फत निकासा माग भई आएमा वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखाबाट सिफारिश भई आउनु पर्दछ। ऋण लगानीको हकमा सार्बजनिक ऋण व्यवस्थापन कार्यालयबाट सम्बन्धित ऋणीसँगको तमसुक गरी ऋणको अभिलेख राख्न निकासाको आदेश पठाउनु पर्दछ। लगानी प्रयोजनको लागि सार्बजनिक ऋण व्यवस्थापन कार्यालयलाई साधारणतया त्रैमासिक रूपमा निकासा फुकुवा गरिदिनु पर्दछ। अर्थ मन्त्रालयको आदेशको आधारमा सार्बजनिक ऋण व्यवस्थापन कार्यालयबाटै खर्च लेखी भुक्तानी दिने व्यवस्था मिलाउनु पर्दछ।

(२) संस्थाहरूमा भएको ऋण लगानी वा शेयर लगानी बापतको निकासा र खर्चको वार्षिक विवरण तथा सञ्चिति हिसाब (Cumulative Account) अनिवार्य रूपमा तयार गर्ने दायित्व सम्बन्धित मन्त्रालयको र सार्बजनिक ऋण व्यवस्थापन कार्यालयको हुनेछ।

(३) नेपाल सरकारले बाह्य एवम् आन्तरिक ऋण वापत प्राप्त गरेको रकम ऋणकै रूपमा दिनु पर्नेछ।

**३८. <u>निर्देशिका, कार्यविधि, मापदण्ड तर्जुमा तथा संशोधनः</u>** बजेट कार्यान्वयनको लागि आवश्यक पर्ने निर्देशिका, कार्यविधि, मापदण्ड निर्माण तथा संशोधन सालवसाली विनियोजन ऐनमा तोकिएको अवधिमा सम्पन्न गर्नु पर्नेछ।

**३९. <u>आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी व्यवस्थाः</u>** आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी विस्तृत कार्य प्रक्रिया एवम् मापदण्ड छुट्टै व्यवस्था गरिएको छ।

# परिच्छेद - ६

## बजेटको आवधिक अनुगमन तथा मूल्याङ्कन

४०. **अनुगमन तथा नगद व्यवस्थापन:** बजेटको प्रगति अनुगमन तथा नगद व्यवस्थापन सम्बन्धी कार्यविधि देहाय अनुसार रहेका छन्:

(१) बजेटको प्रभावकारी कार्यान्वयनको लागि योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखाले बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमको द्वैमासिक रूपमा प्रगति सङ्कलन गरी प्रत्येक दुई महिनामा अर्थ मन्त्रालयमा माननीय अर्थमन्त्रीको अध्यक्षतामा सम्बन्धित सबै मन्त्रालयका सचिवहरूको सहभागितामा अनुगमन तथा मूल्याङ्कन बैठक गर्ने व्यवस्था मिलाउनु पर्दछ।

(२) प्रत्येक महिनामा महाशाखाका सबै सेक्टरहरूबाट भएका कामकारबाही र प्रगतिको एकीकृत मासिक प्रतिवेदन तयार गर्नु पर्दछ।

(३) सहायता (सब्सिडिज) र अनुदान (ग्रान्टस्) अन्तर्गत प्रदेश सरकार, स्थानीय तहका साथै सार्वजनिक संस्थान, विकास समितिहरू र अन्य निकायहरूलाई प्रदान गरिने अनुदान रकमको प्रभावकारी कार्यान्वयन भए/नभएको सम्बन्धमा नियमित अनुगमन गरी प्रतिवेदन तयार गर्नु पर्दछ। प्रतिवेदनमा आर्थिक वर्षको शुरुमा मार्गदर्शन दिँदाको अवस्थामा उल्लेख गरिएका शर्तहरूको परिपालना भए नभएको र बजेट वक्तव्यमा उल्लेख गरिएका नीति तथा कार्यक्रमहरूमा खर्च भए नभएको विषयमा समेत विश्लेषण गरिनु पर्दछ।

(४) बजेट तथा कार्यक्रम महाशाखा, केन्द्रीय बजेट शाखाले महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त हुने आम्दानी तथा खर्च सम्बन्धी मासिक प्रगति विवरण तथा नेपाल राष्ट्र बैङ्कबाट तयार गरिने साप्ताहिक कोषको अवस्थाको विवरण नियमित रूपमा प्राप्त गरी अध्यावधिक रूपमा राख्नु पर्दछ।

(५) राजस्व व्यवस्थापन महाशाखाबाट मासिक रूपमा राजस्वको मासिक प्रगति विवरण प्राप्त गरी अध्यावधिक राख्नु पर्दछ।

(६) महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त आम्दानी तथा खर्च विवरण र नेपाल राष्ट्र बैङ्कबाट प्राप्त हुने महिनाको अन्तिम दिनको कोषको अवस्थाको विवरण बीच सामान्य तुलना गर्दा साधारणतः हुन सक्ने फरक भन्दा असामान्य फरक देखिएमा सोको कारण स्पष्ट गर्न महालेखा नियन्त्रक कार्यालय तथा नेपाल राष्ट्र बैङ्कमा सम्पर्क राखी कारण पहिचान गर्नु पर्दछ। यस्तै आम्दानी तथा खर्चको प्रवृत्तिमा अस्वभाविक परिवर्तन देखिएमा सोको टिपोटसहित कारण पहिचान गरी समस्या देखिएमा सोको समाधानको लागि प्रयास गर्नु पर्दछ।

(७) नेपाल राष्ट्र बैङ्कमा रहेको नेपाल सरकारको कोषको खुद नगद स्थिति धनात्मक (+) वा ऋणात्मक (-) अवस्थामा हुन्छ। सरकारका सबै आय तथा कोषको मौज्दातको उपयोग समेत गर्दा पनि सरकारी खर्च अधिक हुन गएको छ भने यस्तो अवस्थालाई नगद मौज्दात ऋणात्मक वा नगद घाटा भनिन्छ र यस्तो अवस्थामा सरकारले अधिविकर्ष (Overdraft) को सुबिधा उपयोग गरेको हुन्छ।

(८) अधिविकर्ष (Overdraft) गत आर्थिक वर्षको कुल राजस्व असुलीमा आन्तरिक ऋण लगानी फिर्ता प्राप्ति तथा सरकारी सम्पत्ति बिक्रीको रकम घटाई बाँकी रहने खुद असुलीको ५ प्रतिशतमा सीमित रहनु पर्दछ।

(९) प्रत्येक महिना गत वर्षको सोही अवधिको आम्दानी तथा खर्चको प्रवृत्ति, चालु वर्षको बजेट व्यवस्था र वृद्धिदर, निकासा सम्बन्धी अख्तियारीको व्यवस्था समेतको आधारमा आगामी महिनाहरूको खर्च प्रक्षेपण गरी खुद नगद बचत वा घाटा प्रवृत्तिको अनुमान गर्नु पर्दछ।

(१०) समीक्षा अवधिको खुद नगद घाटा स्वीकृत सीमाभन्दा बढी रहेको र प्रक्षेपण गर्दा आगामी महिनाहरूमा पनि त्यस्तो घाटामा सुधार नभई त्यस्तो घाटा बढ्ने सम्भावना देखिएमा खर्च नियन्त्रणका उपाय (कार्यक्रम रोक्का राख्ने, निकासा रोक्ने, वा बजेट र खर्च कटौती गर्ने आदि) र आन्तरिक ऋण परिचालनका उपायहरू अवलम्बन गर्नु पर्दछ।

(११) आन्तरिक ऋण उठाउने विषयमा बजेट तथा कार्यक्रम महाशाखा प्रमुखले नगद प्रवाह अनुमान स्रोतको आवश्यकता, अनिवार्य दायित्वको विष्लेषण गरी आर्थिक नीति विश्लेषण महाशाखा प्रमुखलाई ऋण उठाउने विषयको जानकारी दिनु पर्दछ। आर्थिक नीति विश्लेषण माहाशाखाबाट आन्तरिक ऋणलाई त्रैमासिक रूपमा विभाजन गरी ऋण उठाउने व्यवस्था गरिएको छ। आर्थिक वर्षको शुरुमा उक्त महाशाखाबाट ऋण उठाउने कार्यतालिका उपर बजेट तथा कार्यक्रम महाशाखाको राय लिने व्यवस्था भएकोले विगतको प्रवृत्ति समेतका आधारमा कार्यतालिकामा सहमति दिनु पर्दछ। सामान्यतया अन्तिम त्रैमासिक किस्ताको ऋण उठाउने विषयमा ऋण उठाउन अगाडि पुनः सहमति लिने शर्त राखी कार्यतालिकामा सहमति पठाउनु पर्दछ।

(१२) बजेट तथा कार्यक्रम महाशाखाले नियमित रूपमा नगद व्यवस्थापनको लागि आवश्यक सूचना लिई राख्नु पर्दछ। तोकेको सीमा भन्दा बढी बजेट घाटाको स्थिति हुन गएमा घाटा पूर्तिको सम्भावित उपाय अवलम्बन गर्नु पर्दछ।

(१३) आन्तरिक ऋण परिचालन गर्दा चालु आर्थिक वर्षको स्वीकृत सीमाभित्रै अधिविकर्ष (Overdraft) रकमलाई पनि समावेश गर्नु पर्दछ।

(१४) बजेट तथा कार्यक्रम महाशाखाले मुख्यतया निम्न विषयमा मासिक प्रगति विवरणका रूपमा अर्थ मन्त्रालयको योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखालाई प्रत्येक महिनाको ७ गते भित्र उपलब्ध गराउनु पर्नेछः

(क) प्रतिवेदन गरेको महिनासम्मको चालु र पुँजीगत खर्च, वित्तीय व्यवस्था अन्तर्गतको सावाँ भुक्तानीमा भएको निकासा तथा खर्च र अन्तर सरकारी वित्तीय हस्तान्तरण विवरण।

(ख) प्रतिवेदन गरेको महिनाको अघिल्लो महिनासम्मको र अघिल्लो आर्थिक वर्षको सोही अवधिसम्मको तुलनात्मक नगद प्रवाहको स्थिति।

(ग) प्रतिवेदन गरेको महिनासम्ममा चालु, पुँजीगत तथा वित्तीय व्यवस्था अन्तर्गतको सावाँ भुक्तानी छुट्याई रकमान्तर गरी निकासा भएको रकमको जानकारी।

(घ) प्रतिवेदन अवधिमा महाशाखाबाट कुनै उल्लेख्य कार्य भए सोको जानकारी।

४१. **<u>प्रगति समीक्षाः</u>** बजेट तथा कार्यक्रम कार्यान्वयनको प्रगति समीक्षा सम्बन्धमा निम्नानुसार गर्नु पर्नेछः

(१) बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसूची- २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी मन्त्रालय वा केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

(२) सम्बद्ध मन्त्रालय वा केन्द्रीय निकायले बजेट शीर्षकको आधारमा त्रैमासिक प्रगति विवरण तयार गरी मन्त्रालय र राष्ट्रिय योजना आयोगमा पठाउनु पर्नेछ।

(३) त्रैमासिक प्रगति विवरण प्राप्त भएपछि सम्बद्ध मन्त्रालय वा केन्द्रीय निकायले त्यसको भौतिक र वित्तीय पक्षको कार्यालयगत र मन्त्रालय वा केन्द्रीय निकायगत समीक्षा गर्नु पर्नेछ। समीक्षा गर्दा प्रगति कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि कार्ययोजनासहित आवश्यक कदम चाल्नु पर्नेछ।

(४) तालुक कार्यालयको प्रमुखले बजेट तथा कार्यक्रम अनुसार प्रगति भए वा नभएको मूल्याङ्कन गरी बाधा अड्काउ परेको भए सो फुकाई दिने र निर्देशन दिनु पर्ने भए सो समेत दिनु पर्नेछ।

(५) प्रगति विवरण नपठाउने कार्यालय प्रमुखलाई लेखा उत्तरदायी अधिकृतले प्रचलित कानून बमोजिम कारबाही गर्न सक्नेछ।

४२. **सम्बन्धित मन्त्री र सचिवले गर्ने बजेट तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी विशेष व्यवस्थाः**

(१) मन्त्री र सचिवले आफ्नो मन्त्रालय मातहतका आयोजना/कार्यक्रम र बजेट कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन क्रमशः मासिक र त्रैमासिक रूपमा गर्नु पर्नेछ।

(२) अनुगमन तथा मूल्याङ्कन गर्दा कार्यक्रम, कार्ययोजना, खरिद योजना, नगद प्रवाह योजना समेतको आधारमा भौतिक र वित्तीय प्रगति भए/नभएको सम्बन्धमा समीक्षा गर्नु पर्नेछ।

(३) अनुगमन तथा मूल्याङ्कन गर्दा कार्यक्रमगत, शीर्षकगत र स्रोतगत खर्च, सोधभर्ना प्राप्ति र वैदेशिक सहायता परिचालन तथा राजस्व सङ्कलनको अवस्था समेत समीक्षा गरी सोको प्रतिवेदन त्रैमासिक रूपमा अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) प्रगति समीक्षा प्रतिवेदन समेतका आधारमा बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी अर्थ मन्त्रालयले अर्धवार्षिक र वार्षिक रूपमा देहायका विवरण सहित एकीकृत मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ :-

(क) राजस्व, खर्च, वैदेशिक अनुदान तथा ऋणको अनुमान, प्राप्ति तथा परिचालनको यथार्थ विवरण।

(ख) नेपाल सरकारको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति।

(ग) नेपाल सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरूको कार्यान्वयनको अवस्था।

(घ) अन्य आवश्यक विवरण।

(५) अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन हरेक वर्षको माघ मसान्तभित्र र वार्षिक मूल्याङ्कन प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र सार्वजनिक गरिसक्नु पर्नेछ।

(६) सम्बन्धित मन्त्रालयले उपदफा (३) बमोजिम तयार गरेको आफ्नो मन्त्रालय र मातहतको कार्यालयहरूको बजेट तथा कार्यक्रम मूल्याङ्कन प्रतिवेदन अर्थ मन्त्रालयले अर्धवार्षिक तथा वार्षिक समीक्षा सार्वजनिक गर्ने मितिभन्दा कम्तिमा पन्ध्र दिन अगावै तयार गरी अर्थ मन्त्रालयमा पठाउनु पर्नेछ।

(७) अर्धवार्षिक तथा वार्षिक बजेट तथा कार्यक्रम मूल्याङ्कन प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४३. **<u>अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन तयारी</u>:** बजेट तथा कार्यक्रम महाशाखाले बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन तयारी गर्नु पर्दछ। यस मूल्याङ्कन प्रतिवेदनलाई माघ मसान्तसम्ममा सार्वजनिक गरिसक्नु पर्नेछ। समष्टिगत अर्थतन्त्रको प्रवृत्ति, साधन विनियोजन र कार्यान्वयनमा देखिएको फरक, राजस्व असुलीको प्रवृत्ति तथा विकास सहायता परिचालनको प्रगतिको आधारमा चालु आर्थिक वर्षको बाँकी अवधिमा अवलम्बन गर्नुपर्ने उपाय र आगामी बजेटमा गर्नुपर्ने सुधार समेत प्रतिवेदनमा उल्लेख गर्नु पर्दछ। बजेटको अर्धवार्षिक मूल्याङ्कनमा सामान्यतया देहायका विषयहरू समावेश गरिनु पर्दछः

(१) पृष्ठभूमि र अर्धवार्षिक मूल्याङ्कनको उद्देश्य।

(२) अर्धवार्षिक मूल्याङ्कनको तरिका र सीमा।

(३) बजेटको उद्देश्य (सम्बन्धित आर्थिक वर्षको)।

(४) राजस्व, खर्च, वैदेशिक अनुदान तथा ऋणको अनुमान, प्राप्ति तथा परिचालनको यथार्थ विवरण।

(५) नेपाल सरकारको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति समीक्षा (राष्ट्रिय उत्पादन स्थिति, मूल्य स्थिति, मौद्रिक स्थिति, आन्तरिक कर्जा, खुद अमौद्रिक दायित्व, मुद्रा बजारको स्थिति, वैदेशिक व्यापार, वित्तीय संस्था र पुँजी बजार विकास, बैङ्क तथा वित्तीय क्षेत्र सुधार, लघु वित्त, गत विगत आर्थिक वर्षमा सोही अवधिसँग तुलनात्मक गतिविधि र कोष व्यवस्थापनको लागि अपनाइएका नीति एवम् कार्यक्रमहरू)।

(६) नेपाल सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरूको कार्यान्वयनको अवस्था, सार्वजनिक संस्थानहरूको व्यवस्थापन/विनिवेश।

(७) वैदेशिक स्रोत परिचालन।

(८) बजेटका नीति तथा कार्यक्रमहरूको प्रगति विवरण (कार्यान्वयन भएका र अधिकांश सम्पन्न नीति तथा कार्यक्रम र कार्यान्वयन नभएका वा न्यून प्रगति भएका नीति तथा कार्यक्रम)।

(९) अर्धवार्षिक खर्च र खर्चका स्रोतहरूको विश्लेषण (पुस महिनासम्मको खर्चको स्थिति र पुस महिनासम्मको साधन परिचालन)।

(१०) उच्च प्राथमिकता प्राप्त आयोजनाहरूको कार्यान्वयन प्रगति।

(११) सार्वजनिक खर्च व्यवस्थापनका समस्या र चुनौती।

(१२) संशोधित आय-व्यय अनुमान र सोका आधारहरू (समष्टिगत आर्थिक वृद्धि, राजस्व अनुमान र स्रोत परिचालनका लागि बाँकी अवधिमा गर्नुपर्ने काम)।

(१३) आर्थिक सुधार कार्यक्रमहरूको समीक्षा।

(१४) वित्तीय हस्तान्तरण गरिएका कार्यक्रमहरूको खर्चको अवस्था।

(१५) समष्टिगत रूपमा बजेट व्यवस्थापनमा देखिएका समस्या र सो समस्या निराकरणका लागि अवलम्बन गर्नुपर्ने उपाय।

(१६) अर्धवार्षिक मूल्याङ्कन गर्दा प्राथमिकता प्राप्त आयोजनाहरूको आवधिक योजनाको रणनीति अनुसार प्रतिनिधित्व हुने गरी आयोजनाहरूको छनौट गरी मूल्याङ्कन प्रतिवेदनमा समावेश गर्नु पर्नेछ।

४४. **वार्षिक मूल्याङ्कन प्रतिवेदन तयारीः** प्रत्येक वर्ष समग्ररूपमा बजेटले लिएको उद्देश्य हासिल गर्न साधन तथा स्रोतको परिचालनबाट के कस्ता प्रगति हासिल गर्न सकियो र कार्यान्वयनको क्रममा के कस्ता कठिनाई एवम् कमी कमजोरीहरू महसुस हुन भए भन्ने बारेमा देहाय बमोजिमका छनौटका आधारमा आयोजना वा कार्यक्रमहरूको वार्षिक विस्तृत मूल्याङ्कन गरी बजेटको वार्षिक मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्नेछः

(१) राष्ट्रिय गौरव, रुपान्तरणकारी र उच्च प्राथमिकता प्राप्त आयोजना/कार्यक्रम।

(२) पुँजी निर्माणको दृष्टिकोणबाट महत्त्वपूर्ण आयोजना/कार्यक्रम।

(३) जनतासँग प्रत्यक्ष सरोकार भई सेवा प्रदान गरिने आयोजना/कार्यक्रम।

(४) सन्तुलित प्रादेशिक विकासको आधारमा महत्त्वपूर्ण आयोजना/कार्यक्रम।

(५) मानव संसाधन विकासको दृष्टिकोणले महत्त्वपूर्ण आयोजना/कार्यक्रम।

(६) आयोजना/कार्यक्रमको अनुमानित खर्च रकम।

(७) बित्तीय हस्तान्तरण सम्बन्धी विवरण।

उपर्युक्त बमोजिमका आयोजनाहरूमा भएका खर्चहरूको विवरण महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त हुने केन्द्रीय आर्थिक विवरणसँग भिडान गर्नु पर्दछ। यी आयोजना वा कार्यक्रमहरूको विस्तृत प्रगति विवरण राष्ट्रिय योजना आयोगबाट स्वीकृत तथा आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा उल्लिखित ढाँचामा प्राप्त गर्नुको साथै तत् सम्बन्धमा सम्बन्धित मन्त्रालयको मूल्याङ्कन समीक्षा समेत प्राप्त गर्नु पर्नेछ। प्राप्त प्रगति विवरण एवम् मूल्याङ्कन समीक्षाको आधारमा देहायका विषयहरू समेत समेटी वस्तुपरक रूपमा मंसिर महिनाभित्र वार्षिक मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ।

अघिल्लो आर्थिक वर्षको निम्न विषयमा समष्टिगत विनियोजन र खर्च सम्बन्धी समीक्षाः

(क) स्रोतगत खर्च समीक्षाः

(१) राजस्व

(२) वैदेशिक अनुदान सहायता

(३) वैदेशिक ऋण सहायता

(४) न्यून वित्त

(ख) चालु, पुँजीगत तथा वित्तीय व्यवस्थाको बजेट विनियोजन र खर्च एवम् अन्तर सरकारी वित्तीय हस्तान्तरण।

(ग) क्षेत्रगत बजेट विनियोजन तथा खर्च।

(घ) गरिबी निवारण रणनीति अनुसार बजेट विनियोजन तथा खर्च।

(ङ) लैङ्गिक उत्तरदायी बजेट विनियोजन तथा खर्च।

(च) जलवायु परिवर्तन बजेट विनियोजन तथा खर्च।

(छ) दिगो विकास लक्ष्य अनुसारको बजेट विनियोजन तथा खर्च।

(१) सम्बन्धित मन्त्रालयबाट प्राप्त वित्तीय तथा भौतिक प्रगतिको संक्षिप्त समीक्षा।

(२) छनौट गरिएका आयोजनाहरूको माथि उल्लिखित विषयका अतिरिक्त देहायका विषय समेत समेट्नु पर्दछः

१. खरिद योजना तयार गरे/नगरेको र तयार गरेको भए खरिद तथा ठेक्का बन्दोबस्त भएको समय, लागत अनुमान, ठेक्का रकम, काम सम्पन्न गर्नुपर्ने जिम्मेवार अधिकारी।

२. काम सम्पन्न मिति र लागत।

३. लागत बढेको छ, छैन, भए सोको कारण (भेरिएशन कति पटक र कुन तहबाट निर्णय भएको हो, सो समेत खुलाउने)।

४. शुरु कार्यक्रम संशोधन भएको छ, छैन।

५. शुरु कार्यक्रम कार्यान्वयन नगरी अरु नै नयाँ कार्यक्रम गरेको छ, छैन, छ भने निर्णय कुन तहबाट भएको छ खुलाउनु पर्ने।

६. वित्तीय तथा भौतिक लक्ष्य र हासिल भएको प्रगति।

७. स्वीकृत बजेट मध्ये चौमासिक खर्च विभाजन र खर्च प्रतिशत।

वार्षिक मूल्याङ्कनबाट देखिएका विषयहरूलाई सम्बन्धित आयोजना वा कार्यालय प्रमुख, विभागीय प्रमुख, लेखा उत्तरदायी अधिकृत एवम् सम्भव भएसम्म अन्य सम्बन्धित पक्ष र सरोकारवालाहरूसँग समेत छलफल गरी निजहरूको धारणा एवम् विचार समेतलाई आधार बनाई मूल्याङ्कन प्रतिवेदनमा समावेश गर्नु पर्दछ।

## परिच्छेद - ७
## खर्चको मापदण्ड

आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ र भ्रमण खर्च नियमावली, २०६४ तथा प्रचलित कानुनमा सरकारी खर्चको निश्चित मापदण्ड नतोकिएको अवस्था भएमा त्यस्तो मापदण्ड तोकिदिन सम्बन्धित निकायबाट लेखी आएमा उक्त विषयमा अर्थ मन्त्रालयले मापदण्ड तोकिसकेको भए सोही आधारमा खर्च गर्न स्वीकृति दिनु पर्दछ। मापदण्ड नतोकिएको नयाँ विषय भए अर्थ मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखाका सबै सेक्टरका पदाधिकारीहरू बसी उक्त कार्यक्रम सम्पन्न गर्न र त्यसबाट भविष्यमा पर्न सक्ने दिर्घकालिन आर्थिक दायित्व र प्रभाव तथा उपलब्ध स्रोत साधन समेतलाई विचार गरी आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ को उपदफा (४) बमोजिम खर्चको मापदण्ड बनाई स्वीकृत गराउनु पर्दछ। यस्तो मापदण्ड सबै सरकारी निकायले पालना गर्नु पर्नेछ। खर्च गर्ने मापदण्ड तथा कार्यविधि सम्बन्धमा आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ तथा नियम ४१ का व्यवस्थाहरू अनिवार्य रूपमा पालना गर्नु पर्नेछ। प्रचलित कानूनमा उल्लिखित भएकोमा सो बमोजिम र अन्यको हकमा देहाय बमोजिम हुन पर्नेछ :

४५. **<u>बैठक भत्ता सम्बन्धी मापदण्डः</u>** देहायका सबै आधारहरू पुरा भएको अवस्थामा मात्र बैठक भत्ता प्रदान गर्नु पर्नेछः

(१) बैठकको आवश्यकता, औचित्यता र उपयुक्तता लगायतका विषयवस्तु स्पष्ट भएको हुनु पर्ने।

(२) बैठक कार्यालय समय अघि वा पछि सम्पन्न भएको हुनु पर्ने।

(३) एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने।

(४) कानून बमोजिम गठन भएका समिति तथा बोर्डहरूको बैठकका लागि मात्र भत्ता प्रदान गर्ने।

(५) कुनै आयोजना विशेषमा मन्त्रालयका सचिव वा विभागीय प्रमुखको अध्यक्षतामा गठन हुने निर्देशन समितिमा भत्ता नपाउने।

(६) बैठकमा आमन्त्रित सदस्यका रूपमा थप व्यक्तिहरू राख्न नपाइने तर विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ (तीन) जनासम्म मात्र आमन्त्रित सदस्यलाई भत्ता प्रदान गर्न सकिने।

(७) अपाङ्गता भएका ब्यक्ति उपस्थित हुनु पर्ने कार्यक्रममा निजको साथमा आउने सांङ्केतिक भाषा अनुवादक, दोभाषे वा सहयोगी १ (एक) जनालाई आमन्त्रित ब्यक्ति सरह बैठक भत्ता बराबरको पारिश्रमिक उपलब्ध गराउन सकिनेछ।

(८) कार्यालयमा बिदा लिएको वा अनुपस्थित भएको दिन बैठक भत्ता नपाउने।

(९) कुनै छानविन, अध्ययन, अनुसन्धान वा निश्चित कामका लागि गठन भएका समिति/आयोगले आफ्नो उद्देश्य बमोजिमको कार्यका लागि वैठक बस्दा समिति/आयोगका सदस्यले भत्ता नपाउने।

४६. **अन्य भत्ता सम्बन्धी मापदण्डः**

(१) सार्वजनिक निकायमा कार्यरत पदाधिकारी वा कर्मचारीलाई प्रचलित कानून तथा स्वीकृत मापदण्ड बमोजिम प्रदान गरिदै आएको भत्ता, पोशाक खर्च, महँगी भत्ता र स्थानीय भत्ता बाहेक अन्य कुनै प्रकारको भत्ता प्रदान गरिने छैन।

(२) सेमिनार, तालीम, गोष्ठी, छलफल, बैठक, अन्तर्क्रिया लगायतको कार्यक्रम सम्भव भएसम्म अनलाईन प्रविधिको माध्यमबाट सञ्चालन गर्ने ब्यवस्था मिलाउनु पर्नेछ।

(३) भौतिक रूपमा नै उपस्थित भई सेमिनार, तालीम, गोष्ठी गर्नु परेमा उपलब्ध भएसम्म आफ्नै सभाहल वा बैठक कक्ष र उपलब्ध नभएमा सार्वजनिक सभाहल वा बैठक हल प्रयोग गर्नु पर्नेछ। वैदेशिक ऋणबाट व्यहोर्ने गरी आवासीय रूपमा गोष्ठी वा कार्यशाला आयोजना गरिने छैन। अत्यावश्यक काममा लेखा उत्तरदायी अधिकृतको निर्णयबाट बाहेक अरु काममा नेपाल सरकारको स्रोतबाट आवासीय गोष्ठी गर्नु हुँदैन।

(४) समितिको बैठकमा विषयसँग सम्बन्धित विज्ञ बाहेक अन्य आमन्त्रित सदस्यको रूपमा सहभागी हुने सदस्यले बैठक भत्ता पाउने छैन। बैठक भत्ता प्रदान गर्दा मन्त्रीस्तरको अध्यक्षतामा हुने बैठकका पदाधिकारीलाई प्रति बैठक रू.२५००।- का दरले बैठक भत्ता प्रदान गर्नु पर्नेछ। संवैधानिक पदाधिकारी वा रा.प.विशिष्ट श्रेणीले अध्यक्षता गर्ने बैठकका पदाधिकारीलाई प्रति बैठक रू.२०००।- का दरले र अन्य पदाधिकारी/ व्यक्तिहरूले अध्यक्षता गर्ने बैठकका पदाधिकारीलाई प्रति बैठक रू.१५००।- का दरले प्रदान गर्नु पर्नेछ।

(५) विकास समिति ऐन, २०१३ अन्तर्गत गठित विकास समिति/आयोग/बोर्डहरूका सदस्यहरूलाई बैठक भत्ता प्रदान गर्ने विषयमा यस अघि जे जस्तो निर्णय भए तापनि अब यस निर्देशिका स्वीकृत भएपश्चात ती सदस्यहरूलाई प्रदान गरिने प्रति बैठकको भत्ता दर रू.२०००।- हुनेछ।

४७. **खाजा/खाना खर्च सम्बन्धी मापदण्डः** खाजा, खाना खर्चका सम्बन्धमा सम्बन्धित निकायबाट निर्णय भई आएपछि प्रचलनमा रहेका स्वीकृत मापदण्ड (नर्म्स) को आधारमा आवश्यकता, औचित्यता र उपर्युक्तता लगायतका विषय हेरी अर्थ मन्त्रालयले यस्तो विषयमा स्वीकृति दिन सक्नेछ। देहाय बमोजिमको कार्य प्रक्रिया पूरा हुने अवस्थामा मात्र खाजा/खाना खर्च उपलब्ध गराइनेछः

(१) अतिरिक्त समयमा गरिने काम र सोबाट प्राप्त हुने नतिजाको सम्बन्धमा लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गराइएको हुनु पर्नेछ।

(२) खाजा/खाना खर्च प्रदान गर्ने प्रयोजनका लागि अनिवार्य रूपमा विद्युतीय हाजिर प्रणालीबाट प्रमाणित भएको हुनु पर्नेछ।

(३) खाजा/खाना खर्च र प्रोत्साहन भत्ता प्राप्त गरिरहेको पदाधिकारी/कर्मचारीलाई तोकिएको बाहेक अन्य कुनै भत्ता र परिवहन खर्च वापत कुनै रकम उपलब्ध गराइने छैन।

(४) नियमित काम बाहेक विशेष कामको लागि दैनिक २ (दुई) घण्टा भन्दा बढी अतिरिक्त समय काम गर्ने कर्मचारीलाई खाजा/खाना खर्च वापत रू.६००।- दिन सकिनेछ।

(५) सार्वजनिक विदाको दिन कम्तीमा ४ घण्टा काम गरे बापत खाजा/खाना/आतेजाते खर्चको लागि रू.८००।- दिन सकिनेछ।

४८. **सवारी साधन तथा इन्धन सुविधा सम्बन्धी मापदण्डः** सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई त्यस्तो साधन, मर्मत सुविधा तथा इन्धन उपलब्ध गराउनका लागि विभिन्न समयमा जारी भएका निर्देशिकाहरूसँग सम्बन्धित विषयमा निम्नानुसार हुनेछः

**(१) सवारी साधन (सञ्चालन तथा मर्मत) सम्बन्धी निर्देशिका, २०७२**

(क) सवारी साधन (सञ्चालन तथा मर्मत) सम्बन्धी निर्देशिका, २०७२ मा उल्लिखित सरकारी सवारी साधन सुविधा पाउने कर्मचारीलाई त्यस्तो सुविधा वापतको रकम उपलब्ध गराइसकेपछी थप इन्धन तथा मर्मतको रकम दिइने छैन।

(ख) कार्यालयमा कार्यरत रहेका सवारी चालक फाजिलमा रहने भएमा समेत बुंदा नं.१ अनुसार सुविधा पाउनेको हकमा त्यस्तो सुविधा उपलब्ध गराइने छैन।

(ग) त्यस्तो सुविधा पाउने पदाधिकारीले प्रयोग गर्ने सवारी साधन उपयोग गर्दा कार्यालयको तर्फबाट करारमा छुट्टै सवारी चालक नियुक्त गर्न वा कार्यालयको अन्य सवारी चालक उपयोग गर्न पाउने छैन। त्यसरी सवारी चालक उपयोग गरेको अवस्थामा निर्देशिका बमोजिमको सुविधा उपलब्ध गराइने छैन।

(घ) उक्त निर्देशिकालाई अनुसूची- ८ मा समावेश गरिएको छ।

**(२) "सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धन बापत नगद प्रदान गर्ने निर्देशिका, २०८०"**

(क) सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धन बापत नगद प्रदान गर्ने निर्देशिका बमोजिमको सुविधा प्राप्त गर्ने सरकारी पदाधिकारीलाई तोकिएको मापदण्ड बमोजिमको इन्धन वापत एकमुष्ट रकम उपलब्ध गराइनेछ। सो बाहेकको सुविधा उपलब्ध गराइने छैन।

(ख) निजी सवारी चालक, भान्से, निजी सहायक लगायतका कानून बमोजिम प्राप्त हुने सुविधा वापतको रकम सम्बन्धित पदाधिकारीलाई उपलब्ध गराउनु पर्ने अवस्थामा त्यस्तो सुविधा वापतको रकममा शुरू पारिश्रमिक बाहेक महङ्गी भत्ता, पोशाक भत्ता, चाडपर्व खर्च लगायत अन्य कुनै प्रकारको सुविधा उपलब्ध गराइने छैन।

(ग) अधिकार प्राप्त अधिकारीको अनुमति नलिई नेपाल सरकारका निकाय तथा सार्वजनिक संस्थाहरूले सम्बन्धित कार्यालय/निकायको कार्य क्षेत्र बाहिर सरकारी सवारी साधन प्रयोग गर्न पाइने छैन।

(घ) सार्वजनिक निकायको पदाधिकारीले एकभन्दा बढी सरकारी सवारी साधन प्रयोग गर्न पाउने छैन।

(ङ) सरकारी आवास प्रयोग गर्ने पदाधिकारीले आवास सुविधा वापत रकम लिन पाउने छैन। त्यस्तो रकम लिएको भए निजबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(च) थप आर्थिक दायित्व सिर्जना हुने गरी वा खाइपाई आएको भत्ता वा सुविधामा थप हुने गरी निर्णय गर्नुपर्ने भएमा सार्वजनिक निकायले त्यस्तो निर्णय गर्नु अघि अनिवार्य रूपमा अर्थ मन्त्रालयबाट पूर्व सहमति लिनु पर्नेछ।

(छ) नेपाल सरकारको वार्षिक बजेटबाट सार्वजनिक निकायको लागि सञ्चालन अनुदान उपलब्ध गराइएकोमा सो अनुदान बाहेक थप आर्थिक दायित्व व्यहोरिने छैन। त्यस्तो संस्था वा विश्वविद्यालय आफैंले सङ्गठन संरचना निर्धारण गरी तलब, भत्ता वा अन्य कुनै किसिमको सुविधा तोकी बजेट माग गरेमा त्यस्तो आर्थिक दायित्व समेत नेपाल सरकारले व्यहोर्ने छैन।

(ज) उक्त निर्देशिकालाई अनुसूची- ९ मा समावेश गरिएको छ।

४९. <u>ईन्धन सुविधा सम्बन्धी अन्य व्यवस्थाः</u> "**सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धन बापत नगद प्रदान गर्ने निर्देशिका, २०८०**" मा तोकिए बमोजिमको सवारी साधन सुविधा पाउने पदाधिकारीहरूले प्राप्त गर्ने इन्धन सुविधा तपसिल बमोजिम रहेको छः

(१) सवारी सुविधा पाउनेको लागि ईन्धन खर्च उक्त मापदण्डको दफा ३ मा भएको व्यवस्था अनुसार उल्लिखित इन्धन रकम उपलब्ध गराउँदा नेपाल आयल निगमबाट प्रत्येक महिनाको एक गतेको लागि कायम भएको इन्धनको बजार मूल्यको आधारमा सो बराबरको रकम उपलब्ध गराउनेछ र सो इन्धन वापत भुक्तानी भएको रकमको कुनै बिलबिजक पेश गर्नुपर्ने छैन। सो इन्धन वापतको रकम मासिक रूपमा दिने तलब भत्तासँगै सम्बन्धित कर्मचारीलाई भुक्तानी दिइनेछ।

| **सुविधा पाउने पदाधिकारी** | **मासिक पेट्रोल/डिजल (लिटरमा)** | **त्रैमासिक मोबिल र ब्रेक आयल (लिटरमा)** |
|---|---|---|
| मन्त्री/संवैधानिक पदाधिकारी | प्रचलित कानून बमोजिम | |
| सचिव/विशिष्ट श्रेणी | १२५ | ५ |
| सह-सचिव | १०० | ५ |

(२) इन्धनवापत नगद सुविधा प्राप्त गर्ने कर्मचारीलाई थप छुट्टै इन्धन उपलब्ध गराइने छैन। इन्धन सुविधा पाउने कर्मचारी कुनै कार्यक्रमको लागि वा सरकारी कामको सिलसिलामा काठमाडौं उपत्यका बाहेकका अन्य जिल्ला भ्रमण गर्नुपर्ने भएमा सोही कार्यक्रमबाट सवारी साधन र इन्धनको व्यवस्था गर्नु पर्नेछ।

(३) इन्धनवापत नगद सुविधा प्राप्त गर्ने कर्मचारीलाई कुनै कार्यक्रमबाट सवारी साधन तथा इन्धन उपलब्ध हुन नसक्ने अवस्थामा भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीबाट स्वीकृत भए बमोजिमको इन्धन तथा सवारी साधनको व्यवस्था सम्बन्धित कार्यालयले गर्नु पर्नेछ।

(४) इन्धनवापत नगद सुविधा प्राप्त गर्ने कुनै कर्मचारीलाई विद्युतीय सवारीको सुविधा उपलब्ध भएको अवस्थामा इन्धन वापत उपलब्ध गराइने रकमको आधा रकम प्रदान गरिनेछ।

(५) केन्द्रीय स्तरका कार्यालय प्रयोजनका सवारी साधनको हकमा प्रदान गर्ने सुविधा देहाय बमोजिम हुनेछः

| **दरबन्दी संख्या** | **पुलमा सवारी साधन राख्न पाइने** | **डिजल मासिक लि.** | **पेट्रोल मासिक लि.** | **मोविल र ब्रेक आयल लि. प्रति ३ महिना** |
|---|---|---|---|---|
| सुविधा पाउने पदाधिकारी बाहेक ३० जना कर्मचारी दरबन्दी भएकोमा | १ | १०० | ७५ | ५ |
| थप ५० मा | १ | १०० | ७५ | ५ |
| त्यसपछिको थप प्रति १०० दरबन्दीका लागि | १ | १०० | ७५ | ५ |

(६) प्रति मोटरसाइकल/स्कुटरलाई कार्यालयको कामको प्रयोजनार्थ मासिक १२ लिटर पेट्रोल।

५०. **<u>आयोजना अवधिभर स्थायी नियुक्ति भएका अस्थायी कर्मचारीको सुविधा:</u>** अस्थायी कर्मचारीलाई सुविधा दिने विषयमा अर्थ मन्त्रालयको मिति २०६०/०७/२८ को परिपत्र बमोजिम आयोजना अवधिभर स्थायी नियुक्ति भएका अस्थायी कर्मचारीलाई शुरू तलब स्केल बमोजिमको देहाय अनुसारका सुविधा उपलब्ध गराउनेः

**(१) उपदान तर्फ :**

(क) पाँच वर्षसम्म काम गरेकालाई कुनै प्रकारको उपदान नदिने।

(ख) पाँच वर्षदेखि दश वर्षसम्म काम गरेकालाई प्रत्येक वर्षका निमित्त आखिरी आधा महिनाको तलब बराबरको रकम दिने।

(ग) दश वर्षदेखि पन्ध्र वर्षसम्म काम गरेकालाई प्रत्येक वर्षका निमित्त आखिरी एक महिनाको तलब बराबरको रकम दिने।

(घ) पन्ध्र वर्ष भन्दा बढी जतिसुकै वर्ष भए पनि प्रत्येक वर्षका लागि आखिरी डेढ महिनाको तलब बराबरको रकम दिने।

**(२) औषधी उपचार तर्फ** : निजामती सेवा ऐन, २०४९ तथा निजामति सेवा नियमावली, २०५० मा व्यवस्था भए बमोजिमको औषधि उपचार सुविधा २० (बीस) वर्ष नोकरी अवधिलाई पूरा अवधि मानी जे जति अवधि काम गरेको हो, सोलाई दामासाहीको दरले हुन आउने रकम औषधी उपचार खर्च वापत उपलब्ध गराइनेछ। तर यस्तो औषधी उपचार सेवा अवधिको बीचमा पटक पटक लिएको भए सो रकम कट्टा गरी बाँकी रकम मात्र उपलब्ध गराइनेछ।

**५१.** **<u>अस्थायी कर्मचारीको सुविधाः</u>** मिति २०६० साल असोज ८ गते अघि नेपाल सरकारका कार्यालय/आयोजनामा पटक पटक नियुक्ति वा म्याद थप भई अविच्छिन्न रूपमा कार्यरत अस्थायी कर्मचारीलाई अवकाश हुँदाको अवस्थामा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०६१/०३/१० मा भएको निर्णय बमोजिम देहायअनुसारको सम्बन्धित पदको शुरू तलव स्केल बमोजिमको सुविधा उपलब्ध गराइनेछः

(१) **सुविधा उपलब्ध गराउने आधारहरूः**

(क) अविच्छिन्न रूपमा कार्यरत रहेका कर्मचारीलाई मात्र यस प्रयोजनको सुविधा उपलब्ध गराइने र बीचमा नोकरी टुटेको भए यस्तो सुविधा दिने प्रयोजनार्थ नोकरी जोड्न पाइने छैन।

(ख) मिति २०६० साल असोज ८ गते पछि आयोजना अवधिभर वा अन्य कुनै प्रयोजनका लागि अस्थायी कर्मचारी नियुक्ति गर्दा निर्णयमा उल्लिखित सुविधा भन्दा बढी नपाउने गरी नियुक्ति पत्र वा करार पत्रमा स्पष्ट रूपमा उल्लेख गरेको हुनु पर्नेछ। नियुक्ति पत्र वा करार पत्रमा कुनै सुविधा उल्लेख नगरेकोमा यस्तो सुविधा दिइने छैन।

(२) **उपलब्ध गराउने सुविधाः**

(क) **उपदानतर्फः** देहायको अवधि अविच्छिन्न सेवा गरेका कर्मचारीलाई निम्नानुसारको उपदान सुविधा उपलब्ध गराउनेः

१. ५ वर्षभन्दा कम अवधि काम गरेकोलाई कुनै प्रकारको उपदान नदिने।

२. ५ वर्षदेखि १० वर्षसम्म काम गरेकोलाई प्रत्येक वर्षका निमित्त आखिरी आधा महिनाको तलब बराबरको रकम।

३. १० वर्षदेखि १५ वर्षसम्म काम गरेकोलाई प्रति वर्षका निमित्त आखिरी १ महिनाको तलब बराबरको रकम।

४. १५ वर्षभन्दा बढी जतिसुकै अवधि भए पनि प्रत्येक वर्षका लागि आखिरी डेढ महिनाको तलब बराबरको रकम।

(ख) **औषधी उपचार तर्फः** निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० मा व्यवस्था भए जस्तै २० वर्ष नोकरी अवधिलाई पूरा अवधि मानी जे जति अवधि काम गरेका हुन सोलाई दामासाहीको दरले हुन आउने औषधी उपचार लिन बाँकी रकम भुक्तानी गर्ने।

(३) **अस्थायी कर्मचारीले सुविधा नपाउने अवस्थाः** यस्तो सुविधा मिति २०६० असोज ८ गतेसम्म बहाल रहेका र सो मितिपछि अवकाश पाउने कर्मचारीहरूले मात्र पाउने हुँदा सो मितिभन्दा पहिले नै अवकाश पाएका र २०६० असोज ८ पछि नियुक्ति भएका कर्मचारीहरूले सो सुविधा पाउन सक्ने छैनन्।

(४) **अस्थायी कर्मचारीको सञ्चित विदाको रकम भुक्तानीः** अस्थायी कर्मचारीहरू अवकाश हुँदा उपलब्ध गराइने सुविधाका सम्बन्धमा विद्यमान रहेको कानूनी व्यवस्था निम्नानुसार रहेको हुँदा सोही बमोजिम गर्नु पर्नेछः

**(क) कर्मचारी समायोजन ऐन, २०७५ को दफा १६ को उपदफा (३)-** यस ऐन बमोजिम अन्य सेवाबाट प्रदेश वा स्थानीय तहको सेवामा समायोजन भएका कर्मचारीले सेवा निवृत्त हुँदा पाउने सुविधा सम्बन्धी व्यवस्था सम्बन्धित तहको कानून बमोजिम हुनेछ। यसरी कानून

बनाउँदा त्यस्तो कर्मचारी नियुक्ति हुँदाको अवस्थामा रहेको कानून बमोजिमको सुविधामा प्रतिकूल असर नपर्ने व्यवस्था गर्नु पर्नेछ।

**(ख) मिति २०६३/०८/११ को नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयः** नेपाल सरकारको कार्यालय/आयोजनामा मिति २०६० असोज ८ गतेअघि नियुक्ति भई लगातार वा पटक पटक म्याद थप भई अविच्छिन्न रूपमा कार्यरत अस्थायी कर्मचारीलाई अवकाश हुँदाका बखत सञ्चित रहेको घर बिदा र बिरामी बिदा बापतको रकम यकिन गरी भुक्तानी दिने। तर, कर्मचारी समायोजन ऐन, २०७५ आकर्षित हुनेको हकमा सोही बमोजिम हुनेछ।

(५) **प्रदेश तथा स्थानीय तहका कार्यालयमा कार्यरत अस्थायी कर्मचारीको सेवानिबृत पश्चातको उपदान, संचित विदा र औषधि उपचार रकम सम्बन्धमाः** कर्मचारी समायोजन ऐन, २०७५ को दफा १६ को उपदफा (३) मा भएको व्यवस्था अनुसार यस ऐन बमोजिम अन्य सेवाबाट प्रदेश वा स्थानीय तहको सेवामा समायोजन भएका माथि उल्लिखित अस्थायी कर्मचारीले सेवा निवृत हुँदा पाउने सुविधा सम्बन्धी व्यवस्था सम्बन्धित तहको कानून बमोजिम हुनेछ। उक्त सुविधाहरू प्रदेश वा स्थानीय तहले नै उपलब्ध गराउनु पर्नेछ।

५२. **औषधी उपचार/थप आर्थिक सहायता**: राष्ट्र सेवकलाई औषधी उपचार वापत थप आर्थिक सहायता देहाय बमोजिम उपलब्ध गराइनेछः

(१) निजामती, नेपाली सेना, नेपाल प्रहरीका र सशस्त्र प्रहरी बल नेपालका सेवारत कर्मचारीहरूलाई नियम बमोजिम दिइने औषधी उपचार वापत थप आर्थिक सहायताका सम्बन्धमा सेवा सञ्चालनसँग सम्बन्धित प्रचलित कानून बमोजिमको समितिको सिफारिसमा तोकिएको सीमाभित्र रहेर बिल बमोजिमको रकम एक पटकका लागि थप आर्थिक सहायता दिइनेछ। यस्तो थप आर्थिक सहायता उपभोग गरेपछि पनि उपचार खर्च नपुग भएको अवस्थामा पुनः एक पटक तोकिएको सीमासम्मको रकम थप आर्थिक सहायता उपलब्ध गराउन मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न सहमति दिन सकिनेछ। औषधि उपचार खर्च वापतको रकम देहाय बमोजिमको विवरण संलग्न गरी माग गर्नु पर्नेछ।

**मन्त्रालय/निकायको नामः**

| क.सं. | विवरण | भएको | नभएको |
|---|---|---|---|
| १ | सम्बन्धित मन्त्रालयको निर्णयको प्रतिलिपि | | |
| २ | नेपाल सरकार, मन्त्रिपरिषद्बाट निर्णय भएको भए सोको प्रतिलिपि | | |
| ३ | निजामती सेवा नियमावली वा त्यस्तै प्रचलित सेवासँग सम्बन्धित नियमावली बमोजिम कर्मचारीले अवकाश हुँदा प्राप्त गर्ने रकमबाट कट्टी हुने रकम उपयोग गरे/नगरेको | | |
| ४ | आर्थिक सहायता उपलब्ध गराउन मेडिकल बोर्डको सिफारिस तथा समितिको निर्णय | | |
| ५ | सम्बन्धित किताबखानामा अभिलेख जनाएको प्रमाण | | |
| ६ | **सरकारी कामको सिलसिलामा दुर्घटनामा परी उपचार गराँउदा लागेको उपचार खर्च भए थप निम्न कागजातहरू** | | |
| | क) नियमानुसारको सम्बन्धित समितिको सिफारिस | | |

| | | | |
|---|---|---|---|
| | ख) सरकारी कामको लागि खटाएको प्रमाण वा भ्रमण आदेश | | |
| | ग) सर्जमिन मुचुल्का तथा प्रहरी प्रतिवेदन | | |
| | घ) उपचार गराएको अस्पतालको कागजात वा वील भरपाई | | |
| | ङ) उपचार गर्नुपर्ने कर्मचारी कार्यरत निकायको सिफारिस | | |
| | च) अस्पताल भर्ना भएको तीन महिना भित्रको माग | | |

(२) **औषधी उपचार रकम माग गर्ने सम्बन्धी व्यवस्थाः** निजामती कर्मचारीलाई सरकारी कामको सिलसिलामा बिरामी परी वा चोटपटक लाग्न गई उपचार गराउँदा भएको खर्च निजामती सेवा नियमावली, २०५० को नियम ९७ बमोजिम अस्पताल भर्ना भएको तीन महिनाभित्र माग दाबी गरी सक्नु पर्नेछ।

(३) **सरकारी कामको सिलसिलामा चोटपटक लाग्न गई उपचार गराए वापत पाउने औषधी उपचार खर्च माग गर्दा देहाय बमोजिमका कागजात पेश गर्नु पर्नेछः**

(क) सरकारी कामको लागि खटाएको प्रमाण वा भ्रमण आदेश।

(ख) सर्जमिन मुचुल्का वा प्रहरी प्रतिवेदन।

(ग) उपचार गराइएको अस्पतालको प्रेश्क्रिप्सन (कागजात) र बिल।

(घ) उपचार गर्नुपर्ने निजामती कर्मचारी कार्यरत निकायको सिफारिस पत्र।

(ङ) निजामती सेवा नियमावली, २०५० को नियम १०० बमोजिमको समितिको सिफारिस।

**५३.** **<u>वैदेशिक तालिमः</u>** वैदेशिक तालिम एवम् अध्ययन कार्यक्रमका सम्बन्धमा देहाय बमोजिम हुनेछः

(१) वैदेशिक ऋणबाट खर्च व्यहोर्ने गरी वैदेशिक तालिम, अवलोकन भ्रमण, गोष्ठी, सेमिनार लगायतका कार्यमा खर्च गर्न सहमति दिइने छैन।

(२) नेपाल सरकारको दायित्व पर्ने गरी वैदेशिक तालिम/अध्ययन, सभा, सेमिनार तथा विदेश भ्रमण एवम् आर्थिक सहायता आदि विषयमा नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा अर्थ मन्त्रालयबाट पूर्व सहमति लिनु पर्नेछ।

विदेशी राष्ट्र तथा आयोजक संस्थाले खर्च व्यहोर्ने गरी मनोनयन भई वैदेशिक तालिम/अध्ययनमा भाग लिन जाने कर्मचारीका हकमा नेपाल सरकारको तर्फबाट कुनै पनि खर्च उपलब्ध गराउन सहमति दिइने छैन।

नेपाल सरकारको दायित्व पर्ने गरी वैदेशिक तालिम/अध्ययन, सभा, सेमिनार तथा विदेश भ्रमणको आवश्यकता र औचित्यको आधारमा बढीमा ५ जनासम्मका लागि सहमति प्रदान गर्न सकिनेछ। वैदेशिक भ्रमणको सहमति माग गर्दा देहाय बमोजिमको विवरण संलग्न गरी माग गर्नु पर्नेछ।

| क्र.सं. | विवरण | भएको | नभएको |
|---|---|---|---|
| १ | अति विशिष्ट तथा विशिष्ट श्रेणीका पदाधिकारीहरूको वैदेशिक भ्रमणको सम्बन्धमा नेपाल सरकारका अति विशिष्ट तथा विशिष्ट श्रेणीका पदाधिकारीले गर्ने विदेश भ्रमण दिवा तथा रात्री भोज एवम् उपहार सम्बन्धी निर्देशिका, २०७२ अनुसार माग भएको | | |

| | | | |
|---|---|---|---|
| २ | वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५ अनुरूप भएको | | |
| ३ | सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ अनुरूप भएको | | |
| ४ | नेपाल सरकारको प्रतिनिधित्व हुनु पर्ने कारण औचित्य र पुष्ट्याई | | |
| ५ | सम्बन्धित मन्त्रालयको मन्त्रिस्तरीय निर्णय | | |
| ६ | भ्रमण खर्च नियमावली, २०६४ (संशोधन सहित) अनुसार नेपाल सरकारलाई पर्ने आर्थिक दायित्व | | |
| ७ | आयोजकले खर्च व्यहोर्ने/नव्यहोर्ने | | |
| ८ | आयोजकको आमन्त्रण पत्रको प्रतिलिपि | | |

५४. **सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्डः** मन्त्रालयबाट विभिन्न मितिमा भएका निर्णय समेतका आधारमा खर्च गर्नुपर्ने तालिम, गोष्ठी, सेमिनार लगायतका खर्चको मापदण्ड अनुसूची- ८ मा उल्लेख गरिएको छ। प्रत्येक निकायले खर्च गर्दा मापदण्ड बमोजिम गर्नु पर्नेछ। तोकिए बाहेकका विषय र दरभन्दा बढी दरमा खर्च गर्नु परेमा मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

५५. **लेख रचना पारिश्रमिकः** कुनै पनि लेख तथा रचना समाविष्ट गरी पत्रिका प्रकाशन गर्ने निकायले लेख तथा रचना वापतको पारिश्रमिक, कम्प्यूटर सेटिङ, डिजाइनिङ र टाइपिङ, शुद्धाशुद्धि तथा सम्पादकमण्डलका सदस्यहरूलाई पारिश्रमिक भुक्तानी गर्दा देहाय अनुसारको मापदण्डका आधारमा रकम भुक्तानी गर्नु पर्नेछः

| क्र.सं. | विवरण | दर |
|---|---|---|
| १. | लेख रचनाको आधारमा सम्पादक मण्डलबाट हुने श्रेणी विभाजन | पारिश्रमिक रू. |
| | अनुसन्धानमूलक, विचारमूलक, विश्लेषणात्मक र मौलिक लेख तथा रचना - "क" श्रेणी | ४५००।- |
| | तथ्यमूलक, विचारमूलक, विश्लेषणात्मक र मौलिक लेख तथा रचना - "ख" श्रेणी | ३५००।- |
| | विवरणात्मक र मौलिक लेख रचना - "ग" श्रेणी | २०००।- |
| २. | कम्प्यूटर सेटिङ, डिजाइनिङ र टाइप समेतका लागि प्रति अंक | १५००।- |
| ३. | सम्पादक मण्डलका सदस्यहरूलाई प्रति सदस्य प्रति रचना सम्पादन बापत (अधिकतम ५ जना) | १००।- |

५६. **अन्य व्यवस्थाहरूः** सरकारी रकम खर्च गर्दा देहाय बमोजिम मितब्ययिता कायम गर्नु पर्नेछः

(१) सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्नेछ।

(२) सार्बजनिक निकायले प्रकाशन गर्नुपर्ने प्रतिवेदन प्रचलित कानून बमोजिम छपाई गरी प्रकाशन गर्नु पर्ने बाहेक, अन्यको हकमा छपाई नगरी त्यस्तो निकायको वेभसाईट मार्फत सार्बजनिक गर्नु पर्नेछ।

(३) नेपाल सरकार, प्रदेश र स्थानीय तहको सह-लगानी वा साझेदारीमा सञ्चालन हुने कार्यक्रम वा आयोजना बाहेकको कुनै कार्यक्रम वा आयोजना सञ्चालन गर्दा एकआपसमा दोहोरो नपर्ने गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। कुनै कार्यक्रम वा आयोजना दोहोरो परेको भए नेपाल सरकारबाट सञ्चालित कार्यक्रम वा आयोजना सञ्चालन गर्ने जिम्मा पाएको सम्बन्धित निकायले अर्थ मन्त्रालयमा लेखी पठाउनु पर्नेछ। अर्थ मन्त्रालयले त्यस्तो दोहोरो परेको कार्यक्रम वा आयोजना रोक्का गर्नु पर्नेछ।

(४) सार्वजनिक निकायको कार्यालय कार्यकक्ष वा सरकारी आवासको सजावटमा खर्च गर्नुपर्ने अवस्था भएमा शहरी विकास मन्त्रालयले बनाएको सरकारी आवास वा कार्यालय कार्यकक्ष सजावट सम्बन्धी मापदण्ड बमोजिम त्यस्तो सजावट सम्बन्धी खर्च गर्नु पर्नेछ। त्यस्तो मापदण्ड तयार नभएसम्म सजावटमा खर्च गर्न पाइने छैन।

(५) अनुगमन भ्रमण टोली खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी खटाउनु पर्नेछ। त्यसरी कर्मचारी खटाउँदा आवश्यकता, औचित्यता र उपयुक्तताको आधारमा बढीमा तीन जनाको टोली खटाउनु पर्नेछ।

(६) स्वीकृत दरबन्दी बाहेक कार्यक्रम खर्च शीर्षकबाट खर्च गर्ने गरी करारमा जनशक्ति राख्न पाइने छैन।

(७) करारमा राख्न सकिने जनशक्ति स्थायी दरबन्दी रिक्त भएको अवस्थामा फाजिलमा रहेको कर्मचारीबाट पदपूर्ति गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाउनु पर्नेछ। फाजिलमा रहेको कर्मचारीबाट तत्काल पदपूर्ति हुन नसकी करारमा लिनु पर्ने भएमा त्यस्तो जनशक्ति करार सम्झौता गर्दा अनिवार्य रूपमा अर्थ मन्त्रालयको पूर्व सहमति लिनु पर्नेछ।

(८) अस्थायी, करार वा ज्यालादारीमा कुनै कर्मचारी नियुक्ति गर्न परेमा त्यस्तो जनशक्तिले कुनै पद विशेषले पाउने पारिश्रमिक वा सुविधा सरह पाउने नभनी निजले मासिक रूपमा पाउने पारिश्रमिक र सुविधाको रकम तथा नियुक्ति/सम्झौता वहाल हुने अवधि समेत स्पष्ट रूपमा किटानी तोकेर नियुक्ति/सम्झौता गर्नु पर्नेछ। त्यस्तो कर्मचारीले सम्झौतामा उल्लेख भए बाहेक कुनै पनि थप सेवा सुविधा पाउने छैन।

(९) सरकारी खर्चलाई मितव्ययी तवरबाट खर्च गर्ने सम्बन्धमा समय समयमा जारी भएको निर्देशिकालाई पालना गर्नु पर्नेछ।

## परिच्छेद - ८
## दरबन्दी सिर्जना एवम् सहमति

कुनै नयाँ सरकारी कार्यालय स्थापना गर्न सङ्गठन संरचना तयार गर्दा र नयाँ दरबन्दी सिर्जना गर्दा अवलम्वन गर्नुपर्ने प्रक्रियाका सम्बन्धमा भएका प्रचलित कानूनी व्यवस्था तपसिल बमोजिम रहेको छः

**५७. <u>निजामति सेवा ऐन, २०४९ को दफा ६क मा भएको व्यवस्थाः</u>**

**<u>दरबन्दी सिर्जनाः</u>** (१) निजामती सेवामा रहने पदहरूको दरबन्दी तोकिए बमोजिम सिर्जना हुनेछ।

(२) कुनै नयाँ सरकारी कार्यालय स्थापना गर्न सङ्गठन संरचना तयार गर्दा र नयाँ दरबन्दी सिर्जना गर्दा वा तत्काल कायम रहेको सङ्गठन संरचना र दरबन्दीमा पुनरावलोकन गर्दा वा हेरफेर गर्दा सम्बन्धित मन्त्रालयले कार्यक्रम, कार्यबोझ, कार्य प्रकृति तथा दरबन्दी थप गर्नु पर्ने कारण र सोको औचित्य र उपलब्ध मानवस्रोत समेतको आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी अर्थ मन्त्रालयको सहमति लिई सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्नेछ।

(२क) उपदफा (२) बमोजिम प्राप्त सहमतिको आधारमा सामान्य प्रशासन मन्त्रालयले सोको मूल्याङ्कन गरी तीस दिनभित्र स्वीकृतिको लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्नेछ।

तर, सङ्गठन संरचना र दरबन्दी हेरफेर भएको अवस्थामा त्यस्तो हेरफेर भएको सङ्गठन संरचना र दरबन्दीको मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्रतिवेदन पेश गर्न सकिनेछ।

(३) उपदफा (१), (२) र (२क) विपरित दरबन्दी सिर्जना गरी पूर्ति गरिएको पद स्वतः खारेज हुनेछ।

**५८. <u>निजामति सेवा नियमावली, २०५० को नियम- ४ मा भएको व्यवस्था</u>**

**<u>सङ्गठन संरचना र दरबन्दी सम्बन्धी व्यवस्थाः</u>** (१) कुनै कार्यालयको सङ्गठनको स्वरूप तयार गर्ने वा सङ्गठन संरचनामा हेरफेर गर्ने वा स्थायी पद सिर्जना वा खारेज गर्ने स्वीकृति प्राप्त भएको मितिले पन्ध्र दिनभित्र सामान्य प्रशासन मन्त्रालयले सम्बन्धित निकायमा लेखी पठाउनेछ र सम्बन्धित निकायले सो जानकारी प्राप्त गरेको मितिले पन्ध्र दिन भित्रमा दरबन्दी अभिलेख अद्यावधिक गरी त्यसको जानकारी सामान्य प्रशासन मन्त्रालय र निजामती किताबखानामा पठाउनु पर्नेछ।

(२) सङ्गठनको स्वरुप तयार गर्ने वा सङ्गठन संरचनामा हेरफेर गर्ने क्रममा स्थायी पद सिर्जना वा हेरफेर गर्नु परेमा थप वा हेरफेर गर्न खोजिएको पदको कार्य विवरण संलग्न गर्नु पर्नेछ।

(३) आयोजना वा कार्यक्रमको लागि स्वीकृत अस्थायी दरबन्दीमा निजामती सेवाका स्थायी निजामती कर्मचारीलाई काजमा खटाई काम काज गराउनु पर्नेछ। त्यस्तो दरबन्दीमा स्थायी कर्मचारीबाट पदपूर्ति हुन नसकेमा आयोजना प्रमुख, लेखा प्रमुख र जिन्सी संरक्षक (स्टोरकिपर) बाहेकका अन्य पदमा सेवा करारबाट कामकाज गराउनु पर्नेछ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारका विभिन्न निकायहरूले विभिन्न कार्यक्रम सञ्चालनको लागि दातृ निकाय र दातृ संस्थासँग सम्झौता गर्दा त्यस्ता कार्यक्रमलाई आवश्यक पर्ने जनशक्तिको विषय पनि उल्लेख हुन आएमा सम्झौता गर्नु पूर्व जनशक्तिको सम्बन्धमा सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयको समेत सहमति लिनु पर्नेछ।

**५९. <u>संगठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका, २०६६:</u>**

नयाँ सरकारी कार्यालय स्थापना गर्न संगठन संरचना तयार गर्दा र नयाँ दरबन्दी सिर्जना गर्दा नेपालको निजामती सेवामा संगठन तथा जनशक्ति विस्तार एवम् संकुचन गर्दा निश्चित आधार सहितको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने व्यवस्था निजामती सेवा ऐन, २०४९ ले गरेको छ। त्यस्तो सर्वेक्षण बस्तुपरक आधारसहित गर्नको लागि स्पष्ट प्रक्रिया निर्धारण गर्न नेपाल सरकारले जारी गरेको संगठन तथा व्यवस्थापन

सर्वेक्षण निर्देशिका, २०६६ बमोजिमको कार्य प्रक्रिया अवलम्बन गर्नु पर्नेछ। उक्त निर्देशिकालाई अनुसूची-१० मा समावेश गरिएको छ।

६०. **दरवन्दी सिर्जना सम्बन्धी अन्य व्यवस्थाः**

नयाँ संगठन स्थापना गर्ने विषयमा अर्थ मन्त्रालयको सहमति माग गर्दा संगठन स्थापनाको आवश्यकता र औचित्य स्पष्ट रूपमा खुलाउनु पर्नेछ। साथै, प्रस्तावित संगठनको रणनीतिक योजना (Strategic Plan) समेत उल्लेख गर्नु पर्नेछ। कुन योजना, नीति एवम् कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा उक्त संगठनको स्थापना गर्नुपर्ने हो, सोको औचित्य समेत खुलाउनु पर्नेछ। यसको साथै प्रस्तावित संगठन स्थापना एवम् सञ्चालन र कर्मचारी व्यवस्थापन सम्बन्धी दायित्व समेतको लागि लाग्ने आर्थिक दायित्वको अनुमान खुलेको विवरण समेत संलग्न हुनु पर्नेछ। प्रस्तावित संगठन अन्तर्गत रहने विभाग, शाखा वा यस्तै इकाई र नयाँ सिर्जना गर्न खोजिएको सबै पदको कार्य विवरण समेत समावेश हुनु पर्नेछ। उपरोक्तानुसार सहमति माग भएमा अर्थ मन्त्रालयले समग्र आर्थिक दायित्वको साथै यसबाट नेपाल सरकारको योजना र कार्यक्रममा पर्ने समग्र प्रभावलाई समेत दृष्टिगत गरी सो सम्बन्धमा आवश्यक निर्णय गर्न सक्नेछ। नयाँ संगठन स्थापना वा भएको संगठनको संरचना विस्तार गर्दा हुने संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनमा यी विषयहरू स्पष्ट उल्लेख गरिएको रहनेछ भने सो समावेश भई नआएसम्म अर्थ मन्त्रालयबाट सहमति प्रदान गरिने छैन। यसै गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट कायम हुने दरबन्दी अनुसारको रिक्त पदमा कर्मचारीहरूको पदपूर्ति आगामी आर्थिक वर्षदेखि मात्र गर्ने गरी सम्बन्धित निकायलाई सहमति प्रदान गरिनेछ। स्थायी नयाँ दरबन्दी सिर्जना वा नयाँ संगठन स्थापना गर्दा देहाय बमोजिमको विवरण तथा कागजात समेत संलग्न गरी पठाउनु पर्नेछ।

| क्र.सं. | विवरण | भएको | नभएको |
|---|---|---|---|
| **क** | **स्थायी नयाँ दरबन्दी सिर्जना/दरबन्दी थप वा नयाँ संगठन स्थापना गर्नको लागि** | | |
| १. | सम्बन्धित मन्त्रालयको मन्त्रिस्तरीय निर्णयको प्रतिलिपि | | |
| २. | संगठन व्यवस्थापन सर्वेक्षण (O&M Survey) प्रतिवेदनको प्रतिलिपि | | |
| ३. | थप हुने चालु तथा पुँजीगत आर्थिक दायित्वको विवरण | | |
| **ख** | **अस्थायी दरबन्दी सिर्जनाको लागिः** | | |
| १. | सम्बन्धित मन्त्रालयको मन्त्रिस्तरबाट भएको निर्णयको प्रतिलिपि | | |
| २. | अस्थायी दरबन्दी समितिको निर्णयको प्रतिलिपि | | |
| ३. | अस्थायी दरबन्दी आवश्यक भएको कारण र आधार | | |
| ४. | LMBIS मा प्रविष्ट भएको अस्थायी दरबन्दीका कर्मचारीलाई भुक्तानी गरिने बजेटको विवरण | | |
| ५. | थप गरिने अस्थायी दरबन्दीको प्रत्येक पदको कार्य विवरण | | |
| ६. | अस्थायी दरबन्दी कसरी पूर्ति गरिने हो सोको विवरण | | |

## ६१. स्थायी दरबन्दी सिर्जना गर्दा अपनाउनुपर्ने कार्यविधिः

स्थायी दरबन्दी सिर्जना गर्न सहमति माग गर्दा निम्नानुसारको विवरण पेश गर्नु पर्नेछः

(१) नयाँ संगठन स्थापना गर्ने विषयमा सहमति माग भएकोमा सम्बन्धित मन्त्रालयको निर्णय वा नेपाल सरकार, मन्त्रिपरिषद्बाट सैद्धान्तिक निर्णय भएकोमा सो निर्णय राखी प्रत्येक पदको कार्य विवरण, संगठनको ढाँचा, आर्थिक दायित्वको अनुमान खुलेको विवरण संलग्न हुनु पर्नेछ।

(२) मौजुदा संगठनको पुनर्संरचनाको हकमा पनि मन्त्रालयको निर्णयसहित नयाँ सिर्जना गर्न खोजिएको पदको कार्यविवरण र समग्र आर्थिक दायित्व खुलेको विवरण संलग्न हुनु पर्दछ।

(३) संगठन विघटन गर्दा वा गाभ्ने निर्णय गर्दा पर्ने सक्ने वित्तीय प्रभावका अतिरिक्त सम्पत्ति, दायित्व र जनशक्तिको व्यवस्थापन गर्ने स्पष्ट कार्ययोजना समावेश हुनु पर्दछ।

(४) नयाँ दरबन्दी सिर्जना गर्नुपर्दा प्रस्तावित दरबन्दीबाट प्रत्यक्ष रूपमा प्राप्त हुने लाभको बुँदागत विवरण पनि समावेश गर्नु पर्दछ।

(५) माथि उल्लिखित सबै विवरण र अन्य प्रासांगिक विषय समावेश भएको संगठन र व्यवस्थापन सर्वेक्षण (O&M Survey) को प्रतिवेदन समेत समावेश गर्नु पर्दछ।।

## ६२. अस्थायी दरबन्दी सिर्जना गर्दा अपनाउनु पर्ने कार्यविधिः

(१) कार्यक्रम सञ्चालन गर्न वर्षभरीको लागि आवश्यक अस्थायी दरबन्दी र सो अनुसारको रकम बजेट तर्जुमाकै समयमा प्रस्ताव गर्नु पर्नेछ।

(२) अस्थायी दरबन्दी साउन महिना भित्र स्वीकृत गरिसक्नु पर्दछ।

(३) अस्थायी दरबन्दी सिर्जना गर्न सहमति माग गर्दा बजेट तर्जुमाको क्रममा भएको बजेट प्रस्ताव र अस्थायी दरबन्दी सिफारिश समितिको निर्णय बमोजिमको विवरणसहित कायम गर्नुपर्ने आवश्यक दरबन्दी यकिन गरी पेश गर्नु पर्दछ।

(४) अस्थायी दरबन्दी सिर्जना गर्ने सहमतिको लागि पेश गर्दा निम्न कागजात संलग्न भएको हुनु पर्दछः

(क) सम्बन्धित मन्त्रालयको निर्णय प्रतिलिपिसहितको माग पत्र।

(ख) अस्थायी दरबन्दी सिफारिश समितिको निर्णय।

(ग) प्रस्तावित अस्थाई दरबन्दीमा कामकाज गराउने कर्मचारीलाई उपलब्ध गराउने तलब, भत्ताको विनियोजित बजेट तथा स्वीकृत कार्यक्रम।

(घ) परियोजना/कार्यक्रमको जनशक्ति योजना र संगठन तालिका।

(ङ) सम्बन्धित पदको कार्य विवरण।

(५) विकास समिति अन्तर्गतका आयोजना/समितिको अस्थायी दरबन्दी स्वीकृतिका लागि सहमति माग गर्दा उल्लिखित विषयका अतिरिक्त सम्बन्धित निकायको सञ्चालक समितिको निर्णय प्रतिलिपि समेत संलग्न हुनु पर्दछ।

(६) वैदेशिक सहायता सम्बद्ध आयोजनाको अस्थायी दरबन्दी समितिको बैठकमा प्रतिनिधित्व गर्नु अघि आयोजनाको दरबन्दीको विषयमा अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखासँग परामर्श गर्नु पर्दछ।

(७) विकास योजनाहरूमा कर्मचारी नियुक्त गर्दा सकेसम्म सेवा करारमा लिने व्यवस्था गर्नु पर्नेछ। करारमा लिन नसकिने अवस्थामा मात्र अन्य प्रक्रियाद्वारा कर्मचारी भर्ना गर्न सकिनेछ।

६३. **रिक्त पदको लागि तलब व्यवस्था सम्बन्धः** कुनै सार्वजनिक निकायमा स्वीकृत कुनै पदमा विगत दुई वर्षभन्दा बढी अवधिदेखि रिक्त रहेमा सो पदको लागि आवश्यक तलब लगायतको कुनै पनि बजेट विनियोजन गरिने छैन।

## परिच्छेद - ९
## विविध

६४. **बजेट फाइलिङ कार्यविधिः** (१) बजेट तथा कार्यक्रम महाशाखाको प्रत्येक सेक्टरले प्रत्येक आर्थिक वर्षको लागि बजेट उपशीर्षक अनुसार संकेत दिई नयाँ फाइल खडा गर्नु पर्दछ र सोही फाइलबाट कारवाही उठाउनु पर्दछ। एकै उपशीर्षकको बढीमा निकासा, राय, सहमति, रकमान्तर तथा खर्च समर्थन र विविध गरी ४ वटासम्म फाइल खडा गर्न सकिनेछ। यसलाई संकेत दिंदा निम्न उदाहरणमा उल्लेख गरेअनुसार संकेत दिने व्यवस्था गर्नु पर्दछः

(क) ब.उ.शी.नं. ३०५०००११ –१ निकासा

(ख) ब.उ.शी.नं. ३०५०००११ –२ रकमान्तर/स्रोतान्तर तथा खर्च समर्थन

(ग) ब.उ.शी.नं. ३०५०००११ –३ राय सहमति

(घ) ब.उ.शी.नं. ३०५०००११ – ४ विविध

(२) एउटा फाइलबाट सोही विषयसँग सम्बन्धित कारवाही मात्र उठाउनु पर्दछ। उठाइएको विषय नटुंगिई अर्को त्यसै विषयको कारवाही चलाउन परेमा त्यही उपशीर्षकको अर्को फाइलबाट कारवाही शुरु गर्न सकिनेछ। तर, कारवाही टुंगिएपछि कागजात सम्बन्धित फाइलमा नै राख्ने व्यवस्था गर्नु पर्दछ। प्रत्येक कारवाहीको अलग–अलग फाइल खडा गर्नु हुँदैन।

(३) बजेट उपशीर्षकसँग सम्बन्धित नदेखिएको कागजातको हकमा सम्बन्धित मन्त्रालयको बजेट उपशीर्षकको नाममा विविध फाइल खडा गरी सोबाट कारवाही चलाउनु पर्दछ।

(४) अर्थ मन्त्रालय अन्तर्गतका विभागबाट सक्कलै फाइलसहित कारवाहीका लागि प्राप्त भएमा सम्बन्धित विभागको फाइलबाट कारवाही शुरु नगरी अर्थ मन्त्रालयको सम्बन्धित उपशीर्षकको फाइलबाटै कारवाही उठाउनु पर्दछ।

(५) फाइलसाथ कागजातको पञ्जिका पनि तयार गरी सोमा चढाउने व्यवस्था गर्नु पर्दछ। आर्थिक वर्ष समाप्त भएपछि फाइल पञ्जिका रुजु गरी छुट भएको रहेछ भने पञ्जिकामा चढाई अद्यावधिक गरी राख्नु पर्दछ।

(६) निकासा, रकमान्तर र खर्च समर्थन सम्बन्धी फाइल कम्तिमा ३ आर्थिक वर्षसम्म सुरक्षित राख्नु पर्दछ।

(७) बजेट तथा कार्यक्रम महाशाखाबाट कारवाही सम्पन्न भएका फाइलहरूलाई Digital Archive मा राख्ने व्यवस्था पर्नु पर्नेछ।

६५. **<u>कागज धुल्याउने विधिः</u>** तीन आर्थिक वर्ष व्यतित भएका कागजातहरू सरकारी कागज धुल्याउने नियम, २०२७ बमोजिमको रीत पुऱ्याई धुल्याउनु पर्दछ। कागजात धुल्याउँदा देहायका प्रक्रिया अवलम्वन गरिनु पर्दछः

(१) तोकिए बमोजिम पञ्जिका खडा गरेको भएमा सोही बमोजिम र खडा नगरेकोमा पञ्जिका खडा गर्नु पर्दछ।

(२) पञ्जिका खडा गरेपछि कागज धुल्याउन मुचुल्का खडा गरी स्वीकृतिको लागि पेश गर्नु पर्दछ।

(३) कागज धुल्याउने आदेश भएपछि पुनः कागज धुल्याएको मुचुल्का तयार गरी कागजात नष्ट गर्ने वा जलाउने व्यवस्था गर्नु पर्दछ।

(४) कागज धुल्याउने काम दशैं बिदा पछाडि र तिहार बिदा अगाडिको कुनै दिन गर्नु पर्दछ।

६६. **<u>आन्तरिक सञ्चारको व्यवस्थाः</u>** बजेट तथा कार्यक्रम महाशाखाको सबै सेक्टरलाई असर पर्ने नीतिगत वा आन्तरिक मापदण्ड (नर्म्स)को विषयमा आन्तरिक सञ्चार (पत्र/इमेल) बाट जानकारी गराउनु पर्दछ।

६७. **<u>बरबुझारथ सम्बन्धी व्यवस्थाः</u>** (१) सरुवा वा काज भई जाँदा आ–आफ्नो जिम्मामा रहेको फाइल एवम् कागजातहरू तोकिएको कर्मचारीलाई बुझाउनु पर्दछ।

(२) आफूले गर्दै आएको काम र बाँकी कामको बारेमा एवम् नयाँ आउने कर्मचारीले बुझ्नु पर्ने विषय उल्लेख गरेको प्रतिवेदन ३ प्रति तयार गरी १ प्रति महाशाखा प्रमुख, १ प्रति सम्बन्धित शाखा प्रमुख र १ प्रति नयाँ आउने कर्मचारीलाई अलग अलग खामवन्दी गरी बुझाउनु पर्दछ।

६८. **<u>अभिमुखीकरणः</u>** बजेट तथा कार्यक्रम महाशाखामा सरुवा भई आउने नयाँ कर्मचारीलाई साविकवालाले कम्तिमा ७ (सात) दिन आफूसँगै राखी आफ्नो कामको सम्बन्धमा परिचित (Familiarize) गराउनुका साथै उत्तराधिकारीको रूपमा निजलाई परिचालन गर्नु पर्दछ।

६९. **<u>मन्त्रालयगत बजेट व्यवस्थापन सूचना प्रणाली (LMBIS) को प्रयोग गर्ने व्यवस्थाः</u>** बजेट तथा कार्यक्रम महाशाखामा खटी आएका कर्मचारीहरूलाई मन्त्रालयगत बजेट सूचना प्रणाली (Line Ministry Budget Information System- LMBIS) सम्बन्धी सफ्टवेयर बारे तालिम दिने र सञ्चालन कार्यविधि उपलब्ध गराउने व्यवस्था गर्नु पर्दछ। यसै गरी वित्तीय व्यवस्थापन सूचना प्रणाली (Financial Management Information System-FMIS) को बारेमा पनि जानकारी दिने व्यवस्था मिलाउनु पर्दछ।

७०. **<u>बजेट तथा कार्यक्रम महाशाखाको कार्यविधि संशोधन सम्बन्धी व्यवस्थाः</u>** (१) यो निर्देशिका सामान्यतया तीन आर्थिक वर्षमा पुनरावलोकन गरिनेछ। तर आवश्यकता अनुसार सो आगावै पनि संशोधन गर्न सकिनेछ।

(२) बजेट तथा कार्यक्रम महाशाखाका सबै अधिकृत तथा कर्मचारीहरूले संशोधनमा समावेश गर्न आवश्यक लागेका विषयवस्तुहरूको टिपोट गरी महाशाखा प्रमुख समक्ष दिनु पर्दछ।

(३) महाशाखा प्रमुखले कार्यविधि संशोधन गर्न एउटा कार्यटोली गठन गरी संशोधनको मस्यौदा तयार गर्न लगाउनु पर्नेछ।

(४) प्रस्तुत कार्यविधिमा भएका विषयमा कुनै संशोधन नभएसम्म यही कार्यविधि नै लागू रहनेछ।

७१. **<u>अनुसूचीमा हेरफेरः</u>** यस निर्देशिकामा भएको अनुसूची अर्थ मन्त्रालयले आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ।

७२. **<u>खारेजी तथा बचाउः</u>** (१) कार्य सञ्चालन निर्देशिका, २०७७ खारेज गरिएको छ।

(२) कार्य सञ्चालन निर्देशिका, २०७७ बमोजिम भए गरेका कामकारवाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

# अनुसूचीहरू

## अनुसूची १
दफा ३(१) सँग सम्बन्धित

**अर्थ मन्त्रालयको कार्य विवरण**

(१) आर्थिक अवस्थाको विश्लेषण, आर्थिक तथा वित्त सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन।

(२) आर्थिक साधनहरूको बाँडफाँट, कुल राष्ट्रिय लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन।

(३) समष्टिगत आर्थिक स्थायित्व, मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन।

(४) विकास सहायता नीतिको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन।

(५) केन्द्रीय बैंक सञ्चालन, नियमन र मौद्रिक नीति।

(६) बैंक तथा वित्तीय संस्थाहरू सम्बन्धी नीति, कानून, समन्वय र नियमन।

(७) विदेशी मुद्रा विनिमय तथा नियन्त्रण।

(८) आर्थिक तथा सामाजिक विकास र मुद्रा तथा बैंकिङ्ग सम्बन्धी द्विपक्षीय, बहुपक्षीय अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्पर्क र समन्वय।

(९) वैदेशिक ऋण, अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय सहायता सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र कार्यान्वयन।

(१०) सङ्घीय संचित कोष वा सङ्घीय सरकारी कोष सञ्चालन, राजस्व र व्ययको अनुमान, विनियोजन ऐन, पुरक अनुमान, पेश्की खर्च, उधारो खर्च, आकस्मिक कोष र अन्य सरकारी कोष।

(११) बजेट तर्जुमा, कार्यान्वयन र नियमन।

(१२) सरकारी जमानत।

(१३) सङ्घीय इकाईको आन्तरिक र वैदेशिक ऋण एवम् अनुदान सम्बन्धी नीति, कानून र नियमन।

(१४) तलब, भत्ता, उपदान, निवृत्तिभरण लगायतका सेवा सुविधा र आर्थिक दायित्व सम्बन्धी विषय।

(१५) संघ, प्रदेश र स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधा सम्बन्धी नीति, कानून र मापदण्ड।

(१६) सरकारी बाँकी रकमको अभिलेखीकरण र असुली।

(१७) राजस्व सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, प्रक्षेपण, कार्यान्वयन र नियमन।

(१८) राजस्व प्रशासनको सञ्चालन र सुदृढीकरण।

(१९) सार्वजनिक खर्च सम्बन्धी नीति, कानून, कार्यान्वयन र नियमन।

(२०) आर्थिक कार्यविधि सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन।

(२१) मूल्य नीति।

(२२) लेखा तथा लेखापरीक्षण प्रणाली।

(२३) सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन

(२४) सङ्घीय इकाईबीच वित्तीय हस्तान्तरण सम्बन्धी नीति, कानून, कार्यान्वयन, समन्वय र नियमन।

(२५) सङ्घीय विनियोजन, राजस्व, विभाज्य कोष, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्ति।

(२६) भन्सार, अन्तःशुल्क, मुल्य अभिवृद्धि कर, आयकर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर एवम् अन्य कर तथा गैरकर, सेवाशुल्क दस्तुर लगायतका सेवा शुल्कहरूको लक्ष्य निर्धारण, प्रशासन, सङ्कलन र बाँडफाँट।

(२७) कर तथा भन्सार राजस्व सम्बन्धी द्विपक्षीय, क्षेत्रीय, वहुपक्षीय समन्वय, सन्धि, सम्झौता, समझदारी, कार्यान्वनय र नियमन।

(२८) राजस्व सम्बन्धी तथ्याङ्क अभिलेखन र सूचना आदान प्रदान।

(२९) धितोपत्र तथा कमोडिटी बजार सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन।

(३०) बीमा सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन।

(३१) सङ्घीय इकाईमा राजस्व र प्राकृतिक स्रोत उपयोग वा लाभको बाँडफाँट सम्बन्धी नीति, कानून, मापदण्ड र कार्यान्वयन।

(३२) राजस्व चुहावट नियन्त्रण।

(३३) महालेखा परीक्षकको कार्यालय।

(३४) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग।

(३५) निक्षेप तथा कर्जा सुरक्षण कोष।

(३६) सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांश सम्बन्धी नीति निर्धारण।

(३७) राजस्व र आर्थिक प्रशासन सम्बन्धी तालीम, अध्ययन र अनुसन्धान।

(३८) कर्मचारी सञ्चय कोष।

(३९) नागरिक लगानी कोष।

(४०) अवकाश कोष।

(४१) सार्वजनिक संस्थानहरू र निजीकरण सम्बन्धी नीति, कानून, मापदण्ड, अनुगमन र नियमन।

(४२) मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन।

(४३) नेपाल लेखा परीक्षण सेवाको सञ्चालन।

## अनुसूची २

दफा ३(२) सँग सम्बन्धित

**संगठनात्मक संरचना र कार्यहरू**

| संगठन | संक्षेपमा मुख्य मुख्य कामहरू |
|---|---|
| **महाशाखाहरू** | |
| प्रशासन महाशाखा | • मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने।<br>• मन्त्रालय र अन्तर्गत कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने।<br>• मन्त्रालय अन्तर्गतको संगठन संरचना पुनरावलोकन सम्बन्धी कार्य गर्ने।<br>• महालेखापरीक्षकको कार्यालयको राजपत्राङ्कित कर्मचारीहरूको नियुक्ति, पदस्थापन र बढुवा सम्बन्धी कार्यहरू गर्ने।<br>• अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायतका निकायहरूको सम्पर्क विन्दुको रूपमा कार्य गर्ने।<br>• मन्त्रालय र अन्तर्गत निकायहरूका लागि आचार संहिता तर्जूमा एवम् कार्यान्वयन गर्ने/गराउने।<br>• अन्तर महाशाखा तथा अन्तर विभाग समन्वय गर्ने।<br>• आर्थिक प्रशासन र जिन्सी व्यवस्थापन सम्बन्धी कार्य गर्ने।<br>• मन्त्रालयको लागि आवश्यक पर्ने वस्तु तथा सेवाको खरिदको लागि वार्षिक खरिद योजना बनाई कार्यान्वयन गर्ने।<br>• मन्त्रालय र अन्तर्गतका निकायहरूको चल अचल सम्पत्तिको अद्यावधिक विवरण तयार गरी सम्पत्ति व्यवस्थापन गर्ने/गराउने।<br>• बेरुजु फछ्र्यौटको वार्षिक कार्य योजना तयार गरी कार्यान्वयन गर्ने/गराउने।<br>• केन्द्रीय आर्थिक विवरण तयार गर्ने।<br>• मन्त्रालय र अन्तर्गत निकायहरूको स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने/गराउने।<br>• सुरक्षित र प्रभावकारी सूचना प्रविधि प्रणाली सञ्चालनका लागि आवश्यक उपकरण व्यवस्थापन र आवश्यकता अनुरूप प्रणाली विकासको कार्य गर्ने। LMBIS, FMIS, TSA, CGAS, RMIS, OAS लगायतका सूचना प्रविधि प्रणाली सम्बन्धी कामको समन्वय गर्ने।<br>• मन्त्रालय र विभागहरूमा कार्यान्वयनमा रहेका प्रणाली बीच सञ्जालीकरण (Interconnection) गरी प्रभावकारी बनाउने।<br>• अन्तर मन्त्रालय समन्वय गरी संविधान बमोजिम संसद्मा पेश गर्नुपर्ने मन्त्रालयगत प्रगति विवरण पुस्तिका तयार गर्ने। |
| राजस्व व्यवस्थापन महाशाखा | • राजस्व सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, प्रक्षेपण, कार्यान्वयन र नियमन गर्ने।<br>• राजस्व प्रशासनको सञ्चालन र सुदृढीकरण, भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, आयकर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर एवम् अन्य कर तथा गैरकर, सेवा शुल्क दस्तुर लगायतका सेवा शुल्कहरूको लक्ष्य निर्धारण, प्रशासन, सङ्कलन र बाँडफाँट सम्बन्धी कार्य। |

| संगठन | संक्षेपमा मुख्य मुख्य कामहरू |
|---|---|
| | • कर तथा भन्सार राजस्व सम्बन्धी द्विपक्षीय, क्षेत्रीय, बहुपक्षीय समन्वय, सन्धि, सम्झौता, समझदारी, कार्यान्वयन र नियमन गर्ने।<br>• राजस्व सम्बन्धी तथ्याङ्क अभिलेखन र सूचना आदान-प्रदान, राजस्व चुहावट नियन्त्रण गर्ने।<br>• आर्थिक विधेयकको मस्यौदा तयार गर्ने।<br>• आर्थिक ऐनमा उल्लिखित राजस्व सम्बन्धी नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्ने गराउने।<br>• मातहत विभागहरू बीच समन्वय, अनुगमन तथा सुपरिवेक्षण एवम् निर्देशनद्वारा राजस्व व्यवस्थापन गर्ने।<br>• राजस्व सङ्कलनको निरन्तर अनुगमन र निर्देशन गर्ने।<br>• राजस्व संकलनको अद्यावधिक समीक्षा र विश्लेषण गरी राजस्व सङ्कलन अभिवृद्धि गर्न विशेष अभियान सञ्चालन गर्ने।<br>• राजस्व छुट सुविधा तथा सहमति (कर तथा गैरकर) सम्बन्धमा निर्णय दिने।<br>• राजस्वसँग सम्बन्धित विषयमा राय प्रदान गर्ने।<br>• अन्तर्राष्ट्रिय कर, अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन र दोहोरो कर मुक्ति सम्झौतासँग सम्बन्धित कार्यमा समन्वयात्मक र संयोगात्मक भूमिका खेल्ने।<br>• WTO, SAFTA, BIMSTEC, WCO लगायतका अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्बन्धित कार्य गर्ने गराउने।<br>• विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष तथा अन्तर्राष्ट्रिय वित्त निगमसँग राजस्व सम्बन्धी विषयमा समन्वय तथा सहकार्य गर्ने।<br>• राजस्व सम्बन्धी विषयमा नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने।<br>• गैरकर राजस्व सम्बन्धी नीति, गैरकरका क्षेत्र, गैरकरका दर एवम् असुली प्रक्रिया निर्धारण गर्न र क्षेत्रगत मन्त्रालयहरूसँग गैरकर राजस्वको प्रभावकारी असुलीका लागि समन्वय र सहकार्य गर्ने।<br>• राजस्व बक्यौता असुल गर्न विभागहरूलाई परिचालन गर्ने।<br>• राजस्व सम्बन्धी बेरुजु फछ्र्यौटको अनुगमन गर्ने।<br>• राजस्व सम्बन्धी गुनासो तथा उजुरी व्यवस्थापन सम्बन्धी कार्य गर्ने।<br>• राजस्व परामर्श सम्बन्धी कार्यहरू सम्पादन गर्ने।<br>• राजस्व सम्बन्धी ऐन नियमलाई समय सापेक्ष, वैज्ञानिक र अन्तर्राष्ट्रिय स्तरको बनाउन आवश्यकतानुसार परिमार्जन तथा संशोधन गर्न पहल गर्ने। |
| अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा | • वैदेशिक ऋण, अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय सहायता सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता गर्न र सोको कार्यान्वयन गर्ने।<br>• विकास सहयता नीतिको तर्जुमा कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन जस्ता कार्यहरू गर्ने।<br>• आर्थिक कूटनीतिको Focal Point को रूपमा काम गर्ने र दाताहरूसँग बैठक समन्वय र व्यवस्थापन गर्ने। |

| संगठन | संक्षेपमा मुख्य मुख्य कामहरू |
|---|---|
| | • बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदारहरूसँग समन्वय र सहकार्य गर्ने तथा वैदेशिक सहायता उपयोग, परिचालन र सहकार्य गर्ने तथा क्षेत्रगत परियोजनाहरूको आवश्यक व्यवस्थापन, समन्वय अनुगमन, सोधभर्ना सम्बन्धी काम गर्ने।<br>• योजनाले प्राथमिकता तोकेको क्षेत्रको आयोजनाहरूलाई वैदेशिक सहयोग उपलब्ध गराउन सम्बन्धित मन्त्रालयसँग छलफल गरी आवश्यक आयोजनाको विवरण सङ्कलन गर्ने र उक्त आयोजनाको सम्भाव्यता मूल्याङ्कन गर्ने।<br>• विकास आयोजनाहरूको लागि सहायता उपलब्ध गर्न द्विपक्षीय तथा बहुपक्षीय स्रोतहरूसँग सम्पर्क राख्ने।<br>• सहायता उपलब्ध हुने आयोजनाहरूको सम्भाव्यता अध्ययन, मूल्याङ्कन र वार्ता गरी सहयोगलाई अन्तिम रूप दिने।<br>• सम्झौता गर्ने सिलसिलामा सम्बन्धित मन्त्रालय र सहायता दिने विदेशी संस्था वा मित्रराष्ट्र र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट आवश्यक सुझाव/ प्रतिकृया प्राप्त गर्ने।<br>• विदेशी सहयोग अन्तर्गत सञ्चालित विकास आयोजनाहरू सञ्चालन गर्ने क्रममा आइपरेका आर्थिक समस्यालाई निराकरण गर्न सहजीकरण गर्ने।<br>• सञ्चालित आयोजनाहरूलाई कर, भन्सार र अन्य महशूल छुट वा सहुलियत प्रदान गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने।<br>• विदेशी सहायता अन्तर्गतका छात्रवृत्ति प्राप्त गरी वितरणको लागि प्रक्रिया अगाडि बढाउने र विदेशी विशेषज्ञ वा स्वयंसेवकहरूको सेवा उपलब्ध गर्न कारबाही गर्ने।<br>• विकास कार्यक्रमको लागि वैदेशिक सहायता उपलब्ध गर्ने सम्बन्धमा विभिन्न राष्ट्र एवम् अन्तर्राष्ट्रिय संस्थाहरूको दृष्टिकोण, सोचाइ, नीति र सहयोग कार्यक्रम बारे अद्यावधिक जानकारी राख्ने।<br>• नेपाल सरकारको विभिन्न निकायहरूबाट सञ्चालन गरिने विकास कार्यक्रममा वैदेशिक सहायता परिचालन गर्न परराष्ट्र मन्त्रालयसँग निकटतम सम्बन्ध कायम गर्ने।<br>• विदेशी आर्थिक प्रतिनिधिमण्डलको भ्रमण सम्बन्धी व्यवस्था मिलाउने।<br>• नेपाल सहायता समूहको आवधिक बैठक सम्बन्धी आवश्यक कार्यहरू गर्ने।<br>• अन्तर्राष्ट्रिय आर्थिक सहयोग समन्वय सम्बन्धी अन्य कार्य गर्ने।<br>• वैदेशिक सहायता सम्बन्धी सूचनाको व्यवस्थापन गरी सहायतालाई प्रभावकारी तथा पारदर्शी तुल्याउने।<br>• वैदेशिक सहायता परिचालन सम्बन्धी उच्चस्तरीय समितिको बैठक सञ्चालनको तयारी गर्ने।<br>• वैदेशिक सहायता सम्बन्धी आयोजनाको सम्झौता गर्ने व्यवस्था मिलाउने।<br>• विकास साझेदारसँग आयोजना सम्झौताको लागि आवश्यक पर्ने सम्पूर्ण तयारी पुरा गर्ने।<br>• वैदेशिक सहायतासँग सम्बन्धित विभिन्न मिसन र दाता प्रतिनिधिसँग नियमित परामर्श, छलफल गर्ने।<br>• विकास साझेदार राष्ट्र/निकायका उच्च पदाधिकारीको नेपाल भ्रमणको व्यवस्थापनमा आवश्यक समन्वय गर्ने। |

| संगठन | संक्षेपमा मुख्य मुख्य कामहरू |
| --- | --- |
| बजेट तथा कार्यक्रम महाशाखा | • बजेट तर्जुमाको प्रारम्भिक कार्य, सीमा (सिलिङ्ग) निर्धारण, सूचना सङ्कलन, बजेट माग प्राप्त गर्ने, छलफलमा भाग लिने, बजेटलाई अन्तिम रूप दिने कार्य।<br>• बजेट तर्जुमा गरी सङ्घीय संसदमा पेश गर्न सहयोग पुर्‍याउने र सङ्घीय संसदबाट पारित भएपछि सोको कार्यान्वयन, सहजीकरण र नियमन सम्बन्धी कार्य।<br>• विनियोजन कुशलता, कार्यान्यवयन दक्षता र वित्तीय अनुशासन सम्बन्धी कार्य।<br>• आर्थिक कार्यविधि सम्बन्धी नीति, कानून, निर्देशिका, कार्याविधि, मापदण्ड, कार्यान्वयन र नियमन सम्बन्धी कार्य।<br>• सार्वजनिक खर्च सम्बन्धी नीति कानून, कार्यान्वयन र नियमन सम्बन्धी कार्य।<br>• सङ्घीय विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्ति व्यवस्थापन सम्बन्धी कार्य।<br>• बजेट अख्तियारी, वित्त हस्तान्तरण, रकमान्तर, कार्यक्रम संशोधन, तथा स्रोतान्तर, बजेट रोक्का/फुकुवा र समर्पण गराउने कार्य।<br>• LMBIS, TSA, CGAS, SuTRA, New RMIS, DOMS, PLMBIS, PTSA लगायतका सूचना प्रविधि प्रणाली सम्बन्धी काम गर्ने।<br>• सार्वजनिक खर्चमा एकरूपता ल्याउन र मितव्ययिता कायम गर्न, गराउन खर्चको मापदण्ड तोक्ने कार्य।<br>• सङ्घीय इकाईको सार्वजनिक पदाधिकारीको सुविधा सम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धी कार्य।<br>• तलब, भत्ता, उपदान, निवृत्तिभरण लगायतका सेवा सुविधा निर्धारण गर्ने सम्बन्धी कार्य।<br>• नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्ने विषयमा राय/परामर्श दिने सम्बन्धी कार्य।<br>• बजेटलाई नीति र नतिजामा आधारित बनाउन खोज, अनुसन्धान, विश्लेषणका आधारमा निरन्तर सुधारका लागि गुणचक्र (Quality Circle) को काम गर्ने।<br>• सङ्घीय शासन प्रणाली अवलम्बन गरेका मुलुकहरुले बजेट तर्जुमा तथा कार्यान्वयनमा गरेको असल अभ्यासको अध्ययन गर्ने।<br>• अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखासँग समन्वय गरी राष्ट्रिय योजना आयोगमा बजेट व्यवस्था तथा कार्यक्रम सम्बन्धमा हुने छलफलमा भाग लिने।<br>• कर्मचारी दरबन्दी सिर्जना गर्न आर्थिक दृष्टिकोणले विश्लेषण गरी सहमति दिने।<br>• तीन तहमा सूचना प्रविधिमा आधारित बजेट तथा वित्तीय व्यवस्थापन प्रणालीको सुधार एवम् सुदृढीकरण गर्दै लैजाने।<br>• आवश्यकता र औचित्यताको आधारमा भैपरी आउने र अन्य विविध (अर्थ मन्त्रालय अन्तर्गत रहेको रकम) शीर्षकको रकमबाट निकासा दिने।<br>• सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सम्बन्धी विषयमा सम्पर्क महाशाखाको रूपमा कार्य गर्ने।<br>• सङ्घीय सञ्चितकोषको नगद प्रवाह योजना तर्जुमा र कार्यान्वयनमा सहजीकरण गर्ने।<br>• बजेट कार्यान्वयनका क्रममा आइ पर्ने बाधा अड्चन फुकाउने कार्य। |

| संगठन | संक्षेपमा मुख्य मुख्य कामहरू |
|---|---|
| कानून तथा फैसला कार्यान्वयन महाशाखा | • अर्थ मन्त्रालय र अन्तर्गतका विभागहरूलाई कानूनी राय सल्लाह प्रदान गर्ने।<br>• वित्तीय क्षेत्रका ऐन र नियमहरूको मस्यौदा तयार गर्ने।<br>• निर्देशिका तथा कार्यविधिहरू तयार गर्न सहयोग गर्ने।<br>• अदालतको फैसला कार्यान्वयन गर्ने/गराउने।<br>• अन्तर्राष्ट्रिय सन्धि सम्झौता तथा विधेयकहरूमा राय दिने।<br>• मन्त्रालयको तर्फबाट रिट निवेदन तथा फिराद दावी गर्ने।<br>• मन्त्रालयलाई विपक्षी बनाई दायर भएका मुद्दाहरूको लिखित जवाफ तथा प्रतिउत्तर पत्र तयार गर्ने।<br>• नेपाल राजपत्रमा अर्थ मन्त्रालयको तर्फबाट प्रकाशित हुने सूचनाहरूको मस्यौदा तयार गर्ने र त्यस्तो सूचनाको सम्पादन तथा प्रकाशन गर्ने।<br>• फैसला कार्यान्वयनको अनुगमन गर्ने।<br>• सङ्घीय संसदमा पेश गर्ने विधेयक सन्धि सम्झौता सम्बन्धी आवश्यक कार्यहरू गर्ने। |
| योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | • समग्र बजेट तथा कार्यक्रम र आयोजनाहरूको नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गर्ने।<br>• अर्थ मन्त्रालय अन्तर्गतका राजस्व सम्बद्ध कार्यालयहरूको नियमित रूपमा अनुगमन मूल्याङ्कन गर्ने।<br>• अनुगमन तथा मूल्याङ्कन गर्दा देखिएका विषयहरू र समस्याहरू शीघ्र समाधान गर्न पहल गर्ने। सम्वद्ध तालुक निकायबाट समाधान हुनुपर्ने विषयका सम्बन्धमा सम्बद्ध निकायलाई जानकारी गराउने।<br>• सबै मन्त्रालयहरूसँग बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धमा द्वैमासिक समीक्षा कार्यक्रम गर्ने।<br>• अर्थ मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक चौमासिक प्रगति समीक्षा आयोजना गर्ने।<br>• अर्थ मन्त्रालय र मातहत निकायको वार्षिक कार्यक्रम तयार गर्ने।<br>• अर्थ मन्त्रालय र अन्तर्गतको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्य योजना तयार गर्ने।<br>• नेपालको संविधानको धारा ५३, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिमको आवधिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने।<br>• सूचनाको हक सम्बन्धी कानून बमोजिम माग भएका सूचना सम्बन्धित पक्षलाई उपलब्ध गराउने, सूचना अधिकारीको भुमिका निर्वाह गर्ने।<br>• मन्त्रालयको प्रवक्ताको भूमिका निर्वाह गर्ने।<br>• गुनासो व्यवस्थापन एवम् सूचना अधिकारी सम्बन्धी कार्य गर्ने।<br>• योजना, अनुगमन तथा मूल्याङ्कन सम्बन्धमा परी आउने अन्य कार्यहरू गर्ने। |
| आर्थिक नीति विश्लेषण महाशाखा | • मुलुकको समष्टिगत आर्थिक अवस्थाको अध्ययन, अनुसन्धान एवम् विश्लेषण गर्ने।<br>• आर्थिक वृद्धि तथा समष्टिगत आर्थिक स्थायित्वका लागि आवश्यक नीतिगत पृष्ठपोषण दिने। |

| संगठन | संक्षेपमा मुख्य मुख्य कामहरू |
|---|---|
| | • विश्व अर्थ व्यवस्थामा भएका परिवर्तनबाट राष्ट्रिय अर्थतन्त्रमा पर्नसक्ने प्रभावको विश्लेषण गर्ने।<br>• आर्थिक नीति, वित्त नीति तथा मौद्रिक नीतिको प्रभावकारिता सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने।<br>• सरकारी वित्तीय स्थितिको प्रवृत्ति र परिणाम विश्लेषण गरी सुधारका लागि नीतिगत सुझाव दिने।<br>• राजस्व, खर्च, ऋण परिचालन सम्बन्धी अनुमान तथा प्रक्षेपण गरी बजेट तयारीका लागि आर्थिक नीति सम्बन्धी सुझाव पेश गर्ने।<br>• सार्वजनिक ऋण नीति निर्माण र सार्वजनिक ऋण व्यवस्थापनका लागि नीतिगत समन्वय गर्ने।<br>• सङ्घीय संसदमा पेश हुने आर्थिक सर्वेक्षण तयार गर्ने।<br>• आवधिक आर्थिक तथ्याङ्कको व्यवस्थापनका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने।<br>• आवधिक आर्थिक परिसूचकहरू तयार गरी अद्यावधिक गर्ने।<br>• सङ्घीय इकाईको आर्थिक एवम् वित्त नीतिबीच सामञ्जस्यता कायम गर्न आवश्यक अध्ययन अनुसन्धान गरी नीतिगत सुझाव दिने।<br>• सम्पत्ति शुद्धीकरण निवारणका लागि आर्थिक नीति एवम् वित्तीय नीतिसँग सम्बन्धित विषयमा नीतिगत समन्वय गर्ने।<br>• महाशाखा अन्तर्गत सञ्चालित कार्यक्रम/आयोजनाहरूको कार्यान्वयन तथा समन्वय गर्ने।<br>• आर्थिक नीतिसँग सम्बन्धित विषयमा अध्ययन अनुसन्धानको कार्यमा विश्वविद्यालय एवम् प्राज्ञिक संघसंस्थासँग सहकार्य गर्ने। |
| वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा | • मुलुकको आर्थिक समुन्नतीका लागि बैंक, बीमा, पुँजी बजार, गैर बैंकिङ्ग वित्तीय क्षेत्र, वस्तु विनिमय बजार, सहकारी क्षेत्रको नीति निर्माण, कानुनी एवम् व्यवहारिक पक्षहरूको समन्वय, अनुगमन, नियमन, विकास एवम् विस्तार सम्बन्धी कार्य गर्ने।<br>• बैंक तथा वित्तीय क्षेत्रहरूले अवलम्बन गरेका नीति तथा कार्यक्रमहरूको अध्ययन एवम् लेखाजोखा गरी आवश्यक नीति निर्माणको लागि राय सुझाव दिने।<br>• सहकारी संस्था, गैर सरकारी वित्तीय संस्थाहरूको भूमिका र तिनिहरूको प्रभाव एवम् व्यवस्थापनका सम्बन्धमा आवश्यक नीति बनाउने।<br>• लघुवित्त, ग्रामीण वित्त व्यवस्थापन सम्बन्धी कार्य गर्ने, विदेशी मुद्राको स्रोत अनुमान तथा तथ्याङ्क सङ्कलन गर्ने लगायतका कार्यहरू गर्ने।<br>• बीमा, पुँजीबजार, सम्झौतित कोष प्रशासन, म्युचुअल फण्ड, निक्षेप तथा कर्जा सुरक्षण, अवकास कोषसँग सम्बन्धित कामकारबाहीका सम्बन्धमा नीतिगत, कानुनी एवम् व्यवहारिक पक्षहरूको समन्वय, अनुगमन, विकास एवम् विस्तार सम्बन्धी कार्यहरू र ती क्षेत्रहरूको अध्ययन गरी प्रतिवेदन तयार गर्ने।<br>• मौद्रिक नीति, मूल्य नीति र अन्य सामान्य नीतिहरूको कार्यक्रम सम्बन्धी सम्बन्धित निकायबाट सूचना र तथ्याङ्क प्राप्त गरी विश्लेषण गर्ने।<br>• सरकारी वित्तीय स्थितिको अध्ययन विश्लेषण गर्ने। |

| संगठन | संक्षेपमा मुख्य मुख्य कामहरू |
| --- | --- |
| | • विदेशी मुद्राको स्रोतको अनुमान तथा तथ्याङ्क सङ्कलन गर्ने।<br>• राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय वित्तीय संस्थानहरूको गतिविधि अध्ययन एवम् लेखा जोखा गरी यसबाट नेपालमा पर्ने असर विश्लेषण गरी प्रभाव प्रस्तुत गर्ने।<br>• वित्तीय संस्थाहरूको विकासको लागि नीति तथा कार्यक्रम तयार गर्ने।<br>• वित्तीय संस्थाहरू बीच आर्थिक नीतिमा एकरूपता ल्याउन आवश्यक कारबाही गर्ने।<br>• ऋण अशुली न्यायाधिकरण नेपाल चार्टड एकाउन्टेन्ट संस्था तथा निक्षेप तथा कर्जा सुरक्षण सम्बन्धी नीतिगत कार्य गर्ने।<br>• सरकारी स्वामित्वमा रहेका संस्थानहरूको नियमन, नियन्त्रण, समन्वय र निर्देशन।<br>• सार्वजनिक संस्थान र विनिवेश सम्बन्धी नीति, कानून तथा मापदण्ड सम्बन्धी कार्य गर्ने।<br>• सरकारी संस्थानको तलब, भत्ता, बोनस, लगानी र लाभांश सम्बन्धी नीति निर्धारण गर्ने, सार्वजनिक संस्थान सुधार तथा सार्वजनिक संस्थानका बीच समन्वय र नियमन गर्ने कार्य।<br>• संस्थानहरूलाई दिइने अनुदान, सहुलियत तथा सुविधा सम्बन्धमा नीति तर्जुमा गर्ने।<br>• सार्वजनिक संस्थानलाई अनुदान निकासा, ऋण लगानी तथा शेयर एवम् ऋण सम्बन्धी अभिलेखाङ्कन एवम् अद्यावधिक गर्ने कार्य, आर्थिक अनुशासन कायम गराउने विषय, सार्वजनिक संस्थानले माग गरेको सहमति सम्बन्धी कारवाही, सार्वजनिक संस्थाहरूको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन र वार्षिक प्रतिवेदन तयारी।<br>• निजीकरण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन, संस्थान छनौट, बोलपत्र आह्वान, मूल्याङ्कन, स्वीकृति र सम्झौता, लिक्विडेटर सम्बन्धी कार्य, खारेज भएका संस्थानहरूको फरफारक हुनुपर्ने विषयहरू हेर्ने र निजीकरण समितिको सचिवालयको कार्य गर्ने।<br>• सार्वजनिक संस्थानहरूको कार्यक्रमहरू अनुगमन तथा मूल्याङ्कन गर्ने र सार्वजनिक संस्थान सम्बन्धी प्रगति विवरण पुस्तक (पहेलो किताब) प्रकाशन गर्ने।<br>• संस्थानको अध्ययन गरी वर्गीकरण र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने।<br>• संस्थानहरूको शेयर तथा कर्जाको अवधि तथा रकम निर्धारण गर्ने नीति तर्जुमा गर्ने।<br>• संस्थान सञ्चालनको लागि प्रतिनिधित्व गराउने सम्बन्धमा नीति तर्जुमा गराउने र प्रतिनिधि चयन गर्ने।<br>• बजेट तथा कार्यक्रम महाशाखाबाट तर्जुमा गरिने बजेट र कार्यक्रमहरूमा संस्थानमा गरिने लगानी र संस्थानहरूलाई दिइने अनुदानको कार्यमा संलग्न रहने र त्यसको लागि आवश्यक विवरण उपलब्ध गराउने।<br>• संस्थानलाई उपलब्ध गराउनु पर्ने बजेट तथा कार्यक्रम तयार गरी बजेट तथा कार्यक्रम महाशाखामा पेश गर्ने।<br>• विभिन्न संस्थानहरू, महालेखा परीक्षकको विभाग तथा नेपाल राष्ट्र बैंकबाट तथ्याङ्क सङ्कलन गरी संस्थानहरूको वार्षिक आयव्यय तथा अन्य आर्थिक उपलब्धिहरूको तथ्याङ्क सङ्कलन र प्रशासन गर्ने।<br>• सङ्कलित तथ्याङ्कहरूको आधारमा संस्थाहरूको प्रगति सम्बन्धी मूल्याङ्कन गरी आवश्यक सुधारको लागि प्रतिवेदन पेश गर्ने। |

| संगठन | संक्षेपमा मुख्य मुख्य कामहरू |
|---|---|
| | • संस्थानबाट वासलात र नाफा नोक्सानहरूको हिसाब सङ्कलन गरी संस्थानको आर्थिक स्थिति सम्बन्धी प्रतिवेदन तयार गर्ने।<br>• संस्थान सम्बन्धी सर्वेक्षण प्रतिवेदन, आर्थिक उपलव्धि र वस्तुस्थिति सम्बन्धमा पुस्तक/वुलेटिन प्रकाशन गर्ने।<br>• संस्थानको स्थापना तथा विघटन गर्नुपरेमा त्यसको सर्वेक्षण गरी प्रतिवेदन तयार गर्ने।<br>• संस्थानको कर्मचारीको सुविधामा थपघट गराउनु परेमा अथवा सम्बन्धित संस्थानबाट माग भई आएमा त्यसको अध्ययन गरी स्वीकृत प्रदान गर्ने।<br>• संस्थानको शेयर र कर्जा उपलब्ध गराउने सम्बन्धमा अध्ययन गरी कार्यान्वयनको लागि स्वीकृति दिने।<br>• संस्थानहरूलाई अनुदान सहुलियत उपलब्ध गराउन सम्बन्धित संस्थानको वस्तुस्थिति अध्ययन गर्ने र सिफारिश गर्ने।<br>• संस्थानको आर्थिक व्यवस्थापन सम्बन्धमा राय सुझाव उपलब्ध गराउने।<br>• संस्थानमा गरिने शेयर लगानी।<br>• सरकारी संस्थानहरूलाई ऋण उपलब्ध गराउन कारवाही गर्ने।<br>• संस्थानहरूको विनिवेश सम्बन्धी कार्यक्रम र प्राथमिकता निर्धारण गर्ने।<br>• विनिवेश सम्बन्धी कार्यक्रमको तर्जुमा गर्न अध्ययन तथा अनुसन्धान गर्ने।<br>• प्रतिष्ठानहरूको मूल्याङ्कन गराई नेपाल सरकार समक्ष विनिवेशको प्रक्रियाको सिफारिस गर्ने।<br>• विनिवेश सम्बन्धी कार्य गर्ने सम्बन्धमा आइपरेका बाधा अवरोध फुकाउने र समन्वय कायम गर्ने।<br>• सार्वजनिक प्रतिष्ठानहरूको विनिवेश गर्ने सम्बन्धमा आवश्यक परेमा अन्य कामहरू गर्ने, गराउने। |
| वित्तीय सङ्घीयता समन्वय महाशाखा | • सङ्घीय इकाईबीच वित्तीय हस्तान्तरण सम्बन्धी नीति, कानून, कार्यान्वयन, समन्वय र नियमन सम्बन्धी कार्य लगायत अन्तर सरकारी वित्त व्यवस्थापन सम्बन्धी कार्य।<br>• नेपालको संविधान बमोजिम वित्तीय सङ्घीयताको कार्यान्वयनसँग सम्बन्धित आवश्यक ऐनहरू निर्माण गर्नका लागि विधेयक तर्जुमा गर्ने।<br>• प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्यका लागि आवश्यक सूचना तथा प्रशासनिक सहयोग उपलब्ध गराउने र आयोगको सम्पर्क महाशाखाको रुपमा कार्य गर्ने।<br>• राजस्व Assignment सम्बन्धी कार्य अन्तर्गत राजस्व व्यस्थापन महाशाखासँग समन्वय गरी प्रदेश र स्थानीय तहलाई संविधान बमोजिम कर लगाउने र राजस्व उठाउने व्यवस्था मिलाउने तथा Revenue Sharing सम्बन्धी आवश्यक मापदण्ड, सूत्र र बिधिको पुनरावलोकन गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग समन्वय गर्ने।<br>• खर्च Assignment सम्बन्धी कार्य अन्तर्गत बजेट तथा कार्यक्रम महाशाखासँग समन्वय गरी संविधानले दिएको अधिकार बमोजिम कार्य सञ्चालन गर्न प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता पहिचान गर्ने, स्रोतको अनुमान गर्ने र स्रोत जुटाउनका लागि आवश्यक पहल गर्ने। |

| संगठन | संक्षेपमा मुख्य मुख्य कामहरू |
|---|---|
| | • अन्तरसरकारी वित्तीय हस्तान्तरण (Intergovernmental Fiscal Transfer) अन्तर्गत देहायका कार्यहरू गर्ने।<br>क. केन्द्रबाट प्रदेश र स्थानीय तहमा वित्तीय स्रोत हस्तान्तरण सम्बन्धी मापदण्ड, नीति एंव सुत्र तयार गर्ने सम्बन्धमा वित्त आयोगलाई सुझाव दिने/सहयोग गर्ने।<br>ख. सङ्घीय इकाईमा रहने आयोजनाहरूको वर्गीकरण गर्न सम्बन्धित निकायसँग समन्वय गर्ने।<br>ग. प्रदेश र स्थानीय तहमा केन्द्रिय स्रोत हस्तान्तरणको संयन्त्र (Mechanism) बिधि र प्रक्रिया निर्धारण गर्ने।<br>घ. वित्तीय स्रोत हस्तान्तरणको प्रक्रियामा आईपर्ने समस्याको समाधान गर्ने।<br>ङ. केन्द्रबाट अनुदान स्वरुप गएको स्रोतको उपयोग सम्बन्धमा अनुगमन गर्ने।<br>च. सङ्घीय इकाईका बीचमा वित्तीय स्रोतको बाँडफाँट र वित्तीय हस्तान्तरणका विषयमा आवश्यक समन्वय गर्ने।<br>• Revenue Assignment र Expenditure Assignment बमोजिमको कार्य प्रभावकारी ढङ्गमा सम्पादन गर्नका लागि प्रदेश र स्थानीय तहहरूको क्षमता विकास सम्बन्धी कार्य, (तालिम, जनशक्ति विकास आदी) को समन्वय गर्ने।<br>• प्रदेश र स्थानीय तहहरूको बजेट घाटा पुर्तिका लागि आर्थिक नीति विश्लेषण महाशाखासँग समन्वय गरी आन्तरिक ऋण परिचालन सम्वन्धी आवश्यक समन्वय गर्ने।<br>• साझा सूचिका बिषयमा र आर्थिक अधिकारका अन्य क्षेत्रमा प्रदेशलाई समेत लागू हुने गरी आवश्यक नीति, मापदण्ड र कानूनको मस्यौदा तयार गर्ने।<br>• समष्टिगत आर्थिक स्थायित्व कायम राख्न सङ्घीय इकाईको बजेट घाटाको सीमा निर्धारण, आन्तरिक तथा बाह्य ऋण व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगसँग समन्वय गर्ने।<br>• तीनै तहका सरकारहरू बीचमा दक्ष, प्रभावकारी, समन्यायिक र स्थिर वित्तीय सम्बन्ध कायम राख्न आवश्यक समन्वय गर्ने।<br>• प्रदेश र स्थानीय तहका बीचमा Horizontal Fiscal Balance कायम गर्न आवश्यक प्रबन्ध गर्ने।<br>• प्रदेश र स्थानीय तहको Investment Planning/Capital Financing (ऋण समेत) सम्बन्धी कार्य गर्ने।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन तथा हस्तान्तरणको सम्बन्धमा प्रदेश सरकार र स्थानीय तहले लिने वैदेशिक सहायताको सम्बन्धमा अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखासँग समन्वय गरी आवश्यक कार्य गर्ने।<br>• वित्तीय अनुशासन कायम गर्ने सम्बन्धमा प्रदेश सरकार र स्थानीय तहले बनाएका आवश्यक मापदण्डको अध्ययन गरी सुझावको प्रतिवेदन दिने।<br>• बजेट तर्जुमा निकासा, खर्च र प्रतिवेदनको सम्बन्धमा प्रदेश र स्थानीय तह रहेका सफ्टवेयरहरूको लिंक सम्बन्धी सहजीकरण र समन्वय गर्ने। |

**अनुसूची ३**

दफा ३(३) सँग सम्बन्धित

**<u>बजेट तथा कार्यक्रम महाशाखाको संगठनात्मक स्वरूप</u>**



## अनुसूची ४

दफा ११ सँग सम्बन्धित

**<u>निर्णय/कार्य सम्पन्न हुने तह</u>**

| क्र.सं. | काम/विषय | शाखा अधिकृत | उप-सचिव | सह-सचिव | सचिव | माननीय मन्त्री | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | महाशाखाको काममा थपघट गर्ने | | | | | ✓ | |
| २. | बजेट सम्बन्धी मार्गदर्शन राष्ट्रिय योजना आयोग र विषयगत मन्त्रालय/निकायमा पठाउने | | | | ✓ | | |
| ३. | मन्त्रालयगत/निकायगत उप-शीर्षकको बजेट टुङ्गो लगाउने | | | | | | |
| | (क) प्रारम्भिक | | | ✓ | | | |
| | (ख) अन्तिम | | | | ✓ | | |
| ४. | केन्द्रीय बजेटको टुङ्गो लगाउने | | | | ✓ | | |
| ५. | बजेट उपशीर्षक थप गर्ने | | | | ✓ | | |
| ६. | उपशीर्षकको क्षेत्र वा अन्य संकेत निर्धारण | | | | ✓ | | |
| ७. | समग्र आय व्ययको अधिकतम सीमा तोक्ने | | | | | ✓ | |
| ८. | साधारण बजेटको उपशीर्षक परिवर्तन गर्ने/गाभ्ने | | | | ✓ | | |
| ९. | सहायकस्तरका कर्मचारीको विरामी, घर र भैपरी बिदा स्वीकृत गर्ने | | ✓ | | | | |
| १०. | अधिकृतस्तरका कर्मचारीको ७ दिनसम्मको विरामी, घर र भैपरी बिदा स्वीकृत गर्ने | | ✓ | | | | |
| ११. | ७ दिनसम्म काज खटाउने | | | ✓ | | | |
| १२. | खर्च/राजस्व शीर्षक संशोधन | | | | ✓ | | |
| १३. | कार्यविधि/मापदण्ड/निर्देशिकामा संशोधन/स्वीकृति | | | | | ✓ | |
| १४. | दरबन्दी थप/ घट (नेपाल सरकार, मन्त्रिपरिषद्मा पेश गर्ने) | | | | | ✓ | |
| १५. | आर्थिक दायित्व नपर्ने गरी दरबन्दी पुनर्संरचना वा पद परिवर्तन गर्ने सहमति | | | ✓ | | | |
| १६. | ऐन/नियम/विनियम कार्यविधिका सहमति | | | | ✓ | ✓ | |
| १७. | निकासा | | | | | | |

| क्र.सं. | काम/विषय | शाखा अधिकृत | उप-सचिव | सह-सचिव | सचिव | माननीय मन्त्री | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | (क) अर्थ विविधबाट रू.१ करोडसम्म निकासा | | | | ✓ | | |
| | (ख) अर्थ विविधबाट रू.५० लाखसम्म निकासा | | | ✓ | | | |
| | (ग) अर्थ विविधबाट रू.१० लाख लाखसम्म निकासा | | ✓ | | | | |
| | (घ) अर्थ मन्त्रालयको सहमति लिइ मं.प.बाट निर्णय भएको जतिसुकै रकमको निकासा | | | ✓ | | | |
| | (ङ) रू.५ लाखसम्मको आर्थिक दायित्व पर्ने विदेश भ्रमणको स्वीकृत बजेटबाट पकेट खर्चको सहमति दिने | | | ✓ | | | |
| | (च) स्वीकृत बजेट र कार्यक्रम भित्रको रू.५० लाखसम्मको सवारी साधन खरीद गर्ने सहमति दिने | | | ✓ | | | |
| १८. | रकमान्तर/बाँडफाँट | | | | | | |
| | (क) एउटा बजेट उपशीर्षक भित्रका सबै खर्च संकेतहरूमा रकमान्तर गर्ने | | | ✓ | | | |
| | (ख) एउटा अनुदान संख्याको कुनै एक बजेट उपशीर्षकबाट अर्को बजेट उपशीर्षकमा रकमान्तर | | | ✓ | | | |
| | (ग) एउटा अनुदान संख्याको कुनै बजेट उपशीर्षकबाट अर्को अनुदान संख्याको कुनै बजेट उपशीर्षकमा एक पटकमा रू. ५ करोडसम्म | | | ✓ | | | |
| | (घ) खर्च संकेत ३१५११ र २८९११ मा रहेको रकमको हकमा बजेट छलफलको आधारमा एक पटकमा रू. ५ करोडसम्मको बाँडफाँट | | | ✓ | | | |
| | (ङ) एउटा अनुदान संख्याको कुनै एक बजेट उपशीर्षकबाट अर्को बजेट उपशीर्षकमा तलब, भत्ता र प्रतिबद्ध खर्चबाट बाहेक रू.१ करोडसम्म | | | ✓ | | | |
| | (च) तलब भत्ता र प्रतिबद्ध खर्चबाट बाहेक एउटा बजेट उपशीर्षकभित्र सबै खर्च संकेतमा रू.२ करोड सम्म | | | ✓ | | | |
| १९. | स्रोतान्तर | | | | | | |

| क्र.सं. | काम/विषय | शाखा अधिकृत | उप-सचिव | सह-सचिव | सचिव | माननीय मन्त्री | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | (क)अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाको रायको आधारमा नेपाल सरकारको स्रोतबाट वैदेशिक अनुदानमा रू.१ करोड सम्म | | | ✓ | | | |
| | (ख)अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाको रायको आधारमा ऋणबाट अनुदानमा रू.१ करोड सम्म | | | | | | |
| | (ग) वैदेशिक ऋणलाई अनुदानमा स्रोतान्तर | | | ✓ | | | |
| | (घ) वैदेशिक अनुदानलाई ऋणमा स्रोतान्तर रू.१ करोड सम्म | | | ✓ | | | |
| | (ङ) नेपाल सरकारको स्रोतबाट वैदेशिक अनुदानमा स्रोतान्तर | | | ✓ | | | |
| २०. | मातहतका राजपत्राङ्कित द्वितीय श्रेणीसम्मका अधिकृतहरूलाई प्रोत्साहन पुरस्कार र विभागीय सजायको सिफारिश गर्ने र कार्यसम्पादन मुल्याङ्कन सम्बन्धी फाराम भरी प्रोत्साहन पुरस्कार र विभागीय सजायको सिफारिस गर्ने | | | ✓ | | | |
| २१. | मातहतका राजपत्राङ्कित अधिकृतहरूलाई विभिन्न निकायहरूको बैठकमा प्रतिनिधित्व गराउने | | | ✓ | | | |
| २२. | मातहतका राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृतहरूलाई आफ्नो कार्यक्षेत्रभित्रको निकायको बैठकमा प्रतिनिधित्व गराउने | | ✓ | | | | |

नोटः माथि उल्लिखित विषयमा अख्तियारी थप भएमा सोही बमोजिम हुने।

**अनुसूची ५**

दफा १५ सँग सम्बन्धित

**राजस्व शीर्षकहरूको वर्गीकरण र व्याख्या**

| राजस्व सङ्केत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | पुरानो सङ्केत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| **१००००** | **राजस्व तथा अनुदान** | **१००००** | **सञ्चित कोषमा जम्मा हुने गरी प्राप्त राजस्व तथा अनुदानको सबै रकम यसमा पर्दछ।** | √ | √ | √ |
| **११०००** | **कर** | **११०००** | **फर्म एवं व्यक्तिको आयमा लाग्ने कर यसमा पर्दछ। यो आधार शीर्षकमा रकम जम्मा गर्न मिल्दैन।** | √ | √ | |
| **१११००** | **आय, मुनाफा तथा पुँजीगत लाभमा लाग्ने कर** | **१११००** | **आय, मुनाफा तथा पुँजीगत लाभ कर बापतको रकम यसमा पर्दछ। यो मूल शीर्षकमा रकम जम्मा गर्न मिल्दैन।** | √ | √ | |
| **१११२०** | **एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर** | **१११२०** | **एकलौटी फर्म एवं व्यक्तिगत आयमा लाग्ने कर यसमा पर्दछ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन।** | √ | √ | |
| ११११२ | एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर | ११११२ | एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १११२२ | पारिश्रमिक कर | १११२२ | कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलव, ज्याला, मजदुरी, पारिश्रमिक, भत्ता एवं सुविधा, अवकाश भुक्तानी, रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी, अध्ययन, अध्यापन आदि विभिन्न स्रोतबाट हुने आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १११२३ | पुँजीगत लाभ कर | १११२३ | घर, जग्गा, शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका निःसर्गबाट भएको पुँजीगत लाभमा व्यक्ति तथा एकलौटी फर्मलाई लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १११२५ | आकस्मिक लाभ कर | नयाँ थप | कुनै व्यक्तिले जुवा, चिठ्ठा, बाजी, उपहार, दान, अपुताली, सुराकी, पुरस्कार लगायतका आकस्मिक लाभका स्रोतबाट प्राप्त आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |

| राजस्व सङ्केत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | पुरानो सङ्केत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| ११११९ | एकलौटी व्यवसायको आयमा लाग्ने अन्य कर | नयाँ थप | माथि उल्लेखित शीर्षकहरूमा नपरेका यस अन्तर्गत पर्ने अन्य करहरू यसमा पर्दछ। | √ | | |
| **१११२०** | **निकायको आयमा लाग्ने कर** | **१११२०** | **व्यावसायिक निकाय तथा संस्थानको आयमा लाग्ने कर यसमा पर्दछ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन।** | √ | | |
| १११२१ | निकायको मुनाफामा लाग्ने कर-सरकारी संस्थान | १११२१ | सरकारको पूर्ण वा अधिकांश (५० प्रतिशत भन्दा बढी) स्वामित्व भएका सरकारी निकाय तथा त्यस्ता निकायको व्यवस्थापकीय नियन्त्रण भएको निकायको आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १११२२ | निकायको मुनाफामा लाग्ने कर - पब्लिक लिमिटेड कम्पनी | १११२२ | कुनै विशेष ऐन वा कम्पनी ऐन अन्तर्गत दर्ता भएका पब्लिक लिमिटेड कम्पनी र सरकारको ५० प्रतिशत भन्दा कम स्वामित्व भएका कम्पनीको आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १११२३ | निकायको मुनाफामा लाग्ने कर — प्राइभेट लिमिटेड कम्पनी | १११२३ | कम्पनी ऐन अन्तर्गत दर्ता भएका प्राइभेट लिमिटेड कम्पनी तथा आयकर ऐन बमोजिम तोकिएको कम्पनीको आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १११२४ | निकायको मुनाफामा लाग्ने कर — अन्य संस्था | १११२४ | माथि उल्लिखित उपशीर्षक १११२१ देखि १११२३ भित्र परेका बाहेक अन्य संस्थाहरुः- साझेदारी फर्म, सहकारी संस्था, ट्रष्ट, युनिट ट्रष्ट, संघ/संस्था, विदेशी कम्पनी एवं अन्य निकायको आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १११२५ | पुँजीगत लाभ कर —निकाय | १११२५ | घर, जग्गा, शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका निःसर्गबाट भएको पुँजीगत लाभमा निकायलाई लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १११२६ | आकस्मिक लाभ कर | नयाँ थप | कुनै निकायले चिठ्ठा, उपहार, दान, अपुताली र पुरस्कार लगायतका आकस्मिक लाभबाट प्राप्त भएको आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १११२९ | निकायको आयमा लाग्ने अन्य कर | नयाँ थप | माथि उल्लेखित शीर्षकहरूमा नपरेका यस अन्तर्गत पर्ने अन्य करहरू यसमा पर्दछ। | √ | | |

| राजस्व सङ्केत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | पुरानो सङ्केत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| **११९३०** | **आय मुनाफा तथा पुँजीगत लाभमा लाग्ने अन्य कर** | **१११३० व्याख्या मिलाइएको** | **सम्पत्ति, बहाल तथा पट्टा, ब्याँज, लाभांश लगानी सम्बन्धी माथि उल्लेखित शीर्षक ११११९ देखि १११२५ भित्र परेका बाहेक अन्य आयमा लाग्ने कर यसमा पर्दछ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन।** | √ | √ | |
| १११३१ | सम्पत्ति, बहाल तथा पट्टा बापतको आयमा लाग्ने कर | १११३१ व्याख्या मिलाइएको | घर, जग्गा, भाडा वा लिजमा दिई प्राप्त गरेको आयमा लाग्ने कर तथा सवारी साधन तथा अन्य अचल सम्पत्ति बहाल वा पट्टा वा दीर्घकालीन करारमा दिए बापतको आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १११३२ | ब्याजमा लाग्ने कर | १११३२ | बैङ्क, वित्त कम्पनी वा अन्य निकाय वा व्यक्तिबाट भुक्तानी गरिने वा प्राप्त हुने ब्याजमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १११३३ | लाभांशमा लाग्ने कर | १११३३ | कुनै पनि कम्पनी वा निकायमा लगानी गरे बापत प्राप्त हुने लाभांशमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १११३४ | लगानी सम्बन्धी अन्य आयमा लाग्ने कर | १११३४ | लगानी सम्बन्धी अन्य आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| १११३६ | कृषि आयमा कर | १११९४ | कृषि आयमा लाग्ने कर यसमा पर्दछ। | | √ | |
| १११३९ | अन्य आयमा लाग्ने कर | १११३९ | माथि उल्लिखित शीर्षक नं. हरूमा नपरेका अन्य आयमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| **११२००** | **पारिश्रमिक तथा ज्यालामा आधारित कर** | **११२००** | **पारिश्रमिक तथा ज्यालामा आधारित भएर लगाईने करहरू यसमा पर्दछन। यो मूल शीर्षकमा रकम जम्मा गर्न मिल्दैन।** | √ | | |
| **११२१०** | **पारिश्रमिक तथा ज्यालामा आधारित सामाजिक सुरक्षा कर** | **११२१०** | **पारिश्रमिक तथा ज्यालामा आधारित सामाजिक सुरक्षा कर यसमा पर्दछ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन।** | √ | | |
| ११२११ | पारिश्रमिक तथा ज्यालामा आधारित सामाजिक सुरक्षा कर | ११२११ | कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलव, ज्याला, मजदुरी, पारिश्रमिक, भत्ता एवं सुविधा, अवकाश भुक्तानी, रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी, अध्ययन, अध्यापन आदि विभिन्न स्रोतबाट हुने समग्र आयमा एकमुष्ट रूपमा | √ | | |

| राजस्व सङ्केत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | पुरानो सङ्केत | ब्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| | | | तोकिए बमोजिम लिइने सामाजिक सुरक्षा कर यसमा पर्दछ। | | | |
| **११३००** | **सम्पत्ति कर** | **११३००** | **सबै प्रकारको सम्पत्तिमा लाग्ने कर यसमा पर्दछ। यो मूल शीर्षकमा रकम जम्मा गर्न मिल्दैन।** | √ | √ | √ |
| **११३१०** | **अचल सम्पत्तिमा लाग्ने कर** | **११३१०** | **सबै प्रकारको अचल सम्पत्तिमा लाग्ने कर यसमा पर्दछ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन।** | √ | √ | √ |
| ११३११ | व्यक्तिगत सम्पतीमा लाग्ने बार्षिक कर | ११३११ | व्यक्तिगत स्वामित्वमा रहेको सम्पत्तिमा वार्षिक रूपमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| ११३१२ | संस्थागत सम्पतीमा लाग्ने बार्षिक कर | ११३१२ | संस्थागत स्वामित्वमा रहेको सम्पत्तिमा वार्षिक रूपमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| ११३१३ | सम्पति कर | ११३१३ व्याख्या मिलाइएको | व्यक्ति वा संस्थाको भवन, जग्गा, अस्थायी/स्थायी टहरा लगायतका भौतिक संरचनाको मूल्याङ्कनको आधारमा लाग्ने कर यसमा पर्दछन्। | | | √ |
| ११३१४ | भुमिकर/मालपोत | ११३११ | भूमिको स्वामित्व बापत नियमित रूपमा तिर्नुपर्ने कर यसमा पर्दछ। | | | √ |
| ११३१५ | घरजग्गा रजिष्टेशन दस्तुर | १४१७७ | बाँडफाँट भइ आउने घरजग्गा रजिष्ट्रेशन दस्तुर यसमा पर्दछ। | | √ | √ |
| ११३१६ | बौद्धिक सम्पति तथा शेयर र अभौतिक सम्पत्ति कर | | कुनै व्यक्ति वा संस्थाको शेयर, बौद्धिक सम्पत्ति, गुडविल, patent right, copy right लगायतका सम्पूर्ण अभौतिक सम्पत्तिहरू तथा अन्य भौतिक सम्पत्तिहरूको बजार मूल्यमा मूल्याङ्कन गरी कूल मूल्याङ्कनमा वार्षिक रूपमा लगाइने कर यसमा पर्दछन्। | √ | | |
| ११३१७ | घरवहाल कर | ११३२१ | स्थानीय तहको क्षेत्रभित्र रहेका स्थायी संरचनाहरू (जस्तै घर, गोदाम, कम्प्लेस आदि) भाडामा लगाउदा प्राप्त आयमा लाग्ने कर यसमा पर्दछ। | | | √ |
| ११३१८ | वहाल विटौरी कर | ११३२२ बाट कायम | स्थानीय तहको क्षेत्र भित्रका घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना, जग्गा वा पोखरीको बहालमा लगाउँदा सङ्कलन गरिने बहाल करको रकम तथा स्थानीय तहले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार, सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा थाप्न दिएका | | | √ |

| राजस्व सङ्केत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | पुरानो सङ्केत | ब्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| | | | अस्थायी पसलहरूबाट सङ्कलन गरिने बहाल विटौरी कर रकम यसमा पर्दछ। | | | |
| ११३१९ | अन्य अचल सम्पत्तिमा लाग्ने अन्य कर | नयाँ थप | ११३११ देखि ११३१८ सम्म नपरेका अन्य अचल सम्पत्तिमा लाग्ने कर यसमा पर्दछ। | √ | √ | √ |
| **११३२०** | **खुद सम्पत्तिमा लाग्ने कर** | **११३२० व्याख्या मिलाइएको।** | **यसमा चल अचल सम्पत्तिमा उक्त सम्पत्तिबाट सिर्जित दायित्व घटाई खुद सम्पत्तिमा लाग्ने कर पर्दछ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन।** | √ | | |
| ११३२३ | खुद सम्पत्तिमा लाग्ने कर | नयाँ थप | कूल सम्पत्तिमा उक्त सम्पत्तिबाट सिर्जित दायित्व घटाई खुद आउने मूल्यमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| **११३५०** | **पुँजीगत सम्पत्तिमा आकस्मिक रुपमा लाग्ने कर** | **११३५० व्याख्या मिलाइएको।** | **सम्पत्तिको पुनःवितरण गर्दा, आकस्मिक खर्चको लागि स्रोत जुटाउँदा र सम्पत्तिको फरक प्रयोजनका लागि उपयोग गर्न दिंदा लाग्ने कर यसमा पर्दछ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन।** | √ | | |
| ११३५१ | अपवादका रूपमा लाग्ने कर | ११३५१ व्याख्या मिलाइएको। | सम्पत्तिको पुनःवितरण गर्दा, विशेष अवस्थामा आकस्मिक खर्चको लागि स्रोत जुटाउँदा र सम्पत्तिको साविक प्रयोजनभन्दा फरक प्रयोजनका लागि उपयोग गर्न दिंदा (जस्तैः कृषि, भूमिलाई आवास क्षेत्रमा रुपान्तरण गर्दा) लाग्ने कर यसमा पर्दछ। | √ | | |
| **११४००** | **वस्तु तथा सेवामा लाग्ने कर** | **११४०० व्याख्या मिलाइएको।** | **यसमा वस्तु तथा सेवाको उत्पादन, आयात, बिक्री, वितरण, पट्टा, ढुवानी खपत, पूँजी निर्माण तथा हस्तान्तरण एवं अन्य कारोबारमा लाग्ने कर यसमा पर्दछ। यो मूल शीर्षकमा रकम जम्मा गर्न मिल्दैन।** | √ | √ | √ |
| **११४१०** | **वस्तु तथा सेवामा लाग्ने सामान्य कर** | **११४१० व्याख्या मिलाइएको।** | **वस्तु तथा सेवाको कारोवारमा आधारित मूल्य अभिवृद्धि कर यस अन्तर्गत पर्दछ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन।** | √ | √ | √ |

| राजस्व सङ्केत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | पुरानो सङ्केत | ब्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| ११४११ | मूल्य अभिवृद्धि कर | ११४११ व्याख्या मिलाइएको । | ३३३११ देखि ३३३१७ का शीर्षकमा संकलन भएको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट बाँडफाँट भई प्राप्त भएको मूल्य अभिवृद्धि करको रकम यसमा पर्दछ। | √ | √ | √ |
| ११४१२ | विलासिता शुल्क | नयाँ | पाँचतारे वा सोभन्दा माथिका तारे होटेल तथा लक्जरी रिसोर्टले प्रदान गर्ने सेवा, आयातित मदिरा, निश्चित मूल्यभन्दा बढीका हिरा, मोती, पत्थर जडित सुन वा बहुमूल्य गरगहना जस्ता विलासिताका वस्तु तथा सेवाको खरिदमा लाग्ने शुल्क यसमा पर्दछ। | √ | | |
| ११४१९ | बाँडफाँट हुने बाहेक अन्य स्रोतबाट प्राप्त मूल्य अभिवृद्धि कर | ११४१२ | सरकारका तहहरू बीच बाँडफाँट हुने गरी तोकिएका शीर्षक बाहेक बाँडफाँट नहुने गरी अन्य कुनै शीर्षकमा कानुन बमोजिम लगाइने मूल्य अभिवृद्धि कर वापतको रकम यसमा पर्दछ। | √ | | |
| **११४२०** | **अन्तःशुल्क** | **११४२०** | **विभिन्न प्रकारका माल वस्तु उत्पादन गर्दा लाग्ने अन्तःशुल्क यसमा पर्दछ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन।** | √ | √ | √ |
| ११४२१ | बाँडफाँट भई प्राप्त हुने अन्तःशुल्क | ११४२१ व्याख्या मिलाइएको । | ३३३३१ देखि ३३३३४ सम्मका शीर्षकमा संकलित राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट बाँडफाँट भई प्राप्त भएको अन्तःशुल्कको रकम यसमा पर्दछ। | √ | √ | √ |
| ११४२२ | अन्तःशुल्क आयात | ११४२२ | नेपालभित्र पैठारी हुने सामानमा भन्सार विन्दुमै तोकिए बमोजिम लाग्ने अन्तःशुल्क यसमा पर्दछ। | √ | | |
| ११४२३ | स्वास्थ्य जोखिम कर स्वदेशी उत्पादन | ११४२३ व्याख्या मिलाइएको | स्वदेशमा उत्पादन हुने चुरोट विडी सिंगार खाने सुर्ती खैनी गुटका पान मसला तथा मदिराजन्य पदार्थ आदिबाट संकलन हुने स्वास्थ्य जोखिम कर यस शीर्षकमा पर्दछ। | √ | | |
| ११४२४ | स्वास्थ्य जोखिम कर वैदेशिक उत्पादन | ११४२४ व्याख्या मिलाइएको | विदेशबाट पैठारी हुने चुरोट विडी सिंगार खाने सुर्ती खैनी गुटका पान मसला तथा मदिराजन्य पदार्थ आदिबाट संकलन हुने स्वास्थ्य जोखिम कर यस शीर्षकमा पर्दछ। | √ | | |

| राजस्व सङ्केत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | पुरानो सङ्केत | ब्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| ११४२९ | बाँडफाँट हुने बाहेक अन्य स्रोतबाट प्राप्त अन्तःशुल्क | | आयातमा लाग्ने अन्तःशुल्क र आन्तरिक उत्पादनमा लाग्ने अन्तःशुल्क बाहेकको अन्तःशुल्क वापतको रकम यसमा समावेश गरिन्छ। | √ | | |
| **११४३०** | **वित्तीय एकाधिकारमा प्राप्त नाफा** | | **राजस्व प्राप्त गर्ने उद्देश्यले कुनै सरकारी, अर्ध सरकारी निकायलाई कुनै वस्तु वा सेवा उत्पादन वा वितरण गर्न दिएको एकाधिकारबाट प्राप्त नाफा यसमा पर्दछ। त्यस्ता एकाधिकारहरूमा अन्य मुलुकमा ठूलो परिणाममा कर लगाइएका मदिराजन्य वस्तु, सुर्तिजन्य वस्तु, जुवा, पेट्रोलियम पदार्थ, क्यासिनो, लट्री आदी पर्दछ। यस अन्तर्गत रकम जम्मा गर्न मिल्दैन** | √ | | |
| ११४३१ | वित्तीय एकाधिकारमा प्राप्त नाफा | | राजस्व प्राप्त गर्ने उद्देश्यले कुनै सरकारी,अर्ध सरकारी निकायलाई कुनै वस्तु वा सेवा उत्पादन वा वितरण गर्न दिएको एकाधिकारबाट प्राप्त नाफा यसमा पर्दछ। त्यस्ता एकाधिकारहरूमा अन्य मुलुकमा ठूलो परिणाममा कर लगाइएका वस्तु तथा सेवाहरू जस्तै मदिराजन्य वस्तु, सुर्तिजन्य वस्तु, जुवा, पेट्रोलियम पदार्थ, क्यासिनो, लट्री आदि पर्दछ। | √ | | |
| **११४४०** | **विशेष सेवामा लाग्ने कर** | ११४४० | **तोकिएका विशेष सेवामा लाग्ने कर बापतको रकम यसमा पर्दछ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन।** | √ | | |
| ११४४१ | वैदेशिक रोजगार सेवा कर | ११४४१ | वैदेशिक रोजगारका लागि जनशक्ति आपूर्ति गर्दा लाग्ने सेवा कर यसमा पर्दछ। | √ | | |
| ११४४२ | स्वास्थ्य सेवा कर | ११४४२ | सरकार तथा सामुदायिक अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवा बाहेक अन्य स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवामा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| ११४४३ | शिक्षा सेवा कर-शैक्षिक संस्था | ११४४३ | निजी शैक्षिक संस्थाहरूले प्रदान गर्ने तोकिएका शैक्षिक सेवाहरूमा लाग्ने शिक्षा सेवा शुल्क यसमा पर्दछ। | √ | | |

| राजस्व सङ्केत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | पुरानो सङ्केत | ब्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| ११४४४ | शिक्षा सेवा कर-वैदेशिक अध्ययन | ११४४४ | विदेशमा अध्ययन गर्न जाने विद्यार्थीहरूले बुझाउनु पर्ने शिक्षण शुल्कमा लाग्ने सेवा शुल्क बापतको रकम यसमा पर्दछ। | √ | | |
| ११४४५ | विद्युतीय सेवा कर (Digital Service Tax) | नयाँ थप | गैर बासिन्दा ब्यक्तिले नेपालका उपभोक्तालाई उपलब्ध गराएको विज्ञापन सेवा, चलचित्र, तथ्याङ्क, डाउनलोड, क्लाउड, गेमिङ्ग, मोबाइल एप्स, इन्टरनेट तथा सफ्टवेयर अध्यावधिक, शिक्षा तथा परामर्श सेवालगायतका विद्युतीय सेवाको कारोवार मूल्यमा लगाइने कर यसमा पर्दछ। | √ | | |
| **११४५०** | **पूर्वाधारको उपयोग, वस्तु प्रयोगको अनुमति तथा कुनै कार्य सञ्चालन गर्न अनुमति दिंदा लाग्ने कर** | **११४५० व्याख्या मिलाइएको** | **पूर्वाधार सेवाको उपयोग, वस्तु प्रयोगको अनुमति तथा कार्य सञ्चालन गर्न अनुमति दिंदा लाग्ने कर यसमा पर्दछ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन।** | √ | √ | √ |
| ११४५१ | सवारी साधन कर (साना सवारी) | ११४५१ | टाङ्गा, रिक्सा, अटो रिक्सा र ई रिक्सा जस्ता सवारी साधनमा लाग्ने कर यसमा पर्दछ। | | | √ |
| ११४५२ | वस्तुको उपयोग तथा उपयोगको अनुमतिमा लाग्ने अन्य कर | ११४५२ व्याख्या मिलाइएको | वस्तुको उपयोग तथा उपयोगको अनुमतिमा लाग्ने अन्य करको रकम यसमा पर्दछ। शहरी सडक एवं तोकिएका अन्य पूर्वाधार सेवाको उपयोग गरे वापत तोकिए बमोजिम लाग्ने कर यसमा पर्दछ। यसमा पूर्वाधार मर्मत तथा सम्भार प्रयोजनका लागि उठाइने शुल्क समेत समावेश हुन्छ। (क) व्यवसायिक तथा पेशागत अनुमति पत्र (ख) प्रदुषण कर (ग) रेडियो तथा टेलिभिजन इजाजत (घ) घर परिवार अनुमति तथा इजाजतपत्र (ङ) वस्तुको उपयोगमा लाग्ने अन्य कर | √ | √ | √ |
| ११४५३ | सडक मर्मत तथा सुधार कर | ११४५३ | विदेशबाट नेपालमा पैठारी हुने पेट्रोल तथा डिजेलमा सडक मर्मत तथा सुधार दस्तुर बापत भन्सार विन्दुमा लगाइने दस्तुर यसमा पर्दछन्। | √ | | |
| ११४५४ | सडक निर्माण तथा सम्भार कर | ११४५४ | सवारी साधन दर्ताका वखत यातायात व्यवस्था कार्यालयमा सवारी साधनको किसिम अनुसार सङ्कलन गरिने कर यसमा पर्दछन्। | √ | | |

| राजस्व सङ्केत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | पुरानो सङ्केत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| ११४५५ | पूर्वाधार कर | ११४५५ | आयात हुने पेट्रोलियम पदार्थमा पूर्वाधार विकासका लागि लगाइने कर यसमा पर्दछ। | √ | | |
| ११४५६ | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | | प्रदेश सरकार र स्थानीय तह बीच बाँडफाँट भई सम्बन्धित सञ्चित कोषमा दाखिला हुने सवारी साधन करको रकम यसमा समावेश गरिन्छ। | | √ | √ |
| **११४६०** | **वस्तु तथा सेवामा लाग्ने अन्य कर** | व्याख्या मिलाइएको | **पेट्रोल ग्याँस, कोइला, मार्बल, चुन ढुंगा तथा अन्य खनिज उत्खनन गरिसकेपछि परिमाणको आधारमा लाग्ने कर यसमा समावेश हुन्छ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन।** | √ | | |
| ११४६१ | वस्तु तथा सेवामा लाग्ने अन्य कर | व्याख्या मिलाइएको | पेट्रोल ग्याँस, कोईला, मार्बल, चुनढुङ्गा तथा तथा अन्य खनिज उत्खनन गरिसकेपछि परिमाणको आधारमा लाग्ने कर यसमा समावेश हुन्छ। | √ | | |
| **११४७०** | **मनोरञ्जन तथा विज्ञापन कर** | **११४७०-** | **मनोरञ्जनसँग सम्बन्धित व्यावसायमा लाग्ने कर यसमा पर्दछ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन।** | | √ | √ |
| ११४७१ | बाँडफाँटबाट प्राप्त हुने मनोरञ्जन कर | ११४७१- | प्रदेश सरकार र स्थानीय तह बीच बाँडफाँट भई सम्बन्धित सञ्चित कोषमा दाखिला हुने मनोरञ्जन करको रकम यसमा समावेश गरिन्छ। | | √ | √ |
| ११४७२ | बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | ११४७२- | प्रदेश सरकार र स्थानीय तह बीच बाँडफाँट भई सम्बन्धित सञ्चित कोषमा दाखिला हुने विज्ञापन करको रकम यसमा समावेश गरिन्छ। | | √ | √ |
| ११४७९ | अन्य मनोरञ्जन कर | ११४७३- | बाँडफाँट नहुने मनोरञ्जन कर यसमा समावेश गरिन्छ। | | √ | √ |
| **११५००** | **वैदेशिक व्यापारमा आधारित कर** | **११५००** | **वैदेशिक व्यापारमा आधारित कर बापतको रकम यसमा पर्दछ। यो मूल शीर्षकमा रकम जम्मा गर्न मिल्दैन।** | √ | | |
| **११५१०** | **भन्सार महसुल तथा आयातमा लाग्ने कर** | **११५१० शीर्षक मिलाइएको** | **आयातमा लाग्ने भन्सार महसुल बापतको रकम यसमा पर्दछ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन।** | √ | | |
| ११५११ | भन्सार महसुल — आयात | ११५११ | नेपालमा आयात हुने माल वस्तुमा लाग्ने भन्सार महसुल तथा थप महसुल यसमा पर्दछ। | √ | | |
| ११५१२ | भारतीय अन्तःशुल्क फिर्ता | ११५१२ | भारतबाट डी.आर.पी. फाराम अन्तर्गत नेपालभित्र आयात गरिने मालवस्तुमा भारत सरकारले असुल | √ | | |

| राजस्व सङ्केत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | पुरानो सङ्केत | ब्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| | | | उपर गरी सरकारलाई फिर्ता गर्ने भारतीय अन्तःशुल्क रकम यसमा पर्दछ। | | | |
| ११५१३ | आयातमा लाग्ने स्थानीय विकास शुल्क | ११५१३ | तोकिए बमोजिम आयातमा लाग्ने स्थानीय विकास शुल्कको रकम यसमा पर्दछ। | √ | | |
| ११५१५ | हरित कर | नयाँ थप | नेपालभित्र पैठारी हुने कार्वन उत्सर्जन गर्ने मालवस्तुमा भन्सार विन्दुमा लाग्ने  हरित कर यस उपशीर्षकमा पर्दछ। | √ | | |
| ११५१९ | आयातमा लाग्ने अन्य शुल्क/महशुल | ११५१४- | माथि उल्लिखित बाहेकका आयातमा लाग्ने भन्सार सम्बन्धी अन्य शुल्क वा महशुलको रकम यसमा पर्दछ। | √ | | |
| **११५२०** | **भन्सार महसुल निर्यात** | **११५२०** | **निर्यात गरिने मालवस्तुमा लाग्ने भन्सार महसुल बापतको रकम यसमा पर्दछ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन।** | √ | | |
| ११५२१ | भन्सार महसुल निर्यात | ११५२१ | नेपालबाट विदेशमा निकासी हुने मालवस्तुमा लाग्ने भन्सार महसुल, छुट आम्दानी र सदरस्याहाको रकम यसमा पर्दछ। | √ | | |
| ११५२२ | निर्यात सेवा शुल्क | ११५२२ | नेपालबाट विदेशमा निकासी हुने मालवस्तुमा लाग्ने निकासी सेवा शुल्क, छुट आम्दानी र सदरस्याहाको रकम यसमा पर्दछ। | √ | | |
| ११५२९ | निर्यातमा लाग्ने अन्य शुल्क/महशुल | ११५२३- | माथि उल्लिखित बाहेक निर्यातमा लाग्ने अन्य भन्सार सम्बन्धी शुल्क वा महशुलको रकम यसमा पर्दछ। | √ | | |
| **११५३०** | **एकाधिकार प्राप्त संस्थाको आयत निर्यातको नाफा** | | **एकाधिकार प्राप्त संस्थाले आयात निर्यात गर्दा भएको नाफा प्राप्त यस अन्तर्गत पर्दछ।** | √ | | |
| ११५३१ | एकाधिकार प्राप्त संस्थाको आयत निर्यातको नाफा | | एकाधिकार प्राप्त संस्थाले आयात निर्यात गर्दा भएको नाफा यस अन्तर्गत पर्दछ। | √ | | |
| **११५६०** | **वैदेशिक व्यापारमा आधारित अन्य कर** | **११५६०** | **माथि उल्लिखित शीर्षक ११५१० र ११५२० मा परेका बाहेक अन्य वैदेशिक व्यापारमा आधारित कर बापतको रकम यसमा पर्दछ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन।** | √ | | |

| राजस्व सङ्केत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | पुरानो सङ्केत | व्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| ११५६१ | कृषि सुधार शुल्क | ११५६१ | भारत तथा तेस्रो मुलुकबाट आयात गरिने कृषि उत्पादनसँग सम्बन्धित माल वस्तुमा लगाइएको कृषि सुधार शुल्क यसमा पर्दछ। | √ | | |
| ११५६२ | भन्सार सम्बन्धी अन्य आय | ११५६२ | भन्सार प्रशासनका सन्दर्भमा जफत गरिएको मालवस्तु लिलाम बिक्रीबाट प्राप्त रकम, डेमरेज (विलम्ब शुल्क), भन्सार एजेन्टको इजाजत दस्तुर एवं इजाजत पत्र नवीकरण दस्तुर, वण्डेड वेयर हाउस सम्बन्धी इजाजत दस्तुर एवं सोको नवीकरण दस्तुर, भन्सार सेवा शुल्क, प्रज्ञापनपत्र दस्तुर, र सो सम्बन्धी अन्य रकम यसमा पर्दछ। | √ | | |
| ११५६३ | वैदेशिक व्यापारमा लाग्ने कर | | विदेशमा गरिएको लगानी, बिमा, विप्रेषण तथा वैदेशिक व्यापारमा लाग्ने कर यसमा पर्दछ। | √ | | |
| **११६००** | **अन्य कर** | **११६००** | **माथि उल्लिखित करका आधारहरू बाहेक अन्य आधारहरू अनुसार लगाइने कर राजस्व यसमा पर्दछ। यो मूल शीर्षकमा रकम जम्मा गर्न मिल्दैन।** | √ | √ | √ |
| **११६१०** | **व्यवसायले भुक्तानी गर्ने** | **११६१०** | **माथि उल्लिखित करका आधारहरू बाहेक अन्य आधारहरूमा व्यवसायमा लगाइने कर राजस्व यसमा पर्दछ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन।** | √ | √ | √ |
| ११६११ | व्यवसायले भुक्तानी गर्ने | | माथि उल्लिखित करका आधारहरू बाहेक अन्य आधारहरूमा व्यवसायमा लगाइने कर राजस्व यसमा पर्दछ। | √ | √ | √ |
| **११६२०** | **व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने** | | **माथि उल्लिखित करका आधारहरू बाहेक अन्य आधारहरूमा व्यवसायी बाहेकलाई लगाइने कर राजस्व यसमा पर्दछ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन।** | √ | √ | √ |
| ११६२१ | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | | माथि उल्लिखित करका आधारहरू बाहेक अन्य आधारहरूमा व्यवसायी बाहेकलाई लगाइने कर राजस्व यसमा पर्दछ। | √ | √ | √ |
| **११६३०** | **कृषि तथा पशुजन्य कारोबारमा लाग्ने कर** | **११६३०-** | **कृषितथा पशुजन्य वस्तुको कारोबारमा लाग्ने कर यसमा समावेश हुन्छ। यो शीर्षकमा रकम जम्मा गर्न मिल्दैन।** | | | √ |

| राजस्व सङ्केत | राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | पुरानो सङ्केत | ब्याख्या | प्रयोग हुने तह | | |
|---|---|---|---|---|---|---|
| | | | | संघ | प्रदेश | स्थानीय |
| ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोबारमा लाग्ने कर | ११६३१- | कृषि तथा पशुपन्छीमा आधारित व्यावसायिक कारोबारको अनुमति तथा त्यस्तो व्यावसायिक कारोबारमा लाग्ने कर यसमा पर्दछ। | | | √ |
| ११६३२ | अखेटोपहारमा लाग्ने कर | ११६३२- | कानुनले निषेध गरेका बाहेक मृत वा मारिएका जीव जन्तुको हाड, सिंग, प्वाँख, छाला आदिको कारोबारमा लाग्ने कर यसमा पर्दछ। | | | √ |
| कर्णाली | ६७ | दैलेख | ८०१०६३५२ | भगवतीमाई गाउँपालिका | ८०१०६६७०९ |
| कर्णाली | ६७ | दैलेख | ८०१०६३५३ | भैरवी गाउँपालिका | ८०१०६६७१० |
| कर्णाली | ६७ | दैलेख | ८०१०६३५४ | महाबु गाउँपालिका | ८०१०६६७११ |
| कर्णाली | ६८ | सुर्खेत | ८०१०६११४ | गुर्भाकोट नगरपालिका | ८०१०६६८०१ |
| कर्णाली | ६८ | सुर्खेत | ८०१०६११५ | पञ्चपुरी नगरपालिका | ८०१०६६८०२ |
| कर्णाली | ६८ | सुर्खेत | ८०१०६११६ | भेरीगंगा नगरपालिका | ८०१०६६८०३ |
| कर्णाली | ६८ | सुर्खेत | ८०१०६११७ | लेकबेसी नगरपालिका | ८०१०६६८०४ |
| कर्णाली | ६८ | सुर्खेत | ८०१०६११८ | बीरेन्द्रनगर नगरपालिका | ८०१०६६८०५ |
| कर्णाली | ६८ | सुर्खेत | ८०१०६३४० | चिङ्गाड गाउँपालिका | ८०१०६६८०६ |
| कर्णाली | ६८ | सुर्खेत | ८०१०६३४१ | चौकुने गाउँपालिका | ८०१०६६८०७ |
| कर्णाली | ६८ | सुर्खेत | ८०१०६३४२ | बराहताल गाउँपालिका | ८०१०६६८०८ |
| कर्णाली | ६८ | सुर्खेत | ८०१०६३४३ | सिम्ता गाउँपालिका | ८०१०६६८०९ |
| सुदूरपश्चिम | ६९ | बाजुरा | ८०१०७११३ | त्रिवेणी नगरपालिका | ८०१०७६९०१ |
| सुदूरपश्चिम | ६९ | बाजुरा | ८०१०७११४ | बडिमालिका नगरपालिका | ८०१०७६९०२ |
| सुदूरपश्चिम | ६९ | बाजुरा | ८०१०७११५ | बुढीगंगा नगरपालिका | ८०१०७६९०३ |
| सुदूरपश्चिम | ६९ | बाजुरा | ८०१०७११६ | बुढीनन्दा नगरपालिका | ८०१०७६९०४ |
| सुदूरपश्चिम | ६९ | बाजुरा | ८०१०७३२० | गौमुल गाउँपालिका | ८०१०७६९०५ |
| सुदूरपश्चिम | ६९ | बाजुरा | ८०१०७३२१ | खप्तड छेडेदह गाउँपालिका | ८०१०७६९०६ |
| सुदूरपश्चिम | ६९ | बाजुरा | ८०१०७३२२ | जगन्नाथ गाउँपालिका | ८०१०७६९०७ |
| सुदूरपश्चिम | ६९ | बाजुरा | ८०१०७३२३ | स्वामीकार्तिक खापर गाउँपालिका | ८०१०७६९०८ |
| सुदूरपश्चिम | ६९ | बाजुरा | ८०१०७३२४ | हिमाली गाउँपालिका | ८०१०७६९०९ |
| सुदूरपश्चिम | ७० | बझाङ | ८०१०७११७ | जयपृथ्वी नगरपालिका | ८०१०७७००१ |
| सुदूरपश्चिम | ७० | बझाङ | ८०१०७११८ | बुंगल नगरपालिका | ८०१०७७००२ |

| प्रदेश | जिल्ला कोड | जिल्ला | व.उ.शी.नं. | स्थानीय तह | कार्यालय कोड |
|---|---|---|---|---|---|
| सुदूरपश्चिम | ७० | बझाङ | ८०१०७३२५ | साईपाल गाउँपालिका | ८०१०७७००३ |
| सुदूरपश्चिम | ७० | बझाङ | ८०१०७३२६ | केदारस्युँ गाँउपालिका | ८०१०७७००४ |
| सुदूरपश्चिम | ७० | बझाङ | ८०१०७३२७ | खप्तडछान्ना गाँउपालिका | ८०१०७७००५ |
| सुदूरपश्चिम | ७० | बझाङ | ८०१०७३२८ | छबिसपाथिभरा गाँउपालिका | ८०१०७७००६ |
| सुदूरपश्चिम | ७० | बझाङ | ८०१०७३२९ | तालकोट गाँउपालिका | ८०१०७७००७ |
| सुदूरपश्चिम | ७० | बझाङ | ८०१०७३३० | थलारा गाँउपालिका | ८०१०७७००८ |
| सुदूरपश्चिम | ७० | बझाङ | ८०१०७३३१ | दुर्गाथली गाँउपालिका | ८०१०७७००९ |
| सुदूरपश्चिम | ७० | बझाङ | ८०१०७३३२ | मष्टा गाउँपालिका | ८०१०७७०१० |
| सुदूरपश्चिम | ७० | बझाङ | ८०१०७३३३ | वित्थडचिर गाँउपालिका | ८०१०७७०११ |
| सुदूरपश्चिम | ७० | बझाङ | ८०१०७३३४ | सूर्मा गाउँपालिका | ८०१०७७०१२ |
| सुदूरपश्चिम | ७१ | डोटी | ८०१०७१०७ | दिपायल सिलगढी नगरपालिका | ८०१०७७१०१ |
| सुदूरपश्चिम | ७१ | डोटी | ८०१०७१०८ | शिखर नगरपालिका | ८०१०७७१०२ |
| सुदूरपश्चिम | ७१ | डोटी | ८०१०७३०७ | आदर्श गाउँपालिका | ८०१०७७१०३ |
| सुदूरपश्चिम | ७१ | डोटी | ८०१०७३०८ | के.आई.सिं. गाउँपालिका | ८०१०७७१०४ |
| सुदूरपश्चिम | ७१ | डोटी | ८०१०७३०९ | जोरायल गाउँपालिका | ८०१०७७१०५ |
| सुदूरपश्चिम | ७१ | डोटी | ८०१०७३१० | पूर्वीचौकी गाउँपालिका | ८०१०७७१०६ |
| सुदूरपश्चिम | ७१ | डोटी | ८०१०७३११ | बडीकेदार गाउँपालिका | ८०१०७७१०७ |
| सुदूरपश्चिम | ७१ | डोटी | ८०१०७३१२ | बोगटान फुडिसल गाउँपालिका | ८०१०७७१०८ |
| सुदूरपश्चिम | ७१ | डोटी | ८०१०७३१३ | सायल गाउँपालिका | ८०१०७७१०९ |
| सुदूरपश्चिम | ७२ | अछाम | ८०१०७१०९ | कमलबजार नगरपालिका | ८०१०७७२०१ |
| सुदूरपश्चिम | ७२ | अछाम | ८०१०७११० | पंचदेवल विनायक नगरपालिका | ८०१०७७२०२ |
| सुदूरपश्चिम | ७२ | अछाम | ८०१०७१११ | मंगलसेन नगरपालिका | ८०१०७७२०३ |
| सुदूरपश्चिम | ७२ | अछाम | ८०१०७११२ | साँफेवगर नगरपालिका | ८०१०७७२०४ |
| सुदूरपश्चिम | ७२ | अछाम | ८०१०७३१४ | चौरपाटी गाउँपालिका | ८०१०७७२०५ |
| सुदूरपश्चिम | ७२ | अछाम | ८०१०७३१५ | ढकारी गाउँपालिका | ८०१०७७२०६ |
| सुदूरपश्चिम | ७२ | अछाम | ८०१०७३१६ | तुर्माखाँद गाउँपालिका | ८०१०७७२०७ |
| सुदूरपश्चिम | ७२ | अछाम | ८०१०७३१७ | बान्नीगढी जयगढ गाउँपालिका | ८०१०७७२०८ |
| सुदूरपश्चिम | ७२ | अछाम | ८०१०७३१८ | मेल्लेख गाउँपालिका | ८०१०७७२०९ |
| सुदूरपश्चिम | ७२ | अछाम | ८०१०७३१९ | रामारोशन गाउँपालिका | ८०१०७७२१० |
| सुदूरपश्चिम | ७३ | दार्चुला | ८०१०७११९ | महाकाली नगरपालिका | ८०१०७७३०२ |
| सुदूरपश्चिम | ७३ | दार्चुला | ८०१०७१२० | शैल्यशिखर नगरपालिका | ८०१०७७३०१ |
| सुदूरपश्चिम | ७३ | दार्चुला | ८०१०७३३५ | अपिहिमाल गाउँपालिका | ८०१०७७३०३ |

| प्रदेश | जिल्ला कोड | जिल्ला | व.उ.शी.नं. | स्थानीय तह | कार्यालय कोड |
|---|---|---|---|---|---|
| सुदूरपश्चिम | ७३ | दार्चुला | ८०१०७३३६ | दुहुँ गाउँपालिका | ८०१०७७३०४ |
| सुदूरपश्चिम | ७३ | दार्चुला | ८०१०७३३७ | नौगाड गाउँपालिका | ८०१०७७३०५ |
| सुदूरपश्चिम | ७३ | दार्चुला | ८०१०७३३८ | व्याँस गाउँपालिका | ८०१०७७३०९ |
| सुदूरपश्चिम | ७३ | दार्चुला | ८०१०७३३९ | मार्मा गाउँपालिका | ८०१०७७३०६ |
| सुदूरपश्चिम | ७३ | दार्चुला | ८०१०७३४० | मालिकार्जुन गाउँपालिका | ८०१०७७३०७ |
| सुदूरपश्चिम | ७३ | दार्चुला | ८०१०७३४१ | लेकम गाउँपालिका | ८०१०७७३०८ |
| सुदूरपश्चिम | ७४ | बैतडी | ८०१०७१२१ | दशरथचन्द नगरपालिका | ८०१०७७४०१ |
| सुदूरपश्चिम | ७४ | बैतडी | ८०१०७१२२ | पाटन नगरपालिका | ८०१०७७४०२ |
| सुदूरपश्चिम | ७४ | बैतडी | ८०१०७१२३ | पुर्चौडी नगरपालिका | ८०१०७७४०३ |
| सुदूरपश्चिम | ७४ | बैतडी | ८०१०७१२४ | मेलौली नगरपालिका | ८०१०७७४०४ |
| सुदूरपश्चिम | ७४ | बैतडी | ८०१०७३४२ | डीलासैनी गाउँपालिका | ८०१०७७४०५ |
| सुदूरपश्चिम | ७४ | बैतडी | ८०१०७३४३ | दोगडाकेदार गाउँपालिका | ८०१०७७४०६ |
| सुदूरपश्चिम | ७४ | बैतडी | ८०१०७३४४ | पंचेश्वर गाउँपालिका | ८०१०७७४०७ |
| सुदूरपश्चिम | ७४ | बैतडी | ८०१०७३४५ | शिवनाथ गाउँपालिका | ८०१०७७४०८ |
| सुदूरपश्चिम | ७४ | बैतडी | ८०१०७३४६ | सिगास गाउँपालिका | ८०१०७७४०९ |
| सुदूरपश्चिम | ७४ | बैतडी | ८०१०७३४७ | सुर्नया गाउँपालिका | ८०१०७७४१० |
| सुदूरपश्चिम | ७५ | डँडेलधुरा | ८०१०७१२५ | अमरगढी नगरपालिका | ८०१०७७५०१ |
| सुदूरपश्चिम | ७५ | डँडेलधुरा | ८०१०७१२६ | परशुराम नगरपालिका | ८०१०७७५०२ |
| सुदूरपश्चिम | ७५ | डँडेलधुरा | ८०१०७३४८ | अजयमेरु गाउँपालिका | ८०१०७७५०३ |
| सुदूरपश्चिम | ७५ | डँडेलधुरा | ८०१०७३४९ | आलिताल गाउँपालिका | ८०१०७७५०४ |
| सुदूरपश्चिम | ७५ | डँडेलधुरा | ८०१०७३५० | गन्यापधुरा गाउँपालिका | ८०१०७७५०५ |
| सुदूरपश्चिम | ७५ | डँडेलधुरा | ८०१०७३५१ | नवदुर्गा गाउँपालिका | ८०१०७७५०६ |
| सुदूरपश्चिम | ७५ | डँडेलधुरा | ८०१०७३५२ | भागेश्वर गाउँपालिका | ८०१०७७५०७ |
| सुदूरपश्चिम | ७६ | कन्चनपुर | ८०१०७१२७ | कृष्णपुर नगरपालिका | ८०१०७७६०१ |
| सुदूरपश्चिम | ७६ | कन्चनपुर | ८०१०७१२८ | पुनर्वास नगरपालिका | ८०१०७७६०२ |
| सुदूरपश्चिम | ७६ | कन्चनपुर | ८०१०७१२९ | बेदकोट नगरपालिका | ८०१०७७६०३ |
| सुदूरपश्चिम | ७६ | कन्चनपुर | ८०१०७१३० | बेलौरी नगरपालिका | ८०१०७७६०४ |
| सुदूरपश्चिम | ७६ | कन्चनपुर | ८०१०७१३१ | भिमदत्त नगरपालिका | ८०१०७७६०५ |
| सुदूरपश्चिम | ७६ | कन्चनपुर | ८०१०७१३२ | माहाकाली नगरपालिका | ८०१०७७६०६ |
| सुदूरपश्चिम | ७६ | कन्चनपुर | ८०१०७१३३ | शुक्लाफाँट नगरपालिका | ८०१०७७६०७ |
| सुदूरपश्चिम | ७६ | कन्चनपुर | ८०१०७३५३ | बेलडाँडी गाउँपालिका | ८०१०७७६०८ |
| सुदूरपश्चिम | ७६ | कन्चनपुर | ८०१०७३५४ | लालझाडी गाउँपालिका | ८०१०७७६०९ |

| प्रदेश | जिल्ला कोड | जिल्ला | व.उ.शी.नं. | स्थानीय तह | कार्यालय कोड |
|---|---|---|---|---|---|
| सुदूरपश्चिम | ७७ | कैलाली | ८०१०७०३१ | धनगढी उपमहानगरपालिका | ८०१०७७७०१ |
| सुदूरपश्चिम | ७७ | कैलाली | ८०१०७१०१ | गोदावरी नगरपालिका | ८०१०७७७०२ |
| सुदूरपश्चिम | ७७ | कैलाली | ८०१०७१०२ | गौरीगंगा नगरपालिका | ८०१०७७७०३ |
| सुदूरपश्चिम | ७७ | कैलाली | ८०१०७१०३ | घोडाघोडी नगरपालिका | ८०१०७७७०४ |
| सुदूरपश्चिम | ७७ | कैलाली | ८०१०७१०४ | टिकापुर नगरपालिका | ८०१०७७७०५ |
| सुदूरपश्चिम | ७७ | कैलाली | ८०१०७१०५ | भजनी नगरपालिका | ८०१०७७७०६ |
| सुदूरपश्चिम | ७७ | कैलाली | ८०१०७१०६ | लम्किचुहा नगरपालिका | ८०१०७७७०७ |
| सुदूरपश्चिम | ७७ | कैलाली | ८०१०७३०१ | कैलारी गाउँपालिका | ८०१०७७७०८ |
| सुदूरपश्चिम | ७७ | कैलाली | ८०१०७३०२ | चुरे गाउँपालिका | ८०१०७७७०९ |
| सुदूरपश्चिम | ७७ | कैलाली | ८०१०७३०३ | जानकी गाउँपालिका | ८०१०७७७१० |
| सुदूरपश्चिम | ७७ | कैलाली | ८०१०७३०४ | जोशीपुर गाउँपालिका | ८०१०७७७११ |
| सुदूरपश्चिम | ७७ | कैलाली | ८०१०७३०५ | बर्दगोरिया गाउँपालिका | ८०१०७७७१२ |
| सुदूरपश्चिम | ७७ | कैलाली | ८०१०७३०६ | मोहन्याल गाउँपालिका | ८०१०७७७१३ |

## अनुसूची ८

दफा ४३ को (५क) सँग सम्बन्धित

**<u>सवारी साधन (सञ्चालन तथा मर्मत) सम्बन्धी निर्देशिका, २०७२</u>**

सवारी साधन सुविधा प्राप्त गर्ने राजपत्राङ्कित विशिष्ट श्रेणी तथा प्रथम श्रेणीका पदाधिकारीलाई परिवहनका लागि प्राप्त हुने सवारी साधनका लागि आवश्यक पर्ने इन्धन, मर्मत र सवारी चालक खर्च मासिकरुपमा एकमुष्ठ उपलब्ध गराई सवारी साधनको सञ्चालन तथा मर्मतको व्यवस्था गर्न, त्यस्तो सवारी साधनप्रति अपनत्वको भावना विकासगरी मर्मत, इन्धन एवं अन्य सञ्चालन खर्चहरू मितव्ययिताका साथ निर्धारित सीमाभित्र राखी पारदर्शिता र जवाफदेहिताको अवस्था सिर्जना गर्न नेपाल सरकार मन्त्रिपरिषद्ले सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ को अधिकार प्रयोग गरी यो निर्देशिका बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस निर्देशिकाको नाम "सवारी साधन (सञ्चालन तथा मर्मत) सम्बन्धी निर्देशिका, २०७२" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो निर्देशिका नेपाल सरकारका केन्द्रीयस्तरका निकायहरूमा लागू हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा, -

(क) "केन्द्रीयस्तरका निकाय" भन्नाले निर्देशिका लागू भएका नेपाल सरकारका मन्त्रालय, आयोग, सचिवालय तथा अन्य केन्द्रीयस्तरका निकायहरू समेतलाई सम्झनु पर्दछ।

(ख) "नयाँ सवारी साधन" भन्नाले तीन वर्ष पुरा नभएका र राम्रो अवस्थामा सञ्चालनमा रहेका सवारी साधन सम्झनु पर्दछ।

(ग) "सवारी साधनको सुविधा पाएका पदाधिकारी" भन्नाले केन्द्रीय निकायका नेपाल सरकारका राजपत्राङ्कित विशिष्ट श्रेणी र राजपत्राङ्कित प्रथम श्रेणीका पदाधिकारीलाई सम्झनु पर्दछ।

३. **<u>सवारी साधन उपलब्ध गराउनेः</u>** (१) सवारी साधनको सुविधा प्राप्त गर्ने पदाधिकारीलाई सवारी साधनहरू उपलब्ध गराउँदा नयाँ वा चालु अवस्थामा रहेको सवारी साधन उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिम नयाँ सवारी साधनहरू उपलब्ध गराउँदा विशिष्ट श्रेणीका पदाधिकारीलाई कार भए कम्तीमा १३०० सि.सि. वा जीप भए कम्तीमा २००० सि.सि. र रा.प.प्रथम श्रेणीका पदाधिकारीलाई कार भए कम्तीमा १००० सि.सि. वा जीप भए कम्तीमा २००० सि.सि. क्षमताको सवारी साधन उपलब्ध गराइनेछ।

(३) सवारी साधनको सुविधा पाएका पदाधिकारीले आफूले प्रयोग गरी आएको सवारी साधन अन्यत्र सरुवा भई जाँदा लिएर जानु पर्नेछ। केन्द्रीयस्तरका निकायबाट क्षेत्रीय वा स्थानीय स्तरकार क्षेत्र वा स्थानीय निकायबाट केन्द्रीय निकायमा सरुवा हुँदा यो व्यवस्था अनिवार्य रुपमा लागू हुने छैन।

(४) सवारी साधन सुविधा प्राप्त गर्ने पदाधिकारीलाई सवारी साधनको आवश्यक प्रबन्ध सम्बन्धित निकायले मिलाउनु पर्नेछ।

४. **सुविधाको भुक्तानीः** (१) सवारी साधनको सुविधा पाएका पदाधिकारीलाई यस निर्देशिकामा तोकिए बमोजिम सवारी चालकको पारिश्रमिक, सवारी साधन मर्मत, इन्धन एवं अन्य सञ्चालन खर्चहरू मासिक पारिश्रमिक भुक्तानी हुँदाका बखत एकमुष्ठ भुक्तानी गरिनेछ।

(२) उपदफा (१) बमोजिमका सुविधा बापत प्राप्त गर्ने डिजेल/पेट्रोल/लुब्रिकेन्ट, चालक खर्च तथा मर्मत खर्चको बिल पेश गर्नुपर्ने छैन।

५. **चालक सम्बन्धी व्यवस्थाः** (१) नेपाल सरकारका राजपत्राङ्कित विशिष्ट र प्रथम श्रेणीका पदाधिकारीलाई तृतीय तहका हलुका सवारी चालकले प्राप्त गर्ने शुरु तलब स्केलको रकम उपलब्ध गराइनेछ।

(२) स्थायी सवारी चालकको दरबन्दी जुनसुकै तरिकाले रिक्त भएमा त्यस्तो रिक्त पद स्वतः खारेज हुनेछ।

(३) यो निर्देशिका लागू भएपश्चात केन्द्रीयस्तरका निकायहरूका सवारी साधन सुविधा प्राप्त गर्ने पदाधिकारीको लागि सवारी चालकको नयाँ दरबन्दी सिर्जना गरिने छैन।

(४) यो निर्देशिका लागू भएपश्चात केन्द्रीयस्तरका निकायहरूका सवारी साधनको सुविधा प्राप्त गर्ने पदाधिकारीले सवारी चालकको प्रबन्ध आफैले गर्नु पर्नेछ। यसरी प्रबन्ध गर्दा सरकारबाट प्राप्त भएको रकम भन्दा कम पारिश्रमिकमा काम लगाउन पाइने छैन।

तर आंशिकरुपमा काम लगाउने गरी कसैलाई सवारी चालकमा काम लगाउन बाधा पर्ने छैन।

(५) दफा ४ बमोजिमको सुविधा प्रदान गर्ने निकायले करार वा अन्य कुनै उपायबाट सवारी चालक नियुक्त गर्न पाउने छैन।

६. **इन्धन सुविधाः** (१) प्रयोगमा रहेको सवारी साधनमा पेट्रोल वा डिजेल जे खपत हुने भए पनि यस निर्देशिका बमोजिम मासिक रुपमा विशिष्ट श्रेणीलाई १२५ लिटर पेट्रोलको प्रचलित बजार दर अनुसारको हुने रकमर रा.प.प्रथम श्रेणीका पदाधिकारीलाई १०० लिटर पेट्रोलको प्रचलित बजार दर अनुसार रकम उपलब्ध गराइनेछ।

(२) सवारी साधनको सुविधा पाउने पदाधिकारीलाई मोबिल/ब्रेक आयलको लागि वार्षिक बीस लिटरको प्रचलित बजार दर अनुसारको रकम दामासाहीमा चौमासिकरुपमा उपलब्ध गराइनेछ।

७. **थप इन्धन सुविधाः** (१) सरकारी कामको सिलसिलामा सवारी साधनसहित उपत्यका बाहेकका अन्य जिल्लाका स्थानवा कार्यालयमा भ्रमण गर्नुपर्ने भई दफा ६ बमोजिम तोकिएको इन्धन बराबरको रकमले नपुग्ने भएमा सो को कारण खुलाई थप इन्धनको लागि रकम माग गरेमा एक तह माथिको अधिकृतबाट स्वीकृत गराई कार्यालयले इन्धन बापतको रकम उपलब्ध गराउन सक्नेछ।

(२) सवारी साधन सुविधा प्राप्त गर्ने पदाधिकारीले सरकारी कामको सिलसिलामा वा अन्य कुनै सरकारी कार्यक्रममा अनुगमनमा जानुपरेमा सम्बन्धित निकायले आवश्यकता बमोजिम थप सरकारी सवारी साधन र इन्धनको व्यवस्था गर्नेछ।

८. **मर्मत संभारको रकमः** (१) सवारी साधनको सुविधा प्राप्त गर्ने पदाधिकारीले नयाँ सवारी साधन प्राप्त गरेको भए तीन वर्षसम्म मासिक रू.५,००० मर्मत संभारको लागि रकम उपलब्ध गराइनेछ।

(२) उपदफा (१) मा जेसुकै लेखिएको भए तापनि तीन वर्षभन्दा पुराना सवारी साधनहरू प्रयोग गर्ने विशिष्ट श्रेणीका पदाधिकारीलाई मासिक रू.१०,००० र प्रथम श्रेणीका पदाधिकारीलाई सवारी साधन मर्मत संभारका लागि मासिक रकम रू.७,००० उपलब्ध गराइनेछ।

९. **बीमा गराउनु पर्नेः** (१) कार्यालयको नाममा रहेका सबैसवारी साधनहरूको हरेक वर्ष बीमा र तेस्रो पक्षको बीमा सम्बन्धित कार्यालयले गराउनेछ।

(२) उपदफा (१) बमोजिम बीमा गरेको जानकारी सम्बन्धित सवारी साधन प्रयोगकर्तालाई उपलब्ध गराउनु पर्नेछ।

१०. **तालिम तथा नवीकरण दस्तुर सम्बन्धमाः** सवारी साधनको सुविधा प्राप्त गर्ने पदाधिकारीलाई आफैं सवारी साधन चलाउन सक्षम बनाउन आवश्यक पर्ने तालिम खर्च र कार्यालयको नाममा रहेका सबै सवारी साधनहरूको ब्लूबुक नवीकरण, लगायतका सबै खर्चको भुक्तानी सम्बन्धित निकायबाट हुनेछ।

११. **काबु बाहिरको परिस्थितिः** (१) सवारी साधनको सुविधा प्राप्त गर्ने पदाधिकारीले सवारी साधनको पूर्ण सावधानी अपनाउँदा अपनाउँदै आकस्मिकरुपमा दुर्घटना भई सवारी साधनमा क्षति भएमा बीमा कम्पनीसँग दाबी गरी मर्मत गराउने कार्य सम्बन्धित निकायले गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवस्थामा दुर्घटनामा परी क्षति भई मर्मत गर्नुपर्दा सो अवधिको लागि वैकल्पिक व्यवस्था कार्यालयले गरिदिनु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नियमित मर्मत सम्भार अवधिका लागि कुनै वैकल्पिक ब्यवस्था गरिने छैन।

१२. **स्वेच्छिक रुपमा लागू हुनेः** प्रचलित कानून अनुसार हाल सवारी साधन सुविधा प्राप्त गरिरहेका विशिष्ट तथा प्रथम श्रेणीका पदाधिकारीले स्वेच्छिक रुपमा यो निर्देशिका अनुसार सवारी साधन तथा अन्य सुविधा प्राप्त गर्न सक्नेछ।

१३. **प्रतिबन्धः** (१) सवारी साधनको सुविधा प्राप्त गर्ने निकायका पदाधिकारीले सुविधाको सवारी साधनबाहेक आफू कार्यरत वा अन्य निकायको थप सवारी साधन माग तथा प्रयोग गर्न पाउने छैन।

(२) उपदफा (१) विपरित कार्य गरेमा सम्बन्धित पदाधिकारीले अनियमितता गरेको मानिनेछ।

१४. **बाधा अड्काउ फुकाउः** निर्देशिकाको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा त्यस्तो वाधा अड्काउ फुकाउने अधिकार नेपाल सरकारका मुख्य सचिवमा रहनेछ।

मितिः २०७२।४।२२

## अनुसूची ९

दफा ४३ को (५ख) सँग सम्बन्धित

**सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धन बापत नगद प्रदान गर्ने निर्देशिका, २०८०**

**प्रस्तावना:** सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धन वापत रकम प्रदान गरी इन्धन खर्चमा मितव्ययिता अपनाई सुशासन कायम गर्न,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार यो निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई इन्धन बापत नगद प्रदान गर्ने निर्देशिका, २०८०" रहेको छ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;-

(क) "इन्धन" भन्नाले डिजेल वा पेट्रोल सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले सवैधानिक अंग वा निकाय, अदालत, नेपाल सरकारका मन्त्रालय, आयोग, सचिवालयलगायतका केन्द्रीय स्तरका निकायमा कार्यरत नेपाल सरकारका राजपत्राङ्कित विशिष्ट श्रेणी तथा राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारीलाई सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले सवारी साधनको सुविधा प्राप्त गर्ने कर्मचारी कार्यरत रहेका कार्यालय सम्झनुपर्छ।

३. **इन्धन सुविधा:** कार्यालयले सरकारी सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीमध्ये राजपत्राङ्कित विशिष्ट श्रेणीका कर्मचारीलाई मासिक एकसय पच्चीस लिटर तथा राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारीलाई मासिक एकसय लिटर इन्धन र त्रैमासिक रुपमा पाँच लिटर मोबिल तथा ब्रेकआयलको सुविधा उपलव्ध गराउनेछ।

४. **इन्धन बापत रकम उपलव्ध गराउने:** (१) दफा ३ बमोजिमको इन्धन बापत सम्बन्धित कर्मचारीलाई कार्यालयले इन्धनको मूल्य बराबरको रकम मासिक रुपमा र मोबिल तथा ब्रेकआयल बापतको रकम त्रैमासिक रुपमा उपलव्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम रकम उपलव्ध गराउँदा नेपाल आयल निगमबाट प्रत्येक महिनाको एकगते कायम भएको इन्धनको बजार मूल्यको आधारमा सो बराबर हुने गरी हिसाब गरेर उपलव्ध गराउनेछ।

(३) यस दफा वमोजिम इन्धन वापत भुक्तानी भएको रकमको कुनै पनि बिलबिजक पेश गर्नुपर्ने छैन।

५. **रकम भुक्तानी:** यस निर्देशिका बमोजिम प्रदान गरिने इन्धन बापतको रकम मासिक रुपमा दिने तलब भत्तासँगै सम्बन्धित कर्मचारीलाई भुक्तानी दिइनेछ ।

६. **इन्धन सुविधा उपलव्ध नहुने:** (१) यस निर्देशिका बमोजिमको सुविधा प्राप्त गर्ने कर्मचारी अध्ययन विदा वा असाधारण विदा स्वीकृत भई विदामा रहेको वा प्रचलित कानून बमोजिम कुनै कारणले निलम्बनमा रहेको समयमा सो अवधिभर इन्धन बापत पाउने सुविधा उपलव्ध गराइनेछैन।

(२) यस निर्देशिका बमोजिम इन्धनबापत नगद सुविधा प्राप्त गर्ने कर्मचारीलाई थप छुट्टै इन्धन उपलव्ध गराइने छैन।

७. **इन्धन सम्बन्धी थप सुविधा:** (१) कुनै कर्मचारीलाई कुनै कार्यक्रमको लागि वा सरकारी कामको सिलसिलामा काठमाडौं उपत्यका बाहेकका अन्य जिल्ला भ्रमण गर्नुपर्ने भएमा सोही कार्यक्रमबाट सवारी साधन र इन्धनको व्यवस्था गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै कार्यक्रमबाट सवारी साधन तथा इन्धन उपलब्ध हुन नसक्ने अवस्थामा भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीबाट स्वीकृत भए बमोजिमको इन्धन तथा सवारी साधनको व्यवस्था सम्बन्धित कार्यालयले गर्नु पर्नेछ।

८. **यसै निर्देशिका बमोजिम हुने:** (१) कार्यालयबाट कर्मचारीलाई इन्धन सुविधा उपलव्ध गराउने सम्बन्धी सबै व्यवस्था यसै निर्देशिका बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर्मचारीलाई प्रचलित कानूनमा सवारी साधनको सुविधा प्रयोग गरे बापत दिइने इन्धन सुविधा सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा सोही कानून वमोजिम हुनेछ।

९. **विद्युतीय सवारी साधनको प्रयोग**: यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर्मचारीलाई विद्युतीय सवारीको सुविधा उपलब्ध भएको अवस्थामा यस निर्देशिका बमोजिम इन्धन बापत उपलव्ध गराइने रकमको आधा रकम प्रदान गरिनेछ ।

१०. **इन्धन बापतको रकमा कर लाग्ने:** इन्धन बापत नगद उपलव्ध गराउँदा सो नगद रकम सम्बन्धित कर्मचारीको कुल आम्दानीमा गणना गरी प्रचलित कानून बमोजिम कर लाग्नेछ।

११. **दुरुपयोग गर्न नहुने:** (१) यस निर्देशिका बमोजिम इन्धन सुविधा प्राप्त गर्ने कर्मचारीले दोहोरो पर्ने गरी इन्धन बापतको सुविधा लिन पाइने छैन।

(२) उपदफा (१) विपरीत कुनै कर्मचारीले दोहोरो सुविधा लिएको पाइएमा कार्यालय प्रमुखले सम्बन्धित कर्मचारीबाट असुल उपर गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम असुल उपर नगर्ने कर्मचारी र कार्यालय प्रमुखलाई प्रचलित कानून बमोजिम विभागीय कारबाहीको लागि अख्तियारवालासमक्ष लेखी पठाउनु पर्नेछ।

१२. **मार्गदर्शनको रुपमा लिन सक्ने:** प्रदेश सरकारले र नेपाल सरकारको स्वामित्वमा रहेका सङ्गठित संस्थाले यस निर्देशिकाको व्यवस्थालाई मार्गदर्शनको रुपमा लिई कार्यान्वयन गर्न सक्नेछन्।

१३. **बाधा अड्काउ फुकाउने:** यस निर्देशिकाको कार्यान्वयनमा कुनै समस्या उत्पन्न भएमा अर्थ मन्त्रालयले जुनसुकै बखत आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाई कार्यान्वयन गर्न सक्नेछ।

## अनुसूची १०

दफा ४३ को (५ख) सँग सम्बन्धित

## संगठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका २०६६

नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत मितिः २०६६/१०/१२

नेपालको निजामती सेवामा संगठन तथा जनशक्ति विस्तार तथा संकुचन गर्दा निश्चित आधार सहितको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नु पर्ने व्यवस्था निजामती सेवा ऐन, २०४९ ले गरेको छ। निजामती सेवा ऐनको दफा ६ क ले कुनै नयां सरकारी कार्यालय स्थापना गर्न संगठन संरचना तयार गर्दा र नयां दरवन्दी श्रृजना गर्दा वा तत्काल कायम रहेको संगठन संरचना र दरवन्दीमा पुनरावलोकन गर्दा वा हेरफेर गर्दा सम्बन्धित मन्त्रालयले कार्यक्रम, कार्यवोझ, कार्यप्रकृति तथा दरवन्दी थप गर्नुपर्ने कारण र सोको औचित्य र उपलब्ध मानव स्रोत समेतको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी अर्थ मन्त्रालयको सहमति लिई सामान्य प्रशासन मन्त्रालयमा पठाउनु पर्ने र यस आधारमा सामान्य प्रशासन मन्त्रालयले सोको मूल्यांकन गरी तीस दिनभित्र स्वीकृतिको लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेश गर्ने व्यवस्था गरेको छ।

प्रस्तुत सन्दर्भमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा वस्तुपरक आधार सहित गर्नको लागि स्पष्ट प्रकृया निर्धारण गर्न आवश्यक भएकोले नेपाल सरकारले निजामती सेवा ऐन, २०४९ को दफा ६ क को प्रयोजनका लागि "संगठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका, २०६६" स्वीकृत गरी लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यस निर्देशिकाको नाम "संगठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका, २०६६" रहेको छ।

२) यो निर्देशिका नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) "सबै तह" भन्नाले नेपाल सरकारका सबै मन्त्रालय र संवैधानिक निकायहरूलाई सम्झनु पर्छ।

ख) "संक्षिप्त सर्वेक्षण" भन्नाले परिवर्तन, थप वा घट गर्नुपर्ने पद वा दरवन्दी तथा त्यससंग सम्बद्ध शाखाको विश्लेषण सम्झनु पर्छ।

ग) "विस्तृत सर्वेक्षण" भन्नाले सम्वद्ध सांगठनिक ढांचाका बारेमा गरिने पूर्ण विश्लेषण सम्झनु पर्छ।

घ) "मापदण्ड तथा सूचक" भन्नाले सम्बन्धित निकायले आफ्नो संगठनका लागि उपयुक्त ठहर्याएको गणितीय सूत्रमा आधारित विश्लेषण गर्ने तरिकालाई सम्झनु पर्छ।

ङ) "संगठन" भन्नाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरिएको निकायलाई सम्झनु पर्छ।

च) "सर्वेक्षण" भन्नाले संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्झनु पर्छ।

**३. उद्देश्यः** यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेको छ।

क) नेपाल सरकारका विभिन्न निकायहरूबाट हुने सर्वेक्षण प्रक्रिया व्यवस्थित तुल्याउनु।

ख) सर्वेक्षण कार्यमा स्पष्ट मार्गदर्शन उपलब्ध गराउनु।

ग) सर्वेक्षण सम्बन्धी कार्यमा एकरूपता कायम गर्नु।

घ) सर्वेक्षण सम्बन्धी कार्यमा सम्बद्ध निकायहरूको दायित्व र भूमिका स्पष्ट गर्नु।

४. **सर्वेक्षण गर्नुपूर्व ध्यान दिन पर्ने विषयहरुः** सर्वेक्षण गर्नु पूर्व देहायका विषयहरूमा ध्यान दिनु पर्नेछ :

क) संगठनको कार्य सरलीकरण र छरितो व्यवस्थापन सम्बन्धी विषय,

ख) नेपाल सरकारको सबै तहको सांगठनिक संरचनालाई उपर्युक्त आकारमा ल्याउने बिषय,

ग) संगठनलाई समसामयिक रूपमा सुदृढ, सक्षम, चुस्त र दुरूस्त तुल्याउनका लागि आवश्यक पर्ने नीति, रणनीति, योजना र व्यवस्थापन सम्बन्धी बिषय,

घ) सेवाग्राहीलाई उपलब्ध गराउनुपर्ने सेवासुविधाको प्रभावकारिता अभिवृद्धि गर्ने विषय,

ङ) संगठनलाई प्रभावकारी, कार्यमूलक तथा उपलब्धिमूलक तुल्याउन आवश्यक पर्ने कार्य विधिसम्मत तथा संरचनागत पक्षसंग सम्बन्धित विषय,

च) कर्मचारी उत्प्रेरणा र मनोवलको अभिवृद्धिसँगै संगठनको उत्पादन र उत्पादकत्व बढाउन आवश्यक पर्ने योजना वा रणनीतिसंग सम्बन्धित बिषय,

छ) संगठनलाई थप प्रभावकारी बनाउन आवश्यक पर्ने श्रोत साधनहरूको खोजी, प्राप्ति र प्रभावकारी परिचालन सम्बन्धी विषय,

ज) संगठनको योजना, कार्यक्रम, कर्मचारी व्यवस्था, समन्वय, वजेट, नियन्त्रण, निर्देशन. सुपरीवेक्षण र संगठनात्मक संचार एवं सूचना प्रविधि सम्बन्धी विविध विषय।

५. **सर्वेक्षणको स्वरुपः** सर्वेक्षण संक्षिप्त र विस्तृत गरी दुई किसिमले गरिनेछ।

६. **सक्षिप्त सर्वेक्षणः**

१) देहायको अवस्थामा संक्षिप्त रूपमा सर्वेक्षण गर्नुपर्नेछः

क) मौजुदा संगठनमा महाशाखा, शाखा वा युनिट थपघट नगरी केवल १ वा २ दरवन्दी थपघट गर्नुपरेमा,

ख) संगठन संरचना यथावत् राखी दरवन्दी कटौती गर्नुपरेमा,

ग) संगठनको कार्यप्रणाली र व्यवस्थापनमा आंशिक सुधार गर्नुपरेमा।

२) संक्षिप्त सर्वेक्षण गर्दा दफा १२ बमोजिम गठित कार्यदलले मौजुदा संगठन तथा दरबन्दी संरचना, कार्यप्रणाली, कार्यबोझ एवं कार्यविवरणको विश्लेषण गरी मौजुदा संगठन संरचना, दरवन्दी तथा व्यवस्थापन तथा कार्यप्रणालीमा गर्नुपर्ने महत्वपूर्ण तर संगठनमा व्यापक फेरबदल नहुने र अधिक आर्थिक दायित्व वहन गर्नु नपर्ने अवस्थालाई सुनिश्चित गरी कार्यप्रणाली, व्यवस्थापकीय शैली, दरबन्दी तथा संगठन संरचनामा सुधार गर्ने उद्देश्यले प्रेरित भई सुझावहरू सिफारिश गर्नुपर्नेछ।

३) संगठनको कार्यक्षमता, कार्य-प्रभावकारिता र कार्यशैलीमा सुधार गर्ने हेतुले संक्षिप्त रूपमा सर्वेक्षण गर्दा कुनै दरबन्दी, शाखा वा एकाई थप नगरी नहुने अवस्थामा कार्यवोझ कम भएका सम्बन्धित निकायको तालुक वा मातहत अन्य निकायको दरवण्डी, शाखा वा एकाई कटौती वा आन्तरिक रूपमा समायोजन गर्न सकिने भए त्यस तर्फ समेत ध्यान दिई सिफाशि गर्नु पर्नेछ। यसरी संगठन संरचना, दरबन्दी, कार्यप्रक्रिया वा व्यवस्थापन प्रणालीमा फेरबदल गर्नुपर्ने कारण र औचित्य स्पष्ट रूपमा खोली प्रतिवेदन दिनु पर्नेछ।

**७. विस्तृत सर्वेक्षण :**

सरकारी निकायहरूको समष्टिगत संगठन संरचना, कार्यविधि, दरबन्दी तथा व्यवस्थापनमा महत्वपूर्ण एवं उल्लेखनीय फेरबदल, समायोजन एवं सुधार गर्नुपर्ने अवस्थामा विस्तृत सर्वेक्षण गर्नुपर्नेछ।

**८. सर्वेक्षणका आधारहरु :**

दफा ६ र ७ बमोजिम सामान्य तथा विस्तृत दुवै किसिमको सर्वेक्षण गर्दा निम्न बमोजिमको आधारहरू लिनु पर्नेछ :

क) कार्यक्रम

ख) कार्यबोझ

ग) कार्यप्रकृति

घ) औचित्य

ङ) जनशक्ति

**९. कार्यक्रमको विश्लेषण :**

संगठनसँग सम्बन्धित अथवा संगठनले गर्नुपर्ने भनी अथवा संगठनको जिम्मेवारीभित्र राखी नेपाल सरकारले आफ्नो नीति, कार्यक्रम, बजेट, आवधिक योजना तथा यस्तै कुनै आधिकारिक घोषणामा उल्लेख भई आएमा संगठनसंग सम्बन्धित कार्यक्रम बढेको हुनेछ। कार्यक्रममा वृद्धि भए पछि सो कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने सांगठनिक ढाँचा तथा जनशक्ति आवश्यक पर्ने कुरा तय गर्नु पर्ने हुन्छ। कार्यक्रमहरू घटेको सन्दर्भमा सोही अनुपातमा दरवन्दी तथा सांगठनिक ढाँचा घटाउने तर्फ विश्लेषण गर्नु पर्ने छ।

**१०. कार्यबोझको विश्लेषण :**

संगठनको कार्यवोझको आधारमा दरवन्दी तय गर्नु पर्ने हुन्छ, यसका लागि कार्यबोझको विश्लेषण गर्नु पर्छ। कार्यवोझ विश्लेषणका लागि निश्चित मापदण्ड तथा सूचक बनाउनु पर्छ। एकजना कर्मचारीले कति काम गर्न सक्छ, त्यसको निश्चित मापदण्ड बनाउनका लागि विगतमा भएको कामको संख्या निकाली त्यसको औसत हिसाव गर्नुपर्छ। त्यस्तो सूचक अथवा मापदण्ड तय भइसके पछि त्यस हिसावले वास्तविकरूपमा कति कर्मचारी आवश्यक पर्ने हो, यकिन हुन आउछ। कार्यवोझको विश्लेषण गर्दा प्रश्नावली, तथ्यांक संकलन तथा विश्लेषण र अवलोकन जस्ता औजारहरू प्रयोग गर्नु पर्नेछ।

**११. कार्यप्रकृतिको विश्लेषण :**

कार्यवोझको हिसावले मात्र दरवन्दी संख्या यकिन गर्दा यसले वास्तविकतालाई राम्ररी सम्बोधन गर्न नसक्ने हुन्छ तसर्थ दरवन्दी संख्यालाई कार्यप्रकृतिको आधारमा समेत विश्लेषण गर्नुपर्छ। कति भौगोलिक क्षेत्रमा सेवा दिन पर्ने हो, कति प्रकारको काम गर्न पर्ने हो, कस्तो प्रकृतिको काम गर्न पर्ने हो, यस्ता विषयगत आधारहरू केलाई कार्यवोझ विश्लेषण गर्दा निश्चित गरिएको मापदण्डबाट निर्धारण गरिएको दरवन्दी संख्या पर्याप्त अप्रयाप्त के हुन्छ भनी थप विवेचना गर्नुपर्छ। कार्य प्रकृति विश्लेषण गर्दा नेपाल सरकार तथा सांगठनिक कार्यक्रम, कार्यवोझको विश्लेषण, दरवन्दी थप गर्नु पर्नाको औचित्य तथा उपलब्धहुन सक्ने मानव स्रोत समेतको विवेचना गर्नु पर्छ। दरवन्दी थप गर्दा त्यसको प्रष्ट औचित्य पुष्टि भएको हुन पर्नेछ।

**१२. सर्वेक्षणको लागि अपनाउनु पर्ने प्रकृया :**

१) सर्वेक्षणका लागि सम्बन्धित मन्त्रालय वा संवैधानिक निकायले देहाय बमोजिमको एक कार्यदल गठन गर्नु पर्नेछ :

क) सम्बन्धित मन्त्रालय वा संवैधानिक निकायको प्रतिनिधि संयोजक

ख) सामान्य प्रशासन मन्त्रालयको प्रतिनिधि सदस्य

ग) अर्थ मन्त्रालयको प्रतिनिधि सदस्य

२) उपदफा (१) बमोजिमको कार्यदलमा आवश्यकता अनुसार अन्य सरोकारवालाहरूलाई समेत सदस्यको रूपमा राख्न सकिनेछ।

३) उपदफा (१) बमोजिमको कार्यदलले आफै वा परामर्शदाताको सल्लाह लिएर वा अन्य कुनै प्रकृया अपनाएर प्रतिवेदन तयार गर्न सक्नेछ।

४) उपदफा (१) बमोजिमको कार्यदलले आवश्यकता अनुसार संक्षिप्त वा विस्तृत सर्वेक्षण गरी कार्यक्रम, कार्यवोझको विश्लेषण तथा कार्य प्रकृतिको विश्लेषण गरेर मात्र सांगठनिक ढाँचा तथा दरवन्दी प्रस्ताव गरी सम्बन्धित मन्त्रालय वा संवैधानिक निकाय समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

५) उपदफा (४) बमोजिम पेश भएको प्रतिवेदनको आधारमा प्रस्तावित सांगठनिक ढाँचा र दरवन्दीको विषयमा अर्थ मन्त्रालयको सहमति लिई सम्बन्धित मन्त्रालय वा संवैधानिक निकायले सामान्य प्रशासन मन्त्रालयमा स्वीकृतिको लागि पठाउनु पर्नेछ।

**१३. प्रतिवेदनको ढांचा :**

सर्वेक्षण गरी पेश गरिने प्रतिवेदनको ढाँचा अनुसूचीमा उल्लेख भए बमोजिम हुनेछ।

**१४. मार्गदर्शकको रुपमा रहने :**

यो निर्देशिका राज्यकोषबाट तलबभत्ता वा सुविधा पाउने सबै सांगठनिक ढांचाहरूको लागि मार्गदर्शकको रूपमा रहनेछ।

## अनुसूची १०क

(दफा १३ संग सम्बन्धित)

**<u>संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी पेश गरिने प्रतिवेदनको ढाँचा</u>**

भाग-१

१. अध्ययनको पृष्ठभूमी

२. कार्यदलको परिचय

३. अध्ययनको उद्देश्य

४. अध्ययनको विधि र सीमा

भाग-२

१. विद्यमान सांगठनिक ढाँचा

२. विद्यमान दरवन्दीको अवस्था

३. विद्यमान संरचना र दरवन्दी सम्बन्धमा देखिएका समस्याहरू

भाग-३

१. कार्यक्रमको विश्लेषण

२. कार्यवोझको विश्लेषण

३. कार्य प्रकृतिको विश्लेषण

४. उपलब्ध मानव स्रोतको आङ्कलन

५. परिवर्तनको औचित्य

भाग-४

१. प्रस्तावित सांगठनिक ढाँचाको व्याख्या

२. प्रस्तावित दरवन्दी विवरणको व्याख्या

३. अन्य सुझाव तथा सिफारिस

<u>अनुसूचीहरु</u>

१. विद्यमान तथा प्रस्तावित सांगठनिक ढाँचा

२. विद्यमान तथा प्रस्तावित दरवन्दी तेरिजको विवरण

३. प्रस्तावित संगठन, महाशाखा, शाखा तथा पदहरूको कार्यविवरण

## अनुसूची ११

दफा ४३ को (१५) सँग सम्बन्धित

**सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड**

**(१९) सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड एवं भ्रमण खर्चः**

अर्थ मन्त्रालयको विभिन्न मितिका निर्णयानुसार खर्च गर्नुपर्ने तालिम, गोष्ठी, सेमिनार लगायतका खर्चको मापदण्ड तल दिइएको छ। सो मापदण्डलाई आधार लिई खर्च गर्नु पर्नेछ। सो देखि वाहेकका विषयहरू र उल्लेखित दरभन्दा अधिक दरमा खर्च गर्नु परेमा अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिएर मात्र गर्नु पर्नेछ।

| सि.नं. | प्रयोजन/ विवरण | दर | | | स्पष्टीकरण/कैफियत |
|---|---|---|---|---|---|
| | | केन्द्रीयस्तर | प्रदेश/जिल्ला/ नगरपालिकास्तर | गाउँपालिकास्तर | |
| १ | नेपाल सरकार अन्तर्गतका तालिम केन्द्र/प्रतिष्ठानहरूद्वारा सञ्चालन गरिने तालिम गोष्ठी, सेमिनार, सम्मेलन, कार्यशालाको कार्यपत्र प्रस्तुतकर्ता पारिश्रमिक (प्रति सत्र) | | | | |
| | <u>अधिकृतस्तर</u><br>क) बाहिरी प्रस्तुतकर्ता<br>• कार्यपत्र बापत | २०००।– | २०००।– | १४००।– | कार्यपत्र कम्तिमा १५०० शब्दको हुनु पर्ने छ (प्रस्तुतीकरण टिपोटको फोटोकपी कार्यपत्रमा मान्य हुने छैन)। आन्तरिक प्रस्तुतकर्ता भन्नाले सम्बन्धित निकाय भित्रैका पदाधिकारी/व्यक्ति सम्झिनु पर्दछ। |
| | • प्रवचन बापत | २०००।– | २०००।– | १०००।– | |
| | ख) आन्तरिक प्रस्तुतकर्ता<br>• प्रवचन/कार्यपत्र बापत | २५००।– | २५००।– | २०००।– | |
| | <u>सहायकस्तर</u><br>क) बाहिरी प्रस्तुतकर्ता<br>• कार्यपत्र बापत | २०००।– | २०००।– | १४००।– | |
| | • प्रवचन बापत | १५००।– | १५००।– | १०००।– | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ख) आन्तरिक प्रस्तुतकर्ता<br>• प्रवचन/कार्यपत्र बापत | २०००।- | २०००।- | १५००।- | |
| २ | गोष्ठी, सेमिनार, सम्मेलन, कार्यशालाको कार्यपत्रको टिप्पणीकर्ता पारिश्रमिक (प्रति कार्यपत्र) | १२००।– | १२००।– | ८००।– | एउटा कार्यपत्रमा दुई जना भन्दा बढी टिप्पणीकर्ता राख्न मिल्दैन। |
| ३ | सीप विकास तालिम<br>क) कक्षागत व्यवस्थमा (प्रतिकक्षा)<br>• कार्यपत्र/Handout बापत | १०००।– | ५००।- | ५००।– | • ७ कार्यदिन सम्मको तालिम कक्षागत रूपमा र सो भन्दा बढीको तालिममा आवधिक रूपमा स्रोत व्यक्तिको व्यवस्था गर्नु पर्दछ।<br>• आवधिक रूपमा स्रोत व्यक्तिको व्यवस्था गर्दा एउटा तालिममा दुईजना (आवश्यकतानुसार दुवै मुख्य वा एकजना मुख्य र एकजना सहायक) राख्नु पर्दछ र सीपस्तर (Skill Level) का आधारमा स्थानीय प्रचलनसमेतको विचार गरी उल्लिखित अधिकतम सीमाभित्र तिनको पारिश्रमिक तोक्नु पर्दछ।<br>• सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउनेछ।<br>• कार्यक्रम सञ्चालन गर्ने कार्यालयको कर्मचारीको परिवारको निकटतम व्यक्ति स्रोत व्यक्ति हुनु नहुने।<br>• ग्रामीण पशुस्वास्थ्य कार्यकर्ता तालिम जस्ता विभिन्न विषय विज्ञ (Subject matter specialist) आवश्यक हुने तालिम आवधिक रूपमा स्रोत व्यक्तिको व्यवस्था गरेपछि पनि आवश्यक भए जम्मा कक्षाको २० प्रतिशतसम्म अतिरिक्त |
| | • कक्षा सञ्चालन बापत | ७००।– | ७००।– | ७००।– | |
| | ख) आवधिक व्यवस्थामा<br>(बाहिरी स्रोत व्यक्तिको हकमा ३० कार्यदिनसम्म प्रतिदिन)<br>• मुख्य प्रशिक्षक (प्रतिदिन न्यूनतम २ कक्षा लिनुपर्ने) | १४००।– | ७००।– | ७००।– | |
| | • सहायक प्रशिक्षक (प्रतिदिन न्यूनतम २ कक्षा लिनुपर्ने) | १०००।– | ५००।– | ५००।– | |
| | ग) आवधिक व्यवस्थामा<br>(बाहिरी स्रोत व्यक्तिको हकमा ३० कार्यदिन भन्दा बढी मासिक)<br>• मुख्य प्रशिक्षक (मासिक न्यूनतम ६० कक्षा लिनुपर्ने) | ३००००।– | १५०००।– | १५०००।– | |
| | • सहायक प्रशिक्षक (मासिक न्यूनतम ६० कक्षा लिनुपर्ने) | २००००।– | १००००।– | १००००।– | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | स्रोत व्यक्तिद्वारा कक्षागत रूपमा सञ्चालन गराउन सकिन्छ।<br>• एउटा कक्षाको अवधि कम्तिमा १ घण्टा ३० मिनेट हुनु पर्दछ।<br>• कार्यपत्र भन्नाले कम्तिमा ७५० शव्दको प्रबन्ध सम्झनुपर्दछ, पारदर्शक पाना, प्रस्तुतीकरण टिपोट वा प्रस्तुतीकरणको प्रयोजनका लागि तयार पारिएको अरू त्यस्तै सामग्रीको छाँयाप्रति कार्यपत्र हुँदैन।<br>• जिल्लास्तरीय तालिम भन्नाले सदरमुकाम वा अन्यत्र जहाँ सञ्चालन गरिने भए तापनि सहभागीको (आफ्नो घर वा साविकको बसोबास स्थलबाट दैनिक ओहोर–दोहोर गर्न नभ्याइने ४ कोस भन्दा बढी भई) आवासको व्यवस्था गर्नुपर्ने तालिम सम्झनु पर्दछ। |
| ४ | तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका स्रोत व्यक्ति/ प्रशिक्षकको पारिश्रमिक<br>क) <u>अधिकृतस्तरको तालिम</u><br>• कार्यपत्र /Handout बापत | १२००।– | १०००।– | १०००।– | • एउटा कक्षाको अवधि कम्तिमा १ घण्टा ३० मिनेट हुनुपर्दछ।<br>• कार्यपत्र भन्नाले कम्तिमा ७५० शव्दको प्रवन्ध सम्झनुपर्दछ, पारदर्शक पाना, प्रस्तुतीकरण टिपोट वा प्रस्तुतीकरणको प्रयोजनका लागि तयार पारिएको अरु त्यस्तै सामग्रीको छाँयाप्रति कार्यपत्र हुँदैन।<br>• सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए बापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउनेछ। |
| | • कक्षा सञ्चालन बापत | ८००।– | ६००।– | ४००।– | |
| | ख) <u>सहायकस्तर/अन्य तालिम</u><br>• कार्यपत्र/Handout बापत | १२००।- | ८००।– | ७००।– | |
| | • कक्षा सञ्चालन बापत | १०००।– | ७००।– | ६००।– | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • जिल्लास्तरीय तालिम भन्नाले सदरमुकाम वा अन्यत्र जहाँ सञ्चालन गरिने भए तापनि सहभागीको (आफ्नो घर वा साविकको बसोबास स्थलबाट दैनिक ओहोर–दोहोर गर्न नभ्याइने ४ कोष भन्दा बढी भई) आवासको व्यवस्था गर्नुपर्ने तालिम सम्झनुपर्दछ। |
| ५ | गोष्ठी, सेमिनार, सम्मेलन, कार्यशाला, तालिम, अध्ययन आबद्धता जस्ता समारोह उद्घाटन, समापन खाजा/ सहभागीको खाजा (प्रति व्यक्ति प्रति दिन)<br>विभिन्न विशिष्ट व्यक्तिहरूलाई यस्ता समारोहमा आमन्त्रण गरिएको अवस्थामा यस्ता सबै व्यक्तिहरूको खाजा, खाना खर्च वापत प्रति कार्यक्रम बढीमा एकमुष्ट रू.३०००।- सम्म खर्च गर्न सकिनेछ। तर विशिष्ठ व्यक्तिहरूको उपस्थिति भएको प्रमाणित हुनु पर्नेछ। | ३००।– | ३००।– | ३००।– | • संयोजक, स्रोत व्यक्ति, प्रतिवेदक र सहयोगी कर्मचारीलाई समेत |
| ६ | मसलन्द<br>क) गोष्ठी, सेमिनार, सम्मेलन, कार्यशालाका लागि<br>• सहभागीका लागि प्रति सहभागी | १००।– | १००।– | ५०।– | • प्रशिक्षण कार्यको मसलन्द अन्तर्गत बोर्ड मार्कर, पारदर्शक पाना, कार्यपत्रको छायाप्रति, मेटाकार्ड, मास्किङ टेप इत्यादि। |
| | • प्रशिक्षण कार्यका लागि (प्रति कार्यक्रम) | २५००।– | २५००।– | १०००। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ख) सीप विकास तथा अन्य तालिम कार्यक्रमका लागि<br>• सहभागीका लागि (७ कार्यदिनसम्म प्रति सहभागी) | ५०।– | ५०।– | ५०।– | |
| | • सहभागीका लागि (७ कार्यदिन भन्दा बढी प्रति सहभागी) | १००।– | ७५।– | ६०।– | |
| | • प्रशिक्षण कार्यका लागि (७ कार्यदिनसम्म प्रति कार्यक्रम) | २०००।– | १५००।– | १०००।– | |
| | • प्रशिक्षण कार्यका लागि (३० कार्यदिनसम्म प्रति कार्यक्रम) | २५००।– | २०००।– | १५००।– | |
| | • प्रशिक्षण कार्यका लागि (३० कार्यदिन भन्दा बढी प्रति कार्यक्रम) | ३०००।– | २५००।– | २०००।– | |
| | ग) अध्ययन/अवलोकन, अध्ययन आवद्धताका लागि<br>• सहभागीका लागि (जतिसुकै कार्यदिन भएपनि प्रति सहभागी) | ४०।– | ४०।– | ३०।– | |
| ७ | • संयोजक भत्ता (अधिकतम १५ कार्य दिनसम्म प्रतिदिन) | ५००।– | ४००।– | ३००।– | • एक कार्यक्रममा एक जना संयोजकलाई कार्यक्रमको प्रतिवेदन बुझाएपछि र दुई जनासम्म सहयोगीलाई भत्ता दिन सकिनेछ। |
| | • १५ दिनपछि प्रतिदिन | २५०।– | २००।– | १५०।– | |
| ८ | • सहयोगी भत्ता (अधिकतम १५ कार्यदिनसम्म प्रतिदिन) | २५०।– | २००।– | १५०।– | • संयोजक तालिम अवधिमा विदा बसेमा भत्ता नपाउने र संयोजकको काम सहयोगीले गरे पत संयोजकले पाउने भत्ता पाउने छैन। |
| | • १५ दिनपछि प्रतिदिन | ७५।- | ७५।- | ७५।- | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | विविध (प्रमाण पत्र, पानी, सरसफाई, तुल इत्यादिका लागि)<br>• ७ कार्यदिनसम्म प्रति कार्यक्रम | ३०००।– | २५००।– | १५००।– | |
| | • ३० कार्यदिनसम्म प्रति कार्यक्रम | ५०००।– | ४०००।– | ३०००।– | |
| | • ३० कार्यदिन भन्दा बढी प्रति कार्यक्रम | ७०००।– | ५०००।– | ४०००।– | |
| १० | प्रशिक्षार्थी आवास खर्च<br>(दैनिक भ्रमण भत्ता नपाएको खण्डमा खाजा खाना खर्च मात्र उपलब्ध गराउने)। | प्रचलित बजार अनुसारको भाडा दर | प्रचलित बजार अनुसारको भाडा दर | प्रचलित बजार अनुसारको भाडा दर | • तालिम आयोजना हुने स्थलमा कुनै सरकारी वा गैर सरकारी निकायको छात्रावास भएमा त्यस्तो निकायले तोकेको दरमा छात्रावास प्रयोग गर्न सकिने तर अल्पकालीन तालिमका लागि होटल वा सोही प्रयोजनलाई घरभाडामा लिई खर्च लेख्न नपाईने। |
| ११ | तालिम सुविधा (तालिम कक्षा तथा भाडामा लिनुपर्ने उपकरणको भाडा) | प्रचलित बजारदर बमोजिम | प्रचलित बजारदर बमोजिम | प्रचलित बजारदर बमोजिम | |
| १२ | तालिम सामाग्री (कच्चा पदार्थ, नमूना, इन्धन, पोकावन्दीका सामान, खरिद गर्नुपर्ने सानातिना औजार आदि) | प्रचलित बजारदर बमोजिम | प्रचलित बजारदर बमोजिम | प्रचलित बजारदर बमोजिम | |
| १३ | वस्तुगत टेवा | | ४०००।– | ४०००।– | • वस्तुगत टेवा भन्नाले तालिमका सहभागीलाई प्राप्त सीप उपयोग कार्यमा अभिप्रेरित गर्न सहायता स्वरूप प्रदान गरिने वस्तु सम्झनुपर्दछ। जस्तै बाख्राको माउ, मौरीको घार, पशु स्वास्थ्य परीक्षण किटजस्ता चीजवस्तु, साधन वा उपकरण आदि।<br>• स्वीकृत कार्यक्रममा वस्तुगत टेवा प्रदान गर्ने गरी प्रष्ट व्यवस्था नभएकोमा वस्तुगत टेवा दिन मिल्दैन। |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | स्थलगत प्राविधिक परामर्शदाताको दैनिक भत्ता र भ्रमण तथा आवास खर्च<br>क) नेपाल सरकारको कर्मचारीको हकमा | नियमानुसार द्वितीय तहको | नियमानुसार द्वितीय तहको | नियमानुसार द्वितीय तहको | • नियमानुसार भन्नाले भ्रमण खर्च नियमावली, २०६४ अनुसार सम्झनुपर्दछ।<br>• द्वितीय तहको भन्नाले भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेखित द्वितीय तहको सम्झनुपर्दछ।<br>• पुनर्अभ्यास कक्षामा एक स्थानमा जतिसुकै समूह भए पनि एक दिनको पारिश्रमिक दिइनेछ। समूहमा कम्तिमा तीनजना हुनुपर्दछ र एक दिनमा एक भन्दा बढी पुनर्अभ्यास कक्षाको पारिश्रमिक दिन मिल्दैन।<br>• प्रति तालिम जति पटक परामर्श गरिए पनि अधिकतम रू.३००० वा द्वितीय तहको दरअनुसार हुने रकममा जुन कम हुन्छ सो मा नबढाई स्थलगत प्राविधिक परामर्श खर्च गर्न सकिनेछ। |
| | ख) अन्य | ५००।– | ३००।– | ३००।– | |
| १५ | प्रतिवेदकको पारिश्रमिक<br>क) पारिश्रमिक (सम्मेलन, गोष्ठी र कार्यशाला)<br>• एक दिनको कार्यक्रममा (एकमुष्ट) | १५००।– | १५००।– | १५००।– | • प्रतिवेदकको पारिश्रमिक प्रतिवेदन बुझाएपछि मात्र दिनु पर्दछ। प्रति कार्यक्रम रु.३०००।– भन्दा बढी हुनु हुदैन। साथै तालिम संयोजक र प्रतिवेदक एकै व्यक्ति भएमा अतिरिक्त पारिश्रमिक र खाजा/खाना खर्च दोहोरो सुविधा पाइने छैन। |
| | • एक दिन भन्दा बढीको कार्यक्रम भए थप प्रतिवेदन | १०००।– | १०००।– | १०००।– | |
| | ख) तालिमको प्रतिवेदकका लागि पारिश्रमिक (एकमुष्ट) | १०००।– | १०००।– | १०००।– | |
| | ग) खाना, बस्न (बास खर्च) | दै.भ्र. नियमानुसार | दै.भ्र.नियमानुसार | दै.भ्र. नियमानुसार | |
| | घ) खाजा | ३००।– | ३००।– | ३००।– | |

**<u>सहभागिता भत्ता</u>**

- प्रशिक्षार्थी छनौट गरी वा नगरी सञ्चालन गरिएको जुनसुकै प्रकारको तालिम, गोष्ठीको सहभागीहरूलाई सहभागी भत्ता उपलब्ध नगराउने भनी सूचना गर्नु पर्नेछ।
  तर, तालिम, गोष्ठी, कार्यशालाको सहभागीलाई सहभागी भत्ता दिने गरी कार्यक्रममै सहभागीहरूलाई सहभागी भत्ता वा सहभागीको भ्रमण खर्च वा दुवै दिने गरी स्वीकृत भएको कार्यक्रमका सहभागीहरूलाई निम्न अनुसारको सहभागी भत्ता र सहभागी भ्रमण खर्च उपलब्ध गराउन सकिनेछ :

| क्र.सं. | प्रयोजन | दर रकम (रु.) | | स्पष्टीकरण |
|---|---|---|---|---|
| | | जिल्ला बाहिर | जिल्लाभित्र | |
| १ | दैनिक खाने बस्ने खर्च वापत (२१ कार्य दिनसम्मको तालिम) | १०००।- | १०००।- | • जिल्लास्तरीय तालिम भन्नाले सदरमुकाम वा अन्यत्र जहाँ सञ्चालन गरिने भए तापनि सहभागीको (आफ्नो घर वा साविकको बसोबास स्थलबाट दैनिक ओहोर दोहोर गर्न नभ्याइने ४ कोसभन्दा बढी भई) आवासको व्यवस्था गर्नुपर्ने तालिम सम्झनुपर्दछ।<br>• तीस कार्यदिनभन्दा बढीको तालिम/गोष्ठी भएमा (सि.नं. २ वा ४ मध्ये जुन प्रयोजनको लागि हो सोमा उल्लिखित दरमा) दामासाहीले पाउने।<br>• तालिम अवधिका लागि सहभागी भत्ता पाएकोमा दैनिक भत्ता वा आवास खर्च नपाउने।<br>• कार्यक्रममा सहभागी हुने व्यक्तिले अन्य निकायबाट दै.भ्र. भत्ता पाउने भएमा सहभागी भत्ता नपाउने।<br>• सात कार्यदिनसम्मको तालिम विदाको दिनमा पनि लगातार सञ्चालन गर्नुपर्ने। |
| २ | २१ कार्य दिनभन्दा बढीको तालिम भए खाने बस्ने खर्च वापत मासिक | १२०००।- | १२०००।- | |
| ३ | कार्यक्रमको तर्फबाट छात्राबासको व्यवस्था भएकोमा दैनिक खाना खर्च | ६००।- | ६००।- | |
| ४ | छात्राबासको व्यवस्था भएकोमा १ महिना भन्दा बढी अवधिको भए खाना खर्च बापत मासिक | १००००।- | १००००।- | |
| ५ | कार्यक्रमको तर्फबाट खाजा तथा खानाको व्यवस्था भएको तर आवासको व्यवस्था नभएकोमा | दैनिक भ्रमण भत्ताको २५% | | |

**द्रष्टव्यः**

१. दैनिक भ्रमण भत्ता पाउने गरी जिल्ला बाहिरबाट कार्यक्रममा बोलावट भई सहभागी हुनेहरूलाई सहभागिता भत्ता दिनु हुँदैन।

२. प्रशिक्षार्थी छनौट गरी वा नगरी सञ्चालन गरिएको जुनसुकै प्रकारको तालिम, गोष्ठीको सहभागीहरूलाई सहभागी भत्ता उपलब्ध नगराउने भनी सूचना गर्नु पर्नेछ।

३. तर, तालिम, गोष्ठी, कार्यशालाको सहभागीलाई सहभागी भत्ता दिने गरी कार्यक्रममै सहभागीहरूलाई सहभागी भत्ता वा सहभागीको भ्रमण खर्च वा दुवै दिने गरी स्वीकृत भएको कार्यक्रमका सहभागीहरूलाई निम्न अनुसारको सहभागी भत्ता र सहभागी भ्रमण खर्च उपलब्ध गराउन सकिनेछ।
४. दैनिक भ्रमण भत्ता पाउने गरी जिल्ला बाहिरबाट कार्यक्रममा बोलावट भई सहभागी हुनेहरूलाई सहभागिता भत्ता दिनु हुँदैन।
५. सहभागीको आते जाते खर्चको सम्बन्धमा सार्वजनिक यातायात चल्ने स्थानमा (बस) वापतको न्यूनतम भाडा पाउने। सार्वजनिक यातायात नचल्ने स्थानमा आतेजाते गरी दुई दिनसम्मको लागि एकमुष्ट रू.२००।-र सो भन्दा बढी जतिसुकै दिन भए पनि रू.५००।-एकमुष्ट पाउनेछ।

## अनुसूची- १२

(निर्देशिकाको दफा ३४क को उपदफा ४ सँग सम्बन्धित)

**रकमान्तर तथा कार्यक्रम संशोधन प्रस्ताव गर्ने**

घटाउने

| क.स. | कार्यालय कोड | बजेट उपशीर्षक | खर्च संकेत | कम्पोनेन्ट | कार्यक्रम | स्रोत | दातृ संस्था | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

बढाउने

| क.स. | कार्यालय कोड | बजेट उपशीर्षक | खर्च संकेत | कम्पोनेन्ट | कार्यक्रम | स्रोत | दातृ संस्था | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |